# संविधानसभा सदस्य

## निर्वाचन पर्यवेक्षण २०६४

# प्रतिवेदन



आम निर्वाचन पर्यवेक्षण समिति, नेपाल

GENERAL ELECTION OBSERVATION COMMITTEE, NEPAL (GEOC)

# आमनिर्वाचन पर्यवेक्षण समिति, नेपाल

## कार्यसमिति



श्री हिमालय शम्शेर ज.ब.राणा
अध्यक्ष
चुनाव पर्यवेक्षण प्रतिष्ठान (चुप) – अध्यक्ष



श्री कुसुम श्रेष्ठ,
सदस्य
नेपाल कानुन समाज – अध्यक्ष



श्री गोकुल पोखरेल
सदस्य
नेपाल प्रेस इन्स्टिच्युट – अध्यक्ष



श्री उदय नेपाली श्रेष्ठ
सदस्य
ICJ/Nepal – कार्यकारी सदस्य



श्री खगेन्द्रप्रसाद पौडेल
सदस्य
पूर्व कर्मचारी सेवा परिषद् – महासचिव



श्री तीर्थनारायण सुवेदी
सदस्य
नेपाल नागरिक मञ्च – महासचिव



श्री सुनीता रेग्मी
सदस्य
ग्रामीण विकास प्रतिष्ठान – कोषाध्यक्ष



श्री कृष्णमान प्रधान
सदस्य सचिव
नेपाल कानून समाज – कार्यकारी प्रबन्धक

# संविधानसभा सदस्य

## निर्वाचन पर्यवेक्षण २०६४

# प्रतिवेदन


आम निर्वाचन पर्यवेक्षण समिति, नेपाल

GENERAL ELECTION OBSERVATION COMMITTEE, NEPAL (GEOC)

## लेखन टोली

- श्री शशीकुमार उपाध्याय
- श्री भेषनाथ सापकोटा
- श्री रवीन्द्रनाथ भट्टराई
- श्री विकास घिमिरे

# मन्तव्य

नेपाली जनताले विभिन्न चरणहरूमा गर्दै आएको संघर्ष, क्रान्ति र २०६२/६३ को ऐतिहासिक जनआन्दोलनको परिणामस्वरूप सार्वभौमसत्ता र राजकीयसत्ता पूर्णरूपले नेपाली जनतामा निहित हुन पुग्यो । जनतामा अन्तर्निहित सार्वभौमसत्ता प्रत्याभूत गर्ने एउटा सर्वमान्य माध्यम संविधानसभाको निर्वाचन नै हो । नेपालको राजनीतिक इतिहासमा पहिलो पटक सम्पन्न भएको संविधानसभा सदस्यको निर्वाचनले युगान्तकारी महत्व राख्दछ । यो चीरप्रतिक्षित अवस्था ल्याउने असंख्य पूर्वजहरु, ज्ञात-अज्ञात सहिदहरु र जनआन्दोलनका योद्धाहरूको योगदान अविस्मरणीय रहने छ ।

स्वतन्त्र, अखण्ड, सार्वभौमसत्ता सम्पन्न, धर्मनिरपेक्ष, समावेशी चरित्रको संघीय लोकतान्त्रिक गणतन्त्र कार्यान्वयन गर्ने यस संविधानसभाको ऐतिहासिक जिम्मेवारी छ । हामी नेपाली आफैँले आफ्नै लागि संघीय लोकतान्त्रिक गणतन्त्र नेपालको भावी संविधान निर्माण गर्दैछौँ । यस संविधानको स्वामित्व नेपाली जनतामा निहित हुनुपर्छ, सबै नेपालीको आत्माको आवाज प्रतिध्वनित हुनुपर्छ । यी आधारभूत मान्यतालाई मूर्तरूप दिने दायित्व वहन गर्ने संविधानसभाको पर्यवेक्षण गर्ने अभिभारालाई **आमनिर्वाचन पर्यवेक्षण समिति, नेपाल**ले एउटा सुनौलो अवसरका रूपमा स्वीकार गऱ्यो र पर्यवेक्षण गर्ने तय गऱ्यो ।

नेपाल कानून समाज, इन्टरनेसनल कमिसन अफ जुरिस्ट/नेपाल, पूर्वकर्मचारी सेवा परिषद्, चुनाव पर्यवेक्षण प्रतिष्ठान, नेपाल प्रेस इन्स्टिच्युट, नेपाल नागरिक मञ्च र ग्रामीण विकास प्रतिष्ठान गरी सात प्रतिष्ठित विभिन्न गैरसरकारी संस्थाको सञ्जालबाट ३५ जना राष्ट्रिय, ३५ जना जिल्लास्तरीय, ७० जना निर्वाचन क्षेत्रस्तरीय, ४० जना नगरस्तरीय र ७०० गाविसस्तरीय पर्यवेक्षकबाट ३५ जिल्लाका ७० निर्वाचन क्षेत्रमा पर्यवेक्षण गरी पर्यवेक्षणको निष्कर्ष र सुझाव समाहित यो अन्तिम प्रतिवेदन प्रकाशित गरिएको छ । यस प्रतिवेदनमा नेपालमा संविधानसभाको बीजारोपण र संविधानसभाको लागि भएको आन्दोलनको विकासक्रम, संविधानसभा सदस्यको निर्वाचनको प्रयोजनार्थ नेपालको अन्तरिम संविधान, २०६३ मा भएको संवैधानिक प्रावधान, निर्वाचनसँग सरोकार राख्ने अन्य ऐन, कानुन, नियम र आचारसंहिताजस्ता निर्वाचन सम्पन्न गर्दा आवश्यक सामग्रीहरूको छोटो जानकारी प्रस्तुत गर्ने प्रयास गरिएकोछ ।

परिच्छेद ४ मा हामीले पर्यवेक्षण गरेको पैंतीसै जिल्लाबाट प्राप्त विविध विवरण प्रस्तुत गरिएको छ । सोहि परिच्छेदको अन्तमा तिनै जिल्लाको निर्वाचन वातावरण सारांश तालिका प्रस्तुत गरिएको छ । समग्रमा, संविधानसभा सदस्यको निर्वाचनको दिन शान्तिमय भए पनि अघिल्ला आमनिर्वाचनहरूको तुलनामा शान्तिसुरक्षाको स्थिति फितलो रहेको, राजनीतिक हिंसा बढी भएको, आचारसंहिताको उल्लङ्घन बढी भएको र अधिकांश निर्वाचनक्षेत्रमा कुनै एक दलको प्रभाव हावी भएको यथार्थ उजागर हुन्छ । यस्तो अवाञ्छनीय प्रवृत्तिप्रति सबै सरोकारवालाहरु सचेत हुनुपर्ने देखिन्छ ।

संविधानसभा सदस्यको निर्वाचन पर्यवेक्षण गर्ने हाम्रो अभियानमा यस समितिका सदस्य-सचिव श्री कृष्णमान प्रधान, कार्यक्रम संयोजक श्री विकास घिमिरे, कार्यकारिणी समितिका सबै सदस्यज्यूहरु र सबै तहका पर्यवेक्षकहरूलाई विशेष धन्यवाद दिन चाहन्छु । यो प्रतिवेदन तथा प्रारम्भिक प्रतिवेदन लेखनकार्यमा प्रशंसनिय मेहनतका साथ संलग्न, उपप्राध्यापक द्वय श्री भेषनाथ सापकोटा, श्री रवीन्द्रनाथ भट्टराई, अधिवक्ता श्री शशीकुमार उपाध्याय, श्री विकास घिमिरे र भाषासम्पादन कार्यमा संलग्न उपप्राध्यापक श्री फणीन्द्र निरौलालगायत कम्प्युटर टाइप गरी प्रतिवेदन डिजाइन गर्ने श्री भवानी कायस्थलाई पनि धन्यवाद ज्ञापन गर्दछु । चौथो पटक विभिन्न तहका पर्यवेक्षक सहकर्मीहरूसँग काँधमा काँध मिलाई

निर्वाचनका सबै चरणहरूमा सहभागी भएको क्षण म सम्झिरहने छु । उमेरले गर्दा आगामी निर्वाचनमा सकृयरूपमा सहभागी हुन सायद मेरा लागि सम्भव नहोला ।

हाम्रो संजाललाई निर्वाचन पर्यवेक्षण गर्ने अनुमति प्रदान गरी आवश्यक जानकारी उपलब्ध गराई सहयोग गर्ने निर्वाचन आयोग, गृह प्रशासन, जिल्ला निर्वाचन अधिकृत, राजनीतिक दल, उम्मेदवार, मतदाता, पर्यवेक्षक, पत्रकार, नागरिक समाजलगायत सम्पूर्णमा आभारसहित धन्यवाद प्रकट गर्दछु ।

निर्वाचन पर्यवेक्षण कार्य र प्रतिवेदन प्रकाशन गर्न आर्थिक सहयोग गर्ने क्यानेडियन सहयोग नियोग, नर्वेजियन राजदूतावास र डेनिस राजदूतावासलाई संस्थागत रूपमा आमनिर्वाचन पर्यवेक्षण समिति, नेपालका तर्फबाट हार्दिक धन्यवाद दिन्छु । आमनिर्वाचन पर्यवेक्षण समिति (GEOC) को सचिवालय स्थापनार्थ सहयोग उपलब्ध गराउने नेपाल कानून समाजका अध्यक्ष वरिष्ठ अधिवक्ता श्री कुसुम श्रेष्ठज्यूप्रति विशेष आभार प्रकट गर्दछु । यस कार्यक्रमका अधिकृत द्वय श्री सुजन लोप्चन, श्री सुभाष पौडेल, लेखा अधिकृत श्री गणेशमान प्रधानलाई पनि धन्यवाद दिन्छु । यस प्रतिवेदन तयार गर्ने क्रममा पर्यवेक्षकहरूबाट प्राप्त फर्मका विवरणलाई तथ्याङ्कमा तयार गर्ने कार्यमा सहयोग गर्ने श्री विष्णुभक्त श्रेष्ठ र वहाँको समूहलाई पनि धन्यवाद दिन चाहन्छु । यस सचिवालयका कर्मचारी श्री सञ्जय श्रेष्ठ, श्री कविता शाह, श्री सरिता रिजाल र श्री माया थापाको सहयोग पनि प्रशंसनीय छ । हाम्रो यस सत्कार्यमा परोक्ष, अपरोक्ष रूपमा मन, वचन एवं कर्मले सहयोग गर्न शुभेच्छा राख्ने सबै स्वदेशी एवं विदेशी महानुभावहरूमा पनि हार्दिक कृतज्ञता प्रकट गर्दछु ।

२०६५ असार

हिमालय शम्सेर ज.ब.रा
अध्यक्ष
आमनिर्वाचन पर्यवेक्षण समिति, नेपाल

## आमनिर्वाचन पर्यवेक्षण समिति (जियोक): एक सञ्जाल

आमनिर्वाचन पर्यवेक्षण समिति नेपाल (जियोक) सात विभिन्न गैरसरकारी संस्थाको सञ्जाल हो । जसमा नेपाल कानून समाज, इन्टरनेसनल कमिसन अफ जुरिस्ट/नेपाल, पूर्व कर्मचारी सेवा परिषद्, चुनाव पर्यवेक्षण प्रतिष्ठान, नेपाल प्रेस इन्स्टिच्युट, नेपाल नागरिक मञ्च र ग्रामीण विकास प्रतिष्ठान संस्थागत सदस्य छन् । यस सञ्जालले २०४८, २०५१ र २०५६ को प्रतिनिधिसभा सदस्य निर्वाचन तथा २०४९ र २०५४ को स्थानीय निर्वाचनको पनि पर्यवेक्षण गरेको थियो ।

२०६४ चैत्र २८ गतेको संविधानसभा सदस्य निर्वाचन पर्यवेक्षण कार्यमा स्वतन्त्र बुद्धिजीवी, प्राध्यापक, कानुनविद्, समाजसेवी, पूर्वराजदूत, संयुक्तराष्ट्रसंघीय संगठनहरूको पूर्वप्रतिनिधि र मानवअधिकारवादीको सहभागिता थियो ।

## सञ्जालको उद्देश्य तथा पर्यवेक्षक विवरण

संविधानसभा सदस्य निर्वाचन स्वतन्त्र, निष्पक्ष, भयरहित र धाँधलीरहित भएको छ/छैन भन्नेबारे स्वतन्त्र प्रतिवेदन सार्वजनिक गर्ने यस सञ्जालको मुख्य उद्देश्य हो । यस सञ्जालमा ८ जनाको कार्यसमिति, ५ सदस्यीय सचिवालय, ३५ सदस्यीय जिल्ला पर्यवेक्षक, ७० निर्वाचन क्षेत्र पर्यवेक्षक, ४० नगरस्तरीय पर्यवेक्षक र ७०० गाविसस्तरका पर्यवेक्षक गरी कूल ८८० जनाको सांगठनिक संरचना रहेको छ ।

प्रत्येक जिल्लाका २०/२० वटा गाविस/नगर पर्यवेक्षकहरूलाई निर्वाचन क्षेत्रस्तरका २ जना पर्यवेक्षकअन्तर्गत रहने व्यवस्था गरिएको थियो । प्रत्येक जिल्ला पर्यवेक्षक मातहत २ जना निर्वाचन क्षेत्र पर्यवेक्षक रहने व्यवस्था गरिएको थियो । केन्द्रमा रहेका ३५ जना राष्ट्रिय पर्यवेक्षकहरूलाई ३५ जिल्लामा १/१ जनाको दरले खटाइएको थियो । यसरी जियोकको सञ्जाललाई मन्दिर शैलीमा परिचालन गरी संरचनागत संगठन निर्माण गरिएको थियो ।

## पर्यवेक्षकहरूलाई तालिमको व्यवस्था

जियोकका राष्ट्रिय र जिल्ला पर्यवेक्षकहरूको लागि केन्द्रमा तालिमको व्यवस्था गरिएको थियो । तालिममा निर्वाचन आयोगका विशेषज्ञहरु, संविधानविद्हरु, निर्वाचन कानुनका ज्ञाता र राजनीतिशास्त्रका प्राध्यापकहरु समावेश गरिएका थिए । तालिम कार्यक्रममा संविधानसभा सदस्य निर्वाचन पर्यवेक्षण निर्देशिका, २०६४ प्रशिक्षण सामग्रीका रूपमा वितरण गरिएको थियो । जिल्लाका स्थानीय पर्यवेक्षकहरु निर्वाचन क्षेत्र पर्यवेक्षक र गाविस/नगर पर्यवेक्षकहरूलाई जिल्ला सदरमुकाममा तालिमको व्यवस्था गरिएको थियो ।

## प्रश्नावलीबाट पर्यवेक्षण विवरण सङ्कलन

पर्यवेक्षण कार्यको अभिलेख प्रश्नावलीको रूपमा प्रयोग गरेर जिल्लामा भएका घटनाहरूको टिपोट गरेर तयार गरिएको थियो । अन्तर्वार्तामा निम्नानुसारका प्रश्नावली प्रयोग गरिएको थियोः (१) मतदातालाई सोधिने प्रश्नावली, (२) मतदान अधिकृतलाई सोधिने प्रश्नावली, (३) मतदानपछि राजनीतिक कार्यकर्ताहरूलाई सोधिने प्रश्नावली, (४) मतगणना पर्यवेक्षण फाराम र (५) निर्वाचनबारे पर्यवेक्षकले भर्ने प्रश्नावली ।

## मतदाताको चेतनास्तर

पर्यवेक्षण गरिएका अधिकांश जिल्लाहरु (६०%) का मतदाताहरूको चेतनाको स्तर उच्च थियो । केही जिल्ल्लाहरु (२७%) का मतदाताको चेतनाको स्तर मध्यम प्रकारको थियो भने थोरै जिल्लाहरु (१२%) का मतदाताहरूको चेतनाको स्तर न्यून थियो ।

## मतदाताको प्रतिबद्धता

पर्यवेक्षण गरिएका ३५ जिल्लाहरूमध्ये अधिकांश जिल्लाहरूमा (७३%) जिल्लाका मतदाताहरूको निर्वाचनप्रतिको प्रतिबद्धता उच्च थियो । केही जिल्ला (१४%) का मतदाताहरूको प्रतिबद्धताको स्तर मध्यम खालको थियो ।

## मतदानकेन्द्रको व्यवस्थापन

अधिकांश जिल्लाका (३०%) मतदान केन्द्रको उच्चस्तरीय व्यवस्थापन गरिएको थियो । केही (२०%) मतदान केन्द्रको व्यवस्थापन सामान्य प्रकारले गरिएको थियो । केही (१२%) मतदान केन्द्रको व्यवस्थापनप्रति मतदाताको गुनासो थियो । मतदानको लागि टाढा जानुपर्ने, वृद्ध, वृद्धा, अपाङ्ग, अशक्तहरूलाई मतदानको लागि प्राथमिकता नदिइएको गुनासाहरु पनि आएका थिए ।

## आचारसंहिताको पालना

अधिकांश (९२%) स्थानहरूमा आचारसंहिताको पूर्ण पालना भएकाथिएनन्, । भित्तेलेखन, प्रवेशद्वार निर्माण, दलहरूको लोगोसहितको पोसाकको प्रयोग, सवारी साधनको दुरूपयोग, तोकिएभन्दा बढी खर्च गर्नु जस्ता कुराहरु आचारसंहिता उल्लङ्घनका प्रमुख कारण थिए ।

## शान्तिसुरक्षाको स्थिति

संविधानसभा सदस्य निर्वाचनमा शान्तिसुरक्षाको स्थिति दलहरूको समझदारी र निर्वाचनप्रतिको प्रतिबद्धताको कारणले स्थापित हुनपुगेको थियो । तराईमा संघर्षरत सशस्त्र समूहलाई सुरक्षाकर्मीको परिचालनले निष्क्रिय पारिएको थियो । अन्य स्थानमा सुरक्षाकर्मीको उपस्थिति साङ्केतिक र मनोवैज्ञानिक असर गर्ने खालको मात्र थियो । तर निर्वाचनविपरीत कुनै घटना घटेमा घुम्तीटोली समेतको सुरक्षाकर्मी परिचालन गरी शान्तिसुरक्षा बनाइएको थियो ।

## राजनीतिक हिंसाको अवस्था

राजनीतिक दलका कार्यकर्ताहरु बीचको विवाद, सामान्य झडप, हातहालाहाल, हतियारको प्रयोग र मानव हत्या (क्षति) सम्मका घटनाहरु भएका थिए । मतदानको बाकस फ्याँक्ने, मतपत्रमा पानी खन्याउने, बाकसमा ढुङ्गा हान्ने, निर्वाचन स्थगित गर्नेसम्मका गतिविधिहरु केही (०.९९%) स्थानहरूमा भएका थिए । राजनीतिक दलहरूको प्रभाव क्षेत्रमा आ–आफ्ना प्रभाव देखिए पनि निर्वाचन सम्पन्न भएको थियो ।

तराईमा मधेसवादी दलहरूको प्रभाव हावी निर्वाचन भएको थियो । माओवादी प्रभाव भएका जिल्लाहरूमा माओवादी प्रभाव हावी निर्वाचन भएको थियो । अन्य दलका प्रतिनिधि, पर्यवेक्षकहरु, उम्मेदवारहरु प्रभाविलो दलका सम्मुख नतमस्तक र प्रभावहीन देखिन्थे । नेकपा (माओवादी) यस मामलामा अग्रस्थानमा थियो । संविधानसभा निर्वाचनको एजेन्डा माओवादीले १२ वर्षसम्म संघर्ष गरेर स्थापित गराएको, मतदाताहरूलाई दीगो शान्तिसुरक्षा चाहिएको, माओवादीबाट परिवर्तनप्रतिको आशा पलाएको हुनाले अधिकांश (७३%) जिल्लाहरूका निर्वाचनमा माओवादी प्रभाव हावी र धाँधलीरहित निर्वाचन भएको थियो ।

मतदातासम्बन्धी प्रश्नावलीमा जम्मा ४५१४ जनाले उत्तर दिएका थिए । मतदान अधिकृतसम्बन्धी प्रश्नावलीमा २६०७ जना मतदान अधिकृतले उत्तर दिएका थिए । मतदानपछि राजनीतिक कर्यकर्तासम्बन्धी प्रश्नावलीमा ३१२० जनाले उत्तर दिएका थिए । पर्यवेक्षकबाट प्राप्त विवरणसम्बन्धी प्रश्नावलीको १०३४ जनाले उत्तर दिएका थिए । यसरी कुल ११२७५ जना उत्तरदाताबाट पर्यवेक्षण विवरण सङ्कलन गरिएको थियो । प्रश्नावलीहरूबाट प्राप्त विवरणलाई कोडिङ गरेर एक्ससेल कम्प्युटर विधिको प्रयोग गरी तथ्याङ्क विश्लेषण गरिएको छ । विश्लेषण गरिएका तथ्याङ्कलाई विभिन्न तालिका तथा रेखाचित्रमा प्रस्तुत गरिएको छ ।

स्थानीय पर्यवेक्षकबाट प्राप्त विश्लेषणात्मक विवरणलाई फरक-फरक जिल्ला प्रतिवेदनका रूपमा प्रस्तुत गरिएको छ ।

## मतदातासम्बन्धी विवरण

मतदातासम्बन्धी विवरण ४५१४ मतदाताबाट बहुउत्तर प्रश्नावलीको प्रयोग गरी लिइएको थियो । सबैभन्दा बढी उत्तरदाता कैलाली जिल्लामा २४७ जना (५.५%) थिए भने सबैभन्दा कम ६१ जना (१.४%) सिराहा जिल्लामा थिए । उत्तरदाताहरूलाई सहर र गाउँमा वर्गीकरण गर्दा ५.२ प्रतिशत उत्तरदाता ग्रामीण बस्तीका र १२.१ प्रतिशत सहरी बस्तीका मतदाता थिए । अधिकांश मतदाताहरु (९६.९%) ले मतदानको प्रक्रियाबारे जानकारी छ भनेका थिए भने केही (२.२%) ले आफूलाई मतदान प्रक्रियाबारे कुनै जानकारी नभएको बताएका थिए । धेरै मतदाता (४९.२३%) ले संविधानसभा सदस्यको निर्वाचनको जानकारी सञ्चारमाध्यमबाट प्राप्त गरेको बताएका थिए । दलहरूबाट जानकारी प्राप्त गर्नेको संख्या पनि उल्लेख्य (३५.८४%) थियो ।

## विगतको निर्वाचन र वर्तमान निर्वाचनमा फरक

मतदाताहरूलाई विगतका प्रतिनिधिसभा सदस्यका निर्वाचनहरु, स्थानीय निर्वाचन र संविधानसभा सदस्यको निर्वाचनको बीचमा के-के फरक थिए भनी अन्तर्वार्ता लिइएको थियो । अधिकांश मतदाताहरु (४०.१६%) ले यसपटकको मतदान प्रक्रिया फरक भएको बताएका थिए । त्यसपछि मतपत्र पहिलेभन्दा फरक भएको भन्नेहरु ३५.५५% थिए । राजनीतिक दलहरूको प्रचार प्रसारको शैली फरक-फरक भएको भन्नेहरु पनि उल्लेख्य (१३.१५%) थिए । मतदाताहरूलाई संविधानसभा सदस्य निर्वाचनले के-के प्रभाव पार्दछ भनी प्रश्न गर्दा बहुमत उत्तरदाता (५७.४८%) ले जनताको अधिकार सुरक्षित गर्ने बताएका थिए । त्यसपछि २८.५५ प्रतिशतले राजनीतिक द्वन्द्वको अन्त्य हुने बताएका थिए । केही मतदाताहरु (१०.४६%) ले यस निर्वाचनले देशमा आर्थिक उन्नति हुने बताएका थिए ।

## निर्वाचनको निष्पक्षता

अधिकांश (७५%) मतदाताले निर्वाचन निष्पक्ष हुन्छ भनेका थिए । थोरै मतदाता (६.३३%) ले निर्वाचन निष्पक्ष हुँदैन भनेका थिए भने केही (१७.३२%) ले थाहा छैन भन्ने जवाफ दिएका थिए ।

## निर्वाचनमा डर, त्रास एवं लोभ-लालचा

अधिकांश मतदाताहरु (९२.४९%) ले संविधानसभा सदस्य निर्वाचनमा मतदाताहरूलाई कहीँ कसैले पनि डर, त्रास, लोभ, लालच देखाएको छैन भनेका थिए । केही (५.८९%) मतदाताहरूले आफूलाई राजनीतिक दलहरूका तर्फबाट डर, त्रास, लोभ, लालचा आएको बताएका थिए ।

## निर्वाचनप्रतिको प्रेरणा

मतदाताहरूलाई संविधानसभा सदस्य निर्वाचनमा भोट दिन केबाट प्रेरणा पाउनु भयो भन्ने प्रश्नको जवाफमा सञ्चार माध्यम (३४.५४%) भन्नेहरु प्रथम स्थानमा थिए । त्यसपछि क्रमशः राजनीतिक कार्यकर्ता (२८.५७%), प्रचार-प्रसार सामग्री (१९.९२%), परिवारबाट (१३.१६%) र गैर-सरकारी संस्थाबाट (४.२२%) बाट निर्वाचनमा प्रेरणाको स्रोत बताएका थिए । थोरै मतदाताहरु (०.४१%) ले यी बाहेकका अन्य स्रोतहरूबाट निर्वाचनमा मतदान गर्न प्रेरणा पाएको बताएका थिए ।

## मतदान अधिकृतसम्बन्धी विवरण

संविधानसभा सदस्य निर्वाचनमा खटिएका ३५ जिल्लाका मतदान अधिकृतहरूलाई निर्वाचनसम्बन्धी अन्तर्वार्ता लिइएको थियो । जसमा कूल २६०७ अधिकृतहरु समावेश थिए । सबैभन्दा धेरै अन्तर्वार्ता (६.३%) कैलाली जिल्लाका मतदान अधिकृतबाट लिइएको थियो भने कम अन्तर्वार्ता (०.५%) मुगु जिल्लाका मतदान अधिकृतबाट लिइएको थियो । अन्तर्वार्तामध्ये ८४% गाउँबाट र १४.८% सहरी क्षेत्रबाट सङ्कलन गरिएको थियो ।

मतदान अधिकृतसँग मतदान सञ्चालनको अनुभवबारे प्रश्न गर्दा अधिकांश (८६.४५%) ले सजिलो भएको बताएका थिए । मतदान कार्य सजिलो नहुनाको कारणबारे प्रश्न गर्दा थोरै अधिकृतहरु (२१.१४%) ले मतदाता सूचीमा नाम, उमेर र अन्य कुरा नमिलेका कारण मतदान कार्य सजिलो नभएको भनेका थिए । केही (१९.१२%) ले सुरक्षा व्यवस्थामा कमी भएकाले मतदान कार्य सजिलो नभएको बताएका थिए । त्यसपछि क्रमशः मतदाताहरूलाई मत दिने प्रक्रियाप्रति ज्ञानको अभाव (१३.०८%), मतदाता बीच आपसी विवाद (११.७४%), प्रशिक्षित कर्मचारीको कमी (७.०४%), स्वयं सेवकबाट असहयोग (६.७१%) र मसलन्दको कमी (४.६९%) मुख्य थिए ।

अधिकांश (७४.६४%) मतदान अधिकृतले निर्वाचन राम्रो भएको अनुभव बताएका थिए भने थोरै (२२.१७%) ले निर्वाचन कार्य सन्तोषप्रद नभएको बताएका थिए । केही (१.८४%) ले निर्वाचन कार्य पहिले भैँ सामान्य रहेको बताएका थिए । मतदान अधिकृतहरूलाई राजनीतिक दलहरूबाट कस्तो सहयोग प्राप्त भएको थियो भनी प्रश्न गर्दा अधिकांश (६४.२७%) ले सबै दलबाट राम्रो सहयोग पाएको बताएका थिए भने केही (१७.५६%) ले सर्वपक्षीय सहयोग प्रभावकारी भएको बताएका थिए । मतदानकार्य सहज र सरल हुनुमा निर्वाचनमा खटिएका कर्मचारीको नेतृत्वमा राजनीतिक दलहरूका स्वयंसेवक र प्रतिनिधिहरूले निर्वाचन अगावै बैठक बसी सर्वसहमतिको आधारमा मतदाता नामावलीमा भएका कमी, कमजोरी बारे छलफल गरी समाधानको पहिचान गरिएको थियो । निर्वाचन कार्यालयले मतदाताको नाम र नम्बर पहिले नै उपलब्ध गराउनाले मतदान कार्यमा सरलता आएको थियो । थोरै (८.०८%) ले शान्तिसुरक्षाको व्यवस्थाबाट सहयोग प्राप्त भएको बताएका थिए ।

अधिकांश मतदान अधिकृत (५२.३३%) ले दलहरूबाट आचारसंहिता उल्लङ्घन भएको बताएका थिए । केही (१५.८८%) ले उम्मेदवारबाट आचारसंहिता उल्लङ्घन भएको बताएका थिए भने थोरै (४.६७%) ले पर्यवेक्षकहरूबाट आचारसंहिता उल्लङ्घन भएको कुरा अन्तर्वार्ताको क्रममा बताएका थिए ।

## राजनीतिक कार्यकर्तासम्बन्धी विवरण

पैंतिस जिल्लाका कुल ३१२० राजनीतिक कार्यकर्ताहरूसँग अन्तर्वार्ता लिएको थियो । जसमा सबै भन्दा बढी सुर्खेत जिल्लामा ७.४% थिए भने सबैभन्दा कम मुगु जिल्लामा ०.४% राजनीतिक कार्यकर्ता अन्तर्वार्तामा उत्तरदाताका रूपमा संलग्न थिए । अधिकांश राजनीतिक कार्यकर्ता (९६.९८%) ले निर्वाचन प्रक्रियाबारे आफूलाई जानकारी भएको बताएका थिए भने अत्यन्त थोरै (१.१८%) ले आफूलाई समग्र

निर्वाचन प्रक्रियाबारे जानकारी नभएको बताएका थिए । अधिकांश राजनीतिक कार्यकर्ता (८७.६२%) ले निर्वाचन निष्पक्ष, स्वतन्त्र र भयरहित भएको बताएका थिए भने केही (८.४९%) ले निर्वाचन निष्पक्ष, स्वतन्त्र र भयरहित नभएको बताएका थिए । धेरै राजनीतिक कार्यकर्ताहरु (३९.७२%) का विचारमा प्रचार-प्रसारको काम आचारसंहिता विपरीत भएको भन्ने थियो भने केही (२२.९७%) ले मतदाताको सूची तयार गर्ने काम अपूरो भएकाले निर्वाचन निष्पक्ष भएन भनेका थिए । थोरै (१६.४८%) ले सीमाभन्दा बढी र कम खर्च भएकाले निर्वाचन निष्पक्ष भएन । धेरै (३३.९९%) उत्तरदाताले राजनीतिक दलहरु धाँधलीको जिम्मेवार छन् भने भने केही (२३.१२%) ले उम्मेदवार र निजका समर्थकहरु धाँधलीका जिम्मेवार पक्ष हुन् भनेका थिए । केही (१५.८१%) ले सरकार र सुरक्षा निकायको कारणले धाँधली भएको बताएका थिए । संविधानसभा सदस्यको निर्वाचनमा भाग लिएपछि विभिन्न राजनीतिक दलका कार्यकर्ताहरूलाई मन परेका खास-खास कुराहरु उल्लेख गर्नुहोस् भनी जानकारी लिइएको थियो । शान्तिपूर्ण निर्वाचन हुनु, उत्साहजनक सोचेभन्दा राम्रो सहभागिता हुनु, सर्वदलीय सहमतिबाट आपसी समझदारी कायम हुनु यस निर्वाचनका राम्रा पक्षहरु भएको बताएका थिए ।

आमनिर्वाचन समिति (जियोक) ले परिचालन गरेका पर्यवेक्षकले १०३४ वटा प्रश्नावली भरी विवरण पठाएका थिए । जिल्लागत विवरणअनुसार अधिकांश गाउँ (८६.८%) बाट विवरण प्राप्त भएको थियो ।

## मतदानकेन्द्रको पायक अपायकको स्थिति

मतदान केन्द्र पायक पर्ने नपर्ने ठाउँमा राखेको बारे पनि पर्यवेक्षकहरूलाई जानकारी लिन भनिएको थियो । जसमध्ये लगभग ९२ प्रतिशतले पायक पर्ने ठाउँमा भएको बताए भने ७ प्रतिशत पर्यवेक्षकलाई मतदान केन्द्र आफूलाई पायक नपर्ने ठाउँमा रहेको मतदाताले बताए । मतदान केन्द्रको व्यवस्थापनको लागि सुरक्षा व्यवस्था, तारबार वा पर्खाल लगाएको सम्बन्धमा पनि पर्यवेक्षकबाट जानकारी हासिल गर्न खोजिएको थियो । जसमध्ये लगभग ८३ प्रतिशतले मतदानकेन्द्रको सुरक्षाप्रबन्ध मिलाएको बताए भने १५ प्रतिशतले मतदानकेन्द्रको सुरक्षाको लागि तारबार, पर्खाल वा अन्य कुनै व्यवस्था नभएको बताए । अधिकांश पर्यवेक्षक (९४%) ले पंक्तिबद्ध भएर मतदान गरेको बताएका थिए । अधिकांश (९४.५%) पर्यवेक्षकले निर्वाचन स्थलभित्र निर्वाचन सम्पन्न गरिने कोठामा निर्वाचन अधिकृत, सहायक र स्वयंसेवी रहने टेवल, मेच, मत दिने गोप्य कोठा तथा मतपेटिका राख्ने व्यवस्था (समग्रमा बन्दोबस्तीको व्यवस्था) रहेको बताए । मतदान केन्द्रको २०० मिटर वरपर आचारसंहिताको पालनासम्बन्धी जानकारी लिन गरिएको प्रश्नमा अधिकांश पर्यवेक्षक (८३.४६%) ले उक्त क्षेत्रभित्र आचारसंहिताको पालना नभएको बताए । लगभग ३० प्रतिशत पर्यवेक्षकले निर्वाचन स्थलमा सुरक्षाकर्मीको अवस्था सन्तोषजजक रहेको बताए भने लगभग २४ प्रतिशत पर्यवेक्षकले सामान्य रहेको बताए र १ प्रतिशत जति पर्यवेक्षकले सुरक्षाकर्मीको व्यवस्था राम्रो नभएको बताए ।

मतदानको दिन मतदाता आवतजावत गर्नका लागि गरिएको सुरक्षा व्यवस्था ठीक छ भनी लगभग ८६ प्रतिशत पर्यवेक्षकले बताए । लगभग १३ प्रतिशतले त्यति राम्रो नभएको बताए । अधिकांश मतदाता (९२.६२%) ले निर्वाचनस्थल भित्र पुग्न कुनै कठिनाइ नभएको बताए भने लगभग २ प्रतिशत पर्यवेक्षकले प्रवेशमा रोक लगाएको बताए । त्यसैगरी ३.२९ प्रतिशत पर्यवेक्षकले आफूलाई पछि मात्र प्रवेशाज्ञा दिएको बताए ।

अधिकांश (९७.१० प्रतिशत) केन्द्रहरु ७ बजे नै खुलेको पाइयो भने १३ (१.२६%) मतदान केन्द्र ८ बजे मात्र खुलेको पाइयो ।

## मतदान प्रक्रियाको विवरण

अधिकांश (८५%) पर्यवेक्षकले निर्वाचन प्रक्रियाको आरम्भ र मतदान बाकसको अवलोकन गरिएको बताए भने ९ प्रतिशत जति पर्यवेक्षकले अवलोकन नगरेको बताए । लगभग ६ प्रतिशत पर्यवेक्षकले भने कुनै उत्तर नदिएको देखियो । मतपेटिकामा लगाइएको सुरक्षा सिलको अवलोकन तथा सिल नम्बर प्रदान गर्ने बारे पनि पर्यवेक्षकहरूले जानकारी प्राप्त गरेका थिए । जसमध्ये अधिकांश पर्यवेक्षक (८७.०४ प्रतिशत) ले अवलोकन तथा सिलनम्बर प्रदान गरेको बताए भने अवलोकन नगर्ने ८.३२ प्रतिशत पर्यवेक्षक थिए भने लगभग ४.६४ प्रतिशत पर्यवेक्षकले केही उल्लेख नगरेको बताए । केही मतदाताहरू मतदाता सूचीमा नाम नभएर फर्किएका थिए । केही अपाङ्ग र अशक्तहरूले प्राथमिकताका साथ मतदानमा भाग लिएका थिए भने केहीले प्राथमिकता पाएका थिएनन् ।

अधिकांश उत्तरदाता (९५.८४%) ले मतपत्र दिनासाथ औँलामा मसी लगाइने गरेको बताए । लगभग ९७ प्रतिशत उत्तरदाताले मतपत्रमा मतदान अधिकृतको हस्ताक्षर भएको बताए भने २.९० प्रतिशत उतरदाताले केही पनि उल्लेख नगरेको पाइयो । लगभग ९८ प्रतिशत मतदाताले मतदान गर्दा गोप्य तवरले छाप लगाउने स्थिति भएको बताए भने २.५१ प्रतिशतले मतदान प्रक्रियामा गोप्य तवरले छाप लगाउने स्थिति नभएको बताए । त्यसैगरी २.७ प्रतिशतले भने केही उल्लेख नगरेको पाइयो ।

अधिकांश (९३.२३%) पर्यवेक्षकले मतदान कोठाभित्र अनधिकृत व्यक्तिको समूहको उपस्थिति नभएको बताए भने २.६१ प्रतिशतले अनधिकृत व्यक्ति वा समूहको उपस्थिति भएको बताए । लगभग ८.८ प्रतिशतले आफ्नो नाम नभएर पनि मतदानमा भाग लिएको बताएका थिए । केही मतदाताले मतदानको प्रक्रियामा लाइनमा बसेको, नाम मिलेको, मतपत्र बुझेको तर गोप्य मतदान केन्द्रमा छाप अर्कै व्यक्तिले लगाउने गरेको बताएका थिए ।

## एउटाको नाममा अर्कैको (प्रोक्सी) मत

कूल १०३४ उतरदाता मध्ये २२४ (२१.६६ प्रतिशत) मतदातासूचीमा भएको आफ्नो नाममा अर्कै व्यक्तिले भोट खसालेको बताए । लगभग ५२ जना अर्थात् ५ प्रतिशत उत्तरदाताले चुनाव प्रक्रिया कुनै असहज परिस्थितिका कारणले गर्दा अवरूद्ध भएको बताए । लगभग ५ प्रतिशत उत्तरदाताहरू ५ बजेपछि पनि मतदान प्रक्रियामा भाग लिन पंक्तिबद्ध भएर बसेका थिए । अधिकांश उत्तरदाता (८६ प्रतिशत) ले बाकस सिलबन्दी गर्दा अवलोकन गराइएको तथा सिल नम्बर उपलब्ध गराइएको बताए ।

# विषयसूची


परिच्छेद १ सञ्जालको संरचना र कार्यक्रम

| | | |
|---|---|---|
| १.१ | परिचय | १ |
| १.२ | सञ्जालको उद्देश्य | २ |
| १.३ | सञ्जालको सांङ्गठनिक स्वरूप | २ |
| १.४ | सञ्जालको दायित्व | २ |
| १.५ | सञ्जालको सचिवालय | ३ |
| १.६ | सञ्जालका कार्यक्रमहरु | ३ |

परिच्छेद २ पर्यवेक्षण विधि

| | | |
|---|---|---|
| २.१ | पर्यवेक्षणको आवश्यकता र महत्व | ५ |
| २.२ | पर्यवेक्षकको विवरण एवं कार्यक्षेत्र | ५ |
| २.३ | पर्यवेक्षण प्रतिवेदन तयारी पद्धति | ६ |

परिच्छेद ३ संविधानसभा सम्बन्धी कानुनको समीक्षा

| | | |
|---|---|---|
| ३.१ | संविधानसभाको विकासक्रम | ७ |
| ३.२ | संविधानसभाको पृष्ठभूमि | ८ |
| ३.३ | नेपालको अन्तरिम संविधान, २०६३ | ९ |
| ३.४ | संविधानसभा सदस्य निर्वाचन ऐन, २०६४ | ९ |
| ३.५ | संविधानसभा सदस्य निर्वाचन नियमावली, २०६४ | ९ |
| ३.६ | निर्वाचन (कसुर र सजाय) ऐन, २०६३ | १० |
| ३.७ | निर्वाचन आयोग ऐन, २०६३ | ११ |
| ३.८ | मतदाता नामावलीसम्बन्धी ऐन, २०६३ | ११ |
| ३.९ | मतदाता नामावलीसम्बन्धी नियमावली, २०६३ | १२ |
| ३.१० | राजनीतिक दल दर्ता (निर्वाचन प्रयोजन) नियमावली, २०६३ | १३ |
| ३.११ | संविधानसभा सदस्य निर्वाचन आचारसंहिता, २०६४ | १३ |
| ३.१२ | संविधानसभा अदालत ऐन, २०६४ | १४ |

परिच्छेद ४ जिल्ला पर्यवेक्षण प्रतिवेदन विश्लेषण

| | | |
|---|---|---|
| ४.१ | झापा | १५ |
| ४.२ | मोरङ | १७ |
| ४.३ | सुनसरी | १९ |
| ४.४ | धनकुटा | २१ |
| ४.५ | उदयपुर | २४ |
| ४.६ | संखुवासभा | २६ |
| ४.७ | सप्तरी | २८ |
| ४.८ | सिराहा | ३० |
| ४.९ | धनुषा | ३२ |

४.१० दोलखा ३४
४.११ चितवन ३६
४.१२ मकवानपुर ४०
४.१३ ललितपुर ४२
४.१४ काभ्रे ४३
४.१५ धादिङ ४५
४.१६ सिन्धुपाल्चोक ४७
४.१७ नुवाकोट ४९
४.१८ तनहुँ ५१
४.१९ गोरखा ५३
४.२० स्याङ्जा ५५
४.२१ कास्की ५९
४.२२ नवलपरासी ६१
४.२३ रूपन्देही ६३
४.२४ पाल्पा ६५
४.२५ अर्घाखाँची ६७
४.२६ बाग्लुङ ६९
४.२७ दाङ ७१
४.२८ बाँके ७३
४.२९ सुर्खेत ७५
४.३० जुम्ला ७७
४.३१ मुगु ७९
४.३२ कैलाली ८१
४.३३ बभाङ ८३
४.३४ कञ्चनपुर ८५
४.३५ डडेलधुरा ८७
पर्यवेक्षण गरिएका जिल्लाहरूको निर्वाचन वातावरण सारांश तालिका ८९

परिच्छेद ५ पर्यवेक्षणको संख्यात्मक विश्लेषण
५.१ मतदातासम्बन्धी विवरण ९३
५.२ मतदान अधिकृतबाट प्राप्त विवरण ९८
५.३ राजनीतिक दलका कार्यकर्ताहरूबाट प्राप्त विवरण १०२
५.४ संविधानसभा निर्वाचनबारे पर्यवेक्षकबाट प्राप्त विवरण १०६

परिच्छेद ६ पर्यवक्षण विवरण तथा रेखाचित्र
६.१ मतदाताबाट प्राप्त विवरण ११९
६.२ मतदान अधिकृतबाट प्राप्त विवरण १२२
६.३ मतदानपछि राजनीतिक दलका कार्यकर्ताहरूबाट प्राप्त विवरण १२४
६.४ निर्वाचनबारे पर्यवेक्षकहरूबाट प्राप्त विवरण १२६

परिच्छेद ७ निष्कर्ष तथा सुझाव


| | | |
|---|---|---|
| ७.१ | निष्कर्ष | १३५ |
| ७.२ | सुझाव | १३६ |
| | ७.२.१ राजनीतिक दल, उम्मेदवार | १३६ |
| | ७.२.२ निर्वाचन आयोग | १३६ |
| | ७.२.३ राज्य | १३७ |
| | ७.२.४ नागरिक समाज | १३८ |
| | ७.२.५ सञ्चार जगत | १३८ |
| | ७.२.६ पर्यवेक्षण संस्था र पर्यवेक्षक | १३८ |


अनुसूची


| | |
|---|---|
| अनुसूची १: राष्ट्रिय पर्यवेक्षक | १४१ |
| अनुसूची २: जिल्ला/निर्वाचन क्षेत्र/गाविस/न.पा. पर्यवेक्षक | १४३ |
| अनुसूची ३: राजनीतिक दलका घोषणापत्र | १६५ |
| अनुसूची ४: जिल्लागत मतदान विवरण | १७१ |
| अनुसूची ५: विजयी उम्मेदवारहरूले प्राप्त गरेको मतसंङ्ख्या | १७९ |


तालिका


| | |
|---|---|
| तालिका नं. १ जिल्लागत मतदाता विवरण | ९३ |
| तालिका नं. २ क्षेत्रगत विवरण | ९४ |
| तालिका नं. ३ संविधानसभा सदस्य निर्वाचनको मतदानको जानकारी | ९५ |
| तालिका नं. ४ जानकारीको स्रोत | ९५ |
| तालिका नं. ५ प्रतिनिधिसभा सदस्य निर्वाचन र संविधानसभा सदस्य निर्वाचनमा फरक | ९५ |
| तालिका नं. ६ संविधानसभा सदस्य निर्वाचनको प्रतिफल | ९६ |
| तालिका नं. ७ संविधानसभा सदस्य निर्वाचनको निष्पक्षता | ९६ |
| तालिका नं. ८ संविधानसभा सदस्य निर्वाचनमा भएको डर, त्रास, लोभ, लालच | ९६ |
| तालिका नं. ९ संविधानसभा सदस्य निर्वाचनमा प्रेरणाको स्रोत | ९७ |
| तालिका नं. १० मतदान हुँदैगर्दा मतदाताहरूलाई मननपरेका कुराहरु | ९७ |
| तालिका नं. ११ मतदान अधिकृतबाट प्राप्त जिल्ला अनुसारको विवरण | ९८ |
| तालिका नं. १२ गाउँ/नगर विवरण | ९९ |
| तालिका नं. १३ मतदान सञ्चालनको अनुभव | ९९ |
| तालिका नं. १४ मतदान कार्य सजिलो नहुनाका कारण | ९९ |
| तालिका नं. १५ मतदान अधिकृतको निर्वाचनसम्बन्धी अनुभव | १०० |
| तालिका नं. १६ राजनीतिक दलहरूबाट प्राप्त सहयोग | १०० |
| तालिका नं. १७ संविधानसभा सदस्य निर्वाचनमा आचारसंहिताको पालना | १०१ |
| तालिका नं. १८ आचारसंहिताको पालन नभएका पक्षहरु | १०१ |
| तालिका नं. १९ मतदानपछि राजनीतिक कार्यकर्ताहरूबाट प्राप्त विवरण | १०२ |
| तालिका नं. २० संविधानसभा सदस्य निर्वाचन प्रक्रियाबारे राजनीतिक कार्यकर्तालाई भएको जानकारी | १०३ |
| तालिका नं. २१ संविधानसभा सदस्य निर्वाचनको निष्पक्षता, स्वतन्त्रता र निर्भयता | १०३ |

तालिका नं. २२ निष्पक्षता नहुनाका कारणहरु १०४
तालिका नं. २३ धाँधलीको जिम्मेवार पक्ष १०४
तालिका नं. २४ संविधानसभा सदस्य निर्वाचनमा राजनीतिक कार्यकर्तालाई
मन परेका कुराहरू १०५
तालिका नं. २५ पर्यवेक्षकबाट प्राप्त जिल्लागत विवरण १०६
तालिका नं. २६ पर्यवेक्षकबाट प्राप्त स्थानीय विवरण १०७
तालिका नं. २७ मतदान केन्द्रको पायकताको स्थिति १०७
तालिका नं. २८ निर्वाचनस्थलको वरिपरि लगाइएको पर्खाल तथा तारबार १०७
तालिका नं. २९ निर्वाचनस्थल भित्र मतदाताका लागि पङ्क्तिबद्धता १०८
तालिका नं. ३० निर्वाचन स्थलभित्रको बन्दोबस्तीको व्यवस्था १०८
तालिका नं. ३१ निर्वाचन स्थलको २०० मिटर वरपरको अवस्था १०८
तालिका नं. ३२ निर्वाचनस्थलमा सुरक्षाकर्मीको अवस्था १०९
तालिका नं. ३३ निर्वाचनका दिनको सुरक्षा स्थिति १०९
तालिका नं. ३४ मतदाता आवतजावत गर्ने सुरक्षा व्यवस्था १०९
तालिका नं. ३५ उम्मेदवार तथा कार्यकर्ताहरुको सुरक्षाको व्यवस्था ११०
तालिका नं. ३६ निर्वाचन स्थानभित्र प्रवेश गर्दा हुने कठिनाइका स्थिति ११०
तालिका नं. ३६(क) जियोक पर्यवेक्षकलाई मतदान स्थलमा प्रवेशमा रोक लगाइएका केन्द्रहरु ११०
तालिका नं. ३७ निर्वाचन केन्द्र खुलेको स्थिति १११
तालिका नं. ३७(क) ७ बजे पछि खुलेका मतदान केन्द्रहरु १११
तालिका नं. ३८ निर्वाचन स्थानमा निर्वाचन सामग्रीको पर्याप्तता ११२
तालिका नं. ३९ निर्वाचन प्रक्रियाको आरम्भबारे जानकारी तथा मतदान बाकसको ११२
तालिका नं. ४० मतपेटिकामा लगाइएको सुरक्षा सिलको अवलोकन तथा सिल नम्बर ११२
तालिका नं. ४१ मतदाता सूचीमा नाम नभएर फर्किएका मतदाता संख्या ११३
तालिका नं. ४२ अपाङ्ग, आँखा नदेख्ने र अशक्तले मतदानमा प्राथमिकता पाएको स्थिति ११३
तालिका नं. ४३ मतदाताको औंलामा मतपत्र दिनासाथ मसी लगाइएको स्थिति ११३
तालिका नं. ४४ मतपत्रमा मतदान अधिकृतको हस्ताक्षरको स्थिति ११३
तालिका नं. ४५ गोप्य तवरले छाप लगाउने स्थिति ११४
तालिका नं. ४६ मतदान कोठाभित्र अनधिकृत व्यक्ति वा समूहको उपस्थिति ११४
तालिका नं. ४६(क) मतदान कोठाभित्र अनधिकृत व्यक्ति वा समूहको उपस्थिति ११४
तालिका नं. ४७ नाम नभएका व्यक्तिले मतदान गरेको स्थिति ११५
तालिका नं. ४८ आफ्नो नाममा अर्कै व्यक्तिले मत खसालेको स्थिति ११५
तालिका नं. ४९ चुनाव प्रक्रियामा अवरोधको स्थिति ११५
तालिका नं. ५० अवरोधका कारणहरु ११६
तालिका नं. ५१ ५ बजेपछि मतदान केन्द्रमा पङ्क्तिमा उभिएका मतदाताको स्थिति ११६
तालिका नं. ५२ त्यस्ता पङ्क्तिमा रहेका मतदाताले मतदानमा भाग लिएको स्थिति ११६
तालिका नं. ५३ बाकस सिलबन्दी गर्दा अवलोकन तथा सिल नम्बर उपलब्ध गराइएको ११६
तालिका नं. ५४ निर्वाचन स्थल तथा मतदान केन्द्रमा भएको घटना ११७
तालिका नं. ५५ राजनीतिक दलको प्रचार-प्रसारको क्रममा भएको घटना ११७
तालिका नं. ५६ निर्वाचनको मतगणनासँग सम्बन्धित घटना ११७
तालिका नं. ५७ निर्वाचनसँग सम्बन्धित अन्य घटना ११८

# सञ्जालको संरचना र कार्यक्रम

## १.१ परिचय

नेपालमा सम्पन्न हुने निर्वाचनलाई स्वतन्त्र, निष्पक्ष, धाँधलीरहित वातावरणमा सम्पन्न गर्न सघाउ पुऱ्याउने र सोहीअनुरूप भए, नभएको पर्यवेक्षण गर्ने उद्देश्यले गठित आम निर्वाचन पर्यवेक्षण समिति, नेपाल (General Election Observation Committee Nepal (GEOC)) नेपालमा सक्रिय रहेका विभिन्न गैरसरकारी संस्थाको सञ्जाल हो । यसमा नेपाल कानुन समाज, इन्टरनेसनल कमिसन अफ जुरिस्ट/नेपाल, पूर्व कर्मचारी सेवा परिषद्, चुनाव पर्यवेक्षण प्रतिष्ठान, नेपाल प्रेस इन्स्टिच्युट, नेपाल नागरिक मञ्च र ग्रामीण विकास प्रतिष्ठान संस्थागत सदस्य छन् । यस सञ्जाल तथा यसका सदस्य संस्थाहरूले २०४७ सालपछि सम्पन्न प्रतिनिधिसभा सदस्यको निर्वाचन २०४८, २०५१ र २०५६ का साथै स्थानीय निकाय निर्वाचन २०४९ र २०५४ को राष्ट्रिय, जिल्ला र स्थानीय स्तरमा पर्यवेक्षण गरी सम्बन्धित निकायलाई सुझावसहितका प्रतिवेदन सार्वजनिक गरिएका थिए । संविधानसभा सदस्यको निर्वाचनको लागि आवश्यक कानुन निर्माणको क्रममा जियोकमा विगतका निर्वाचन पर्यवेक्षण प्रतिवेदनमा उल्लेख गरिएका सुझावहरूलाई समेत समावेश गरिएको छ ।

यस संस्थाबाट हुने पर्यवेक्षण कार्यमा स्वतन्त्र बुद्धिजीवी, प्राध्यापक, कानुनविद्, समाजसेवी, पूर्वराजदूत, संयुक्तराष्ट्रसंघका पूर्वप्रतिनिधि, मानवअधिकारवादीहरूको संलग्नता रहँदै आएको र भविष्यमा पनि रहनेछ ।



## १.२ सञ्जालको उद्देश्य

निर्वाचन आयोगद्वारा सञ्चालन हुन गइरहेको संविधानसभा सदस्यको निर्वाचन स्वतन्त्र, निष्पक्ष, भयरहित र धाँधलीरहित भएको छ/छैन भन्नेबारे स्वतन्त्र प्रतिवेदन सार्वजनिक गर्ने यस सञ्जालको प्रमुख उद्देश्य रहेको छ । यस सञ्जालले निर्वाचन आयोगले सार्वजनिक गरेको निर्वाचन कार्यक्रम अनुरूप निर्वाचनका विभिन्न चरणहरू (मतदाताको नामदर्ता, मतदान, मतगणना र परिणाम घोषणासमेत) का घटनाहरूको पर्यवेक्षण गरी प्रतिवेदन तयार पारी सार्वजनिक गर्नेछ ।

## १.३ सञ्जालको सांगठनिक स्वरूप

यस सञ्जालको संगठनात्मक स्वरूपलाई तहगत रूपमा हेर्दा यो पाँच तहको देखिन्छ । जसअनुसार सबभन्दा माथि ८ सदस्यीय कार्यसमिति रहेको छ । यसका मातहतमा ५ सदस्यीय सचिवालय र ३५ राष्ट्रिय पर्यवेक्षकहरूको राष्ट्रिय परिषद् रहेको छ । ३५ जिल्ला पर्यवेक्षकहरू, ७० निर्वाचन क्षेत्र पर्यवेक्षकहरू, ४० नगरपालिकास्तरका पर्यवेक्षकहरू र ७०० गाविसस्तरका पर्यवेक्षकहरू रहने गरी कूल ८८० पर्यवेक्षकहरू रहने गरी यस संस्थाको संरचना निर्माण भएको छ । राष्ट्रिय र जिल्ला पर्यवेक्षकको नामावली अनुसूची १ मा दिइएको छ ।




## १.४ सञ्जालको दायित्व

संविधानसभा निर्वाचन, २०६४ लाई सफल पार्न जियोकले आफ्नो चुनाव पर्यवेक्षण स्वतन्त्र, निष्पक्ष, तटस्थ पर्यवेक्षकहरूबाट गराउने दायित्व बोकेको छ । जियोकले आफ्नो दायित्व पूरा गर्ने क्रममा पर्यवेक्षणका लागि आवश्यक सहयोग पुऱ्याउन एक सचिवालयको स्थापना गरी कार्य गर्दै आएको छ । यसले संविधानसभा निर्वाचन पर्यवेक्षणका लागि राष्ट्रिय, जिल्ला, निर्वाचन क्षेत्र तथा गाउँ र नगरस्तरीय पर्यवेक्षक चयन गर्ने काम गरेको थियो । यसै गरी जियोकले निर्वाचनको पर्यवेक्षण गरिसकेपछि आफ्ना

गतिविधि तथा प्रतिवेदनहरू निर्वाचन आयोगलगायत राजनीतिक दल र अन्य सम्बन्धित निकायहरूलाई बुझाउने र सार्वजनिक गर्ने गरेको छ । यति मात्र नभई यसले आफ्ना सबै गतिविधिहरू निष्पक्ष, स्वतन्त्र र पारदर्शी ढङ्गले सम्पन्न गर्ने मुख्य जिम्मेवारी वहन गरिरहेको छ । यसैक्रममा संविधानसभा सदस्य निर्वाचनअघि र निर्वाचनपछि प्रारम्भिक कार्यक्रम र आर्थिक प्रतिवेदन पत्रकार सम्मेलन गरी सार्वजनिक गरिसकिएको छ । प्रस्तुत अन्तिम प्रतिवेदनलाई अहिले सार्वजनिक गरिएको छ ।

## १.५ सञ्जालको सचिवालय

निर्वाचन पर्यवेक्षणको कामका लागि दैनिक कार्य सञ्चालन गर्न र अन्य आवश्यक सहयोग गर्नका लागि जियोकको केन्द्रीय सचिवालय नेपाल कानुन समाज, अनामनगर, काठमाडौंमा रहेको छ । पर्यवेक्षणको कार्यलाई सहयोग पुऱ्याउने र सहज बनाउने उद्देश्यले आवश्यक जनशक्तिको व्यवस्था गर्नुका साथै ३५ राष्ट्रिय पर्यवेक्षकहरूको एक परिषद् गठन गरिएको छ । प्रत्येक सदस्य संस्थाहरूलाई प्रतिनिधित्व गर्ने गरी श्री हिमालय शम्सेर ज.ब.रा.को अध्यक्षतामा कार्यसमिति गठन गरिएको छ ।

## १.६ सञ्जालका कार्यक्रमहरू

क. निर्वाचन पर्यवेक्षणको तयारी चरण

१. निर्वाचन पर्यवेक्षण कार्यलाई व्यवस्थित गर्नका लागि केन्द्रीय सचिवालयको स्थापना र आवश्यक जनशक्तिको व्यवस्था गरिएको थियो ।

२. पर्यवेक्षकको सञ्जाल निर्माणका लागि राष्ट्रियस्तरका ३५ जना र जिल्लास्तरका ३५ जना पर्यवेक्षक व्यवस्था गरी अभिमुखीकरण गोष्ठी सम्पन्न गरियो ।

३. प्रत्येक जिल्लामा जिल्लालाई प्रतिनिधित्व गर्ने गरी २० गाउँ विकास समितिको चयन गरी प्रत्येक गाविसस्तरमा एकजना पर्यवेक्षकको, प्रत्येक जिल्लामा रहेको नगरपालिकामा दुईजना निर्वाचन पर्यवेक्षकको व्यवस्था गरियो ।

४. पर्यवेक्षण कार्यलाई प्रभावकारी र सहज बनाउन समय-समयमा सचिवालयबाट जिल्लाहरूको अनुगमन पनि गरिएको थियो ।

५. निर्वाचन आयोगद्वारा निर्वाचन पर्यवेक्षण गर्न अनुमति पाएका सञ्जालहरूको समन्वय गरी विषयवस्तु र अनुभव जानकारी र अनुभव आदान-प्रदान गरियो ।

६. राष्ट्रिय र जिल्लास्तरका पर्यवेक्षकहरूलाई प्रशिक्षकका रूपमा कार्य गर्न केन्द्रमा प्रशिक्षण कार्यक्रमको आयोजना गरी संविधानससभा सदस्य निर्वाचन पर्यवेक्षण निर्देशिका २०६४ तयार पारी सबै तहका पर्यवेक्षकहरूलाई उपलब्ध गराइयो ।

७. राजनीतिक दल, नागरिक समाज र सरकारसँग समय-समयमा अन्तर्क्रिया गर्दै निर्वाचन आयोगसँग निरन्तर सम्पर्कमा पनि रहने काम भयो ।

८. राष्ट्रिय र जिल्ला पर्यवेक्षक मार्फत स्थानीयस्तरका पर्यवेक्षकहरूलाई सम्बन्धित जिल्लामा प्रशिक्षण प्रदान गरियो ।

ख. निर्वाचन पर्यवेक्षण

१. जियोकको सञ्जाल राष्ट्रिय, जिल्ला, निर्वाचन क्षेत्र, गाउँ र नगरका निर्वाचन पर्यवेक्षकहरूलाई तोकिएको फर्मबमोजिम तोकिएका जिल्ला र गाउँ तथा नगरमा निर्वाचन पर्यवेक्षण गराउने काम सम्पन्न भयो ।

२. निर्वाचनका दिन स्थानीयस्तरका पर्यवेक्षकहरूले पर्यवेक्षण गरेका कार्यलाई प्रभावकारी बनाउन राष्ट्रिय र जिल्लास्तरका पर्यवेक्षकहरूबाट निरीक्षण गर्ने काम भए ।

ग. निर्वाचन प्रतिवेदन

१. निर्वाचन आयोगले निर्वाचन मतदान कार्यक्रम सम्पन्न गरेपछि मतगणनाको पर्यवेक्षण गरियो ।

२. मतदान र मतगणनाको पर्यवेक्षण सम्पन्न भएपछि सम्पूर्ण पर्यवेक्षकको फरम सङ्कलन गरी तथ्याङ्क विश्लेषण गर्ने काम सम्पन्न भई त्यसको विवरण यसै प्रतिवेदनमा समावेश गरिएको छ ।

३. निर्वाचन सम्पन्न भएको १५ दिनभित्र सङ्क्षिप्त प्रतिवेदन सम्बन्धित निकायलाई बुझाउने र सार्वजनिक गरियो ।

४. अन्तिम प्रतिवेदन विशेषज्ञहरूको टोलीबाट तयार गरी कार्यसमितिबाट विस्तृत अध्ययनगरी प्राप्त सुझावको आधारमा प्रकाशित गरिएको छ । यस प्रतिवेदन निर्वाचन आयोग, सरकार, नागरिक समाज र राजनीतिक दललाई वितरण गरिनेछ । ■

# पर्यवेक्षण विधि

## २.१ पर्यवेक्षणको आवश्यकता र महत्त्व

विश्वका अन्य देशहरूका अनुभव एवंम् हाम्रै देशको पनि विगतका अनुभवलाई फर्केर हेर्दा यस सञ्जालले २०५६ सालमा सम्पन्न आम निर्वाचनसमेतको पर्यवेक्षणपश्चात् सार्वजनिक गरेको पर्यवेक्षण प्रतिवेदनहरूबाट विगतका निर्वाचनमा भएका धाँधली, त्रुटि र चुनौतीहरूलाई टार्न र स्वच्छ, निष्पक्ष, भयरहित वातावरणमा निर्वाचन सम्पन्न गर्न सम्बन्धित संवैधानिक व्यवस्था र कानुनमा समसामयिक सुधार गर्न दिएका सुझावहरू कार्यान्वयन भएको पाइएको छ । समाज गतिशील छ, नयाँ–नयाँ प्रवृत्ति र विकृतिहरू निर्वाचनमा देखिन्छन्, भित्रिएका पनि छन् । तसर्थ, निर्वाचनलाई दूषित पार्ने प्रवृत्तिबाट उब्जिने कमीकमजोरीहरू, गलत विकृतिहरूलाई हतोत्साह गर्न र स्वच्छ, निष्पक्ष एवं भयरहित वातावरणमा निर्वाचन सम्पन्न गर्न पर्यवेक्षणको आवश्यकता पर्छ । नेपालको राजनीतिक इतिहासमा संविधानसभा सदस्यको निर्वाचन पहिलो भएको हुनाले यो निर्वाचनमा पर्यवेक्षण अति आवश्यक थियो । यो निर्वाचनमा जियोकजस्ता स्थापित सञ्जालहरूको पर्यवेक्षणबाट पेस गरिएका सुझावहरू र देखिएका त्रुटिहरू सार्क क्षेत्रस्तरमा मात्रै नभएर विश्वका अन्य देशहरूमा पनि भविष्यमा हुने यस्ता निर्वाचनका लागि शिक्षाप्रद हुने हुनाले यसपालिको नेपालको पर्यवेक्षण अनुभवको उल्लेखनीय महत्व छ ।

## २.२ पर्यवेक्षकको विवरण एवं कार्यक्षेत्र

आमनिर्वाचन पर्यवेक्षण समिति (जियोक) ले लामो अवधिका लागि ३५ राष्ट्रिय पर्यवेक्षकहरू, ३५ जिल्ला पर्यवेक्षकहरू एवं छोटो अवधिका लागि ७० निर्वाचनक्षेत्रस्तरीय पर्यवेक्षकहरू, ४० नगरपालिकास्तरीय र ७०० गाविसस्तरीय पर्यवेक्षकहरू गरी कुल ८८० जना पर्यवेक्षकहरू संविधानसभा सदस्य निर्वाचनमा प्रत्यक्ष रूपमा संलग्न गराएर पर्यवेक्षण कार्य सम्पन्न गरेको हो । प्रतिजिल्ला २० गाविस छनौट गरी ३५ जिल्लाका ७०० गाविसस्तरीय पर्यवेक्षकहरूलाई र प्रतिजिल्ला २ निर्वाचन क्षेत्र गरी जम्मा ७० पर्यवेक्षकहरूलाई पर्यवेक्षण कार्य गर्न जिल्लास्तरीय पर्यवेक्षण तालिम प्रदान गरिएको थियो । सबै पर्यवेक्षकहरूलाई संविधानसभा सदस्य निर्वाचनसम्बन्धी संवैधानिक र कानुनी ज्ञानसहितको संविधानसभा सदस्य निर्वाचन पर्यवेक्षण निर्देशिका, २०६४ तयार पारी समयमा नै वितरण गरिएको थियो ।

राष्ट्रिय पर्यवेक्षकको कार्य अनुभव

| क्र.सं. | अनुभव | महिला | पुरुष | जम्मा |
|---|---|---|---|---|
| १ | संयुक्त राष्ट्रसङ्घीय संगठनका पूर्व प्रतिनिधि | | २ | २ |
| २ | कानुनी व्यवसायी | ४ | ७ | ११ |
| ३ | पूर्वसचिव तथा पूर्व वरिष्ठ प्रशासकहरू | | ३ | ३ |
| ४ | प्राध्यापक | १ | ६ | ७ |
| ५ | मानवअधिकारवादी | | १ | १ |
| ६ | पूर्व उप-कुलपति | | १ | १ |
| ७ | नागरिक समाजका अगुवाहरू | | ३ | ३ |
| ८ | समाजसेवी | | १ | १ |
| ९ | इन्जिनियर | | १ | १ |
| १० | वरिष्ठ पत्रकारहरू | १ | ४ | ५ |
| ११ | पूर्वराजदूत | | १ | १ |
| | जम्मा | ६ | २९ | ३५ |

## २.३ पर्यवेक्षण प्रतिवेदन तयारी पद्धति

निर्वाचन क्षेत्र, नगर र गाविसस्तरीय पर्यवेक्षकहरूले आफूले पर्यवेक्षण गरेका क्षेत्र र स्थानहरूको पर्यवेक्षण प्रतिवेदन जिल्ला पर्यवेक्षकहरू समक्ष पेस गर्ने व्यवस्था थियो । उक्त प्रतिवेदनहरूका सारांश खिची तयार गरिएको प्रतिवेदन जिल्ला पर्यवेक्षकले राष्ट्रिय पर्यवेक्षकलाई बुझाउने व्यवस्था गरिएको थियो । राष्ट्रिय पर्यवेक्षकहरूले सम्बन्धित जिल्ला पर्यवेक्षकहरूले पठाएको प्रतिवेदनलाई परिमार्जन गरी एवं आफुले पर्यवेक्षण गरेका वस्तुगत विस्तृत तथ्यको विश्लेषण गरी जियोक सचिवालयमा बुझाएको प्रतिवेदन अध्ययन र विश्लेषण गरी राष्ट्रिय रूपमा सारांश प्रतिवेदन तयार गरिएको हो । यो प्रतिवेदन तयार गर्न गुणात्मक र सङ्ख्यात्मक विधि प्रयोग गरिएको छ ।

सीमित समयमा पनि निर्वाचन आयोग, नेपाल सरकार र सम्बद्ध पक्षले निर्वाचनसम्बन्धी ऐन, कानुन, नियम, निर्देशिका निर्माण, निर्वाचनको तयारी, निर्वाचन सम्पन्न गर्न आवश्यक भौतिक स्रोत-साधन र जनशक्तिको व्यवस्थापनमा पुऱ्याएको दृष्टि, छिटोछरितोपन सह्रानीय छ । द्वन्द्वबाट गुज्रेको हाम्रो मुलुकमा संविधानसभा सदस्यको निर्वाचनमार्फत समस्याको निकास दिन सक्षम भएको मान्नै पर्दछ । विश्वमा हेर्दा पनि पूर्णतः त्रुटिरहित कुनै पनि चुनाव भएका छैनन् । हाम्रो देशमा संविधानसभा सदस्यको निर्वाचन त्रुटि रहित भने देखिएन । निर्वाचन पर्यवेक्षण क्रममा देखिएका केही उल्लेख्य विषयहरू प्रतिवेदनमा उल्लेख गरिएको छ । ■

परिच्छेद ३

# संविधानसभासम्बन्धी कानुनको समीक्षा

## ३.१ संविधानसभाको विकासक्रम

राणा प्रधानमन्त्री पद्‌म शम्शेरले संवैधानिक सुधार समितिको मस्यौदाका आधारमा वि.सं. २००५ वैशाख १ गतेदेखि लागू हुने गरी वि.सं. २००४।१०।१३ मा जारी गरेको "नेपाल सरकार वैधानिक कानुन, २००४" पहिलो संविधान हो तर त्यो लागू नै भएन । एकतन्त्रीय जहानिया राणाशासन विरूद्धको २००७ सालको क्रान्तिले जहानिया राणाशासन अन्त्य गरेपछि तत्कालीन राजा त्रिभुवनले मन्त्रिपरिषद्‌को सल्लाहमा २००७ साल चैत्र २९ गते सोही मितिदेखि लागू हुने गरी नेपाल अन्तरिम शासन विधान २००७ जारी गरे । श्री ५ त्रिभुवनका २००७ र २०१० सालको घोषणामा नेपालको संविधान निर्माण गर्ने प्रयोजनार्थ संविधानसभा (विधानसभा) को निर्वाचन गर्ने भनिए पनि अनेकौं विवादका कारण २०१४ सालमा संविधानसभाको निर्वाचन नहुने भई श्री ५ महेन्द्रले गठन गरेको संविधान मस्यौदा आयोगले तयार पारेको मस्यौदालाई तत्कालीन मन्त्रिपरिषद्‌ले अनुमोदन गरी २०१५।११।१ गते नेपाल अधिराज्यको संविधान २०१५ जारी गरियो । वि.सं. २०१७ साल पौष १ गते श्री ५ महेन्द्रले जननिर्वाचित प्रधानमन्त्री वि.पी. कोइरालाको नेतृत्वमा रहेको सरकार अपदस्थ गरी शासनको बागडोर आफ्नो हातमा लिएपछि पौष २२ गते सबै राजनैतिक दलहरूलाई प्रतिबन्ध गरियो । पौष १, २०१७ पछि श्री ५ महेन्द्रले अर्को घोषणा गरी नेपाल अधिराज्यको संविधान २०१५ को मर्ममाथि प्रहार गरी अरू महत्वपूर्ण धाराहरू निलम्बन गर्दै धारा ५५ ले दिएको अधिकारको प्रयोग गरी नेपाल विशेष व्यवस्था ऐन २०१७ जारी गरे । यही ऐनअनुसार २०१९ पौष १ गतेसम्म शासन गरे । फेरि उनैले २०१९।१।१६ गते संविधान मस्यौदा आयोग गठन गरी २०१९ पौष १ गते नेपालको संविधान २०१९ घोषणा गरे । यसरी १०४ वर्षे जहानिया राणाशासनपछि पनि फेरि ३० वर्षसम्म शाहवंशीय निरंङ्कुश पंचायती शासन मुलुकले भोग्नुपर्‍यो । त्यसै गरी २०३६ सालको आन्दोलन पनि जनमत संग्रहमा टुङ्गियो ।

२०४६ सालमा नेपाली जनताले फेरि जनआन्दोलन सुरू गरी निरंङ्कुश पंचायती व्यवस्था निर्मुल गरेपछि बहुदलीय प्रजातन्त्रको पुनः स्थापना भयो । २०४६ चैत्र २६ गते, मध्यरातमा तत्कालीन श्री ५ वीरेन्द्रले नेपालको संविधान २०१९ को प्रथम संशोधन २०२३ सालमा राखिएको "दलविहीन पंचायती व्यवस्था" भन्ने शब्द झिकी दलहरूमाथिको प्रतिबन्ध फुकुवा गरे । बहुदलीय प्रजातान्त्रिक व्यवस्थाको पुनः स्थापना भयो । राजाको प्रतिनिधि समेतको सहभागिता रहेको तत्कालीन सर्वोच्च अदालतका न्यायाधीश श्री विश्वनाथ उपाध्यायको अध्यक्षतामा गठित संविधान सुझाव आयोगले मस्यौदा गरेको मस्यौदालाई विधायिकाको अधिकारसमेत प्राप्त अन्तरिम मन्त्रिपरिषद्‌ले फेरबदल गरेअनुरूपको नेपाल अधिराज्यको संविधान २०४७ जनआन्दोलनको उपलब्धिको रूपमा कार्तिक २३, २०४७ देखि लागू भयो ।

श्री ५ वीरेन्द्रको वंशनाश पछि राजा बनेका ज्ञानेन्द्रले वि.सं. २०५९ असोज १८ गते निर्वाचित प्रधानमन्त्रीको सरकार बर्खास्त गरे । माघ १९ गतेको कदम पछाडि त बलजफ्ती प्रत्यक्षशासन लादे । सो कदमले अग्रगमनकारी राजनीतिक दलहरूको काँधमा जनआन्दोलन चर्काएर लग्ने र संविधानसभाको सन्दर्भ जोडदार रूपमा अगाडि बढाउने कार्यभार इतिहासले सृजित गर्‍यो । यही मुद्दा नै नेकपा (माओवादी) र तत्कालीन सात दलहरूबीच सहमति र सहकार्यको आरम्भ बिन्दु हुनपुग्यो । सात राजनीतिक दल

र नेपाल कम्युनिष्ट पार्टी (माओवादी) बीच मिति २०६२।८।७ गते भएको बाह्र बुँदे समझदारीसमेतको पृष्ठभूमिमा २०६२/६३ को १९ दिने संयुक्त जनआन्दोलनमा निरंङ्कुश राजतन्त्रले घुँडा टेकी २०६३/१/११ गते पुनः लोकतन्त्र स्थापना हुनपुग्यो । विघटित प्रतिनिधिसभा ब्युँझियो, नेपालमा पहिलो पटक जनआन्दोलन २०६२/६३ को उपलब्धिको एउटा कडीका रूपमा जनआन्दोलनकारी शक्तिको सक्रियतामा अन्तरिम संविधान २०६३ निर्माण गरी २०६३ माघ १ गतेदेखि लागू गरियो । २०६४ साल जेष्ठ महिनाभित्र स्वतन्त्र, निष्पक्ष रूपले संविधानसभाको निर्वाचन गर्ने प्रतिबद्धता अन्तरिम संविधानको धारा ३३ मार्फत राज्यको तर्फबाट जाहेर गरियो । जेष्ठ महिनामा संविधानसभाको निर्वाचन हुननसकेपछि २०६४ मंसिरमा सारियो, त्यो मितिमा पनि संविधानसभाको निर्वाचन हुननसकी २०६४ पौष १३ गते अन्तरिम संविधानमा तेस्रो संशोधन गरी धारा ३३ को खण्ड (क) मा रहेको "मंसिर महिना" भन्ने शब्दहरु झिकियो र पछि नेपाल सरकारका तर्फबाट २०६४ चैत्र २८ गते निर्वाचन गर्ने मिति तोकियो र सम्पन्न पनि भयो । यही संविधानसभाले लोकतान्त्रिक संघीय गणतन्त्र नेपालको संविधान निर्माण गर्ने ऐतिहासिक जिम्मेवारी बोकेको छ ।

## ३.२ संविधानसभाको पृष्ठभूमि

२०६२/०६३ को जनआन्दोलनको परिणामस्वरूप नेपालको अन्तरिम संविधान, २०६३ को निर्माण भयो । जसमा प्रस्तावना सहित २५ भाग १६७ धारा ४ अनुसूची छन् । धारा ३३ र १५४, १५४क संविधानसभा सँग सम्बन्धित छन् तापनि भाग ७ संविधानसभा सँग पूरै सम्बन्धित छ ।

नेपालको अन्तरिम संविधान २०६३ मा नेपाली जनतामा अन्तर्निहित सार्वभौमसत्ताको व्यावहारिक प्रत्याभूति गर्ने विषयलाई आत्मसात् गर्दै २०६४ साल जेष्ठ महिनाभित्र स्वतन्त्र र निष्पक्ष रूपमा संविधानसभाका सदस्यको निर्वाचन सम्पन्न गर्ने राज्यले दायित्व स्वीकार गर्‍यो (धारा ३३क) । तर पनि २०६४ जेष्ठमा सम्भव भएन, त्यसपछि देशका केही भागमा विकसित राष्ट्रिय घटनाक्रमले गर्दा धारा ३३(घ१) थपी मुलुकको राज्य संरचनाका सबै अंङ्गहरु मधेसी दलित, आदिवासी, जनजाति, महिला, मजदुर, किसान, अपाङ्ग, पिछडिएका वर्ग र क्षेत्र सबैलाई समानुपातिक, समावेशी आधारमा सहभागी गराउने, धारा १५४क थप गरी निर्वाचन क्षेत्र निर्धारण आयोग गठन गर्ने प्रावधान राखियो । २०६४ साल जेष्ठ ३० गते अन्तरिम संविधानमा गरिएको दोस्रो संशोधनबाट २०६४ साल मंसिर महिनाभित्र संविधानसभाको निर्वाचन गर्ने भनी एकातिर धारा ३३ लाई संशोधन गरियो, अर्कोतिर धारा १५४क मा दोस्रो संशोधन मार्फत निर्वाचन क्षेत्र निर्धारण आयोगले मन्त्रिपरिषद्को अनुरोधमा पुनरावलोकन गर्ने प्रावधान राखियो । मंसिरमा पनि संविधानसभाको निर्वाचन सम्पन्न हुनसकेन, २०६४।९।१३ गते तेस्रो संशोधनबाट धारा ३३ (क) बाट "मंसिर महिना" भन्ने शब्दहरु झिकी तेस्रो प्रयासमा २०६४ चैत्र २८ गते संविधानसभाको निर्वाचन सम्पन्न भयो । तेस्रो संशोधन मार्फत धारा ६३(३) संशोधित भई प्रत्येक निर्वाचन क्षेत्रबाट पहिलो हुने निर्वाचित हुने प्रणालीअनुसार २०५ को सट्टा २४० जना र {६३(३)(क)} समानुपातिक निर्वाचन प्रणालीअनुसार २०४ को सट्टा ३३५ {६३(३)(ख)} राष्ट्रिय जीवनमा महत्वपूर्ण योगदान पुर्‍याएका विशिष्ट व्यक्तिहरु र खण्ड (क) र (ख) बमोजिम निर्वाचनबाट प्रतिनिधित्व हुननसकेका आदिवासी जनजाति मध्येबाट मनोनीत हुने १७ को सट्टा २६ जना गरियो । यसरी ६०१ संविधानसभा सदस्यको सङ्ख्या पुग्यो । २०६५ जेष्ठ १५ गते संविधानसभाको पहिलो बैठकसमेत बसिसक्यो । संविधानको चौथो संशोधन गरी राष्ट्रपति, उपराष्ट्रपतिको अधिकार कर्तव्यको व्यवस्थासमेतको व्यवस्था गरी गणतन्त्रको कार्यान्वयन भइसकेको छ ।

## ३.३ नेपालको अन्तरिम संविधान, २०६३

ऐतिहासिक जनआन्दोलन, २०६२/६३ को उपलब्धि मध्येको एउटा उपलब्धि नेपालको अन्तरिम संविधान, २०६३ पनि हो । यसको पहिलो संशोधन, २०६३।१२।३० गते, दोस्रो संशोधन २०६४।२।३० गते र तेस्रो संशोधन २०६४।९।१३ गते चौथो संशोधन २०६५।२।१५ गतेमा भयो । अघिल्ला तीन पटकका संशोधनहरूमा संविधानसभाको मिति समेतको सन्दर्भ पनि जोडिएको छ । जसमा संविधानसभाको तिथि, संविधानसभा सदस्यको निर्वाचन प्रयोजनका लागि क्षेत्र निर्धारण संविधानसभाको गठन प्रक्रिया, सङ्ख्यासमेत निर्धारण गरिएको छ । संविधानसभाको सदस्यको निर्वाचनका लागि संविधानको धारा १५४क बमोजिम गठित निर्वाचन क्षेत्र निर्धारण आयोगले मन्त्रिपरिषद्को अनुरोधमा पुनरावलोकन गरी दिएको प्रतिवेदनका आधारमा निर्धारित निर्वाचन क्षेत्रका आधारमा प्रत्येक निर्वाचन क्षेत्रबाट राज्यमा पहिलो हुने निर्वाचित हुने प्रणालीअनुसार ७५ जिल्लाबाट निर्वाचित हुने २४० {धारा ६३(३)(क)} सदस्य, सम्पूर्ण देशलाई एकक्षेत्र मानी राजनीतिक दललाई मत दिने समानुपातिक निर्वाचन प्रणालीअनुसार निर्वाचित हुने ३३५ सदस्य {धारा ६३(३)(ख)} राष्ट्रिय जीवनमा महत्वपूर्ण योगदान पुऱ्याएका विशिष्ट व्यक्तिहरू, आदिवासी जनजातिहरूमध्ये बाट सहमतिका आधारमा मन्त्रिपरिषद्बाट मनोनीत हुने २६ सदस्य {धारा ६३(३)(ग)} गरी कुल ६०१ सदस्य निर्वाचित हुने संवैधानिक प्रावधान छ । संविधानको धारा ६३(३)(क)अनुसार राजनीतिक दलहरूले उम्मेदवार चयन गर्दा समावेशी सिद्धान्तलाई ध्यान दिनुपर्ने निर्देशात्मक व्यवस्था छ भने धारा ६३(३)(ख) बमोजिम राजनीतिक दलहरूले उम्मेदवारहरूको नाम बन्दसूचीमा सूचीकृत गर्दा महिला, दलित, उत्पीडित जाति, आदिवासी जनजाति, पिछडिएको क्षेत्र, मधेसीलगायत अन्य वर्ग समेतको कानुनमा व्यवस्था भए बमोजिम समानुपातिक प्रतिनिधित्व गराउन अनिवार्य गरेको छ । संविधानको धारा ६४ ले संविधानसभाको पहिलो बैठक बसेको मितिले दुई वर्षको कार्यकाल तोकिएको छ तर मुलुकमा संविधानको धारा १४३ बमोजिम संकटकालीन स्थितिको घोषणा भएको कारणले संविधान निर्माण गर्ने काम पूरा हुन नसकेमा संविधानसभाले आफैं प्रस्ताव पारित गरी संविधानसभाको कार्यकाल छ महिनासम्म बढाउन सक्नेछ ।

## ३.४ संविधानसभा सदस्य निर्वाचन ऐन, २०६४

यो ऐन संविधानसभा कायम रहेको अवधिसम्म बहाल रहने ऐन हो । व्यवस्थापिका संसद्ले २०६४ मा बनाएको दोस्रो ऐन हो । यो ऐनले पनि नेपालको अन्तरिम संविधान, २०६३ अनुरूप नै निर्वाचन क्षेत्र तथा निर्वाचन प्रणाली, सदस्य सङ्ख्या (दफा ३), मिश्रित निर्वाचन प्रणाली पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणाली र राजनीतिक दललाई मत दिने समानुपातिक निर्वाचन प्रणाली (दफा ४), उम्मेदवारको मनोनयन प्रक्रिया (दफा ५, ६, ७), दाबी विरोध, मतगणना पद्धति, बन्दसूची संविधानसभाको कार्यकालभरि मान्य हुने, निर्वाचन अधिकृत, मतदान अधिकृत र अन्य कर्मचारीको नियुक्ति, काम, कर्तव्य र अधिकार, उम्मेदवारको योग्यता (दफा १८) अयोग्यता (दफा १९) मनोनयनपत्र बदर हुने अवस्था, मतदान केन्द्र, मतपत्र, मतपेटिकाको व्यवस्थापन, मतदानको समय, मतदान गर्ने तरिका, मतगणना, मतपत्रबदर हुने अवस्था र निर्वाचन परिणाम घोषणाको सम्बन्धमा स्पष्ट व्यवस्था संविधानसभा सदस्य निर्वाचन ऐन, २०६४ ले गरेको छ । ऐनको क्रमको हिसावले पनि संविधानसभाको निर्वाचन राष्ट्रको प्रमुख सूची र प्राथमिकता हो भन्ने स्पष्ट झल्किन्छ ।

## ३.५ संविधानसभा सदस्य निर्वाचन नियमावली, २०६४

संविधानसभा सदस्य निर्वाचन ऐन, २०६४ को उद्देश्य कार्यान्वयन गर्न सरल होस् भन्ने उद्देश्यले निर्वाचन आयोगले यो नियमावली बनाई लागू गरेको छ । जसमा नेपाल सरकारले संविधानसभाका सदस्यको निर्वाचनको मिति तोकेपछि आयोगले सो सम्बन्धी आवश्यक सम्पूर्ण कार्यक्रमहरु सर्वसाधारणका

जानकारीका लागि सूचना जारी गर्ने व्यवस्था गरेको छ । जसको अनुसूची १ मा पहिलो हुने निर्वाचित हुने प्रणालीको निर्वाचनको कार्यक्रम, अनुसूची २ मा समानुपातिक निर्वाचन प्रणाली अन्तर्गत हुने निर्वाचनको कार्यक्रम पर्दछन् भने अनुसूची ३ मा उम्मेदवारको मनोनयनपत्रको ढाँचा प्रस्तावक, समर्थकको विवरण, उम्मेदवारको मञ्जुरी, यदि उम्मेदवार राजनीतिक दलको उम्मेदवार भए सो दलबाट उम्मेदवार हुन स्वीकृति प्रदान गरेको औपचारिक पत्रसमेत समावेश गर्नुपर्ने व्यवस्थासँग सम्बन्धित छ । राजनीतिक दलबीच औपचारिक पत्रको व्यहोरा र ढाँचामा विविधता नहोस्, आवश्यक व्यहोराको बुँदा नछुटोस् भनी अनुसूची ४ मा राजनीतिक दलले मनोनयन गरेको औपचारिकपत्र ढाँचा समेत नियम ६(२) अन्तर्गत बनेको छ ।

उम्मेदवारको बन्दसूचीसँग सम्बन्धित कार्यविधि नियम ९ ले थप स्पष्ट पारेको छ । पहिलो हुने निर्वाचित हुने उम्मेदवार छनौट गर्दा समानुपातिक प्रतिनिधित्व हुनुपर्ने र राजनीतिक दलबाट आयोगसमक्ष पेस भएको उम्मेदवारको बन्दसूची ऐनको दफा ७ को उपदफा (३) मा उल्लेख भएबमोजिम समानुपातिक र समावेशी प्रतिनिधित्व भए नभएको आयोगले सूचीकृत गरी यदि नभएको भए सम्बन्धित दललाई बन्दसूची सच्याउन ७ दिनको समय दिई सूचित गर्ने त्यसरी सच्चिएर आएको बन्दसूची समेत छानबिन गरी अन्य प्रक्रियासमेत पुऱ्याई अन्तिम सूची कायम गर्ने उल्लेख छ । सद्भावना पार्टीको बन्दसूचीको उम्मेदवारको नाममध्ये १ जना उम्मेदवार अयोग्य भई अर्को कायम भएको उदाहरण पनि प्राप्त भएको थियो । यसरी ऐनले निर्दिष्ट गरेको कानुनी व्यवस्थालाई कार्यान्वयनको प्रक्रिया नियमावलीले सहज पारेको छ ।

## ३.६ निर्वाचन (कसुर र सजाय) ऐन, २०६३

संविधानसभा सदस्यको निर्वाचन विशेष निर्वाचन भएकोले यस सम्बन्धी कसुर र सजायसम्बन्धी व्यवस्था पनि परम्परागत रूपमा रहेको कानुनभन्दा भिन्न हुन आवश्यक थियो । त्यसैले २०४६ को ऐतिहासिक जनआन्दोलनपछि बनेको निर्वाचन (अपराध र सजाय) ऐन, २०४७ खारेज गरी नयाँ नामको निर्वाचन (कसुर र सजाय) ऐन २०६३ आएको छ । काठमाडौँ जिल्लाको एक नम्बर क्षेत्रमा नेपालमा नै पहिलो पटक विद्युतीय उपकरणबाट मतदान गर्ने व्यवस्था प्रयोगात्मक रूपमा गरिएकाले संविधानसभा सदस्य निर्वाचन ऐन, २०६४ को दफा ३९(५) ले जस्तै यो ऐनले पनि मान्यता दिएको छ । विज्ञान र प्रविधिले विकास गरेको प्रविधि प्रवेश गराए अनुरूप भावी दिनमा पनि नयाँ–नयाँ प्रविधि भित्रिने ढोका यसले खोलिदिएको छ । यो ऐनको मुख्य विशेषता विशेष रूपमा निर्वाचनको बेला राजनीतिक दलहरूले अपनाई आएको प्रचार शैली समाजको चेतनाको स्तर वृद्धिसँगै परिमार्जित गर्दै लानुपर्ने सन्देश दिँदै निर्वाचनको प्रचार-प्रसार गर्ने उद्देश्यले आमसभा र आमसभाको लागि सूचना प्रवाह गर्ने प्रयोजनका लागि बाहेक अन्यत्र माइक तथा लाउडस्पिकर प्रयोग गर्न नपाइने, सो प्रयोजनका लागि कुनै पनि धार्मिक, पुरातात्विक वा ऐतिहासिक, सरकारी वा सरकारी स्वामित्व वा नियन्त्रणमा रहेको भवन, स्मारक, पर्खाल वा वनौटमा तथा कसैको निजी घर पसल, वा अन्य संरचनामा स्वीकृति विना पोष्टर टाँस्न नपाइने गरी ध्वनि, प्लास्टिक प्रदूषण लगायतका अन्य प्रदूषण रोक्ने र खर्चको सीमा ननाघोस् भनी सवारी साधनको प्रयोगसहित प्रचार प्रसार खर्च गर्न पनि रकमको सीमा पनि तोकिदिएको छ । स्वतन्त्र, निष्पक्ष र भयरहित वातावरणमा निर्वाचन सम्पन्न गर्नका लागि त्यसमा प्रतिकूल असर पार्ने सबै कामलाई यो ऐनले कसुर घोषणा गरेको छ । संविधानसभाको निर्वाचनको क्रममा सम्भाव्य कसुरलाई स्पष्ट रूपमा दफा ३ देखि १८ सम्म उल्लेख गरी त्यसको लगतै आउने दफा १९ मा सजायको पनि व्यवस्था गरी प्रयोगकर्ताले सरल र सहज रूपमा ज्ञान हासिल गरी प्रयोग गरून् भन्ने ऐनको आशय देखिन्छ ।

नेपालको स्वतन्त्रता, सार्वभौमसत्ता, प्रादेशिक वा राष्ट्रिय अखण्डतामा प्रतिकूल प्रभाव पार्ने र जनतामा निहित राजकीय सत्ता बहुदलीय प्रतिस्पर्धात्मक लोकतन्त्रको प्रतिकूल हुने गरी प्रचार-प्रसार गर्न नपाउने

र मतपत्रमा मतसङ्केत गरिसकेपछि कुनै मतदाताले कसैलाई देखाएमा मतपेटिकामा मतपत्र खसाली नसकेको अवस्थामा भए त्यस्तो मतपत्र छुट्टै खामबन्दी गरिराख्ने, अनुचित लाभको प्रलोभनमा परी कसैले उजुरी फिर्ता गर्न नपाउने जस्ता विशेषता पनि यो ऐनमा समावेश गरिएको छ ।

## ३.७ निर्वाचन आयोग ऐन, २०६३

पुनः स्थापित व्यवस्थापिका-संसद्ले पनि अग्राधिकार दिएर नै २०६३ सालको पहिलो ऐनको रूपमा निर्वाचन आयोग ऐन बन्यो र मिति २०६३।१२।१२ मा प्रमाणीकरणसमेत भयो । संविधानको धारा ६३ बमोजिम हुने संविधानसभाको सदस्यको र प्रचलित कानुन बमोजिम निर्वाचन आयोगले गराउनु पर्ने अन्य निर्वाचन र उपनिर्वाचनसमेत गराउने कार्य र अधिकार यो ऐनले निर्वाचन आयोगलाई दिएको छ । यसै ऐनअन्तर्गत निर्वाचन आयोगले कर्मचारी व्यवस्थापनतर्फ पूर्व आवश्यकता पूरा गर्न आवश्यक सङ्ख्यामा प्रमुख नाम दर्ता अधिकारी, सहायक नाम दर्ता अधिकारी, मतदाता नामावली सङ्कलनकर्ता लगायतका आवश्यक काम पूरा गर्छ । निर्वाचन गराउँदाका बेला आवश्यक पर्ने मुख्य निर्वाचन अधिकृत, निर्वाचन अधिकृत, मतदान अधिकृत, सहायक मतदान अधिकृतलगायतका आवश्यक पद सिर्जना गरी नियुक्त गर्ने अधिकार आयोगलाई प्राप्त छ ।

निर्वाचनको प्राथमिकतालाई हेरी आवश्यकता सिद्धान्तको आधारमा अन्य निकायसँग आवश्यक सहयोग लिने, अनुगमन गर्ने, गराउने, पर्यवेक्षण गर्ने अनुमति प्रदान गर्ने, भौतिक स्रोत-साधनको व्यवस्था गर्ने, विज्ञको सेवा लिने, स्वतन्त्र, निष्पक्ष र भयरहित वातावरणमा निर्वाचन सम्पन्न गर्ने, त्यस कार्यमा कसैले अनुचित प्रभाव पार्ने कोसिस गरेको भए निर्वाचन रद्द गर्ने, उम्मेदवारहरूको अयोग्यता सम्बन्धी प्रश्नको निर्णय गर्ने, निर्वाचन प्रयोजनका लागि राजनीतिक दल दर्ता गर्ने, मान्यता दिने दर्ता भएका राजनीतिक दलको नामावली प्रकाशन गर्ने, दर्ता भएका दलहरूले कानुनी दायित्व पूरा नगरे दलको दर्ता खारेज गर्ने, दर्ता नभएको दललाई दलको हैसियतले निर्वाचनमा भाग लिन नदिने राजनीतिक दलको मान्यता सम्बन्धी विवादको सुनवाई र विवादको निरूपण गर्ने, राजनीतिक दल वा उम्मेदवारहरूले निर्वाचनमा खर्च गर्न पाउने खर्चको हद तोक्ने, निर्धारित हदभन्दा बढी खर्च गरेमा जरिवाना गर्ने, आवश्यकताअनुसार मतदाता जागरण कार्यक्रम सञ्चालन गर्ने, आफ्ना केही अधिकार प्रत्यायोजन गर्नसक्ने, आवश्यक निर्देशन दिन सक्ने, निर्वाचनको काम सम्पादनको सिलसिलामा प्रचलित कानुन वा आयोगको आदेश वा निर्देशनको जानीजानी उल्लङ्घन गर्ने, बदनियतपूर्वक निर्वाचनको निष्पक्षतामा प्रतिकूल असर पर्ने काम गर्ने कर्मचारी वा पदाधिकारी उपर कानुनले दिएको अधिकार प्रयोग गरी कारबाही गर्ने तथा आफ्नो क्षेत्राधिकार भन्दा बाहिरको हकमा कानुनबमोजिम कारबाहीका लागि सम्बन्धित निकायमा लेखी पठाउने अधिकार समेत निर्वाचन आयोगलाई छ । यसरी स्वतन्त्र, निष्पक्ष, शान्तिपूर्ण र धाँधलीरहित निर्वाचन सम्पन्न गर्न निर्वाचन आयोगको सिर्जना यो ऐनले गरेको छ । यो ऐनले निर्वाचन आयोग ऐन, २०४७ खारेज गरेको छ ।

## ३.८ मतदाता नामावलीसम्बन्धी ऐन, २०६३

मतदाता नामावलीसम्बन्धी ऐन, २०५२ बमोजिम भए गरेका सबै कामकारबाही यसै ऐनबमोजिम भएको मान्दै मतदाता नामावलीसम्बन्धी ऐन, २०५२ लाई खारेज गरी मतदाता नामावलीसम्बन्धी ऐन २०६३ जारी भएको छ । संविधानसभा सदस्यको निर्वाचन र कानुनबमोजिम हुने अन्य निर्वाचनको प्रयोजनका लागि निर्वाचन आयोगले आफ्नो प्रत्यक्ष रेखदेख, नियन्त्रण, सुपरीवेक्षण र निर्देशनमा प्रत्येक निर्वाचन क्षेत्रभित्रका गाविस र नगरपालिकाको वडाको मतदाताको नामावली सङ्कलन गर्ने तथा त्यसको अद्यावधिक गर्ने उद्देश्यले यो ऐन निर्माण भएको देखिन्छ । यस ऐनअर्न्तगत कायम रहेका मतदाताहरूको नामावली

सम्बन्धित वडामा प्रकाशित गर्नुपर्छ । मतदाता नामावलीको सङ्कलन र अद्यावधिक गर्दा सर्वसाधारणको जानकारी लागि राजपत्रमा सूचना प्रकाशित गर्ने गरी सुसूचित हुने मौका प्रदान गरेकोदेखिन्छ । निर्वाचन आयोग ऐन, २०६३ ले निर्वाचन आयोगलाई प्राप्त अधिकारअनुसार फेरि यो ऐनको दफा ४(३)अनुसार प्रमुख नाम दर्ता अधिकारीले गर्नुपर्ने काम जिल्ला निर्वाचन अधिकारीले गर्ने गरी तोक्नसक्ने गरी दोहोरो मापदण्ड अपनाएको पनि देखिन्छ । नामदर्ता अधिकारीको कार्यालय नगरपालिकाको हकमा प्रत्येक वडा कार्यालयमा र गाउँ विकास समिति भए गाविसको कार्यालयमा रहने व्यवस्था छ ।

अरु निर्वाचनको हकमा मतदाता सङ्कलन हुने सालभन्दा अघिल्लो सालको चैत मसान्त सम्ममा १८ वर्ष उमेर पूरा भएका र कुनै निर्वाचन क्षेत्रभित्रको कुनै गाउँ विकास समिति वा नगरपालिकाको सम्बन्धित वडामा स्थायी बसोबास भएका नेपाली नागरिकमात्र मतदाताका रूपमा पञ्जीकृत हुन योग्य मानिन्छन् । तर हालै सम्पन्न संविधानसभा सदस्यको निर्वाचनको हकमा भने २०६३ मंसिर मसान्तसम्म १८ वर्ष पुगेका व्यक्तिमात्र मतदाता हुने प्रावधान थियो ।

यो ऐनमा स्थायी बसोबास मानिने र नमानिने आधार, नाम विवरण सच्याउन निवेदन दिन पाइने, मतदाता नामावलीमा विरोध गर्न पाउने, दोहोरो नाम हटाउने, अन्तिम नामावली प्रकाशन, नामावलीको पुनरावलोकन गर्ने व्यवस्थाका अतिरिक्त अस्थायी मतदाताको समेत व्यवस्था गरेको छ । यही प्रावधान अनुसार पहिला पटक शिविर (क्यान्टोन्मेन्ट) मा रहेका माओवादीका सेना एवं कारागारमा रहेका कैदी तथा थुनुवाले मतदान गर्न पाए । व्यारेकमा रहेका नेपाली सेना र प्रहरीले पनि अस्थायी मतदाताको रूपमा दर्ता भई मतदान गर्ने मौका पाए । तर यस्ताले समानुपातिक तर्फमात्र मतदान गर्ने प्रावधानले आंशिक अधिकार मात्र प्रदान भयो । नामावली अन्य प्रयोजनको लागि जस्तै नागरिकतासम्बन्धी कुराहरूका हकमा प्रमाण लाग्नसक्दैन भन्ने ऐनको प्रावधानले मतदाता नेपाली नागरिक हुनुपर्ने अनिवार्यतासँग कसरी तालमेल खान्छ भन्ने प्रश्न भने अनुत्तरित छ ।

## ३.९ मतदाता नामावलीसम्बन्धी नियमावली, २०६३

मतदाता नामावलीसम्बन्धी ऐन, २०६३ को दफा ४४ ले दिएको अधिकार प्रयोग गरी निर्वाचन आयोगले यो नियमावली बनाई लागू गरेको हो । ऐनले स्पष्ट नपारेको कुरा नियम ४ को उप नियम २ ले प्रत्येक जिल्लाको जिल्ला निर्वाचन कार्यालयलाई नै प्रमुख नामदर्ता अधिकारीको कार्यालय तोकेको छ । स्थायी मतदाता, अस्थायी मतदाता नामावली सङ्कलन, अद्यावधिकको कार्यक्रम निर्वाचन आयोगबाट नेपाल राजपत्रमा प्रकाशित भए बमोजिमको सूचना जिल्ला निर्वाचन कार्यालय, जिल्ला प्रशासन कार्यालय, जिल्ला विकास समितिको कार्यालयमा प्रमुख नाम दर्ता अधिकारीले र सहायक नामदर्ता अधिकारीले सम्बन्धित गाउँ विकास समिति वा नगरपालिकाको सम्बन्धित वडा कार्यालयमा अनुसूची १ को ढाँचामा कहिलेदेखि कहिलेसम्म के कार्यक्रम छ क्रमबद्ध रूपमा टाँस गर्नेछन् र सो अनुरूप प्रचलित कानुनबमोजिम योग्यता पुगेकाहरूले आफ्नो नाम समावेश गर्ने, अद्यावधिक गर्ने गर्नुपर्दछ । यो नियमावलीले नाम सङ्कलन अद्यावधिकका लागि मात्र विवरण सङ्कलन गर्ने नभै कुनै मतदाताको मृत्यु भएको, स्थायी तवरले बसाइँ सरिगएको, विवाह भई गएको, मतदाता नामावलीमा नाम कायम रहने योग्यता गुमाएकाहरूको पनि विवरण सङ्कलन गरी अनुसूची ४ को ढाँचामा प्रकाशित गर्ने निर्देशात्मक व्यवस्था गरेको छ । मतदाताहरु सचेत भई छुट भए कुनै त्रुटि भए आफ्नो विवरण सच्याउन दर्खास्त दिनुपर्ने गरी मतदाता कै कर्तव्य हुने पनि प्रावधान छ । मतदाता नामावलीमा दाबी विरोध गर्न सकिने, दोहोरो नाम हटाउन सकिने, नेपाली नागारिकले नागरिकताको प्रमाणपत्र प्राप्त गरेपछि तोकिएको म्यादभित्र आफ्नो नाम समावेश गराउन नागरिकताको प्रमाणपत्रसहित निवेदन दिन सकिने विशेष व्यवस्था नियमावलीले गरेको छ । मतदाता नामावली च्यात्न, बिगार्न वा केरमेट गर्न नपाउने गरी हेर्न र आफ्नै तर्फबाट सारी लान कुनै दस्तुर

नतिरी सकिने छ । कुनै संघसंस्था वा व्यक्तिले मतदाता नामावली खरिद गर्न चाहेमा आयोगले तोकेका मूल्यमा मतदाता नामावली वा सोको विद्युतीय प्रति (कम्प्युटर डिस्क) बिक्री गर्नसकिने पनि व्यवस्था गरेको छ ।

## ३.१० राजनीतिक दल दर्ता (निर्वाचन प्रयोजन) नियमावली, २०६३

निर्वाचन आयोग ऐन, २०६३ को दफा ४४ मा सो ऐनको उद्देश्य कार्यान्वयन गर्न आयोगले आवश्यक नियमहरु बनाउनसक्ने अधिकार ऐनले प्रदान गरेअनुरूप निर्वाचन आयोगले त्यहि दफा ४४ ले प्रत्यायोजित अधिकार अन्तर्गत बनेको यो नियमावली हो । नेपालको अन्तरिम संविधान, २०६३ को धारा १४२ र निर्वाचन आयोग ऐन, २०६३ को दफा १९ बमोजिम निर्वाचन आयोगबाट निर्वाचन प्रयोजनको लागि मान्यता प्राप्त गर्नचाहने प्रत्येक राजनीतिक दलले आयोगमा दर्ता गर्न बढीमा एक महिनाको समय दिई नेपाल राजपत्रमा सूचना प्रकाशित हुन्छ । त्यस्तो सूचना राष्ट्रियस्तरका पत्रपत्रिका तथा संचार माध्यममा समेत प्रकाशित हुन्छ । त्यसरी सूचना प्रकाशित भएपछि दर्ता हुनचाहने दलहरूले दलको विधान, घोषणापत्र, राजनीतिक दलको नाम, त्यसको प्रधान कार्यालय रहने ठेगाना, दलको आयस्रोत कोष भए, स्रोतको विवरण दलको झण्डा, आधिकारिक छापको नमुना, अधिकार पत्र सहित सभापति वा महामन्त्री वा सो सरहका पदाधिकारीले अनुसूची २ मा दिएको ढाँचामा निवेदन दिनुपर्दछ । त्यसरी निवेदन दिँदा अन्य प्रमाणका अतिरिक्त अन्तरिम व्यवस्थापिका संसद्मा प्रतिनिधित्व गर्ने दलहरु बाहेक अरु दलले कम्तीमा दश हजार मतदाताहरूको समर्थनसहितको हस्ताक्षरयुक्त निवेदन पेस गर्नुपर्ने निर्देशात्मक व्यवस्था छ । त्यसरी हस्ताक्षरयुक्त निवेदनको सही गर्ने मतदाताहरूको विवरण सत्य भएको व्यहोरा अधिकार प्राप्त व्यक्तिले प्रमाणित गरेको हुन अनिवार्य छ । त्यति हुँदाहुँदै पनि निर्वाचन आयोगले सो विवरण भिडाई जाँच गर्नेछ । संविधानको प्रस्तावनाको मूल भावना र मर्मप्रतिकूल उद्देश्य राखेको, धर्म जात जाति भाषा वा लिङ्गका आधारमा भेदभाव गरी बन्देज लगाइएको, साम्प्रदायिक एकतालाई खललपर्ने वा मुलुकलाई विखण्डन पार्ने प्रकृतिको उद्देश्य भएको, विधान नियमावलीमा निर्दलीय वा एकदलीय व्यवस्थाको संबर्द्धन र संरक्षण गर्ने उद्देश्य रहेको कुनै पनि राजनीतिक दल निर्वाचन प्रयोजनका लागि दर्ता हुन नसक्ने स्पष्ट व्यवस्था यो नियमावलीले गरेको छ । एउटै नामबाट एकभन्दा बढी दल दर्ता नहुने गरी छुट्टाछुट्टै रूपमा पहिचान हुन सक्ने गरी आयोगको निर्णयबमोजिम मात्र दल दर्ता हुन सक्छन् ।

## ३.११ संविधानसभा सदस्य निर्वाचन आचारसंहिता, २०६४

संविधानसभा सदस्यको निर्वाचन स्वच्छ, निष्पक्ष, स्वतन्त्र, पारदर्शी र विश्वसनीय ढङ्गबाट सम्पन्न गर्ने उद्देश्यले सम्बन्धित सरोकारवाला सबैले पालना गर्नुपर्ने गरी सरोकारवालाहरूसँग परामर्श गरी निर्वाचन आयोग ऐन, २०६३ को दफा २८ को अधिकार प्रयोग गरी निर्वाचन आयोगले संविधानसभा सदस्य निर्वाचन आचारसंहिता निर्माण गरेको हो । यो निर्वाचन आयोगले नेपाल राजपत्रमा सूचना प्रकाशित गरी तोकेको मितिदेखि लागू हुन्छ । प्रभावकारी रूपमा कार्यान्वयन होस् भन्ने उद्देश्यले सरोकारवाला पिच्छे लागू हुने मिति फरक-फरक पारी आयोगले तोकेको थियो ।

स्पष्ट रूपमा आयोगले राजनीतिक दल तथा उम्मेदवारहरूले पालना गर्नुपर्ने गरी निर्वाचन अभियान सञ्चालन गर्दा प्रचार-प्रसारमा गर्न हुनेनहुने कार्य, भाषामा शिष्टता, पर्चाको आकार, एक रङ्गमा मात्र पर्चा छपाउनुपर्ने, कुनै पनि पोस्टर टाँस्न वा वितरण गर्न, भित्तेलेखन गर्न, तुल र व्यानर प्रयोग गर्ननपाइने, प्रत्येक पर्चामा मुद्रकको नाम र ठेगाना उल्लेख हुनैपर्ने, प्रचार-प्रसारमा कुनै पनि प्रकारको प्लाष्टिकको सामाग्री प्रयोग गर्ननपाइने जस्ता १४ बुँदे आचारसंहिता निर्धारित गर्नुको अतिरिक्त जुलस तथा आमसभाको बेलामा सार्वजनिक आवागमनमा अवरोध पार्न नपाइने अरूको जुलुस तथा आमसभा विथोल्न वा वाधा

पुऱ्याउननहुने, जुलुस तथा आमसभामा भाग लिनेहरूको हातमा १०"X१८" भन्दा बढी आकारको झण्डा लिननपाइने, जुलुस, ऱ्याली आमसभा जस्ता प्रचार-प्रसारका कार्यक्रम बिहान ७ बजेदेखि साँझ ७ बजेसम्म बाहेक अरु समयमा गर्न नपाइने, त्यस्तो कार्यक्रमको मिति, समय, रूट र स्थान बारे कम्तिमा २४ घण्टा अगावै स्थानीय प्रशासनलाई अग्रिम जानकारी गराएरमात्र गर्न पाउने जस्ता ११ बुँदे आचारसंहिता निर्धारण गरेको छ । मतदानको दिनको अघिल्लो ४८ घण्टादेखि मौन अवधि लागू हुने प्रावधान छ ।

सवारी साधनको प्रयोगतर्फ पनि प्रचार-प्रसारको लागि हवाईजहाज, हेलिकप्टर जस्ता महँगा सवारी साधनको प्रयोगमा निषेध, प्रत्येक उम्मेदवारले एक निर्वाचन क्षेत्रमा एउटा हलुका सवारी साधन मात्र प्रयोग गर्नपाउने, सवारी साधन नचल्ने निर्वाचन क्षेत्रमा बढीमा दुईवटा सम्म घोडा प्रयोग गर्नपाइने, राजनीतिक दलले भने एउटा जिल्लामा दुईवटा हलुका साधन मात्र प्रयोग गर्नपाउने गरी निर्धारण गरिएको छ । सो को अलावा अनुचित प्रभाव तथा अवरोध पार्न पुऱ्याउन नहुने, बढी उत्तरदायी जिम्मेवार रूपमा प्रस्तुत हुनुपर्ने गरी राजनीतिक दल र राजनीतिक दलका कार्यकर्ता, शुभेच्छुक, सबै पर्यवेक्षकहरु र उम्मेदवारहरूलाई आचारसंहिताको बन्धनले बाँधेको पाइन्छ ।

आचारसंहिताको पालन नेपाल सरकार, सरकारी तथा अर्ध सरकारी संस्थाको कार्यालय र कर्मचारीले पालना गर्नुपर्ने छुट्टै, आम सञ्चार माध्यमका लागि छुट्टै निर्धारण गरिएको छ भने मतसर्वेक्षण गर्न नपाउने गरिएको छ । पहिलो हुने निर्वाचित हुनेतर्फ पनि दल वा उम्मेदवारले रू. ४,५९,५००।- भन्दा बढी र समानुपातिक निर्वाचन प्रणालीतर्फ बन्द सूचीमा उम्मेदवारी दिएको उम्मेदवारको सङ्ख्याअनुसार प्रति उम्मेदवार रू. ५०,०००।- का दरले हुन आउने रकमभन्दा बढी खर्च गर्न नपाइने गरी बन्देज लगाइएको छ । तर व्यवहारमा यो सिमा नाघेको देखियो ।

## ३.१२ संविधानसभा अदालत ऐन, २०६४

संविधानसभाका सदस्यको निर्वाचनसम्बन्धी उजुरीको कारबाही र किनारा गर्नका लागि संविधानसभा अदालतको गठन, क्षेत्राधिकार र त्यसको प्रयोग सम्बन्धमा खाँचो पूर्ति गर्न ऐन निर्माण भएको हो । नेपाल सरकारले मिति २०६४ भदौ २ गतेको नेपाल राजपत्रमा सूचना प्रकाशित गरी संविधानसभा अदालत गठन गरेको छ । यसैबाट संविधानसभाका सदस्यको निर्वाचनसम्बन्धी उजुरीको कारबाही र किनारा हुन्छ । यो ऐनबमोजिम मुद्दाको कारबाही र किनारा गर्दा (१) संविधानसभाका सदस्यको अयोग्यता, (२) संविधानसभा सदस्यसम्बन्धी निर्वाचन बदर र (३) संविधानसभा सदस्य निर्वाचनसम्बन्धी कसुरसम्बन्धी विवादहरु संविधानसभा अदालतको क्षेत्राधिकार भित्र पर्दछन् । यो अदालतको क्षेत्राधिकारभित्र पर्ने उल्लिखित तीन विषयमा अन्य कुनै पनि अदालतमा प्रश्न उठाउन नपाइने व्यवस्था छ । अदालतले साक्षी बुझ्ने प्रत्यर्थीलाई म्याद जारी गर्ने, साक्षीको बकपत्र गराउने कुनै पक्षलाई तारेखमा राख्ने वा आवश्यक परेका बखत झिकाउने वा खास समयमा हाजिर हुनआउने गरी तारेखमा नराखी प्रमाण पेश गर्ने आदेश दिनसक्ने छ । यो अदालतको क्षेत्राधिकारको फरक विशेषता के छ भने यो ऐनअन्तर्गत परेको उजुरीका सम्बन्धमा उचित र आवश्यक देखेमा अदालतले प्रत्यर्थीबाट प्रतिउत्तर पेस नभएसम्म वा उजुरीको टुङ्गो नलागेसम्मको अवधिका लागि आवश्यक र उपयुक्त आदेश जारी गर्नसक्ने छ । मुद्दाको छिटोछरितो किनारा होस् भनी प्रतिउत्तरपत्र दाखिल भएकोमा सो दाखिल भएको मितिले र प्रतिउत्तर पत्र दाखिल नभएकोमा सो दाखिल गर्नुपर्ने म्याद भुक्तान भएको मितिले तीन महिनाभित्र मुद्दाको अन्तिम कारबाही र किनारा गरिसक्नुपर्ने गरी चाँडो निकास दिने उद्देश्य राखेको देखिन्छ । म्याद तारेख थाम्ने/थमाउनेतर्फ काबुभन्दा बाहिरको परिस्थिति परेमा एक पटकमात्र बढीमा सात दिनसम्म थामिनसकिने व्यवस्था छ भने अन्य कार्यविधि संक्षिप्त कार्यविधि ऐन, २०२८ बमोजिम हुनेगरी र विशेष अदालतको जस्तो पनि हुनेगरी मिश्रित कार्यविधि लागू हुने देखिँदा विवादका पक्षहरु बढी संवेदनशील हुनुपर्ने देखिन्छ । ■

परिच्छेद ४

# जिल्ला पर्यवेक्षण प्रतिवेदन

## ४.१ झापा

### संविधानसभाका बारेमा जनचेतना

झापा जिल्लामा विभिन्न सरकारी र निजी सञ्चार माध्यम, राजनीतिक दल र निर्वाचन कार्यालयले सञ्चालन गरेका मतदाता शिक्षा कार्यक्रमले मतदातालाई निर्वाचनको मिति नजिकिँदासम्म मतदान प्रक्रिया एवम् मतपत्रका विषयमा जनचेतना जगाउन उल्लेख्य प्रयास गरेका थिए । यसका बाबजुद पनि ग्रामीण क्षेत्रका वृद्ध र अशिक्षित वर्गमा संविधानसभा निर्वाचन प्रक्रियाका बारेमा अन्यौलता कायमै रहेको थियो । ग्रामीण क्षेत्रका कतिपय मतदाताहरूलाई संविधानसभा निर्वाचन र संसद्‌ीय निर्वाचन बीचको फरक समेत थाहा थिएन ।

### उम्मेदवारको मनोनयन र दर्ता प्रक्रिया

विभिन्न राजनीतिक दलका तर्फबाट उम्मेदवारी दिएका व्यक्ति एवम् स्वतन्त्र उम्मेदवारले निर्वाचन आयोगले निर्धारण गरेको प्रक्रिया बमोजिम नै आ–आफ्ना मनोनयन दर्ता गराएका थिए । आयोगले २०६४ फागुण १३ देखि १९ गतेसम्म मनोनयनका सम्पूर्ण कार्यक्रम पूरा गर्ने भनी सूचना तालिका प्रकाशित गरे पनि तराई र पहाडी क्षेत्रमा आन्दोलनरत विभिन्न राजनीतिक दलसँग सरकारले गरेको सम्झौता बमोजिम निर्वाचन आयोगले पुनः मिति २०६४ फागुण २३ गते मनोनयनको म्याद थप गरी निर्वाचनमा सबै दलको सहभागिताको सुनिश्चितता गरेको थियो । यसरी दुई चरणमा भएको मनोनयन दर्ता प्रक्रियाले सहज एवम् शान्तिपूर्ण ढङ्गबाट निर्वाचन गर्न सम्भव बनाएको थियो ।

### मतदाताहरूको स्तर र प्रतिबद्धता

मतदानपूर्वका दिनहरु एवम् मतदानका दिन सबै प्रकारका मतदाताहरूमा निर्वाचनप्रति चासो बढेको थियो । शिक्षित, अशिक्षित, युवा, वृद्ध, महिला बेरोजगार, अशक्त एवम् अपाङ्ग सबै तह र स्तरका जनतामा निर्वाचनप्रति उत्साह देखिएको थियो । देशमा दिगो शान्ति स्थापना होस् भन्ने चाहनाका साथ आफ्नो मताधिकार प्रयोग गर्न मतदाताहरु प्रतिबद्ध थिए ।

### मतदान केन्द्रको वातावरण

प्रायःजसो सबै मतदान केन्द्रको निर्धारण सर्वदलीय सहमति बमोजिम निर्वाचन कार्यालयले गरेको थियो । सबै मतदाताहरूलाई पायक पर्ने स्थानमा नै मतदान केन्द्र राखिएको थियो । कम्तीमा एक मतदान केन्द्रमा ६ जनासम्म कर्मचारी र त्यति नै सङ्ख्यामा स्वयंसेवकको पनि व्यवस्था गरिएको थियो । मतदान कार्यमा आवश्यक पर्ने सबै सामग्रीहरूको उचित प्रबन्ध र व्यवस्थापन गरिएको थियो ।

## आचारसंहिताको पालना

झापा जिल्लामा आचारसंहिता उल्लङ्घनका गम्भीर घटनाहरु घटेका थिएनन् । नागरिक समाज, निर्वाचन कार्यालय, सरकार, पर्यवेक्षकहरु, सरकारी र निजी सञ्चार माध्यमहरूले पनि आचारसंहिताको सीमाभित्र रही कार्य गरेका थिए । प्रायः सबै राजनीतिक दलका कार्यकर्ताहरूले आचारसंहिताको मापदण्ड विपरीत झण्डासहितको निजी सवारी साधन प्रयोग गरेका थिए ।

## शान्ति-सुरक्षाको स्थिति

निर्वाचन हुने दिनको दुई सातापूर्वसम्म ग्रामीण क्षेत्रमा मतदाताहरु शान्ति-सुरक्षाप्रति आश्वस्त हुन सकिरहेका थिएनन् तर निर्वाचनको मिति नजिकिंदै जाँदा राजनीतिक दलका कार्यकर्ताहरुमा देखिएको निर्वाचन प्रतिको उत्साह र समझदारीले त्यस्तो अन्यौललाई मेट्न सफल भएको थियो । जनपद, सशस्त्र र म्यादी प्रहरीलाई उच्च सतर्कतामा राखिएको थियो भने गाउँ-गाउँसम्म प्रहरी गस्तीका लागि मोवाइल टोली खटाइएको थियो । समग्रमा शान्ति-सुरक्षाको अवस्था राम्रो नै थियो ।

## राजनीतिक हिंसाको अवस्था र प्रकृति

यस जिल्लामा गम्भीर प्रकृतिका राजनीतिक हिंसाका घटनाहरु घटेका थिएनन् । यद्यपि मिति २०६४ चैत्र १ र २ गते संघीय लिम्बुवान राज्य परिषद्ले आह्वान गरेको मेची बन्द कार्यक्रम पूर्ण सफल थियो भने चैत्र ११ गते झापा जिल्लाको झापा चौकमा नेकपा (एमाले) स्थायी समिति सदस्य के.पी. शर्मा ओली चढेको गाडीले नेकपा (माओवादी) को मोटरसाइकल ऱ्यालीमा हिंडेका कार्यकर्तालाई ठक्कर दिएको भन्ने विषयमा दुबै पक्ष बीच सामान्य वादविवाद भएको थियो । चैत्र २२ गते पाठामारी गाविसको भैंसेबाडी भन्ने स्थानमा ढुङ्गा खसाएको विषयमा नेकपा (माओवादी) र नेपाली काङ्ग्रेसका कार्यकर्ता बीच सामान्य विवाद भएको थियो

## मतगणनाको अवस्था र प्रकृति

मतगणना स्थल सहज र उपयुक्त स्थानमा रहेको सबैले महसुस गरेका थिए । शान्ति-सुरक्षाको पर्याप्त व्यवस्था गरिएको थियो । चैत्र २९ गते अपरान्ह २.३० बजे मतगणनास्थलमा पर्यवेक्षकहरूलाई प्रवेशका लागि १५ मिनेट जति पूर्ण रूपमा रोक लगाएको भए तापनि यसपछि पर्यवेक्षकहरूलाई कहिं र कतै पनि कुनै प्रकारको अवरोध सृजना गरिएन । चैत्र ३० गते राती ९.१५ बजेपछि सबै निर्वाचन क्षेत्रको मतगणना कार्य मिति २०६५ वैशाख १ गते बिहान ८ बजेसम्मलाई विद्युत् आपूर्तिमा देखिएको गडबडीको कारण देखाई स्थगित गरिएको थियो । मतगणना कार्यमा कतै पनि विवाद उत्पन्न भएको थिएन ।

झापा जिल्लाको पुरानो नगरपालिका भद्रपुर नगरपालिका क्षेत्र नं. ३ मा निर्वाचन कार्यालयले नमुनाको रूपमा सबै निर्वाचन कर्मचारीहरु महिला राखी निर्वाचन सम्पन्न गरेकोथियो । महिलाहरूले मात्र सञ्चालन गरेको उक्त मतदान केन्द्र अन्यत्र भन्दा शान्तिपूर्ण थियो । ■

## ४.२ मोरङ

### संविधानसभाका बारेमा जनचेतना

निर्वाचनमा मतदाताको इच्छा भए तापनि संविधानसभाको निर्वाचन प्रक्रिया जटिल भएकाले सामान्य मतदाताहरूमा चुनावसम्बन्धी जानकारी कम थियो । एक वृद्ध दाहाल मतदाताले "२ भोट दिन पाइने भएकाले म त एक भोट सूर्यमा र अर्को भोट रूखमा दिन्छु" भनेकाले र यस जिल्लामा सरदर ६ प्रतिशत मत वदर भएको हुँदा मतदाता शिक्षाको अभाव भएको बुझियो । दोस्रो कुरा मतदाताले यस निर्वाचनलाई सरकार निर्माण गर्ने चुनाव पद्धतिका रूपमा लिएको पाइयो । उनीहरूले उम्मेद्वारसँग बाटो, पुल र जागिर माग्ने प्रयास समेत गरेको पाइयो । निर्वाचन आयोगले प्रदान गरेको मतदाता शिक्षा कार्यक्रम तल्लो स्तरसम्म सफल रूपले पुग्नसकेको थिएन ।

### उम्मेदवारको मनोनयन र दर्ता प्रक्रिया

यस जिल्लामा विभिन्न राजनीतिक दलका तर्फबाट उम्मेदवारी दिएका उम्मेदवारहरूले निर्वाचन आयोगले निर्धारण गरेको प्रक्रिया बमोजिम आ–आफ्ना दलका कार्यकर्ताहरूको जुलुससहित सम्बन्धित निर्वाचन कार्यालयमा गई मनोनयन दर्ता गराएका थिए । निर्वाचन आयोगले पुनः २०६४ फागुन २३ देखि २६ गते सम्म मनोनयनको म्याद थप गरी निर्वाचनमा सबै दलको सहभागिताको सुनिश्चितता गरेको थियो ।

### मतदाताहरूको स्तर र प्रतिबद्धता

कुशल चेतनाको अभावका कारण मतदाताहरूको स्तर त्यति राम्रो पाइएन । आ–आफ्ना आस्थाका पार्टीका चिन्ह नचिनेको, मतपत्रमा ल्याप्चे लगाइ मतदान गरी बाहिर निष्किएका मतदाताहरूबाट उनीहरूको स्तर अनुमान गर्न सकिन्छ । सरदर ६० प्रतिशत मत खरेको हुँदा अधिकांश मतदाताहरु उत्साहका साथ आफ्नो प्रतिनिधि चुन्न उच्च मनोबल लिएर आएको पाइन्छ ।

### मतदानकेन्द्रको वातावरण

विगत निर्वाचन भन्दा यसपटक मतदान केन्द्रको अवस्थालाई सुधार गर्ने प्रयास गरिए तापनि व्यवस्थित पार्न सकिएको थिएन । जनशक्तिलाई प्रचुरमात्रामा उपयोग गर्न खोजिए पनि व्यावहारिक बन्नसकेन । स्रोत र साधनको व्यवस्था गर्न खोजिए पनि उचित रूपमा उपयोग गर्ननसकिएको देखियो । मतदान गर्ने स्थानको छनौट सबै ठाउँमा उपयुक्त थिएन । विराटनगर नगरपालिकाको वडा नं. ४ को मतदान केन्द्र कन्या क्याम्पस फराक, हावादार र मतदातालाई सुविधायुक्त छ भने वडा नं. १ र २ को मतदान केन्द्र अत्यन्त साँघुरो र मतदातालाई कष्टकर हुने ठाउँमा थियो । ४ कि.मी. हिंडेर पुगेपछि मतदान गर्ने स्थान सुविधायुक्त हुनुपर्ने तर कष्टकर देखियो । त्यहाँ ६ वटा बुथ राख्नुको सट्टा २ वटा मात्र राखेको थियो ।

### आचारसंहिताको पालना

निर्वाचन आयोगले आचारसंहिता सम्बन्धी नीति बनाए पनि सो को पूर्ण पालना भएको थिएन । विगतको निर्वाचन जस्तो आचारसंहिता उल्लङ्घन नभए तापनि पूर्णरूपमा पालना पनि भएन । खासगरी दलहरु निर्वाचन आयोगले प्रस्ताव गरेको आचारसंहिताको दायराभित्र बस्न नरूचाएको देखियो । प्रारम्भमा भित्ते लेखनले आक्रान्त पारेको मोरङलाई पछिपछि मोटरसाइकल, साइकल र्‍याली, टोपी, झोला तथा भेस्टको वितरणले आचारसंहिता उल्लङ्घनको अर्को खुट्किलो थपिएको थियो ।

## शान्तिसुरक्षाको स्थिति

निर्वाचन शान्तिपूर्ण भए पनि परोक्षरूपमा भय उत्पन्न भएको पाइयो । नेकपा (माओवादी) ले "चुनाव हामीले जितेनौं भने खुनखरावा हुन्छ", "फेरि जङ्गल पस्छौं", "तिमीहरूले कहाँ भोट दिन्छौ, हामीलाई मेसिनबाट थाहा हुन्छ" जस्ता वाक्यांशले आन्तरिक भय सृजना गराएको थियो । मतदानस्थलमा पार्टीगत पहिरन लगाएर मतदातालाई आफ्नो पक्षमा आकर्षण गरिएको थियो ।

## राजनीतिक हिंसाको अवस्था र प्रकृति

राजनीतिक दलहरूमा भौतिक हिंसा मोरङमा नदेखिए तापनि मानसिक रूपमा हिंसाको प्रवृत्ति भेटिएको थियो । अर्को राजनीतिक दलको चरित्र हत्या, गालीगलौज तथा अतिक्रमणलाई मानसिक हिंसा भनिएको हो । गाउँ छिर्ने गौंडा कब्जा गरी विपक्षीहरूलाई प्रचार-प्रसारमा छिर्न नदिनुलाई असहज वातावरण मानिएको थियो ।

## मतगणनाको अवस्था र प्रकृति

मोरङ जिल्लाका ९ वटा क्षेत्रबाट मतपेटिका आएपछि चैत्र २९ गते अपरान्ह ४ बजेदेखि मतगणना सुरू भयो । मतगणनामा उम्मेद्वारका २ जना प्रतिनिधिलाई प्रवेश अनुमति प्रदान गरियो । सबै अन्तर्राष्ट्रिय पर्यवेक्षकहरु र राष्ट्रिय पर्यवेक्षकहरु प्रति संस्था १ जना तथा सञ्चारकर्मी एक संस्थाका १ जनालाई मतगणना स्थलमा प्रवेश गर्ने अनुमति प्रदान गरिएको थियो । आदर्श विद्यालयलाई वरिपरिबाट घेरामा पारी मानिसहरूलाई बाहिरबाटै छानबिन गरी भित्र मतगणना स्थलमा पठाइयो । पर्यवेक्षकले मतगणनास्थलमा पुग्न ३ तह पार गरी पास देखाउँदै जानुपर्ने थियो । भुइँमा मतगणकहरु दुई पङ्तिमा बसेर मत गणना गर्ने र पार्टी प्रतिनिधि, पत्रकार तथा पर्यवेक्षकहरु अलग्ग बसेका थिए । मतगणकबाहेक कसैलाई पनि मतपत्र छुने अधिकार प्रदान गरिएको थिएन । निर्वाचन क्षेत्र नं. ६ को मतगणनाको सुरूमा भौडाहाको एउटा मतपेटिका खोली मतपत्रलाई उल्टो पारी ५० को सङ्ख्यामा मुठा बनाइयो । दोस्रोमा झोराहाटको एक मतपेटिका खोली मुठा बनाइयो भने तेस्रोमा लखन्तरीको मतपत्रलाई पनि सोही बमोजिम गरियो । अन्त्यमा ३ वटै केन्द्रका मतपत्रलाई मिसाई छ्यासमिस गरियो । ती ३ वटामा जम्मा २४१८ मत खसेको रहेछ । उक्त मतलाई प्रारम्भमा बदर अलग्याएर सदर मतलाई चिन्हअनुसार अलग-अलग थुप्रामा गणना गरियो । यसै प्रक्रिया बमोजिम प्रत्यक्ष निर्वाचन सकेर समानुपातिकको मत गणना गरियो । यसरी वैशाख ५ गते सम्पूर्ण परिणाम प्रकाशमा आयो । ■

## ४.३ सुनसरी

### संविधानसभाका बारेमा जनचेतना

तराईको जिल्ला सुनसरीमा संविधानसभाको निर्वाचनबारे मतदाताहरूले प्रतिबद्धता व्यक्त गर्दै विभिन्न राजनीतिक दलहरूले आयोजना गरेका सभा, गोष्ठीबाट आफ्नो ज्ञान तथा चेतना वृद्धि गराउन मद्दत पुगेको बताए । केही क्षेत्रका दलित, जनजातिहरूले आफूले संविधानसभाका बारेमा त्यति गहन रूपमा नबुझे पनि भोट खसाल्ने कुरामा भने प्रतिबद्ध भएको बताएका थिए ।

### उम्मेदवारको मनोनयन र दर्ता प्रक्रिया

विभिन्न राजनीतिक दलका तर्फबाट उम्मेदवारी दिएका र स्वतन्त्र उम्मेदवारहरूले निर्वाचन आयोगले निर्धारण गरेको प्रक्रिया बमोजिम आ–आफ्ना दलका कार्यकर्ताहरूको जुलुससहित सम्बन्धित निर्वाचन कार्यालयमा गई आ–आफ्नो नाम दर्ता गराएका थिए । तराई र पहाडी क्षेत्रमा आन्दोलनरत विभिन्न राजनीतिक दलसँग सरकारले गरेको सम्झौता बमोजिम नै निर्वाचन आयोगले पुनः मिति २०६४ फागुन २३ देखि २६ गते सम्म मनोनयनको म्याद थप गरी निर्वाचनमा सबै दलको सहभागिताको सुनिश्चितता गरेको थियो ।

### मतदाताहरूको स्तर र प्रतिबद्धता

सुनसरी जिल्लामा पहाडी तथा तराई मूलका विभिन्न जाति, जनजातिहरू बसोबास गर्ने हुनाले एकआपसमा संविधानसभाका बारेमा छलफल तथा अन्तरक्रिया चलाई मतदाताहरूले संविधानसभा सदस्यको निर्वाचनमा सक्रिय रूपमा भाग लिने प्रतिबद्धता व्यक्त गरेका थिए । भोट हाल्न आमन्त्रित भएका मतदाताहरूमा क्षेत्र नं. ६ मा सप्तकोशी नदीको  बीचमा पर्ने श्रीलङ्का टापुबाट डुङ्गा चढी मतदान गर्न आएका थिए । प्रकाशपुर मतदान केन्द्रमा बाबुको क्रियापुत्री बसेकाले पनि चुनावमा भाग लिन आएका थिए । इटहरी क्षेत्र नं. २ मा बिहान ७ बजे छोरीलाई जन्म दिई २ बजे मतदान गर्न आएकी आमाले आफ्नो छोरीको नाम पनि "संविधान" राखेकी निजका पति विनोद विश्वकर्माले बताए । करिव ६३ प्रतिशत मत खसे तापनि करिव ६.५ प्रतिशत मत बदर भएको हुँदा मतदाताहरू सजक र शिक्षित भन्ने अवस्था देखिदैन ।

### मतदान केन्द्रको वातावरण

सुनसरी जिल्लाभरको मतदानकेन्द्रहरूको उच्चस्तरीय व्यवस्थापनले मतदान कार्य सहज बनाउन सहयोग पुगेको पाइयो । मतदान केन्द्रहरु मतदातालाई पायक पर्ने ठाउँमा नै रहेको धेरैजसो मतदाताहरूले बताएका थिए ।

### आचारसंहिताको पालना

आचारसंहिताको पालना गर्ने, गराउने कार्यमा सबै सरोकारवालाहरु सहभागी भए पनि सोचिए जस्तो भने भएको थिएन । राजनीतिक दलहरूले भित्तेलेखन नमेटेको, नागरिक समाजले पनि आचारसंहिताको उल्लङ्घन गर्ने दल तथा व्यक्तिहरूलाई पर्याप्त मात्रामा सचेत गराउन नसकेको, निर्वाचन आयोग र सरकारको शिथिलताले गर्दा आचारसंहिता उल्लङ्घनका घटनाहरु रोक्न सकिएको थिएन । पर्यवेक्षकहरु पनि कहींकहीं आचारसंहिताको दायराभित्र बसेका थिएनन् । क्षेत्र नं. ४ इनरूवाका केही गाविसहरूमा नेकपा माओवादीका कार्यकर्ताहरूले मतदान केन्द्रभित्र चुनावचिन्ह अङ्कित टोपी र सर्टबाहिर गोजीमा सो चिन्ह लगाई साङ्केतिक शब्द प्रयोग गरेका थिए ।

## शान्तिसुरक्षाको स्थिति

सुनसरी जिल्लामा मतदानको दिन केही छिटपुट घटना भए पनि समग्रमा भन्नुपर्दा निर्वाचन शान्तिपूर्ण तवरमा सञ्चालन भएको थियो । धरान वडा नं. १२ को पब्लिक हाइस्कुल मतदान केन्द्रमा मतदान अधिकृतको सही नभएको मतपत्र प्राप्त भएकाले केही समय मतदान कार्य स्थगित भए पनि पछि सुचारू भएको थियो ।

## राजनीतिक हिंसाको अवस्था र प्रकृति

संविधानसभा सदस्यको निर्वाचन हुने दिन भन्दा अगाडि जिल्लाका विभिन्न स्थानहरूमा राजनीतिक दलका कार्यकर्ताहरु बीच झडप भएका थिए । निर्वाचनकै दिन केही स्थानमा झडप भई मतदान केन्द्र केही बेरका लागि स्थगित भए पनि पछि सुचारू भएका थिए ।

इनरूवा क्षेत्र नं. ५ को रामनगर (मुराका) मा मधेसी जनअधिकार फोरम र नेपाली काङ्ग्रेसका कार्यकर्ता बीच बालकृष्ण मा.वि.को झडपमा ४ घाइतेमध्ये एक गंङ्गादासको धरान वि.पि. अस्पतालमा उपचारका क्रममा मृत्यु भएको थियो ।

## मतगणनाको अवस्था र प्रकृति

चैत्र २९ गतेदेखि इनरूवा क्षेत्र नं. ४ को मतपत्रहरु इनरूवा नगरपालिकाको कोठामा सबै पक्षका प्रतिनिधिहरु राखी सौहार्द्रपूर्ण वातावरणमा मतगणना भएको थियो । त्यसैगरी क्षेत्र नं. ६ को पनि सोही वातावरणमा मतगणना भएको पाइयो ।

त्यस्तै क्षेत्र नं १, २, ३ र ५ को मतगणना इनरूवाको भगवती मा.वि. को छुट्टाछुट्टै कोठाहरूमा राखी मतगणना गरिएको थियो । क्षेत्र नं. २ को कोठाबाहिर राप्रपाका कार्यकर्ताहरूले होहल्ला गरी मतगणना कार्यमा अवरोध पुऱ्याएपछि वैशाख ३ गते बैठक बसेपछि सहमतिपछि मात्र मतगणना भएको थियो । ■

## ४.४ धनकुटा

### संविधानसभाका बारेमा जनचेतना

संविधानसभाको निर्वाचनमा मतदाताहरूले उत्साहपूर्वक मतदान कार्यमा भाग लिएका थिए । मतदाताहरु ३ घण्टा लामो बाटो हिँडेर पनि आफ्नो मतदानको सदुपयोग गर्न मतदान केन्द्रमा आएका थिए । घन्टौंसम्म टन्टलापुर घाममा पनि लाइनमा बसेर मतदाताहरु मतदान कार्यमा सहभागी भएका थिए । मतदाताहरूमा संविधानसभाका बारेमा जनचेतना जागृत भएको थियो ।

### उम्मेदवारको मनोनयन र दर्ता प्रक्रिया

धनकुटा जिल्लामा पनि विभिन्न राजनीतिक दलहरूले संविधानसभा सदस्य निर्वाचनका लागि आफ्ना समर्थकहरु सहितको जुलुसका साथ निर्वाचन कार्यालयमा आफ्ना उम्मेदवारहरूको नाम दर्ता गराएका थिए ।

### मतदाताहरूको स्तर र प्रतिबद्धता

मतदाताहरु साधारण तथा गाउँ परिवेशको वातावरणमा रहेकाले संविधानसभाका बारेमा उनीहरूले आफ्नो बुद्धि, क्षमता र विवेकले बुझ्नेगरेका र धेरै वर्षदेखिको संविधानसभाको पर्खाइलाई कार्यान्वयन गर्न दृढ र प्रतिबद्ध भएका थिए । अधिकांश मतदाताहरु किसान, मजदुर लगायतका निम्न र मध्यम वर्गीय परिवारका सदस्यहरु थिए ।

### मतदान केन्द्रको वातावरण

जिल्ला निर्वाचन कार्यालयले जिल्ला प्रशासन कार्यालय तथा जिल्ला स्थित सुरक्षा निकाय र राजनीतिक दलहरूका प्रतिनिधिहरूसँग कसरी निर्वाचन स्वच्छ-स्वतन्त्र र निष्पक्ष रूपमा सम्पन्न गराउने भनी आपसी छलफल गरी सोही अनुसार व्यवस्थापन गरेका थिए । खासगरी मतदान केन्द्र व्यवस्थित र सुरक्षित गर्न गम्भीरतापूर्वक पहल भएको थियो । यसैगरी मतदान केन्द्रमा आवश्यक मात्रामा कर्मचारी तथा स्वयंसेवक र सुरक्षाकर्मीहरु साधनस्रोतले भ्याएसम्म परिचालित गरिएको थियो । मतदानकेन्द्रहरु भरसक सबैलाई पायक पर्ने ठाउँमा नै राखिएका थिए ।

### आचारसंहिताको पालना

निर्वाचन आयोगमा दलहरूले प्रचार-प्रसार गर्ने कार्यमा ठूला पोष्टर लगायत वालपेन्टिङ नगर्ने प्रतिबद्धता जनाए पनि व्यवहारमा लागू भएको थिएन । प्रचार-प्रसारका सामग्रीहरु बढी प्रयोग गर्ने काममा नेकपा (माओवादी) ले अन्य दलहरूलाई उछिनेको थियो । वालपेन्टिङ सम्बन्धित दलले नै मेट्ने भन्ने सहमति भए पनि केही ठाउँमा मेटे जस्तो गरे पनि अधिकांश स्थानमा वालपेन्टिङहरु यथावतै थिए ।

### शान्ति-सुरक्षाको स्थिति

संविधानसभा निर्वाचनको सुरक्षा प्रबन्ध सन्तोषजनक नै थियो । जिल्लाका दुबै निर्वाचन क्षेत्रमा सशस्त्र प्रहरी बलको बेसक्याम्प स्थापना गरिएको थियो भने द्वन्द्वकालमा विस्थापित भएका ग्रामीण क्षेत्रका प्रहरी चौकीहरु समेत पुनःस्थापना गरिएका थिए । क्षेत्र नं. १ मा छिन्ताङ गाविसमा इलाका प्रहरी कार्यालयहरु बुधबारे, मुढेबास, राजारानी, डाँडा बजार, भेडेटार मूलघाट र हिलेबजारमा प्रहरी चौकी पुनःस्थापित गरिएका थिए भने क्षेत्र नं. २ का चुवा, अर्खौले, जितपुर, लेगुवा, पाख्रीबास र सिंधुवामा प्रहरी चौकी पुनःस्थापना गरिएका थिए ।

## राजनीतिक हिंसाको अवस्था र प्रकृति

निर्वाचनका लागि आवश्यक सुरक्षा व्यवस्था सन्तोषजनक रूपमा व्यवस्था गरिए पनि क्षेत्र नं. १ मा राष्ट्रिय जनशक्ति पार्टी तथा राप्रपाका कमजोर उम्मेदवार तथा सङ्गठन समेत कमजोर भएका कारण भेडेटार र बूदी मोरङ गाविसका मतदान केन्द्रबाहेक अधिकांश गाविसका मतदान केन्द्रहरूमा प्रतिनिधि राखेका थिएनन् । नेकपा माओवादी र एमालेको सबै मतदान केन्द्रहरूमा प्रतिनिधि रहेका थिए भने नेपाली काङ्ग्रेसले केही मतदान केन्द्रमा प्रतिनिधि राखेको थिएन । अन्य साना दलहरूले समेत प्रतिनिधि राख्न नसकेको स्थिति देखिन्थ्यो । यसैगरी क्षेत्र नं. २ का भीरगाउँ, लेगुवा, चानुवा, खेबु, शान्तिखर्क लगायतका अधिकांश मतदान केन्द्रहरूमा राष्ट्रिय जनशक्ति पार्टीका प्रतिनिधिहरु नेकपा माओवादीका वाइसिएलबाट असुरक्षित महसुस गरी औपचारिक रूपमा मतदान केन्द्रहरूमा बसेका थिएनन् । भीरगाउँ गाविसको धर्मोदय पुनिको मतदान केन्द्रमा राजपाका प्रतिनिधि पूर्णबहादुर राई र मुगा गाविसको धामे मतदान केन्द्रमा राजपाका प्रतिनिधिलाई नेकपा माओवादीको भ्रातृ सङ्गठन वाइसिएलले बस्न दिएको थिएन ।

क्षेत्र नं. २ को भीरगाउँ गाविस वडा नं. ४ निवासी दीपक दाहाललाई नकाब लगाएका अज्ञात समूहले चैत्र २३ गते राती ८ बजेतिर घरबाट अपहरण गरी लगेकोमा उनको लास भोलिपल्ट चैत्र २४ गते दिउँसो गोठालाहरूले सोही गाविसको वडा नं. ६ मा पर्ने बेरै भन्ने टोलको जङ्गलछेउको बारीको कान्ला भित्तामा भेट्टाएका थिए । घटना हुनु २ दिन अगाडि भीरगाउँ-४ निवासी नेकपा माओवादीका स्थानीय कार्यकर्ता बताउने अम्बिका गिरीले मृतककी श्रीमतीलाई तपाईको श्रीमान्लाई कारबाहीको सूचीमा राखिएको छ, अब जे पनि हुनसक्छ भनेका थिए ।

क्षेत्र नं. २ का उम्मेदवार सूर्यबहादुर थापाका कार्याकर्ताहरूलाई गाउँमा भोट किन्नका लागि रूपैयाँ लिएर हिँडेको भन्दै वाइसिएलले गाउँबाटै लखेट्ने तथा नियन्त्रणमा लिएर जिल्ला फर्काउने गरेका थिए । चानुवा गाविसका राजपाका गाउँ अध्यक्ष पदमबहादुर पौडेललाई वाइसिएल बताउने समूहले निर्घात कुटपिट गरेका थिए । यसअघि सो गाविसकै राप्रपाका धनकुटा अध्यक्ष तथा क्षेत्र नं. २ का उम्मेदवार टीका प्रसाद घिमिरे लगायत ६ जनालाई गाउँमा प्रचार गर्न नदिई सदरमुकाम फर्काइदिएका थिए । धनकुटा बसपार्कमा निजको गाडीमा राखेको राप्रपाको झण्डा र प्रचारप्रसार सामग्री गाडीबाहिर निकाली जलाइदिएका थिए ।

संविधानसभाको निर्वाचनका दिन चैत्र २८ गते अधिकांश मतदान केन्द्रहरूमा नेकपा माओवादीका वाइसिएल कार्यकर्ताहरूले पार्टीको चुनाव चिन्ह अङ्कित स्वयंसेवकको बिल्ला, टोपी र भेस्ट लगाएर मतदाताहरूलाई प्रभावित पार्ने काम गरेका थिए भने छिन्ताङ गाविस वडा नं. ४ स्थिति मतदान केन्द्रमा नेकपा माओवादीका कार्यकर्ताहरूले हँसिया हतौडा अङ्कित चुनाव चिन्हमा गोप्य ठाउँमा नलगी खुल्ला रूपमा मतदान गरेका थिए । महामारा गाविसको गोलखाडी गाविस मतदान केन्द्रमा वाइसिएलले मतदाताहरूलाई आतङ्कित पार्नुका साथै बेलहारा गाविसको माहाङ मतदान केन्द्र तथा आखिसल्ला गाविसको साप्तेनटार मतदान केन्द्रमा माओवादी कार्यकर्ताहरूले एकलौटी रूपमा भोट खसाल्न प्रभावित पारेको भन्दै नेकपा एमाले, नेपाली काङ्ग्रेस र राजपा समेतले निर्वाचन कार्यालयमा उजुरी हालेका थिए ।

क्षेत्र नं. २ अन्तर्गत खोकु गाविसको जीवन सुधालय र कन्यादेवी मतदान केन्द्रमा वाइसिएलले चुनाव चिन्ह अङ्कित भेस्ट र टोपी लगाएर माओवादीको पक्षमा भोट हाल्न प्रेरित गरेको थियो भने माओवादीलाई भोट हाल्ने कुरामा आशङ्का लागेका ४०/५० वर्षका आँखा देख्ने मतदाताहरूलाई समेत आँखा नदेख्ने भन्दै माओवादी समर्थक/आफन्तबाट भोट हाल्न लगाइएको थियो ।

यसैगरी माटेकटहेर गाविसको वडा नं. ८ को मतदान केन्द्रमा माओवादीका स्वयंसेवकहरूले मतदाता सङ्ख्या नम्बर नभएको चिट दिँदै माओवादीलाई भोट नदिएपछि कारबाही गर्ने धम्की दिएको र सोही गाविसको वडा नं. ९ स्थित धर्मोदय गाविसको मतदान केन्द्रमा हँसिया हथौडा अङ्कित टोपी, भेस्ट लगाई अन्य मतदातालाई आतङ्कित पारेको थियो ।

शान्तिखर्क, चातुवा गाविसका राजपाका कार्यकर्ता झकुबहादुर कटुवाल र पदम ब. पौडेललाई अघिल्लो रात कुटेर राखेको र सूर्यबहादुर थापाले दिएको पैसा कहाँ राखेको भन भन्दै फेरि निर्घात कुटपिट गरेका थिए ।

अर्खौले जितपुर गाविसको सरस्वती प्रा.वि. मतदान केन्द्र भन्दा ५०० मिटर पर दिउँसो वाइसिएल र नेकपा एमाले कार्यकर्ता बीच झडप भएको थियो ।

यसैगरी पाण्डीबास गाविसको वडा नं. ५ निवासी रामजी भन्ने पूर्णबहादुर राईलाई वाइसिएल कार्यकर्ताहरूले राजपाका सूर्यबहादुर थापासँग पैसा लिएर आएको भन्दै चुनावको अघिल्लो दिन गाउँबासी समेत भेला गरी घरदेखि माथि लगेर कुटपिट गर्नुका साथै ती कुरा सञ्चार माध्यमलाई भने ज्यान समेत लिने धम्की दिएका कारण डरत्रासले उनी र उनका परिवार समेत भोलिपल्ट चैत्र २८ गते मतदान गर्नगएका थिएनन् ।

## मतगणनाको अवस्था र प्रकृति

जिल्लाका विभिन्न मतदान केन्द्रहरूबाट चैत्र २९ गते दिउँसो १२.३० बजे सम्पूर्ण मतपेटिकाहरू जिल्ला निर्वाचन अधिकृतको कार्यालयमा आइपुगेका थिए । क्षेत्र नं. १ को महाभारत गाविसको गोलबाडी मा.वि., छिन्ताङ गाविस वडा नं. ४ को मतदान केन्द्र, आँखीसल्ला गाविसको सप्तेनटार र बेलधारा गाविसको भाहाङमतदान केन्द्र क्षेत्र नं. २ को लेगुवा गाविसको खनियाखर्क, खोकु गाविसको कन्यादेवी, ताङखुवा गाविसको चुलाचुली मतदान केन्द्रहरूमा नेकपा (माओवादी) ले एकतर्फी भोट खसाली कब्जा गरेको आरोप लगाउँदै नेकपा एमाले, नेपाली काङ्ग्रेस र राप्रपातर्फबाट निर्वाचन बदर गर्नका लागि मुख्य जिल्ला निर्वाचन कार्यालयमा उजुरी दिएकाले सो सम्बन्धमा छलफल तथा निर्वाचन आयोगबाट निर्णय आदेश नआउन्जेलसम्म मतगणना कार्य भएन । मतगणना कार्य चैत्र २९ गते राती ८ बजेदेखि सुरू भई पर्सिपल्ट सकिएको थियो । ■

## ४.५ उदयपुर

### संविधानसभाका बारेमा जनचेतना

संविधानसभा निर्वाचन उदयपुर जिल्लामा निष्पक्ष, धाँधलीरहित र शान्तिपूर्ण रूपमा सम्पन्न भएको थियो । मतदाताहरु उत्साहित रूपमा मतदान गर्न मतदान केन्द्रमा गएका थिए । सरकारी सुरक्षा व्यवस्था राम्रो थियो । निर्वाचन आयोग र सरकारी निकायहरूले प्रभावकारी अनुगमन गरेका थिए । स्थानीय पर्यवेक्षकहरूले प्रभावकारी अनुगमन गरेका थिए । यस जिल्लामा ५४.५४ प्रतिशत मत खस्नु संविधानसभाप्रति मतदाताहरूको चेतनाको स्तर बढेको सङ्केत हो । पर्यवेक्षकहरूप्रति निर्वाचन आयोग, सरकारी निकाय, सुरक्षा निकाय, सञ्चारकर्मी, राजनीतिक दलहरु र आम मतदाताहरूको सकारात्मक धारणा रहेको थियो ।

### उम्मेदवारको मनोनयन र दर्ता प्रक्रिया

यस जिल्लामा ने.क.पा. माओवादी, नेपाली काङ्ग्रेस, ने.क.पा. एमाले, ने.क.पा. माले, ने.क.पा. संयुक्त (माक्सवादी), राष्ट्रिय जनता पार्टी र जनमोर्चा नेपालले मनोनयन दर्ता गरेको थियो । यी सबै पार्टीहरूले निर्वाचन आयोगले तोकेको समय अवधि भित्रै जिल्ला निर्वाचन कार्यालयमा आफ्नो उम्मेदवारको दर्ता गराएका थिए ।

### मतदाताहरूको स्तर र प्रतिबद्धता

संविधानसभाका बारेमा जनचेतना अभियान निर्वाचन आयोग लगायत अन्य राजनीतिक दल र सङ्घसंस्थाहरूले प्रशस्त मात्रामा गरेका थिए । उम्मेदवारी मनोनयन र दर्ता प्रक्रिया आचारसंहिता एवम् निर्वाचनसम्बन्धी नीति नियम बमोजिम भएको थियो । निर्वाचनअघि मतदाताहरूमा केही भय र त्रास पाइए तापनि यस जिल्लामा केही छिटपुट घटनाबाहेक सबै राजनीतिक दलहरूले आचारसंहिता पालना गरेका थिए । तीनवटा निर्वाचन क्षेत्र भएको यस जिल्लामा ५५ प्रतिशत मत खसे तापनि ५.४० प्रतिशत मत बदर भएको देखिन्छ ।

### मतदान केन्द्रको वातावरण

राजनीतिक दलहरु बीच केही घटनाहरु बाहेक आपसी सद्भाव गाढा कायम रहेकोथियो । सबै राजनीतिक दलहरूले निर्वाचन र निर्वाचन प्रक्रियालाई राम्रो सहयोग गरेका थिए । निर्वाचनसँग सम्बन्धित सम्पूर्ण संयन्त्रहरु (सुरक्षा र अन्य) चलायमान र दुरूस्त रहेका थिए । निर्वाचनसँग सम्बन्धित अनुगमन प्रभावकारी थियो । लाइन व्यवस्थापन र सूचना व्यवस्थापन राम्रो भएको हुँदा प्रायः २ बजे नै सबै मतदाताले मतदान गरिसकेका थिए ।

### आचारसंहिताको पालना

माओवादी पार्टीबाट निर्वाचन अघि केही हदसम्म आचारसंहिता उल्लङ्घन भएको थियो । चैत्र ९ गते नेकपा माओवादी पार्टीका कार्यकर्ताहरुद्धारा अन्य दलका प्रतिनिधिहरूलाई चुनाव प्रचार-प्रसारमा रोक लगाउने प्रयास गरेको थियो । त्यसै क्रममा नेकपा एमाले पार्टी उदयपुरका सचिव मणिराज पौडेल समेतलाई ९ घण्टासम्म नियन्त्रणमा लिई छाडेका थिए । धेरैजसो दलहरूले सार्वजनिक सवारी साधन प्रयोग गरेका थिए । नेपाली काङ्ग्रेस पार्टीको विभिन्न स्थानका कार्यक्रमहरु (मयंखु, इनामे, बाँसबोटे) लगायत स्थानमा नेकपा माओवादी पार्टीका कार्यकर्ताहरुद्धारा बिथोल्ने प्रयास गरेका थिए । नेकपा एमाले पार्टीको गाईघाट र रामपुरको कार्यक्रम नेकपा माओवादी पार्टीका कार्यकर्ताहरुद्धारा

बिथोल्ने प्रयास गरेका थिए । विपक्षी दलहरूको कार्यक्रम बिथोल्न अनावश्यक नाराहरूको प्रयोग भएको कारण वातावरण उत्तेजित गर्ने काम भएको थियो । राजनीतिक दलहरूका विभिन्न कार्यक्रमहरूमा बालबालिकाहरु र विद्यालयहरु प्रयोग गरेका थिए ।

माओवादीहरूले गाउँमा माओवादीलाई भोट नदिए खुट्टा भाँच्ने, धन सम्पत्ति कब्जा गर्ने वा माओवादीको जित नभए चुनावको परिणामलाई अस्वीकार गर्ने जस्ता धम्की दिएको आरोप लगाइएको थियो । चुनाव पर्यवेक्षणको सिलसिलामा ने. क. पा. माओवादीले नेपाली काङ्ग्रेस र एमालेका नेताहरूको चुनाव सामग्री खोसेको, रौता र ठानागाउँ गाविसमा कार्यकर्ता भेट तथा कोणसभा गर्नमा रोक लगाएका थिए ।

## शान्ति-सुरक्षाको व्यवस्था

नेपाल कम्युनिष्ट पार्टी (माओवादी) को प्रभावभित्र शान्ति-सुरक्षाको अवस्था सन्तोषजनक थियो । राजनीतिक हिंसा र धाँदली हुने सम्भावना भए तापनि त्यस्तो हुनसकेन ।

सबैको सहमतिबाट शान्तिपूर्णरूपमा मतगणना कार्य सम्पन्न भएको थियो । तीन स्थानमा सुरक्षा क्याम्पहरु स्थापना गरिएका थिए भने ५० जना सुरक्षाकर्मीको फोर्स आकस्मिक मोवाइलको लागि तैनाथ गरिएको थियो ।

## राजनीतिक हिंसाको अवस्था र प्रकृति

चैत्र २० गते उदयपुरको त्रियुगा नगरपालिका वार्ड नं.११ लालपता स्थित नेकपा एमाले पार्टीका नेता खड्ग प्रसाद ओलीको सुरक्षार्थ आएका कार्यकर्ताहरु र स्थानीय गाउँलेहरु बीच भएको झडप भएको थियो । चैत्र २३ गते नेकपा (एमाले) का उदयपुर क्षेत्र नं. १ का उम्मेदवार अशोक राई समेतलाई अपहरण गरिएको थियो ।

## मतगणनाको अवस्था र प्रकृति

यस जिल्लामा सबैको सहमतिबाट शान्तिपूर्ण रूपमा मतगणना कार्य सम्पन्न भएको थियो । मतगणनाको समयमा मतगणना स्थलमा पर्यवेक्षकहरूलाई भित्र प्रवेश गर्न कुनै रोक लगाइएको थिएन । साथै, मतगणना स्थल वरपर कुनै प्रकारको अप्रिय घटनाहरु घटेनन् । ■

## ४.६ सङ्‍खुवासभा

### संविधानसभाका बारेमा जनचेतना

सङ्‍खुवासभा जिल्लामा संविधानसभा निर्वाचनका लागि राजनीतिक दलले मात्र होइन यस जिल्लामा सरकारी तथा गैर-सरकारी संघसस्थाले समेत संविधानसभाका बारेमा जनचेतनामूलक कार्यक्रम सञ्चालन गरे पनि ग्रामीण क्षेत्रका अधिकांश पुरूष र महिलाहरूमा संविधानसभाका बारे प्रचार-प्रसारको अभाव थियो । संविधानसभाको निर्वाचनमा अधिकांश मतदाताहरूले मतदान गरे पनि उनीहरूलाई संविधानसभा निर्वाचनका बारेमा जानकारी थिएन । संविधानसभा निर्वाचनमा मतदातालाई मतदान गर्ने तरिका र मतपत्रबारे पूर्ण जानकारी नहुँदा उनीहरु अलमलमा परेका थिए । बदर मतमा अधिकांशमा ल्याप्चे लागेका र केही मतपत्र खाली नै भएको पाइएको थियो ।

### उम्मेदवारको मनोयन र दर्ता प्रक्रिया

यस जिल्लामा राजनीतिक पार्टीका उम्मेदवारले आफ्नो पार्टीका कार्यकर्ता सहित निर्वाचन आयोगमा उम्मेदवारी दर्ता गराएका र त्यसमा निर्वाचन आयोगले उम्मेदवारीको जिम्मेवारी दर्ता गराएका र त्यसमा निर्वाच्न आयोगले उम्मेदवारीको निवेदनमा प्रक्रियागत रूपमा दर्ता गरिएको पाइयो भने कुनै पनि पार्टीका उम्मेदवारबाट निर्वाचनका लागि मनोनयनमा समस्या गुनासाहरु आएका थिएनन् ।

### मतदाताहरूको स्तर र प्रतिबद्धता

सङ्‍खुवासभा जिल्लामा अधिकांश मतदाताहरु अशिक्षित रहेका छन् । यस जिल्लामा शिक्षाबाट वञ्चित रहेका कारण संविधानसभा निर्वाचनबारे जानकारी नभए पनि संविधानसभा निर्वाचनमा आफ्नो मत दिने अधिकारको सदुपयोग गर्ने कुरामा प्रतिबद्ध थिए । उनीहरूले संविधानसभा निर्वाचनपछि मुलुकमा दिगो शान्ति स्थापना भई मुलुक र जनताको हित हुने संविधान बन्ने विश्वास भने मतदाताले व्यक्त गरेका थिए । जनताहरु संविधानसभा निर्वाचन पछि नयाँ बन्ने संविधानले सबै जात जाति, जनजाति दलित, महिलालाई समेटेर राष्ट्रिय र जनताका पक्षमा संविधान बन्ने अपेक्षा जनताले गरेको बताए ।

### मतदान केन्द्रको वातावरण

सङ्‍खुवासभा जिल्लामा ३ अस्थायी मतदान केन्द्रसहित जम्मा १६० मतदान केन्द्र रहेको यस सङ्‍खुवासभा जिल्लामा निर्वाचनका लागि ९५० जना कर्मचारी परिचालन गरिएको थियो । । निर्वाचनमा आवश्यक जनशक्ति अपुग रहेको महसुस गरिएको थियो । मतदान केन्द्रमा अपाङ्ग, वृद्धलाई बस्नका लागि व्यवस्था नगरिएकाले समस्या देखिएको थियो भने मतदान केन्द्रमा मतदाताहरूलाई मत खसाल्न सजिलोका लागि आउने र जाने बाटो छुट्टै भए तापनि अधिकांश केन्द्रमा ठाउँ साँघुरोको कारण आवतजावतमा समस्या भएको थियो । मतदान केन्द्र टाढा भएको मतदाताहरूले गुनासो गरेका थिए ।

### आचारसंहिताको पालना

सङ्‍खुवासभा जिल्लामा नागरिक समाज, निर्वाचन आयोग, सरकार र पर्यवेक्षकबाट आचारसंहिताको पालना भएको थियो भने राजनीतिक दलमा नेकपा माओवादीले आचारसंहिता विपरीत कार्य गरेको पाइयो । त्यसमा नेकपा माओवादीले खाँदबारी नगरपालिका वडा नं. १२ वागेश्वरी मा.वि. ढुङ्गेधारा केन्द्रमा आचारसंहिताविपरीत प्रचार-प्रसार र मतदान केन्द्रको गेटमा निर्वाचन चिन्ह र पार्टीको झण्डा प्रदर्शन गरेका थिए भने आखीभुइँ गाविसका तीनजना एमाले कार्यकर्तालाई घरबाट बाहिर निस्कन प्रतिबन्ध लगाएको र बाहिर गाउँमा प्रचार-प्रसार गरेमा मार्ने धम्की दिएका थिए । ग्रामीण क्षेत्रमा माओवादीले

आफ्नो पार्टीको पक्षमा मतदान नगरे निर्वाचन पछि पनि भौतिक कार्बाही गर्ने डर, त्रास र दबाब दिएका थिए ।

## शान्तिसुरक्षाको अवस्था

संविधानसभा निर्वाचनका लागि सुरक्षा अवस्थाको सम्बन्धमा चैत्र २१ गतेदेखि सशस्त्र, जनपथ र म्यादी प्रहरी परिचालन गरिएको थियो । जिल्लामा शान्ति कायम गर्न सशस्त्र प्रहरीको ८ गस्ती टोली र जनपथको ४ गस्ति टोली छुट्टै परिचालन गरिएको थियो भने मतदान केन्द्रमा सुरक्षाका लागि म्यादी र जनपथ प्रहरी परिचालन गरिएको थियो । निर्वाचनमा सुरक्षा व्यवस्थालाई मजबुत बनाउन सुरक्षा अधिकारीहरु परिचालन गरिए पनि मतदाताहरूमा डर-त्रास रहेको र उनीहरूमा माओवादीले आफ्नो पक्षमा मतदान गर्न दबाब दिएको मतदाताहरूले बताएका थिए ।

## राजनीतिक हिंसाको अवस्था र प्रकृति

सङ्खुवासभा जिल्लामा निर्वाचनका समयमा कुनै पनि स्थानमा अप्रिय घटना नभएको र जिल्लामा शान्तिपूर्वक निर्वाचन सम्पन्न भयो । संविधानसभा निर्वाचन शान्तिपूर्ण रूपमा सम्पन्न भए पनि जिल्लाका ग्रामीण क्षेत्रमा राजनीतिक दलको प्रचार-प्रसारमा अवरोध पुऱ्याएको पाइयो । जसमा वाला, ताम्कु, माङतेवा र सिसुवा गाविसमा प्रचार-प्रसारमा लगिएको राप्रपाको प्रचार सामग्री माओवादीले लुटी लगेका थिए भने जिल्लाको आँखीभुइँ गाविसका तीन एमाले कार्यकर्तालाई मार्ने धम्की दिएका र वानेश्वर गाविसमा एमाले कार्यकर्ताको घरदैलो कार्यक्रममा माओवादीले अवरोध गरी कार्यक्रम गर्न नदिएको र माओवादीले मतदातालाई डर, त्रास र धम्कीपूर्ण ढङ्गले मतदान गर्न दबाब दिएको र निर्वाचनपश्चात् पनि माओवादीबाट ग्रामीण क्षेत्रमा माओवादीलाई मत नदिएको कारण कारबाहीमा गर्ने हुन् कि भनी मतदाता त्रसित रहेका थिए ।

## मतगणनाको अवस्था र प्रकृति

मतगणना कार्य सामान्य विवाद हुँदाहुँदै पनि शान्तिपूर्ण रूपमा सम्पन्न भएको थियो । मतगणनामा प्रमुख राजनीतिक दलका प्रतिनीधि, पर्यवेक्षकहरूको सोहवरमा सम्पन्न भएको मतगणनामा आचारसंहिता पालना भएको पाइयो । ■

## ४.७ सप्तरी

मधेसवादी आन्दोलनको प्रत्यक्ष असर सप्तरी जिल्लामा पऱ्यो । यसले सशस्त्र समूहलाई बढावा दियो । सप्तरीका जनताले छोटो समयमै माओवादी आन्दोलन, मधेसवादी आन्दोलन र स्वतन्त्र मधेसवादी सशस्त्र आन्दोलनमा सहिद हुनुपऱ्यो । यसले जनतामा त्रास, अशान्ति र हत्या, हिंसामा वृद्धि गरायो । समग्रमा जनताको राजनीतिक चेतनामा वृद्धि गरायो ।

### संविधानसभाका बारेमा जनचेतना

आन्दोलन पश्चात् भएको संविधानसभा निर्वाचनमा मतदाताको राजनीतिक चेतनाको स्तर उच्चतम श्रेणीको थियो । मतदानप्रति तीव्र चाहना हुँदाहुँदै पनि तराइमा सशस्त्र समूहको धम्कीका कारण मतदान अपेक्षाकृत कम खस्न पुगेको थियो । त्रिकौल गाविसको स.प्र.वि. मतदान केन्द्रमा मतदाता र उम्मेदवारका प्रतिनिधि चैत्र २८ गते दिनभर नआएपछि कर्मचारीले मात्र समानुपातिक तर्फ मतदान गरेका थिए । मतदातामा जातिगत चेतना बढेको थियो । आ–आफ्ना जातिलाई भोट हाल्ने वातावरण बन्दै थियो । डर, त्रासका घटनाले अवरोध सृजना गरेकोमा बाहेक मतदाताको चेतना उच्च नै मान्नुपर्दछ । विदेश जाने मतदाताको अनुपस्थिति नै कम मतदानको अर्को कारण थियो ।

### उम्मेदवारको मनोनयन र दर्ता प्रक्रिया

उम्मेदवारको मनोनयन प्रक्रिया फागुन १३ गते र २३ गते गरेर दुइ चरणमा भएको थियो । प्रथम चरणमा संसद्वादी सात राजनीतिक दल  लगायत अन्य दल र स्वतन्त्र उम्मेदवारले र दोस्रो चरणमा मधेसमा आन्दोलनरत दलहरूले मनोनयन गरेका थिए ।

### मतदाताहरूको स्तर र प्रतिबद्धता

मतदाताहरू निर्वाचनप्रति प्रतिबद्ध थिए । केही अपवादका धम्कीले मतदान नभएकोमा बाहेक मतदाताहरू निर्वाचन प्रतिबद्ध भएर संलग्न भएका थिए ।

### मतदान केन्द्रको वातावरण

मतदान केन्द्रमा निर्वाचन आयोगले तोकेअनुसार कर्मचारी, करिब १० देखि १४ जना सुरक्षाकर्मी, स्वयंमसेवक, पर्यवेक्षक, पत्रकार थिए । मतदान केन्द्र खुल्ला, सबैलाई पायक पर्ने र महिला एवम् पुरूषको लागि अलग–अलग मतदान गर्ने गरी बनाइएको थियो । गर्मीबाट बच्न त्रिपाल र खानेपानीको व्यवस्था गरिएको थियो । मतदान केन्द्रको वातावरण उत्साहजनक नै थियो ।

### आचारसंहिताको पालना

आंशिक रूपमा आचारसंहिताको पालन गरिएको थियो । प्रोक्सी भोटको प्रयोग भएको थियो तर प्रतिरोध गर्न सकिने अवस्था थिएन । कमजोर दलहरू त्यसैमा चित्त बुझाइबसेका थिए । मतदान शिक्षाको अभावमा कतिपय स्थानमा सुरक्षाकर्मीले स्वस्तिक चिन्ह हातमा लिई यसले छाप लगाउने औंठाले होइन भनी सुझाव दिइरहेको  समेत पाइएको थियो ।

क्षेत्र नं. १ को प्रस्वनी टेङ्गरी स्कुलको मतदान केन्द्रमा माओवादी कार्यकर्ताले बुथ क्याप्चर गर्ने प्रयास गर्दा प्रतिरोध भई निर्वाचन स्थगित भएको थियो । क्षेत्र नं. २ को मधुवापुर मतदान केन्द्रमा मतपेटिका तोडफोड भएकाले मतदान स्थगित भएको थियो । क्षेत्र नं. २ कै डाढा गाविसमा समानुपातिक मतपत्रमा मतदान अधिकृतको हस्ताक्षर नभएको कारणले निर्वाचन स्थगित भएको थियो । स्थगित निर्वाचन

वैशाख ३ गते थप सुरक्षा साथ शान्तिपूर्वक सम्पन्न भयो । राजविराज क्षेत्र नं. २ को चेनौरा केन्द्र, राजविराज ३ को बजार केन्द्र र रम्पुरा मल्हनियाँको केन्द्रमा सामान्य विवाद बढ्दै गएपछि जियोक प्रतिनिधिले तत्काल प्र.जि.अ.लाई खबर गरी तत्काल थप सुरक्षाकर्मी परिचालित हुँदा शान्तिपूर्ण रूपमा मतदान भएको थियो ।

## शान्ति-सुरक्षाको अवस्था

निर्वाचनको दिनमा उल्लिखित घटनाबाहेक अन्य सामान्य घटनाहरूले निर्वाचनलाई असर गरेको थिएन । दलहरूको निर्वाचन प्रतिबद्धता र सुरक्षाकर्मीको योजनाबद्ध प्रतिबद्धताले निर्वाचन सम्पन्न भयो । मतदान केन्द्र, निर्वाचन केन्द्र, जिल्लास्तरीय, क्षेत्रीय र केन्द्रीय स्तरका सुरक्षा घेराहरूले सुरक्षा प्रदान गरेको थियो । मधेसमा कार्यरत सशस्त्र समूहको निर्वाचन विथोल्ने प्रयासलाई नेपाल प्रहरी र सशस्त्र प्रहरीले असफल पारिदिएका थिए ।

## राजनीतिक हिंसाको अवस्था र प्रकृति

सप्तरी जिल्लामा मतदानको दिनमा राजनीतिक हिंसा भएन । सामान्य घटनाहरूलाई सुरक्षाकर्मीले प्रभावहीन तुल्याएका थिए ।

## मतगणनाको अवस्था र प्रकृति

संविधानसभा निर्वाचनमा शिक्षक प्रथम पटक खटेकाले अनुभवको कमीको कारण खसेको मतको तथ्याङ्क दुरुस्त नराखेको हुनाले मतगणना विलम्ब गरी सुरु भयो । २०६५।१।१ देखि सुरु भएको मतगणना १० दिनपछि समाप्त भयो । मतगणना सामान्य विवादबाहेक शान्तिपूर्ण रूपमा सम्पन्न भयो । ■

## ४.८ सिराहा

निर्वाचनपूर्व सिराहा जिल्लाको अवस्था सन्त्रासपूर्ण थियो । संसद्वादी दलहरु र नेकपा (माओवादी) ले मधेस आन्दोलनमा भाग लिएका थिएनन् । मधेसवादीदलहरु तराईमा आन्दोलनरत थिए भने सशस्त्र समूह हतियारको माध्यमद्वारा स्वतन्त्र मधेसको नारासहित संघर्षरत थियो । यसले मतदाताहरूमा संविधानसभाको निर्वाचन हुन्छ भन्नेमा कुनै सम्भावना व्यक्त गरेको थिएन । राजनीतिक दलहरु यस सन्दर्भमा पूर्ण रूपमा अन्यौलमै थिए । पछि मधेसवादी दलहरूसँग फागुन १६ गते सम्झौता भई वातावरण निर्वाचन उन्मुख बन्यो । सशस्त्र समूहलाई व्यापक सुरक्षाकर्मी परिचालन गरी प्रभावहीन बनाइयो ।

### संविधानसभाका बारेमा जनचेतना

मधेस आन्दोलनमा सहभागी भएका र राजनीतिक उथलपुथलमा प्रत्यक्ष सहभागी भएकाले मधेसमा राजनीतिक चेतनाको स्तरमा वृद्धि भयो । अर्कोतर्फ सिमान्तकृत वर्ग, मुसहर, झाँगड, डुम आदिलाई माओवादीको सशस्त्र द्वन्द्व र उनीहरूको जातीय मोर्चामा गोलबन्ध गर्नाले राजनीतिक चेतनामा वृद्धि गरायो । तर मध्यम वर्ग, शिक्षित र साक्षरको तुलनामा मूलप्रवाहमा समेट्न नसकिएको वर्गमा भने जनचेतना अपेक्षाकृत रूपमा वृद्धि हुनसकेन । स्थानीय आदिवासीमा चेतनाको तह कम थियो भने बसाइँ/सराइ भएर आएका समुदायमा राजनीतिक चेतना तुलनात्मक रूपमा बढी थियो । संविधानसभाको निर्वाचनमा भएको सहभागितालाई हेर्दा जनचेतना बढेको देखियो ।

### उम्मेदवारको मनोनयन र दर्ता प्रक्रिया

उम्मेदवारको मनोनयन प्रक्रिया फागुन १३ गते र २३ गते गरी दुइ चरणमा निर्वाचन आयोगले तोकेको प्रक्रिया बमोजिम नै भएको थियो ।

### मतदाताहरूको स्तर र प्रतिबद्धता

पिछडिएका समुदायका जनतामा निर्वाचनप्रति प्रतिबद्धता कम थियो । सशस्त्र समूहको धम्कीको कारण मतदाताहरूमा उत्साह छाउन पाएको थिएन । उम्मेदवारहरूले चैत्र २८ गते नै निर्वाचन हुन्छ भनी सुनिश्चित गर्न सकेका थिएनन् । तर अन्त्यमा मतदातामा अनपेक्षित सहभागिता पाइयो । अधिकांश यादव समुदायको बसोबास भएको जिल्ला भएकाले मधेसवादी दलहरूले मतदातालाई गोलबन्द गरेको थिए ।

### मतदान केन्द्रको वातावरण

मतदान केन्द्रमा कर्मचारी, सुरक्षाकर्मी, पर्यवेक्षक, स्वयंसेवक सक्रिय थिए । १० देखि १५ जना सुरक्षाकर्मी प्रत्येक निर्वाचन केन्द्रमा सक्रिय थिए । आपसी सहमतिद्वारा दलीय प्रतिनिधिहरूको निर्णय नै निर्वाचन प्रक्रिया बन्नपुगेको थियो । मतदान केन्द्रमा त्रिपाल, तारबार र पानीको व्यवस्था गरिएको थियो । समग्रमा मतदान केन्द्रको वातावरण उत्साहजनक थियो ।

### आचारसंहिताको पालन

आचारसंहिताको पालन आंशिक रूपमा थियो । भित्तेलेखन, दोहरो मतदान, नाबालक मतदानका घटनाहरु पर्याप्त भएका थिए । मतदाता नामावलीमा नाम नभएकाहरूले अर्काको नाममा मतदान गरेका थिए । विदेशमा जानेहरूको नाममा मतदान भएको थियो ।

## शान्तिसुरक्षाको अवस्था

संसद्वादी र मधेसवादी दलहरूले निर्वाचनमा भाग लिएकाले निर्वाचन बढी हिंसात्मक हुनपाएन । प्रहरी सुरक्षाकर्मीको उपस्थिति मतदान केन्द्रमा मनोवैज्ञानिक रूपमा थियो । ठूलै घटना घटेमा मोवाइल टोलीद्वारा थप सुरक्षाकर्मी उपलब्ध गराउने व्याख्या गरेकाले ठूलै र अप्रिय घटना हुनपाएन ।

## राजनीतिक हिंसाको अवस्था र प्रकृति

निर्वाचनका दिनमा क्षेत्र नं. १ को सोनमति मझेवेरा मतदान केन्द्रमा नेकपा एमालेका कार्यकर्ताले बुथ कब्जा गरेपछि विवाद भई १ घण्टा मतदान स्थगित भयो । क्षेत्र नं. २ तेनुवापट्टी गाविसको सोहपुर प्रा.वि. को बुथमा झडप भई स्थगित भएको मतपेटिका सदरमुकाम ल्याउँदा बाटो सिलटुरीमा विवाद भयो र वैशाख ५ गते पुनः मतदान भयो । बालमन्दिर बुथमा काङ्ग्रेस उम्मेदवारका छोराले हतियारसहित अपराधकर्मीका साथ बुथ कब्जा गर्दा मतदान चैत्र २८ गते रद्द गरियो र वैशाख ५ गते पुनः मतदान भयो । सोही समूहले फुर्जवारी नि.मा.वि. बुथमा आक्रमण गर्दा नेकपा मालेका कार्यकर्ता घाइते भए । क्षेत्र नं. ५ को कर्जन्हा गाविसमा नेकपा माओवादीका कार्यकर्ताले मतपत्र च्यातिदिंदा विवाद भई चैत्र २८ गते निर्वाचन स्थगित भयो र वैशाख ५ गते पुनः मतदान भयो ।

## मतगणनाको अवस्था एवम् प्रकृति

विभिन्न विवाद बीच मतगणना कार्य सम्पन्न भयो र परिणाम पनि सार्वजनिक गरियो । ■

## ४.९ धनुषा

संविधानसभा निर्वाचनलाई असर पार्ने गरी लक्षित मधेस आन्दोलनमा मधेस जनाधिकार फोरम लगायतले २०६४ चैत्रदेखि धनुषा जिल्लालाई पनि असर गऱ्यो । २०६४ चैत्र ६ देखि आन्दोलनले भीषण रूप धारण गऱ्यो । यसै क्रममा प्रहरी र प्रदर्शनकारी बीच असंख्य झडप भए, दर्जनौँ घाइते भए । प्रहरीद्वारा जनकपुर अञ्चल अस्पतालमा समेत अश्रुग्याँस प्रहार भयो । असंख्य स्थानहरूमा लाठी चार्ज, मानवअधिकारकर्मी र पत्रकारमाथि अमानवीय व्यवहार भएका धेरै घटना भए । बम विस्फोट, मधेसी निजामती कर्मचारीद्वारा आन्दोलन, मधेस बन्द, शान्ति जुलुस भए ।

आन्दोलनले गर्दा फागुन १३ गतेको निर्धारित मनोनयन दर्ता पूर्ण सफल हुन पाएन । आन्दोलनमा विभिन्न क्लवहरू, बार एसोसिएसन, पत्रकार, निजामति कर्मचारी, प्राध्यापक, शिक्षक, मजदुर, किसान लगायत सबै तहको सहभागिता थियो । १३ गते नेपाली काङ्ग्रेस उम्मेदवार विमलेन्द्र निधि हेलिकप्टर द्वारा एस.एस.पी. कार्यालयको प्राङ्गणमा आई उम्मेदवारी दर्ता गरे । नेकपा (माओवादी), नेकपा एमाले, जनमोर्चा लगायत केही संसद्वादी दलले उम्मेदवारी दर्ता गरे भने मधेसवादी दलले उम्मेदवारी दर्ता कार्यक्रम बहिष्कार गरे । १६ गते मधेस आन्दोलनकारीसँग सम्झौता भई स्थिति निर्वाचनतर्फ उन्मुख भयो । २३ गते उम्मेदवार मनोनयनको कार्य पुनः सुरू भयो । मधेसवादी दलहरूले धुमधामसँग सम्झौताको स्वागत गरेर मनोनयन प्रक्रियामा सामेल भए ।

### संविधानसभाका बारेमा जनचेतना

मधेस आन्दोलनले मतदाताहरूमा जागरण पैदा गरायो । जसले निर्वाचन र मतदान प्रक्रिया लगायतका क्षेत्रहरूको सहभागितामा उल्लेखनीय रूपमा वृद्धि गरायो । मतदान गर्न, मतपरिणामबारे जानकारी दिन र विजय ऱ्यालीमा उत्साहपूर्ण सहभागितालाई मापक मान्दा जनचेतनामा वृद्धि भएको पाइयो ।

### उम्मेदवार मनोनयन दर्ता र प्रक्रिया

उम्मेदवारको मनोनयन प्रक्रिया फागुन १३ गते ५० उम्मेदवारले र २३ गते ११८ जनाले समेत गरेर जम्मा १६८ जनाले धनुषा जिल्लाभरबाट उम्मेदवारी निर्वाचन आयोगले तोकेको प्रक्रिया पूरा गरी दर्ता गराएका थिए ।

### मतदाताहरूको स्तर र प्रतिबद्धता

मध्यमवर्गीय मतदाताको निर्वाचनप्रतिको चाख र सहभागिता बढेको पाइए तापनि पिछडिएका समुदायका मतदातामा प्रतिबद्धता र सहभागिता केही कम थियो तापनि सिमान्तकृत वर्गले निर्वाचनलाई आफ्नो सामाजिक मान्यता र धारणा परिवर्तन गर्ने अवसरका रूपमा उपयोग गरेको थियो । अतः मतदातामा उत्साहजनक प्रतिबद्धता थियो भन्नसकिन्छ । नमुना मतदान कार्यक्रम धनुषा जिल्लामा करिब १० स्थानमा गरिएको थियो । मतदाता शिक्षा कार्यक्रम प्रभावकारी थिएन ।

### मतदानकेन्द्रको वातावरण

मतदानकेन्द्र सुरक्षित थियो । पर्खाल वा तारवारले घेरिएका र गर्मीबाट बच्न त्रिपालको व्यवस्था गरिएको थिए । निर्वाचन आयोगले स्वयंसेवकको व्यवस्था गरेको थियो । दलीय प्रतिनिधि, पर्यवेक्षक, सुरक्षाकर्मी, मतदाता परिचालनको राम्रो प्रबन्ध थियो । मतदानको दिन स्थानीय अवधारणाअनुरूप मतदान भएको थियो ।

## आचारसंहिताको पालना

मतदान केन्द्रभित्र मतदातालाई धम्क्याउने, तर्साउने जस्ता घटना खासै देखिएनन् तापनि भित्तेलेखन सवारी साधनको दुरूपयोग, प्रवेशद्वार निर्माण जस्ता आचारसंहिता उल्लङ्घनका घटना भएकाथिए । नाबालकहरू पनि मतदानमा कहिंकहिं सरिक थिए । त्यसबाहेक तोकिएको साइज भन्दा ठूला-ठूला पोस्टरहरूको प्रयोग भएको गाडीको जथाभावी दुरूपयोग, प्रचार-प्रसारको क्रममा माइकको प्रयोग, भित्ता, पर्खाल तथा व्यक्तिगत घरहरूमा समेत पर्चाहरू टाँसी आचारसंहिताको उल्लङ्घनका घटनाहरू घटेका थिए ।

## शान्तिसुरक्षाको स्थिति

मतदानको दिनमा धनुषा जिल्ला मतदान अवधिभर शान्तिपूर्ण वातावरणमा मतदान कार्य सञ्चालन भयो । एउटा मतदान केन्द्रमा २ जना जनपद र ४ जना म्यादी गरेर ६ जना प्रहरी शान्तिसुरक्षामा संलग्न थिए । एउटै भवनमा २ वटा बुथ भएको मतदान केन्द्रमा ५ जना म्यादी र ३ जना जनपद प्रहरीको व्यवस्था थियो । एउटा मतदान केन्द्रमा ६ देखि ८ जनासम्म प्रहरीको व्यवस्था थियो । मोवाइल टोली घुमिरहेका थिए । असामान्य घटना घटेको १० मिनेटमा मोवाइल टोली घटनास्थल पुगिसक्ने व्यवस्था थियो । मतगणना र निर्वाचन परिणामको घोषणा भएपछि भएका विजय र्‍यालीमा कुनै अप्रिय अवस्था सृजना भएन । निर्वाचन कार्यक्रममा परिचालित सुरक्षाकर्मीको व्यापक परिचालनले गर्दा तराईका सशस्त्र समूहहरू पूर्ण रूपमा निस्तेज भएका थिए । निर्वाचन कार्यक्रमपछि तराईमा क्रियाशील सशस्त्र समूहहरूले पुनः सँगठित हुने र शान्तिसुरक्षाको अवस्था खराब हुँदै गएको तथा हत्याहरू बढ्दै गएका थिए ।

## राजनीतिक हिंसाको अवस्था र प्रकृति

निर्वाचनको दिनमा राजनीतिक हिंसाको कारणले मतदान स्थगित भएन । निर्वाचन अगाडि र पछाडि सुरक्षाकर्मी फर्केपछि भने राजनीतिक हिंसामा वृद्धि भएको पाइएको थियो ।

## मतगणनाको अवस्था र प्रकृति

मतगणना कार्य सामान्य विवादका बीच केही ढिलो सुरू भयो । धनुषाका केही निर्वाचन क्षेत्रमा मतदानको भोलिपल्ट २९ गते र कतै ३० गतेबाट मतगणना सुरू भयो । केही विवाद बीच मतगणना समाप्त भई परिणाम सार्वजनिक भयो । ■

## ४.१० दोलखा

निर्वाचनपूर्व दोलखाको राजनीतिमा नेकपा (माओवादी) को दबदबा अरु दलको भन्दा बढी थियो । अन्य दलका उम्मेदवारहरूलाई निर्बाध रूपमा गाउँमा प्रचार-प्रसारमा जान नदिने र आफ्नो मात्र एकपक्षीय राजनीति केही दुर्गम गाविसहरूमा गर्ने जमर्को गरिएको थियो । प्रमुख ठूला दलका उम्मेदवारहरूले गाउँमा निर्धारित आमसभाहरु माओवादीको दबाबमा रद्द गरी सदरमुकाम फर्केका थिए ।

चैत्र २१ गते साँझ सहरे गाविसका पूर्व अध्यक्ष एवम् नेकपा एमालेका नेता ध्वज खड्काको घरमा आगलागि भयो । यसको आरोप नेपाली काङ्ग्रेसमाथि लागेको थियो ।

### संविधानसभाका बारेमा जनचेतना

माओवादी जनयुद्धले सुरू गरेको राजनीतिक उथलपुथलले गाउँगाउँमा राजनीतिक चेतनामा व्यापक वृद्धि गरेको थियो । मतदाताहरु संविधानसभा निर्वाचनले द्वन्द्वको अन्त्य हुने, शान्तिसुरक्षा कायम हुने, रोजगारी बढ्ने, स्वास्थ्य सेवामा वृद्धि हुने, आर्थिक विकासको अवसर खुल्ने र राजनीतिमा सरोकार नराख्ने समुदायले शान्तपूर्वक पेसा व्यवसाय गर्न पाउने आशाले निर्वाचनप्रति उत्सुकता देखिएका थिए । सिमान्तकृत वर्गका मतदाताहरु यस निर्वाचनले जातीय छुवाछुत, पछ्यौटेपन, सामाजिक विभेदको अन्त्य हुने आशाले निर्वाचनप्रति बढी आश्वस्त थिए । समग्रमा दोलखा जिल्लाको जनचेतना उच्च थियो ।

### उम्मेदवारको मनोनयन दर्ता प्रक्रिया

निर्वाचन आयोगले तोकेअनुसार फागुन १३ गते मनोनयन प्रक्रिया शान्तिपूर्ण रूपमा सम्पन्न भएको थियो ।

### मतदाताहरूको स्तर र प्रतिबद्धता

जनचेतनाको स्तर उच्च भएका दोलखाली मतदाताहरूमा निर्वाचन प्रतिको प्रतिबद्धता उच्च थियो । उनीहरु निर्वाचन स्थगित हुने भयले खिन्न भएका थिए । हुनेखाने वर्ग भन्दा सीमान्तकृत वर्ग बढी जागेको थियो । मतदाताको स्तर उच्च थियो र सरकारले निर्वाचन स्थगित नगरेमा मतदानमा जान प्रतिबद्ध थिए । निर्वाचन क्रममा आउने सानातिना असुविधा प्रति मतदाताको कुनै पर्वाह थिएन ।

### मतदानकेन्द्रको वातावरण

निर्वाचन आयोगले तोकेअनुसारको कर्मचारी, स्वयंसेवक, सुरक्षाकर्मी निर्वाचनमा परिचालित थिए । राष्ट्रिय, अन्तर्राष्ट्रिय पर्यवेक्षक मोटर मार्गका स्थानहरूमा पुगका थिए । केही मतदानकेन्द्रमा आचारसंहिताविपरीत सामान्य प्रचार-प्रसार भई विवाद सृजना भएका थिए । केही स्थानहरूमा केही समयको स्थगनपछि पुनः मतदान भएका थिए । नेकपा एमाले र नेपाली काङ्ग्रेसले जिल्लाका ९ स्थानमा बुथ क्याप्चर गरेको भनी नेकपा माओवादी विरूद्ध जिल्ला निर्वाचन कार्यालयमा उजुरी दिएका थिए । केन्द्रबाट प्रमाणविनाको उजुरी अनुमोदन नभएकाले मतगणना भई मत परिणाम सार्वजनिक गरियो ।

### आचारसंहिताको पालना

आचारसंहिताको पालना आंशिक रूपमा भएको थियो । प्रचार-प्रसार पूर्ण रूपमा स्वतन्त्र थिएन । मतदानमा बालबालिकाको सङ्ख्या उल्लेख्य थियो भने मतदातामा डर, त्रास एवम् भय व्याप्त थियो ।

## शान्तिसुरक्षाको अवस्था

जिल्लाका च्यामा, हाहरे, शैलुङ्गेश्वर, ध्यागं, मिर्गे, जुँगा  लगायतका केही स्थानहरूमा नेकपा एमाले र माओवादीका कार्यकर्ता बीचको झडपमा निर्दोष नागरिक र महिला कार्यकर्ता घाइते भएका थिए । त्यस्तै काभ्रे गाविसस्थित मैनापोखरी बजारमा नेकपा एमाले र माओवादी बीच झडप भई दुई जना माओवादी कार्यकर्ता घाइते भएका थिए । पछि उम्मेदवारको पहलमा सम्झौता भई शान्ति–सुरक्षा कायम हुनपुग्यो । दोलखा जिल्लाको एक निर्वाचन केन्द्रमा २ जना जनपथ वा ४ जना सशस्त्र प्रहरी र ६ जना म्यादी प्रहरी थिए । उनीहरु साङ्केतिक मात्र थिए । बारम्बार राजनीतिक दलहरूले नै विभिन्न समयमा सम्झौता गरी शान्ति–सुरक्षा कायम गरेका थिए । निर्वाचनका क्रममा नाम्दु गाविस "क" मतदान केन्द्रमा मध्यान्ह वाइसीएल प्रवेश गरी खुकुरी प्रहार गर्न खोज्दा आधा घण्टा मतदान स्थगित भएको थियो । सुरक्षाकर्मीले स्थिति नियन्त्रणमा लिएपछि मतदान शान्तिपूर्वक सम्पन्न भएको थियो । दलहरु बीचको आपसी साझेदारी र जनता बीचको सचेतना नै शान्ति–सुरक्षाको कारण बन्न पुग्यो ।

## राजनीतिक हिंसाको अवस्था र प्रकृति

दोलखा जिल्लामा मतदानको दिनमा राजनीतिक हिंसा भएन । निर्वाचन आशातीत शान्तिपूर्ण रूपमा सम्पन्न भयो ।

## मतगणना अवस्था र प्रकृति

मतगणना कार्यमा १०० जना कर्मचारी खटिएका थिए । ९७ वटा मतदान केन्द्रको गणना गरिएको थियो । मतगणना स्थलमा १२ वटा दलका प्रतिनिधिहरु थिए । क्षेत्र नं. १ बाट २२,१८२ मत ल्याई नेकपा माओवादीका देवी खड्का र क्षेत्र नं. २ बाट सोही दलका हेमबहादुर श्रेष्ठ १८,७९३ मत ल्याई विजयी भएका थिए । ■

## ४.११ चितवन

### संविधानसभाका बारेमा जनचेतना

संविधानसभाका बारे दल, उम्मेदवार र कार्यकर्ताहरूले जनतालाई पूर्ण रूपमा स्पष्ट पार्न नसकेको कुरा मतदानको दिन भन्दा अगाडिका दिनहरूमा र मतदानका दिनमा समेत पाइयो । कतिपय स्थानहरूमा यो निर्वाचनमा विजय भएमा राजतन्त्र हटाउने गरी संविधान बनाउने, विभिन्न स्थानहरूमा बाटोघाटो बनाइदिने, धारा पानीको व्यवस्था गरिदिने, स्वास्थ्य चौकी बनाइदिने लगायतका विकास निर्माणका कामहरु गर्ने आश्वासनहरु मतदाताहरूलाई दल र उम्मेदवारहरूले दिएका थिए । वास्तवमा संविधानसभा के हो र यसको काम के हो ? भन्नेबारेमा केहि मतदाताहरु अनभिज्ञ रहेका थिए ।

### उम्मेदवारको मनोनयन र दर्ता प्रक्रिया

निर्वाचन आयोगले निर्दिष्ट गरेको निर्देशिका अनुरूप उमेद्वारको मनोनयन दर्ता भएको थियो । मतदाता नामावलीमा भएका साना त्रुटीका कारण उम्मेदवार, समर्थक र प्रस्तावकको नाम रूजु गर्ने कर्मचारी, उमेद्वार, समर्थक र प्रस्तावकले केही बढी समय खर्चिनु परेको थियो । उमेद्वारी दर्ता प्रक्रियालाई सबैले सहज रूपमा लिएका थिए ।

### मतदाताहरूको स्तर र प्रतिबद्धता

जिल्लाका पाँच निर्वाचन क्षेत्रका मतदाताहरूको स्तर एकै किसिमको थिएन । सबै ठाउँमा मिश्रित स्तरका मतदाता रहेको चितवन जिल्लामा देशमा स्थायी शान्ति स्थापनाका लागि हुनलागेको यस संविधानसभा सदस्यको निर्वाचनमा आफ्नो मतदान गर्ने, आफ्नो गाउँमा बाटोघाटो बनाइदिने, धारा पानीको व्यवस्था गरिदिने, स्वास्थ्य चौकी बनाइदिने, उम्मेदवार दललाई मात्र मत दिने कुराहरु मिश्रित रूपमा मतदाताले व्यक्त गरेका थिए । अधिकांश मतदाताहरूमा मतदान प्रक्रिया र निर्वाचनको विषयको बुझाइमा जनचेतनाको कमी रहेको थियो, तथापि मतदान गर्न मतदाताहरूको उपस्थिति एवम् सहभागिता उल्लेखनीय रहेको थियो, तापनि कुन दल/कुन उम्मेदवारको निर्वाचन चिन्ह के हो ? भन्ने थाहा नपाएका मतदाताहरु पनि भेटिएका थिए ।

### मतदान केन्द्रको वातावरण

जिल्ला सदरमुकाममा रहेको जिल्ला निर्वाचन कार्यालय, मुख्य निर्वाचन अधिकृतको कार्यालयमा मतदानको पूर्व अवस्थामा जानकारी लिंदा मतदानका लागि आवश्यक जनशक्ति र स्थान पर्याप्त रहेको जानकारी पाइएको थियो । तर मतदानको दिनमा अनुगमन गरिएका मतदान केन्द्रका कर्मचारी जनशक्ति र मतदाताको सङ्ख्या हेर्दा मतदान केन्द्रमा आवश्यक जनशक्तिको सङ्ख्यामा कमी महसुस भएको थियो ।

स्वयंसेवकको कमी र उनीहरूको उच्चस्तरीय व्यवस्थापनको कमीका कारण मतदान केन्द्रमा बढेको भिडलाई व्यवस्थापन गरी लाइनमा व्यवस्थित किसिमले राख्न सकिएको थिएन । जुटपानी, दारेचोक, कठार, गर्दी, बघौडा गाविस लगायतका मतदान केन्द्रहरूमा मतदान गर्न उपस्थित भएका वृद्धवृद्धाहरु, अशक्त, अन्ध अपाङ्गहरूलाई अधिकांश स्थानमा कमै प्राथमिकता दिएको थियो । उनीहरूका लागि बेग्लै प्रवेश लाइनको व्यवस्था नभएको र उनीहरूलाई पनि अरु मतदाता सँगै लामो समयसम्म लाइनमा राखिएको थियो ।

अधिकांश मतदान केन्द्रहरु, तोकिएको भवनको वरिपरि सुरक्षित पर्खाल तथा तारबारको अभाव रहेको, खुला स्थानको भवनलाई पनि मतदान केन्द्रका रुपमा स्थापित गरिएको थियो । चितवन जिल्लाका राजनीतिक दलहरुका जिम्मेवार प्रतिनिधिहरु, स्थानीय प्रशासन, जिल्ला निर्वाचन अधिकारी समेतको उपस्थितिमा छलफल गरी सबैको सल्लाह र सहमतिले मतदान केन्द्र निधारण भई निर्वाचन आयोगबाट स्वीकृत भई कायम गरिएका मतदान केन्द्रहरु पछि परिवर्तन गर्न नेपाली काङ्ग्रेस, ने.क.पा. एमाले लगायतका राजनीतिक दलका उम्मेदवारहरुले मतदान भन्दा अगाडिका विभिन्न बैठकहरुमा अनुरोध गरेका थिए । यसले गर्दा मतदान केन्द्रको चयनमा मौकामा दलहरुले नै जिम्मेवारीपूर्वक भूमिका निभाएका थिएनन् ।

निर्वाचन क्षेत्र नं. २ मा पर्ने शक्तिखोर गाविस अन्तर्गतको रा.प्रा.वि. छेपेढापमा रहेको रा. प्रा. वि. छेपेढाप "ख" मतदान केन्द्रमा परिचय-पत्र भएका पर्यवेक्षकलाई पनि प्रवेश गर्न दिइएको थिएन ।

## आचारसंहिताको पालना

उम्मेदवारी मनोनयन दर्ताको मितिदेखि लागू गरिनु पर्ने आचारसंहितालाई सबै राजनीतिक दलले पालना गरेका थिएनन् । नेपाली काङ्ग्रेसले मलपुर गाविस अन्तर्गत ढङ्डाघारी भन्ने ठाउँमा राती ७ बजेदेखि ०९.३० बजेसम्म चुनावी प्रचार-प्रसार सभा गरी आचारसंहिताको उल्लङ्घन गरेको पाइयो । नेपाली काङ्ग्रेस, ने.क.पा. एमालेले आ–आफ्नो दलको निर्वाचन चिन्ह अङ्कित प्लास्टिक प्रयोग गरिएको ह्याट, क्यापजस्ता सामग्रीहरु समेत प्रयोग गरी आचारसंहिताको उल्लङ्घन गरेका थिए । माडी क्षेत्रका विभिन्न गाविस अन्तर्गत रहेका अधिकांश मतदान स्थलहरु, बछ्यौली गाविस अन्तर्गतका केही मतदान स्थल र सो मतदान स्थलको १०० मिटरवरिपरि आचारसंहिताको उल्लङ्घन गरी ने.क.पा. माओवादी, ने.क.पा. एमाले, नेपाली काङ्ग्रेस समेतले आ–आफ्नो निर्वाचन चिन्ह लेखेको, पोस्टर, झण्डा टाँसेका थिए भने ती सामग्रीहरु झिक्न मेटाउन हटाउन खोज्नेलाई धम्की दिनेगरेका थिए । निर्वाचन क्षेत्र नं. ५ अन्तर्गत पर्ने अयोध्यापुरी गाविस अन्तर्गतको बाँदरझुला गाउँमा आगलागिबाट पीडित व्यक्तिहरुलाई राहतस्वरुप कालिका एफ. एम. प्रा. लि. ले जनही रू.१०,०००।– दरले राहत वितरण गरेको थियो । सो प्रा. लि. का अध्यक्ष रा. प्र. पा. का केन्द्रीय सदस्य एवम् उम्मेदवार विक्रम पाण्डे हुन् ।

मतदानको दिनमा नेपाली काङ्ग्रेसका स्थानीय जिम्मेवार व्यक्तिहरु, कार्यकर्ता र उनीहरुका समर्थक व्यक्तिहरुले हुलहुज्जत गरी मेघौली गाविस अन्तर्गतका १२ वटै मतदान केन्द्रहरुमा मतदान कार्यमा खटिएका कर्मचारी, मतदाताहरुमा मतदान कार्यमा अवरोध गरेको, मतदान गर्न मतदान स्थलमा जान मतदाताहरुलाई रोकेको, एवम् मतदान गर्न लाइनमा बसेका मतदाताहरुलाई लखेटेको, दलबलसहित उपस्थित भई अशान्त वातावरण बनाई मतदानका लागि प्रयोग गरेका केही मतपेटिका, केही सङ्ख्यामा मतदान भैसकेका मतपत्रहरु र केही मतपत्रहरु आगजनी गरी नष्ट गरी मतदान कार्य (निर्वाचन) बिथोलेका कारण ती केन्द्रहरुमा मतदान कार्य रोकिनपुग्यो । यसरी नेपाली काङ्ग्रेसले आचारसंहिताको उल्लङ्घन गरेको पाइयो ।

निर्वाचनको प्रचार-प्रसारका क्रममा नेपाली काङ्ग्रेस, ने. क. पा. माओवादी लगायतका दलको तर्फबाट आयोजित सभा जुलुसमा नाबालक बालबालिकाको प्रयोग गरिएको थियो । विकास निर्माण गर्न पैसा दिने प्रलोभन दारेचोक लगायतका स्थानमा नेपाली काङ्ग्रेसका उम्मेदवार मैयादेवी श्रेष्ठ समेतले मतदाताहरुलाई देखाएको, मतदान भन्दा अगाडि कायम गरिएको मौन अवधिमा पनि दारेचोक, खैरहनी, दिव्यनगर, मेघौली, पटिहानी, शिवनगर, गीतानगर, पदमपुर, जुटपानी गाविस अन्तर्गतका विभिन्न स्थानहरुमा चुनावी प्रचार-प्रसार कायम राखेको, ने. क. पा. माओवादीको चुनाव चिन्ह अङ्कित गन्जी, भोटो

लगाई झण्डासहितका सामग्री समेत साथमा लिई वाइसिएल मतदान केन्द्रमा प्रवेश गरेको, सोही चिन्ह अङ्कित व्यानर मतदान केन्द्रको ५० मिटर दूरीमा टाँगिएको थियो ।

## शान्तिसुरक्षाको अवस्था

मतदानपूर्वअवस्थामा स्थलगत भ्रमण गर्दा मतदान केन्द्रमा खटाइएका सुरक्षाकर्मीको सङ्ख्यामा मतदान स्थलको भौगोलिक अवस्था, मतदान केन्द्र रहेको स्थानको संवेदनशीलताको अवस्थाको अनुपातमा कमी देखियो । सुरक्षा स्थितिको व्यवस्था खासै राम्रोसँग गरिएको थिएन ।

निर्वाचन क्षेत्र नं. ३ मा पर्ने भरतपुर नगरपालिका वडा नं. ११ स्थित सिद्धिविनायक प्र. मा. वि. मतदान केन्द्र, निर्वाचन क्षेत्र नं. ४ मा पर्ने गुञ्जनगर गाविस अन्तर्गत समेतका मतदान केन्द्रहरूमा र केही मतदान केन्द्रबाहिर वरिपरि घरेलु हतियार लिई उपस्थित भएका भनिएका शङ्कास्पद व्यक्तिहरूलाई स्थानीय व्यक्तिहरू समेतको सहयोगबाट सुरक्षाकर्मीले नियन्त्रणमा लिएको थियो । मतदान केन्द्रहरूमा रहेका म्यादी प्रहरीहरू शोभाका रूपमा मात्र रहेका देखिन्थे ।

जिल्लामा मतदानको केही दिन अगाडि सम्म विभिन्न राजनीतिक दलका उम्मेदवार तथा समर्थक कार्यकर्ताहरूका बीचमा भईरहेका झडपहरूले मतदानको दिनमा ठूलै अशान्त हुने सम्भावनाका हल्लाहरू सर्वत्र व्यापक मात्रामा भएकोमा मतदानको दिन त्यस्ता अप्रिय घटना (मेघौली गाविस अन्तर्गतका मतदान केन्द्रहरूमा बाहेक) भएनन् । मेघौली, रामनगर, शरदपुर, उज्वलनगर, बसेनी, भोजाड, पडरिया, जुटपानी लगायतका केही मतदान स्थानका मतदान केन्द्रहरूमा मानसिक तनावका बीचमा मतदाताहरूले मतदान गरेका थिए ।

ने. क. पा. माओवादीका उम्मेदवार, केन्द्रीय तहका नेता मतदान केन्द्रहरूमा उपस्थित हुँदा सुरक्षाकर्मीहरू बढी सङ्ख्यामा बढी मात्रामा देखिन्थे भने अन्य दलका उम्मेदवार, नेताको उपस्थितिमा कम सङ्ख्यामा मतदानको दिनमा मतदान कार्य समाप्त नभएसम्म एक निर्वाचन क्षेत्रको व्यक्तिहरू अर्को निर्वाचन क्षेत्रमा र अर्को मतदान केन्द्रमा जान रोक्ने कुनै कार्य भएको थिएन ।

## राजनीतिक हिंसाको अवस्था र प्रकृति

राजनीतिक दलहरू आचारसंहिता पालना गर्ने कार्यमा अग्रसर हुनु भन्दा पनि आपसमा झगडा गर्नमा व्यस्त थिए । जसको कारण रा. प्र. पा. र ने. क. पा. माओवादी, वाइसिएलका बीचमा दिव्यनगरमा, माडीको गर्दी, बघौडा गाविस लगायतका क्षेत्रहरूमा, रा. प्र. पा. र जनमोर्चा नेपाल, ने. क. पा. माओवादी, वाइसिएलका बीचमा जगतपुरमा झडप भएको थियो । त्यस्तै गरी ने. क. पा. माओवादी र ने. क. पा. एमालेका बीचमा भरतपुर नगरपालिका वडा नं. १ रामनगर, खैरहनी गाविस अन्तर्गतको पर्सामा विभिन्न पटक झडप हुन पुगेका थिए भने नेपाली काङ्ग्रेस र ने. क. पा. माओवादी समर्थक र वाइसिएलका कार्यकर्ता, ने. क. पा. एमालेका बीचमा पनि विभिन्न स्थानहरूमा विभिन्न मितिहरूमा झडप भएका थिए । उक्त झडपमा उम्मेदवार, दलका जिम्मेवार पदाधिकारीहरू समेत परेका थिए उनीहरू मध्ये केही व्यक्ति आक्रमणमा परी घाइते भएका थिए भने केही उम्मेदवार र दलका प्रचार सामग्री, सवारी साधनहरू, सञ्चार साधन, अन्य सम्पत्ति लगायतका सम्पत्तीहरू विभिन्न रूपबाट नोक्सानीमा परेका थिए । यसबाट ती दलहरूले आचारसंहिताको उल्लङ्घन गरेको देखियो । साथै रा. प्र. पा. को भरतपुरमा रहेको कार्यालयमा आगजनी भएको पनि थियो, सो आगजनी कसले के कारणले गरायो भन्ने पुष्टि हुनसकेको थिएन ।

निर्वाचन क्षेत्र नं. ५ अन्तर्गत पर्ने मेघौली गाविस अन्तर्गत तेलौली बजारमा संविधानसभा सदस्य निर्वाचन आचारसंहिताको पूर्णपालना होटल रेस्टुरेन्ट, राजनीतिक दल र उनीहरूका कार्यकर्ता समेतले गरेको भए २७ चैत्र, २०६४ राती अन्दाजी ११.१५ बजे नेपाली काङ्ग्रेसका कार्यकर्ताले पिटाइ नखाने रहेछन्

भन्ने बुझिन आयो । २८ चैत्र, २०६४ मा स्थगित भएको मेघौली गाविस अन्तर्गतका सबै १२ मतदान केन्द्रहरूमा ३ वैशाख, २०६५ मा मतदान सम्पन्न भयो ।

उक्त २८ गते बिहान निर्धारित मतदान स्थानहरूमा मतदान गर्ने मतदाताहरू बिहान ५ वजे देखि नै पुगी लाइन बसेकामा २७ गते रातीको मेघौली गाविस अन्तर्गत तेलौली बजारमा नेपाली कांङ्ग्रेसका कार्यकर्तालाई ने. क. पा. माओवादी र जनमोर्चा नेपाल समर्थक कार्यकर्ताले साङ्घातिक कुटपिट गरेको भन्ने विषयको कारण तेलौली बजारमा मोटर साइकल जलाउने, नारा जुलुस लगाउने कार्य २८ गते बिहानैदेखि भयो । मतदान आरम्भ हुनु ५ मिनेट अगावै सो जुलुस जानकी मा. वि. तेलौली, साझापुर नि. मा. वि. साझापुर र सरस्वती मा. वि. जितपुरका मतदान केन्द्रहरूमा पुगी मतदान केन्द्रहरूमा अशान्ति, झडप र हुलदङ्गाका कार्य भएको कारण क्रमशः उक्त केन्द्रहरूमा मतदान कार्यमा अवरोध भयो र ती स्थानहरूका सबै मतदान केन्द्रहरूमा मतदान कार्य स्थगित भयो ।

## मतगणनाको अवस्था र प्रकृति

मतगणना हुने अवस्थामा मतगणना स्थलको मतगणना कोठामा पर्यवेक्षक एवम् पत्रकार सञ्चारकर्मीहरूलाई प्रवेश अनुमति नदिइ बाहिर झ्यालबाट पर्यवेक्षण गर्न र समाचार सङ्कलन गर्न प्रमुख निर्वाचन अधिकृतज्यूले अनुरोध गर्नुभएको थियो । मतगणना स्थलमा विद्युत् व्यवस्थापनको लापरबाहीका कारण मतगणनाको अवस्थामा राती विभिन्न पटक करिब ४/५ मिनेट मतगणना स्थलमा बत्ती निभेको थियो । मतगणना स्थल हातामा प्रवेश गर्ने परिचय-पत्र देखाउँदा पनि सुरक्षाकर्मीले प्रवेशमा अवरोध गरेका थिए ।

औंठाको ल्याप्चे लगाइएका, एकै मतपत्रमा दुईदेखि चार वटा कोठासम्ममा पनि मतदान गरेको, केही व्यहोरा लेखिएका मतपत्रहरू मतगणना गर्दा भेटिएका थिए । ■

## ४.१२ मकवानपुर

### संविधानसभाका बारेमा जनचेतना

आमसञ्चारका माध्यमले मकवानपुरका मतदातामा संविधानसभाका बारे थोरबहुत जानकारी र चेतना वृद्धि गराएको थियो । यसले संविधानसभाको निर्वाचन देशको मूल कानुन बनाउने निर्वाचन हो भन्ने कुरा थाहा पाउनु पनि चेतनाको सूचकाङ्कका रूपमा लिन सकिन्छ । उनीहरूले यस निर्वाचनलाई समेत अन्य निर्वाचन जस्तै गरी लिएको कुरा प्रस्ट झल्कन्थ्यो तर पनि चैत्र २८ गतेका दिन मतदान कार्यमा भाग लिने कुरामा दुईमत नभएको पाइयो । यति हुँदाहुँदै पनि मकवानपुर जिल्लाको कूल मतदाता सङ्ख्या मध्येको ६१.१६ प्रतिशत मात्र मत खस्नुले यसमा पूर्ण सन्तोष गर्ने ठाउँ छैन । यद्यपि सभा, भेला, तथा न्यालीहरूले संविधानसभा निर्वाचनमा भाग लिन र देशको मूल कानुन बनाउनु पर्ने भन्ने कुरा मतदाताहरूमा चेतना जगाएको कारण माथि उल्लेख गरिए बमोजिम मत खस्न सकेको हो ।

### उम्मेदवारको मनोनयन र दर्ता प्रक्रिया

यस जिल्लामा ने.क.पा. माओवादी, नेपाली काङ्ग्रेस, ने.क.पा. एमाले, ने.क.पा. माले, ने.क.पा. संयुक्त, रा.प्र.पा. पार्टी र जनमोर्चा नेपालले मनोनयन दर्ता गरेका थिए । यी सबै पार्टीहरूले निर्वाचन आयोगले तोकेको समय अवधि भित्रै जिल्ला निर्वाचन कार्यालयमा आफ्नो उम्मेदवारको दर्ता गराएका थिए । मनोनयन दर्ताका क्रममा कुनै किसिमको अप्रिय घटनाहरु यस जिल्लामा घटेनन ।

### मतदाताहरूको स्तर र प्रतिबद्धता

मतदाताहरूको स्तर र प्रतिबद्धता संविधानसभा र यसको बुझाइमा भर पर्दछ । यस विषयमा मतदाताहरूको बुझाइ सामान्य रहेको थियो तर पनि पहिलेपहिलेका मतदाता भन्दा अहिलेका मतदाताको स्तर भने केही माथि उठेको पाइयो । यसका लागि आम सञ्चार माध्यम नै हो भन्नुपर्दा खास अत्युक्ति नहोला । यसका लागि विभिन्न सङ्घसंस्था र निर्वाचन आयोगको पनि विशेष भूमिका रहेको छ । मतदाताको प्रतिबद्धता भनेको देशको भविष्य निर्धारण गर्ने जुगौँमा एक पटक आएको संविधानसभा निर्वाचनमा भोट दिएरै भए पनि सहयोग गर्ने बूढाबूढी तथा सामान्य व्यक्तिहरूले समेत यो कुरा व्यक्त गरेका थिए ।

### मतदान केन्द्रको वातावरण

चैत्र २८ गते हुने मतदान कार्यका लागि जिल्ला निर्वाचन कार्यलयले ४ वटै निर्वाचन क्षेत्रका निर्वाचन अधिकृत, प्रमुख जिल्ला अधिकारी, जिल्ला प्रहरी कार्यालय प्रमुख तथा निर्वाचनमा भाग लिएका दलका प्रतिनिधि बैठक बसी आवश्यक बुँदामा छलफल गरी निर्णय गरेका थिए । निर्वाचन कार्यालयले सम्बन्धित कार्यका लागि मतदान केन्द्रहरूमा मतदान अधिकृत, स्वयंसेवक, तथा अन्य सहायक स्तरका कर्मचारीहरूको समेत व्यवस्था गरी सम्बन्धित केन्द्रमा २५ गतेदेखि नै खटाएको थियो । यो कार्य ठाउँअनुसार उनीहरु कार्यलयमा सम्पर्क गरी अनुकूल समयमा पुगेका थिए । मतदान केन्द्रका अधिकृतहरूले समेत आफ्नो क्षेत्रमा मतदान कार्यलाई व्यवस्थित, मर्यादित र भयरहित वातावरणको सृजना गर्ने कुरामा विचार पुऱ्याई दलका प्रतिनिधिहरूसँग बैठक बसी विभिन्न बुँदामा सहमति गराई उचित वातावरण सृजना गरी मतदान सम्पन्न भयो । मतदान केन्द्रको वातावरण प्रायः शान्त र भयरहित थियो ।

### आचारसंहिताको पालना

राजनीतिक दल, उम्मेदवार तथा कार्यकर्ता वा समर्थक व्यक्तिहरूबाट निर्वाचन प्रचार-प्रसारका क्रममा आचारसंहिता विपरीत छिटफुट घटनाबाहेक त्यस्तो कार्य भएको थिएन । निर्वाचन प्रचार-प्रसार सामग्री

तोकिएकै नापजोखमा भने पूर्ण रूपमा थिएनन् । ठाउँठाउँमा पोष्टरहरु टाँगिएको पाइन्थ्यो । नेकपा माओवादीको र अन्य दल नेकपा एमाले र कांग्रेसको पनि आमसभा, जुलुस, र्‍याली भने मर्यादित ढङ्गबाट नै भएको पाइयो । सवारी साधनको हकमा तोकिए बमोजिम नै प्रयोग भएका थिए भने प्रचार-प्रसारमा हिंडेका दलहरूको सवारी साधनमा प्रयोग भएका माइकको व्यवस्था भने आचारसंहिताभित्र कायम रहेको थिएन । छिटफुट हल्लाबाहेक डर, त्रास, लोभलालसा र धम्कीकै भरमा मतदान गराउन भने दलहरु प्रत्यक्ष रूपमा लागेका थिएनन् । प्रचारप्रसारका समयमा भन्दा मौन अवधि सुरू भएदेखि मनदानको दिनसम्म भने दलहरूले संयम अपनाएका थिए ।

## शान्ति-सुरक्षाको स्थिति

संविधानसभा सम्पन्न गर्नका लागि जिल्लाको समग्र सुरक्षा स्थिति संतोषजनक भए तापनि नियमित काम कारबाहीमा नियमितता तथा कार्यशैलीमा अनुगमनको आवश्यकता देखिन्थ्यो । जि.प्र.का.काअनुसार जिल्लाको सुरक्षा व्यवस्थालाई विशेष चनाखो अवस्थामा राख्नुका साथै मोबाइल टोलीहरूको सङ्ख्यात्मक वृद्धि गरिएको थियो । सवारी साधन नपुग्ने ठाउँको हकमा इलाका प्रहरी कार्यलयहरु, अस्थायी चेक पोस्टहरूमा विशेष निर्देशन तथा क्षमतामा अभिवृद्धि गरी कार्यसञ्चालन गरिएको थियो । नेपाल प्रहरीले स-शस्त्र प्रहरी बलसँगको सम्बन्धलाई पुनःताजगी गर्दै उनीहरूसँगको सहकार्यमा अभिवृद्धि गरेको थियो । यसैगरी म्यादी प्रहरीहरूको समेत व्यस्था गरी २१ गतेबाट यसको परिचालन गरिएको थियो । मतदान केन्द्रहरूमा पर्याप्त मात्रामा नभए पनि आवश्यक सुरक्षा संयन्त्रको व्यवस्था गरिएको थियो । समग्रमा मकवानपुर जिल्लामा शान्तिपूर्ण ढङ्गबाट निर्वाचन सम्पन्न भएको थियो ।

## राजनीतिक हिंसाको अवस्था र प्रकृति

पर्यवेक्षणका क्रममा यस जिल्लामा सुरुका अवस्थामा केही सामान्य घटनाका खबरहरु भए तापनि विभिन्न राजनीतिक पार्टीहरूले सञ्चालन गरेका चुनावी कार्यक्रममा कतै ने.क.पा माओवादी संलग्न व्यक्तिहरुद्धारा, कतै नेपाली कांग्रेस त कतै ने.क.पा. एमालेका कार्यकर्ताहरु पिटिएका छिटफुट घटनाबाहेक अन्य त्यस्ता जघन्य हिंसाको स्थिति नरहेको पाइयो । मतदानसम्मका दिनमा त सन्तोषजनक निर्वाचन सम्पन्न भएको थियो ।

## मतगणनाको अवस्था र प्रकृति

मतगणना कार्य सामान्य विवादका बीच हिंसारहित रूपमा शान्तिपूर्ण नै भई समाप्त भएको थियो । ■

# ४.१३ ललितपुर

## संविधानसभाका बारेमा जनचेतना

सहरी, शिक्षित र मध्यमवर्गीय मतदाताको बाहुल्य रहेको ललितपुर जिल्लामा टेलिभिजन, रेडियो, पत्रपत्रिका, एफ.एम. रेडियोको प्रत्यक्ष पहुँच भएकाले मतदाताको चेतनाको स्तर अत्यन्त उच्च श्रेणीको थियो । मतदाताको चेतनाको स्तरमा ललितपुर उच्च श्रेणीमा पर्दछ ।

## उम्मेदवारको मनोनयन र दर्ता प्रक्रिया

मनोनयन प्रक्रिया फागुन १३ गते निर्वाचन आयोगले तोकेअनुसार सम्पन्न भएको थियो ।

## मतदाताहरूको स्तर र प्रतिबद्धता

आठवर्षपछि मतदानमा सहभागी हुन पाउँदा मतदाता निकै उत्सुक थिए । पहिलो पल्ट मतदान गर्न पाउँदा युवा, विद्यार्थी निकै उत्साहित थिए । मतदान केन्द्रबाहिर स्थानीय व्यक्तिहरूको जमघट निकै देखिन्थ्यो । मतदाताहरू निर्वाचनप्रति पूर्ण प्रतिबद्ध थिए र मतदाताको स्तर उच्च थियो ।

## मतदान केन्द्रको वातावरण

मतदान केन्द्रमा कर्मचारी, सुरक्षाकर्मी, स्वयंसेवक, पर्यवेक्षकको व्यवस्था निर्वाचन आयोगले तोकेअनुसार थियो । सम्पूर्ण मतदान केन्द्रको वातावरण उत्साहपूर्ण थियो । खुल्ला र पर्याप्त स्थान भएको ठाउँमा मतदान केन्द्र राखिएको थियो । महिला, पुरूष छुट्टाछुट्टै पंक्तिबद्ध भएर मतदान गर्न प्रतीक्षारत थिए । तीनवटा निर्वाचन क्षेत्र रहेको यस जिल्लामा कुल २३५,३२८ मतदातामा जम्मा १५७,८९७ मत खसेको थियो, जसमा ५,२७५ मत बदर भएको थियो । यसले उपत्यकावासी पनि मतदान कार्यमा सक्षम हुन केही समय लाग्ने चित्र देखाउँदछ ।

## आचारसंहिताको पालन

अनुपस्थित हुनेको नाममा अर्कोले मतदान गर्ने, भित्तेलेखन लेख्ने, चुनावी ढोका निर्माण गर्ने जस्ता आचारसंहिता विपरीतका काम भएका थिए ।

## शान्तिसुरक्षाको अवस्था

राजधानी उपत्यकाका मतदाता स्वाभाविक रूपमा शान्तिप्रिय थिए । प्रहरीको उपस्थिति मनोवैज्ञानिक र साङ्केतिक थियो । विकास नै शान्ति हो भन्ने कुरा ललितपुरमा प्रतिबिम्बित थियो ।

## राजनीतिक हिंसाको अवस्था र प्रकृति

ललितपुरमा निर्वाचनजन्य कुनै हिंसा भएनन् । राजनीतिक दलहरूले आ–आफ्नो कार्यक्रम अनुसार प्रचार-प्रसार र सभा गरेका थिए । तर केही दक्षिणतर्फका गाविसमा नेकपा माओवादीले अन्य दलहरूलाई प्रचार-प्रसारमा रोक लगाएको पाइयो र निर्वाचनको दिनमा पनि अन्य दलका मतदाताहरूलाई गौडा छेक्ने काम गरी मतदान कार्यमा प्रभाव पारेको पाइयो ।

## मतगणनाको अवस्था र प्रकृति

मतगणना कार्य शान्तिपूर्वक एवम् समस्यारहित तवरले सम्पन्न भयो । ■

## ४.१४ काभ्रे

### संविधानसभाका बारेमा जनचेतना

राजधानीबाट नजिक रहेको र विगतमा राजधानी प्रवेश गर्नुपूर्व राजनीतिज्ञहरूको आश्रय स्थल रहेकाले काभ्रे जिल्लामा मतदाताहरूको चेतनाको स्तर उच्च रहेको थियो । राजनीतिक उथलपुथलका अनेकौं घटनामा प्रत्यक्ष सहभागी यस जिल्लाका मतदाताहरूको सचेतता उच्च श्रेणीको थियो । राजनीतिक सभा, सम्मेलन, गोष्ठी र न्यालीहरूमा सहभागी भएर श्रृङ्खलाबद्ध प्रक्रियाले मतदानको तहमा पुगेका मतदाताहरु राजनीतिक दलका कार्यकर्ता भन्दा सचेत पाइएको थियो । उच्च आत्मविश्वास मतदातामा पाइएको थियो भने उम्मेदवारहरु नयाँ अनुहारका र नयाँ खाले भएकाले नयाँ उत्साह पलाएको बताएका थिए ।

सबै खालका मतदाताहरु आ–आफ्ना पक्षका उम्मेदवारलाई जिताएर संविधानसभा सफल बनाउने प्रतिबद्ध थिए । कुटो कोदालो गर्ने किसानदेखि ज्यालामजदुरी गर्ने, शिक्षित, विद्वान्, समाजसेवी वकिल, कर्मचारीवर्ग लगायत सबै क्षेत्र आ–आफ्नो मताधिकार प्रयोगमा लागेका थिए ।

### उम्मेदवार मनोनयन र दर्ता प्रक्रिया

मनोनयन प्रक्रियामा कुनै समस्या देखिएन । निर्वाचन आयोगद्वारा तोकिएको प्रथम दिन फागुन १३ गते नै मनोनयन दर्ता गरिएको थियो । मनोनयन प्रक्रिया विवादरहित सम्पन्न भएको थियो ।

### मतदाताहरूको स्तर र प्रतिबद्धता

मतदातामा जनचेतनाको स्तर उच्च रहेको थियो । टेलिभिजन, रेडियो, पत्रपत्रिका, एफ.एम. संवाद र राजनीतिक दलका कार्यकर्ताहरूसँगको प्रत्यक्ष अन्तर्क्रिया नै जनचेतना वृद्धिको कारण हो । कृषि उत्पादन र तरकारी उत्पादनको प्रमुख केन्द्र भएको र राजधानीको बजारसँग प्रत्यक्ष सम्पर्क स्थापित भएकाले आर्थिक दृष्टिले सम्पन्न यहाँका मतदाताहरु आत्मनिर्भर छन् र राजनीतिक रूपमा प्रतिबद्ध थिए ।

### मतदान केन्द्रको वातावरण

मतदान केन्द्रमा मानवशक्ति जस्तै कर्मचारी, सुरक्षाकर्मी, स्वयंसेवक र कार्यकर्ताको प्रबन्ध सामान्यत सन्तोषजनक थियो । मतदान केन्द्रभित्र मतदाताहरूलाई कुनै प्रकारको डर, धम्की वा त्रास कहिंकतै कुनै पनि पक्षबाट दिइएको थिएन । मतदाताहरु संविधानसभाको निर्वाचनका दिन भन्दा धेरै पहिलेदेखि नै आफ्नो मानसिकता तयार गरेर बसेका थिए । खुल्ला चौर, स्कुल, गाविस भवन र सार्वजनिक स्थलमा मतदान केद्र स्थापना गरिएकाले पर्याप्त ठाउँ उपलब्ध थियो ।

### आचारसंहिताको पालना

आचारसंहिताको पालना मतदाता, स्वयंसेवक, पर्यवेक्षण कार्यकर्ता सबैले गरेका थिए । तसर्थ, कतै पनि निर्वाचन स्थगित गर्नुपरेन । पर्यवेक्षकहरूको पहुँच सुगम स्थान र मोटर बाटो पुगेको स्थानमा मात्र सीमित थियो । ठूला दलहरु माओवादी, एमाले काङ्ग्रेस बीचको त्रि–पक्षीय प्रतिस्पर्धाले आचारसंहिताको पालनामा प्रमुख भूमिका खेलेको थियो ।

### शान्ति–सुरक्षाको अवस्था

आवश्यकताअनुसार सुरक्षाकर्मीको परिचालन र प्रमुख ठूला दलहरूको निर्वाचनप्रतिको प्रतिबद्धताले गर्दा शान्ति–सुरक्षा प्रभावकारी थियो । नागरिक आफैंले सुरक्षित वातावरण तयार गर्नु पनि शान्ति–सुरक्षा कायम

हुनुको कारण थियो । कहीं पनि निर्वाचन स्थगित भएन र सुरक्षाको व्यवस्था स्वयं स्थापित भएको थियो ।

## राजनीतिक हिंसाको अवस्था र प्रकृति

निर्वाचनका दिनमा जिल्लामा सामान्य विवाद बाहेक राजनीतिक हिंसा भएनन् । क्षेत्र नं. १ को विर्ता देउराली र कात्तिके देउरालीको केही मतदान केन्द्रमा स्थानीय पार्टी प्रतिनिधिहरूका बीच विवाद भएर मतदान कार्य रोकिएको थियो । यस्तै क्षेत्र नं. १ का मेच्छे, कानपुर खार्चचोक, बुढारणवी गाविसका मतदान केन्द्रमा नेकपा माओवादीले एकपक्षीय रूपमा मतखसालेको चर्चा थियो ।

## मतगणनाको अवस्था र प्रकृति

चारवटा क्षेत्रको मतपेटिका सदरमुकाम आएपछि मतगणना भएको थियो पर्यवेक्षक र दलका प्रतिनिधिको उपस्थितिमा मतपेटिकालाई मतदान केन्द्र देखि गणना स्थलसम्म सुरक्षाकर्मीको अगुवाइमा लगिएको थियो । गणनास्थलमा व्यवस्था सरल र सुविधायुक्त थियो । ■

## ४.१५ धादिङ

### संविधानसभाका बारेमा जनचेतना

पहाडी जिल्ला भएर पनि संविधानसभा सदस्यको निर्वाचनमा मतदाताहरु धेरै टाढाटाढादेखि उत्साहित भएर मतदानमा सहभागी हुन आएका थिए । कतिपय मतदान केन्द्रहरुमा बिहान ४ बजेदेखि नै मतदाताहरु पंक्तिबद्ध भएर बसेका थिए । मतदाताहरूले संविधानसभाका बारेमा आफूलाई केही ज्ञान र चेतना भएको बताएका थिए ।

### उम्मेदवारको मनोनयन र दर्ता प्रक्रिया

संविधानसभा सदस्य निर्वाचन ऐनले निर्धारण गरे बमोजिम निर्वाचन आयोगले तोकेको समय तालिका र प्रक्रियाअनुसार नै यस जिल्लामा विभिन्न राजनीतिक दलहरूले आ-आफ्ना उम्मेदवारहरूको मनोनयन दर्ता गरे । उम्मेदवारी दर्ता गर्दा आ-आफ्ना कार्यकर्ताहरु बाजागाजा, नारा र जुलुससहित आएका थिए ।

### मतदाताहरूको स्तर र प्रतिबद्धता

जिल्लाका प्रायःजसो मतदाताहरु खेतीकिसानी पेशामा संलग्न भए पनि राजनीतिक हिसाबले सचेत र प्रतिबद्ध देखिन्थे ।

### मतदान केन्द्रको वातावरण

मतदानको प्रारम्भमा अधिकांश मतदाताहरूले मतदान केन्द्रको व्यवस्थापनबारे सकारात्मक कुरा नै व्यक्त गरेका थिए । निर्वाचन आयोगले खटाएका कर्मचारी, सुरक्षाकर्मी र स्वयंसेवकहरु परिचालित थिए । धेरैजसो मतदान केन्द्रहरुमा मतदातालाई व्यवस्थित रुपमा लाइनमा लगाइएको थियो । प्रायजसो मतदानकेन्द्रहरु विद्यालयभित्र र गाविस भवन तथा सार्वजनिक स्थलहरुमा बनाइएको थियो ।

### आचारसंहिताको पालना

आचारसंहिताको पालना गर्ने गराउने कार्यमा सबैको सहभागिता हुनुपर्ने भनेर जोड दिइएको थियो । तर पनि कतिपय ठाउँमा आचारसंहिता उल्लङ्घनका घटनाहरु भएका थिए ।

### शान्तिसुरक्षाको स्थिति

निर्वाचनको अवधिमा जिल्लाको शान्तिसुरक्षाको स्थिति फितलो थियो । जनपद प्रहरी, सशस्त्र प्रहरी, म्यादी प्रहरीबाट सुरक्षा व्यवस्था मिलाइएको थियो । जिल्लाको सुरक्षालाई थप व्यवस्थित गर्न मोवाइल सुरक्षा गस्तीको समेत व्यवस्था थियो ।

### राजनीतिक हिंसाको अवस्था र प्रकृति

निर्वाचन प्रचार/प्रसारको क्रममा विभिन्न राजनीतिक दलहरु बीच झडप भएको थियो । जिल्लाको बेदेनी गाविस वडा नं. ४ कोइलीखर्कमा चैत्र ७ गते माओवादी कार्यकर्ताहरूले अकस्मात एमालेका कार्यकर्तामाथि जाई लाग्दा एमालेका गाविस सचिव श्री कृष्णहरि श्रेष्ठसहित तीन जना र नेकपा (माओवादी) का मेघबहादुर वि.क. समेत घाइते भएका थिए ।

जिल्लाको बसेरी गाविसमा नेपाली काङ्ग्रेसका भक्तबहादुर लामा लगायतका कार्यकर्ताहरूलाई माओवादी कार्यकर्ताले आक्रमण गरी घाइते बनाएको प्रतिवेदन प्राप्त भएको छ ।

जीवनपुरमा चैत्र १२ गते नेकपा एमालेको कार्यक्रम स्थलमा केही व्यक्तिहरूले ढुङ्गा प्रहार गरेको कुरा प्रतिवेदनमा उल्लेख छ । घटनास्थलबाट एमालेका उम्मेदवार राजेन्द्र पाण्डेलाई सुरक्षाकर्मीहरूले सुरक्षा दिंदै अन्यत्र लैजानुपरेको थियो । यसका अतिरिक्त विभिन्न ठाउँमा कुटपिटका घटनाहरू भएका थिए ।

एमाले र नेपाली काङ्ग्रेस बीचको झडपमा खुँडा खुकुरी, तरबार, प्रदर्शन भएपछि चैत्र २६ गते जिल्ला सदरमुकाम धादिङबेसी बजारमा बिहान १० बजेदेखि दिनको २ बजेसम्म स्थानीय प्रशासनले स्थितिलाई नियन्त्रणमा लिन कर्फ्यु लगाएको थियो ।

चरौंदी (बुद्धी विकास प्रा.वि.) मा मतदान भई रहेको बेला मतदान प्रक्रियाबारे विवादमा माओवादीका कार्यकर्ताले नेपाली काँग्रेस र एमालेका प्रतिनिधिलाई समेत कुटपिट गर्दा करिव डेढ घण्टा वातावरण तनावपूर्ण रह्यो । माओवादी कार्यर्ताको पिटाईबाट विमल थपलिया, प्रदिप कँडेल, रामचन्द्र सिलवाल लगायतका मानिसहरू घाइते भएका थिए । काँग्रेस र एमालेका प्रतिनिधि नै नराखी फेरी मतदान भयो । तर त्यो मतदान आफूहरूलाई मान्य नभएको भनी नेकपा एमाले र नेपाली काँग्रेसले पुनः निर्वाचनका लागि माग गरेका थिए ।

धुसा गाविसको बिदाङ्ग (कालिका नि.मा.वि.) मा नेपाली काँग्रेस र एमालेका प्रतिनिधि नै राख्न नदिई माओवादीको मात्रै उपस्थितिमा निर्वाचन सम्पन्न भएकोले उक्त स्थानको चुनाव रद्द गरी पुनः मतदानका लागि नेपाली काँग्रेस र एमालेले निर्वाचन आयोग समक्ष निवेदन दिएका थिए ।

किरानचौकको थुम्की डाँडा प्रा.वि.मा पनि नेपाली काँग्रेस र एमाले लगायत अन्य कुनै पनि दलका प्रतिनिधि नराखी माओवादीको मात्रै उपस्थितिमा चुनाव गराएकोले अन्य पार्टीहरूले चुनाव दोहोर्‍याउने माग गरेका थिए ।

मतपेटिका जिल्ला सदरमुकाममा ल्याउने क्रममा चैत्र २९ गते बिहान तापाङबेसीमा नेपाली काङ्ग्रेसका कार्यकर्ताद्वारा झार्लाङ, लापा, सेर्तुङ र ती गाविसका केही बुथहरु तोडफोड गरिएको थियो । दार्खा, गुम्दी र सत्यदेवी गाविसका सबै मतपेटिकाहरु सुरक्षाकर्मीलाई बुझाई किनताङबेसीबाट खहरे बजारमा रहेको प्रहरी चौकीमा राखिएको थियो । तापाङबेसीमा मतपेटिका तोडफोड भएको भन्ने जानकारी प्राप्त भएपछि माओवादी कार्यकर्ताहरुले प्रहरी चौकीभित्र प्रवेश गरी सबै मतपेटिकाहरु बाहिर ल्याई जलाउने कार्य गरेकाले जिल्लाका ६ वटा गाविसका २७ मतदानकेन्द्रहरुमा २०६५ वैशाख ७ गते पुनः निर्वाचन भएको थियो ।

## मतगणनाको अवस्था र प्रकृति

मतगणना कार्य सुचारू रूपले सम्पन्न भएको पाइयो । ■

## ४.१६ सिन्धुपाल्चोक

### संविधानसभाका बारेमा जनचेतना

२८ चैत २०६४ का दिन भएको संविधानसभा सदस्य निर्वाचनको मतदान अपेक्षाकृत शान्तिपूर्वक सम्पन्न भयो । निर्वाचनका क्रममा जिल्लाको ७९ गाविसको तीन वटा निर्वाचन क्षेत्रअर्न्तगत ३२४ केन्द्रमा प्रत्यक्ष तथा समानुपातिकतर्फ मतदान भएका थिए । मतदानमा सबै सहभागी हुनुपर्छ भन्ने भावना मतदाताहरूमा जागेको पाइन्थ्यो । खासगरी पुरूषका तुलनामा महिला सहभागिहरु ज्यादै उत्सुक देखिन्थे ।

### उम्मेदवारको मनोनयन र दर्ता प्रक्रिया

उम्मेदवार दर्ताका दिन ने.क.पा. एमाले र ने.क.पा. माओवादीबीच दाहोरो भिडन्त भएको थियो । नारावाजी सहित निर्वाचन अधिकृतको कार्यालय अगाडि बसिरहेको माओवादी जुलुसमा नारावाजी गर्दै मनायन दाखिला गर्न आएको एमालेको जुलुस मिसिएपछि दिउँसो करिव १ बजे दुबै पक्षबीच भीडन्त भएको थियो । सो क्रममा दुवै तर्फका गरी १५ नेता, कार्यकर्ता सामान्य घाइते भएका थिए । नारा मार्फत एक अर्का विरूद्ध सुरू भएको घोचपेच अन्त्यमा झडपमा परिणत भएको थियो । दुबै दलका नेता र सुरक्षाकर्मीको प्रयासमा ४५ मिनेटपछि स्थिति नियन्त्रणमा आएको थियो ।

### मतदाताहरूको स्तर र प्रतिबद्धता

जिल्ला, क्षेत्रीय र गाउँस्तरका पर्यवेक्षकहरूले पर्यवेक्षण गरेका आधारमा यस जिल्लाको मतदाताहरूको स्तर र प्रतिबद्धता निकै माथि उठेको पाइयो । यसको पछाडि निर्वाचन कार्यालयबाट निर्वाचन पूर्व गरिनुपर्ने मतदाता शिक्षा, मतदानको निम्तो जस्ता कार्यक्रमले प्रभाव पारेको थियो ।

### मतदान केन्द्रको वातावरण

तीन वटा निर्वाचन क्षेत्रको ३२४ केन्द्रमा निर्वाचन गराउन १,९१८ कर्मचारी परिचालन गरिएको थियो । प्रत्येक केन्द्रमा ६ देखि ९ जना कर्मचारी खटिएका थिए भने ३ देखि ६ जना स्वयम्सेवकको व्यवस्था गरिएको थियो ।

निर्वाचनको दिन मतदाताले ढुक्क भएर मतदान गर्ने भन्दा पनि एकै व्यक्तिले एकै पटक ठाउँ-ठाउँमा १२-१५ पटकसम्म फर्जी मत हालेको देखियो । मतदानमा ९/१० वर्षका बालक पनि मतदान गर्न लामबद्ध भएका थिए । निर्वाचन वैधानिक रूपमा शान्तिपूर्ण भएको देखिए तापनि वैध कब्जाको ढङ्गमा चुनाव सम्पन्न भएको थियो ।

### आचारसंहिताको पालना

समग्रमा निर्वाचन शान्तिपूर्ण भएको देखिए पनि भय र त्रासका बीच माओवादी बाहेक अन्य दलका मतदान केन्द्र प्रतिनिधि, निर्वाचनमा खटिएका कर्मचारी-प्रहरी र पर्यवेक्षक बोल्नसक्ने अवस्था थिएन । मतदानका क्रममा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय पर्यवेक्षकले निर्वाचनको पर्यवेक्षण गर्दा मतदान शान्तिपूर्ण भएको देखिए पनि मुर्दा शान्तिका रूपमा निर्वाचन भएको थियो । मतदानको दुई दिनअघिदेखि राजनीतिक दलका कार्यकर्ता, नेता तथा समर्थक मतदातालाई माओवादीले धम्की दिएको पाइयो ।

## शान्ति-सुरक्षाको स्थिति

जिल्लामा निर्वाचनको सुरक्षाका लागि तीन वटै निर्वाचन क्षेत्रमा जनपद ६७५, म्यादी ७१२ र सशस्त्र प्रहरी २५० समेत गरी १,६३७ सुरक्षाकर्मी परिचालित थिए । प्रत्येक मतदान केन्द्रमा ३ देखि ६ जना सुरक्षाकर्मी खटिएका थिए । तर यतिमै सुरक्षा प्रबन्ध पर्याप्त थिएन । निर्वाचन माओवादी पक्षको प्रभाव भित्रको भए पनि निष्पक्ष थियो ।

## राजनीतिक हिंसाको अवस्था र प्रकृति

निर्वाचन क्षेत्र नं. ३ को शिखरपुर गाविसका सबै केन्द्रमा पनि एकलौटी गरी माओवादी कार्यकर्ताले मत खसालेका थिए । सोही क्षेत्रको भोटेनाम्लाङ मा.वि. क र ख केन्द्रमा मतदान सुरू हुने वित्तिकै माओवादीले मतपेटिकामा लातीले हानेर फ्याँकी अशान्ति मचाएर अरू दलका प्रतिनिधिलाई मुचुल्कामा सही गर्न लगाई एकतर्फी मत खसालेका थिए । माओवादीले सो क्षेत्रमा रा.प्र.पा. उम्मेदवार पशुपति शम्शेर राणालाई इलाका नम्बर १२ अन्तर्गत सोही केन्द्र तथा थाङपालधाप, गुन्सा, भोटेनाम्लाङ, थाङपालकोट, भोताङ लगायत गाविसमा मतदान केन्द्र निरीक्षण गर्न जाने क्रममा रोक लगाइएको थियो ।

## मतगणनाको अवस्था र प्रकृति

यस जिल्लामा मतगणना कार्य सुचारू रूपले समयमा भएको पाइयो । मतगणनाको क्रममा पालो मिलाएर पर्यवेक्षक र पत्रकारहरूलाई मतगणना स्थलभित्र आवतजावत गर्नेगरी प्रबन्ध मिलाइएको थियो । समग्रमा मतगणना कार्य शान्तिपूर्ण सम्पन्न भएको थियो । ■

## ४.१७ नुवाकोट

### संविधानसभाका बारेमा जनचेतना

नुवाकोट जिल्लामा विभिन्न राजनीतिक दलका नेता तथा कार्यकर्ताहरूले मतदातालाई आ–आफ्ना पक्षमा पार्नका लागि छलफल, अन्तरक्रिया, सभा, सम्मेलन, भाषण आदि कार्यक्रम सञ्चालन गरेकाले मतदाताहरूमा जनचेतना अभिवृद्धि भएको थियो । दुर्गम गाउँका दलित, आदिवासी र जनजातिहरु भने संविधानसभाका बारेमा गहिराइमा नपुगे पनि भोट खसाल्ने कुरामा जनचेतना वृद्धि भएको थियो ।

### उम्मेदवारको मनोनयन र दर्ता प्रक्रिया

विभिन्न राजनीतिक दलका तर्फबाट उम्मेदवारी दिएका र स्वतन्त्र उम्मेदवारहरूले निर्वाचन आयोगले निर्धारण गरेका प्रक्रिया बमोजिम आ–आफ्ना दलका कार्यकर्ताहरु समेतको जुलुससहित सम्बन्धित निर्वाचन कार्यालयमा गई आ–आफ्ना नाम दर्ता गरेका थिए ।

### मतदाताहरूको स्तर र प्रतिबद्धता

यथार्थ रूपमा भन्नुपर्दा पार्टीहरूले संविधानसभा बारे जनतामा राम्रोसँग सूसुचित नगराएको हुँदा १० प्रतिशत जनताहरूमा आत्मविश्वास राखेर चुनावलाई महत्व दिएको पाइएन भने पार्टीका खास मतदाता बाहेक मध्यस्थ मतदाताहरूले सबै पार्टीको संविधानसभामा प्रतिनिधित्व होस् भन्ने राखेको पाइयो ।

### मतदान केन्द्रको वातावरण

मतदानकेन्द्र र उपकेन्द्र विगतको निर्वाचनमा भन्दा बढी भएको कारणले र प्रत्येक मतदानकेन्द्रमा ११५० जनामात्र मतदाता हुनेभएको हुँदा मतदान कार्य सरल र सुलभ हुनगयो । मतदान केन्द्रमा पर्यवेक्षकहरूलाई सहज प्रवेश दिइएको थिएन । अन्तर्राष्ट्रिय पर्यवेक्षकहरु केही मात्रामा मात्र रहेको हुँदा सबै स्थानको वास्तविक अवस्थाको चित्रण गर्ननसकेको अवस्था देखियो ।

### आचारसंहिताको पालना

क्षेत्र नं. २ को मतदानकेन्द्रमा मतदान अधिकृतको हस्ताक्षर विनाका मतपत्र पाइएका थिए । सबै मतदान केन्द्रमा दलीय प्रतिनिधिको उपस्थिति थिएन । मतदाता सूचीमा नाम नहुनेले पनि मतदान गरेको थिए । मतदानपछि औंलामा लगाउने मसी राम्रोसँग लगाइएको थिएन ।

### शान्ति–सुरक्षाको स्थिति

निर्वाचन स्थलहरूमा सुरक्षाकर्मीहरूको उपस्थिति पर्याप्त नभए तापनि ७ दल र मतदाताहरूको समझदारी र सचेतताको कारणबाट विगत समयको निर्वाचनको तुलनामा अधिकतम सुरक्षाको अनुभूति मतदाता, उम्मेदवार, निर्वाचन गराउन जाने कर्मचारीहरूले गरेका थिए । निर्वाचन क्षेत्र नं. १ को मदानपुर गाविस अन्तर्गत गाविस भवन केन्द्र "क, ख, ग, घ र ङ" मा मतदान कार्यमा बाधा अवारोध सृजना भई मतदान स्थगित भएको थियो । उक्त निर्वाचन वैशाख ५ गते सम्पन्न भएको थियो । मतपेटिका मतदान अधिकृत र सुरक्षाकर्मीको साथ ल्याइएको थिएन । मतपेटिका सिलहरु टुटेका थिए ।

### राजनीतिक हिंसाको अवस्था र प्रकृति

जिल्लामा अवस्थित २७६ निर्वाचन केन्द्रमध्ये क्षेत्र नं. १ मदानपुर गाविस अन्तर्गत वडा नं. ८ र ९ गाविस भवन क, ख, ग, घ र ङ केन्द्रमा नेपाली काङ्ग्रेसका तर्फबाट मतपेटिका फालेपछि एकआपसमा झडप

भएको थियो । उक्त मतदान केन्द्रहरूको निर्वाचन स्थगित भएपछि पुनः २०६५।१।५ गते शान्तिपूर्वक निर्वाचन सम्पन्न भएको थियो ।

## मतगणनाको अवस्था र प्रकृति

सम्पूर्ण मतदान केन्द्रबाट मतपेटिकाहरु सदरमुकाममा ल्याइसकेपछि सबै राजनीतिक दलका प्रतिनिधिहरूको रोहबरमा मतगणना कार्य शुरू गरिएको थियो । मतगणना गर्दा परिणाम बाहिर आउन थालेपछि उम्मेदवार र स्वयंसेवकहरु मतगणनामा निष्कृय हुने गरेको पनि पाइयो । ■

# ४.१८ तनहुँ

## संविधानसभाका बारेमा जनचेतना

यस जिल्लामा छापा तथा विद्युतीय सञ्चार माध्यम र निर्वाचन आयोगको चेतना जगाउने कार्यले चेतनको स्तरमा वृद्धि भएको थियो । स्वस्तिक छाप लगाउने ठाउँमा ल्याप्चे लगाउनु, दुई छुट्टाछुट्टै मतपत्रमा छाप लगाउनु पर्नेमा पनि एउटै मतपत्रको दुई चिन्हमा स्वस्तिक छाप लगाउनुले जनचेतनामा कमी भएको बुझिएको छ । मतदाताको चेतनाको स्तर मिश्रित प्रकारको थियो ।

## उम्मेदवारको मनोनयन र दर्ता प्रक्रिया

तनहुँ जिल्लाका ३ वटै निर्वाचन क्षेत्रका राजनीतिक दलहरूले विभिन्न नारा र बाजागाजासहित बजार परिक्रमा गरी आ-आफ्ना निर्वाचन क्षेत्रका निर्वाचन अधिकृतको कार्यालयमा गएर आ-आफ्ना पार्टीका तर्फबाट उम्मेदवारहरूको नाम दर्ता गराएका थिए । केही स्वतन्त्र उम्मेदवाहरूले पनि आफ्नो नाम दर्ता गराएका थिए । निर्वाचन अधिकृतको कार्यालयले सर्वदलीय बैठक राखी सहमतिमा उम्मेदवारको मनोनयन दर्ताका लागि १/१ घण्टाको समय निर्धारण गरी सोही मुताबिक मनोनयन र दर्ता प्रक्रिया सञ्चालन गरिएको थियो ।

## मतदाताहरूको स्तर र प्रतिबद्धता

चेतनाको स्तर मिश्रित भएकाले मतदान गर्नुको अर्थ र महत्व कम बुझेको कारणले निर्वाचनप्रति प्रतिबद्ध मतदाता कम थिए । विभिन्न दलहरूको घोषणापत्र पढेर मतदान गर्ने मतदाता कम पाइयो तापनि मतदाताहरूमा शान्तिप्रतिको मोह अगाध थियो ।

## मतदान केन्द्रको वातावरण

संविधानसभा निर्वाचनका लागि जिल्ला निर्वाचन कार्यालयबाट खटिएका कर्मचारीहरु आ-आफ्नो तालिम लिई चैत्र २५ देखि २६ गतेसम्म आ-आफ्नो मतदान केन्द्रमा सम्पूर्ण आवश्यक सामग्री र सुरक्षाकर्मीका साथ पुगेका थिए । सम्पूर्ण मतदान केन्द्रमा सर्वदलीय बैठक राखी निर्वाचनलाई स्वच्छ, निश्पक्ष, भयरहित बनाउन केही बुँदाहरूमा सहमति भएको थियो । केही मतदान केन्द्रहरु साँघुरो हुनुका साथै पायक पर्ने ठाउँमा समेत नभएको गुनासो थियो । समग्रमा भन्नुपर्दा मतदान केन्द्रको वातावरण अपेक्षा गरेको भन्दा राम्रो नै थियो ।

## आचारसंहिताको पालना

आचारसंहिताको पालनाका सन्दर्भमा राजनीतिक दलहरु संयुक्त बैठकमा उपस्थित भई सामूहिक प्रतिबद्धता जनाएका थिए र गाविसस्तरमा समेत सर्वदलीय सहमति गरी आचारसंहिता पालन गर्न प्रतिबद्ध थिए ।

नागरिक समाज, निर्वाचन आयोग, सरकार र पर्यवेक्षण गर्ने संस्था एवम् पर्यवेक्षकहरु स्वयंले पनि आचारसंहिता पालना गर्ने, गराउने कार्यमा सहयोग गरेका थिए । पर्यवेक्षण गर्ने कार्यमा खटिएका पर्यवेक्षकहरु धेरै भएका र स्थानीय पर्यवेक्षक परिचालन गर्दा केही ठाउँमा आग्रह पूर्वाग्रह रहेको तथा पर्यवेक्षकलाई समेत पहिलो अनुभव भएको हुँदा केही नयाँ पर्यवेक्षकले आचारसंहिताको ख्याल नगर्दा पर्यवेक्षक समेत आचारसंहिताबाट वञ्चित हुनपुगेका थिए ।

## शान्तिसुरक्षाको स्थिति

निर्वाचन प्रचार-प्रसारको क्रममा क्षेत्र नं. १ को केही गाउँहरूमा झडपको स्थिति आई घाइतेसम्म भएका र क्षेत्र नं. २ र ३ मा त्यस्ता कुनै अप्रिय घटना नभएकाले ३ वटै निर्वाचन क्षेत्रका केही गाउँहरूमा जिम्मेवार दलबाट मानसिक रूपमा मतदाताहरूलाई आफ्नो पक्षमा घोट नहालेमा कारबाही गरिने र निर्वाचन पछि दुःख दिने जस्ता कुरा मतदाताहरूले गरेका थिए । शान्ति-सुरक्षाको स्थिति कायम गराउन संयुक्त रूपमा सुरक्षाफौज परिचालन गरिएको थियो ।

## राजनीतिक हिंसाको अवस्था र प्रकृति

विभिन्न राजनीतिक दलहरूबाट निर्वाचनको सिलसिलामा पूर्ण केही ठाउँमा अवरोध सृजना भई घाइते भएका थिए तापनि समष्टिगत रूपमा राजनीतिक दलहरूको समझदारीले निर्वाचन शान्तिपूर्वक सम्पन्न भएको थियो ।

## मतगणनाको अवस्था र प्रकृति

चैत्र २९ गते दिउँसो १.३० बजेदेखि ३ वटै निर्वाचन क्षेत्रका निर्वाचन अधिकृतको कार्यालयमा छुट्टाछुट्टै प्रत्यक्ष निर्वाचनको मतगणना दुई वा दुई भन्दा बढी मतदान केन्द्रको मतपेटिका मिसाई मतगणना कार्य सुरू गरिएको थियो । मतगणना सुरू गर्नु भन्दा अगाडि उम्मेदवार तथा राजनीतिक दलका प्रतिनिधिहरु समेत राखी मतगणना कार्यको कार्यविधि आदिबारे सम्बन्धित निर्वाचन अधिकृतबाट जानकारी गराई सहमतिका आधारमा पर्यवेक्षक, पत्रकार आदिको रोहवरमा मतगणना प्रारम्भ गरिएको थियो । त्यसरी नै समानुपातिकको मतगणना पहिलो हुने निर्वाचित हुने प्रणालीको मतगणना सकिएपछि सुरू गरिएको थियो । समग्रमा मतगणनाको अवस्था वा प्रक्रिया व्यवस्थित नै थियो ।

## मतगणनाको अवस्था र प्रकृति

सम्पूर्ण मतपेटिका प्राप्त भई सकेपछि मिति २०६४।१२।२९ गते दिउँसो १.३० बजेदेखि ३ वटै निर्वाचन क्षेत्रका निर्वाचन अधिकृतका कार्यालयमा छुट्टा-छुट्टै प्रत्यक्ष निर्वाच्नको मतगणना २ वटा २ भन्दा बढी मतदान केन्द्रको मतपेटिका मिसाई मतगणना कार्य शुरू गरिएको थियो । सम्बन्धित निर्वाचन अधिकृतबाट मतगणना सम्बन्धी जानकारी गराई सहमतिका साथ पर्यवेक्षक, पत्रकार र राजनीतिक दलका प्रतिनिधिका रोहवरमा मतगणना प्रारम्भ गरिएको थियो । ■

## ४.१९ गोरखा

### संविधानसभाका बारेमा जनचेतना

संविधानसभा सदस्य निर्वाचन व्यवस्थित, निष्पक्ष र शान्तिपूर्वक सम्पन्न गर्न जनताको सहभागिता अत्यन्तै महत्व हुन्छ । संविधानसभा सदस्य निर्वाचनका बारेमा गोरखा जिल्लामा पनि आम मतदाताहरूमा चेतना उच्च रहेको थियो ।

### उम्मेदवारको मनोनयन र दर्ता प्रक्रिया

संविधानसभा सदस्य निर्वाचनका लागि निर्वाचन आयोगले निर्धारण गरेको प्रक्रिया बमोजिम नै यस जिल्लामा पनि विभिन्न राजनीतिक दलहरूले उम्मेदवारी मनोनयन र संविधानसभा सदस्य ऐनअनुसार उम्मेदवारी दर्ता गरेका थिए ।

### मतदाताहरूको स्तर र प्रतिबद्धता

मतदाताहरूले स्वतःस्फूर्त रूपमा संविधानसभा सदस्यको निर्वाचनमा भाग लिएका थिए । मतदानका लागि चर्को घामको पर्वाह नगरी लाइनमा बसी मतदान गरेका थिए । मतदाताहरू आफ्नो मतको प्रयोग गर्न दृढ निश्चयी भएका थिए । आफूले रोजेको उम्मेदवार र राजनीतिक दललाई मतदान गर्न मतदाताहरू उत्सुक र प्रतिबद्ध थिए ।

### मतदान केन्द्रको वातावरण

जिल्लाका अधिकांश मतदान केन्द्रहरू विद्यालयमा राखिएका थिए । विद्यालयको प्राङ्गण फराकिलो भएकाले मतदाताहरूलाई आवतजावत गर्न कुनै किसिमको बाधा अवरोध एवम् अप्ठेरो भएको थिएन । विद्यालयका शिक्षक, निजामती वा अर्धसरकारी संस्थानका कर्मचारीहरू मतदान अधिकृतका रूपमा र अन्य सहायक कर्मचारीका रूपमा परिचालित थिए ।

### आचारसंहिताको पालना

गोरखा जिल्लामा विभिन्न राजनीतिक दलहरूले आफ्ना उम्मेदवारलाई निर्वाचनमा विजयी गराउन पहल गरेका थिए भने निर्वाचनको क्रममा खासै कुनै राजनीतिक दल एवम् अन्य सम्बद्ध पक्षबाट आचारसंहिता उल्लङ्घनका छिटफुट घटनाहरू भएका थिए ।

### शान्तिसुरक्षाको स्थिति

निर्वाचन आयोगले सुरक्षा निकायसँग परामर्श गरी निर्धारण गरेका सुरक्षाकर्मीहरू र म्यादी प्रहरीहरू संविधानसभा सदस्य निर्वाचनको सुरक्षाका लागि खटिएका थिए । जिल्ला सदरमुकामदेखि ग्रामीण स्तरसम्म सुरक्षा व्यवस्थाको प्रबन्ध राम्रोसँग मिलाइएको थियो । समग्रमा गोरखा जिल्लामा संविधानसभा सदस्य निर्वाचन शान्तिपूर्ण रूपमा सम्पन्न भएको थियो ।

### राजनीतिक हिंसाको अवस्था र प्रकृति

जनपद र सशस्त्र प्रहरीको भूमिका स्पष्ट गरी सुरक्षा बेसक्याम्प खडा गरी जिल्लाभरको सुरक्षा स्थिति मजबुत बनाइएको थियो । विभिन्न राजनीतिक दलहरू एकआपसमा प्रतिस्पर्धी भए पनि द्वन्द्वका घटनाहरू घटेका थिएनन् । बेसक्याम्प खडा गरी सुरक्षा व्यवस्थित गरिएकाले सानातिना गुनासाबाहेक राजनीतिक हिंसा भएन । यस जिल्लाको क्षेत्र नं. ३ को उत्तरी दुर्गम गाविसमा माओवादीका कार्यकर्ताले नेपाली

काङ्ग्रेसका कार्यकर्ताको मतदान केन्द्र प्रतिनिधिहरूको परिचयपत्र खोसिएको च्यातिदिए । प्रशासनबाट सर्वदलीय बैठक आयोजना गरी छलफल गर्दा बैठकमा नेकपा (माओवादी) ले सो आरोप अस्वीकार गरेका थिए ।

## मतगणनाको अवस्था र प्रकृति

यस जिल्लामा निर्वाचन शान्तिपूर्वक सम्पन्न भयो । निर्वाचन सम्पन्न भएपछि नेपाली काङ्ग्रेस, एमाले र राप्रपाले क्षेत्र नं. १ र २ का केही मतदान केन्द्रमा धाँधली भएको भन्दै मतगणना नगर्न आग्रह गरी निर्वाचन आयोगमा निवेदन दिइएका थिए । उजुरी परेका मतदान केन्द्रका मतदान अधिकृतसँग स्पटीकरण लिने, सुरक्षा प्रमुखसँग स्पष्टीकरण लिइयो । उजुरी परेका मतदान केन्द्रहरूमा विधिसम्मत रूपले निर्वाचन कार्य सम्पन्न भएको ठहर गरी निर्वाचन कार्यालयबाट सर्वदलीय बैठक बोलाई मतगणना गरियो । मतगणना निर्देशिका अनुसार मुचुल्का तयार गरी सिल नं. रूजु गरी उम्मेदवारका प्रतिनिधिको रोहवरमा मतपत्र खन्याई घोप्टोपारी गणना गरी सदर र बदर छुट्टयाई गणना गरिएको थियो । गणनास्थलमा पत्रकार, स्वदेशी तथा विदेशी पर्यवेक्षकहरूलाई निरीक्षणका लागि अनुमति दिइएको थियो । गोरखा जिल्लाको निर्वाचन क्षेत्र नं. २ मा कुल मतदाता ८५,२४३ मा विजय हुने उम्मेदवार डा. बाबुराम भट्टराईले ४६,२७२ मत प्राप्त गरेको छ । जहाँ २.४७ प्रतिशत मत मात्र मतपत्र बदर भएको छ जसले गर्दा गोरखा जस्तो दुर्गम स्थानमा पनि मतदाताहरू सजग र प्रतिवद्ध देखिन्छ । जहाँ निकतम प्रतिद्वन्द्वी श्री चन्द्रप्रसाद न्यौपानेले जम्मा ६१४३ मत पाउन सफल भएको थियो । ■

## ४.२० स्याङ्जा

### संविधानसभाका बारेमा जनचेतना

संविधानसभा निर्वाचन २०६४ मा पहिलो पटक भाग लिने उच्च शिक्षा हासिल गरेका नयाँ पिंढीका युवा वर्गका लागि महत्वपूर्ण कुरा थियो । अशिक्षित प्रौढ र वृद्ध अवस्थाका विगतका धेरै निर्वाचनहरूमा मतदान गरिसकेका व्यक्तिलाई भने अलि फरक तथा जटिल लाग्न गएको महसुस भएको थियो । निर्वाचन आयोग, विभिन्न सङ्घसंस्था, क्लबहरूबाट कसरी मतदान गर्ने भनी मतपत्रको पहिचान, निर्वाचनको महत्वबारे जनचेतना जगाउने कार्यक्रमहरू सञ्चालन गरिएका थिए । निर्वाचन परिणाममा देखिएको बदर मतको सङ्ख्याले निर्वाचनमा मतदाताहरूमा पर्याप्त ज्ञानको अभाव रहेको सङ्केत गर्दछ । एउटै मतपत्रमा दुइवटा चिन्हमा गरिएको सङ्केत, स्वस्तिक छापको सट्टामा ल्याप्चे सही, मत सङ्केत नै नगरिएको मतपत्र, दुइवटा चिन्हको बीचमा गरिएको मतसङ्केत लगायतका गलत ढङ्गले गरिएका मत सङ्केतका आधारमा यस निर्वाचनका बारेमा जनचेतना ज्यादै कम छ भन्नसकिन्छ । विगतका निर्वाचनमा भाग लिएका मतदाताहरूलाई २ वटा भोट दिन पाइन्छ भन्ने जानकारी भए पनि के-कस्तो विधि र प्रक्रिया पुऱ्याएर मतदान गर्नुपर्ने हो सो को जानकारी स्वयं पर्यवेक्षकले मतदान केन्द्रमा उपस्थित भएर अवलोकन गरेको बताएका थिए । कुनै मतदाता एउटा मात्र मतपत्र (प्रत्यक्ष) मा मतदान गरी बाहिरिएको पाइयो । त्यस्ता मतदाताले एउटै मतपत्रका दुइवटा चिन्हमा मतदान गरेको सहजै अनुमान गर्न सकिन्थ्यो ।

सामान्य साक्षर र उच्च शिक्षा अध्ययन गरेका वर्गलाई सामान्य पत्रपत्रिका र सञ्चार माध्यमबाट दिइएको जानकारीका आधारमा संविधानसभा निर्वाचनबारेमा बुझेका थिए । निरक्षर र उमेर ढल्केका वृद्धहरूलाई यस बारेमा सोद्धा भोट हाल्ने बारेमा मात्र थाहा छ, अरु थाहा नभएको बताएका थिए । प्रत्यक्ष र समानुपातिक भन्ने शब्दै नबुझेको भन्ने जवाफ पनि प्राप्त हुन आएको थियो । निर्वाचन क्षेत्र नं.१ मा २३३३ (४.४३%), २ मा २४७१ (५.११%) र ३ मा २१४४ (४.०८५%) मत बदर भएबाट पनि यस जिल्लामा मतदाताहरूको चेतनाको स्तर कम रहेको कुराको पुष्टि गर्दछ । समग्रमा चेतनाको स्तर मध्यम खालको थियो ।

### उम्मेदवारको मनोनयन र दर्ता प्रक्रिया

स्याङ्जा जिल्लामा संविधानसभा सदस्य निर्वाचनका लागि राजनीतिक दलहरूले आ–आफ्ना क्षेत्रबाट उम्मेदवारहरूलाई मनोनयन गरी निर्वाचन आयोगले तोकेको म्यादभित्र सम्बन्धित निर्वाचन अधिकृतको कार्यालयमा उम्मेदवारको मनोनयन दर्ता गरिएका थिए । विगतका निर्वाचनहरूमा भाग लिने राजनीतिक दलको रूपमा रहेका नेपाली काङ्ग्रेस, एमाले रा.प्र.पा. लगायत ने.क.पा. माओवादीले मुख्य राजनीतिक दलका रूपमा निर्वाचनमा भाग लिएका थिए । निर्वाचन अधिकृतको कार्यालयमा उम्मेदवारी दर्ता गर्ने अन्य दलहरूमा क्षेत्र नं. १ मा यी पार्टीबाहेक राष्ट्रिय जनशक्ति पार्टी, राष्ट्रिय जनमोर्चा, राष्ट्रिय जनमुक्ति पार्टी, रा.प्र.पा. नेपाल, ने.क.पा.एकीकृत, ने.क.पा.संयुक्त, नवजनवादी मोर्चा लगायतका ११ दलले उम्मेदवारी दर्ता गराए भने क्षेत्र नं. २ मा सो दलहरूका अतिरिक्त ने.क.पा.(माले), जनमोर्चा नेपाल, ने.क.पा. (संयुक्त मार्क्सवादी) समेत १४ दलले मनोनयन दर्ता गरे । त्यस्तै क्षेत्र नं. ३ मा क्षेत्र नं. २ का १४ दलमध्येका ने.क.पा. (माले), जनमोर्चा नेपाल, ने.क.पा. (संयुक्त मार्क्सवादी) नवजनवादी मोर्चाबाहेकका अन्य १० दलले उम्मेदवारी दर्ता गरेका थिए । नेपाली काङ्ग्रेस, ने.क.पा. एमाले, र ने.क.पा.(माओवादी) का उम्मेदवारहरू कार्यकर्ता सहित नाराजुलुस गर्दै उम्मेदवारी दर्ता गर्न आएको देखियो भने अन्य दलका उम्मेदवार वा आफ्नो प्रतिनिधिलाई पठाई प्रस्तावक र समर्थकहरू मात्र भई उम्मेदवारी दर्ता गराए । निर्वाचन आयोगले तोकेको समयावधि र ढाँचामा मनोनयन दर्ताका कार्यहरू भए कुनै किसिमको विवाद र खिचलो हुन पाएन ।

## मतदाताहरूको स्तर र प्रतिबद्धता

राजनीतिक दलहरूलाई चुनावमा जिताएर पठाए पनि आफ्नो दैनिक जीवनमा कुनै उत्थान नभएको र झन् देशमा फैलिएको अस्थिरता, हत्या र हिंसाको राजनीतिले आक्रान्त भएका जनताहरूले राजनीतिलाई नै घृणा गरिरहेको स्थितिमा आन्दोलनपश्चात् आएको परिवर्तनका बारेमा पनि त्यति जानकारी नभएको देखियो । कतिपय मतदाताले यो निर्वाचन संविधान बनाउने सभासद्को निर्वाचन हो भन्ने समेत जानकारी नभएको कारणले आफ्नो गाउँघरमा बाटोघाटो बनाइदिने र विकासको कार्यक्रम सञ्चालन गर्ने उम्मेद्वार वा दललाई मत दिने भन्ने धारणा राखेका थिए ।

## मतदान केन्द्रको वातावरण

यस जिल्लामा निर्वाचन अधिकृतको कार्यालयबाट ३ वटै क्षेत्रमा सम्भव भएसम्म सबै गाउँ र स्थानका मतदाताहरूलाई पायकपर्ने स्थानमा मतदान केन्द्रको व्यवस्था गरिएको थियो । निर्वाचन आयोगबाट तोकिएको समयमा निर्वाचन अधिकृतहरूद्वारा स्थलगत निरीक्षण गरी मतदान केन्द्र तोकी सूचना प्रकाशित गरिएको थियो । तोकिएको मतदान केन्द्र पायकपर्ने ठाउँमा नभएको भनी कुनैकुनै ठाउँबाट मतदान केन्द्र हेरफेर गर्नुपर्ने भनी स्थानीय राजनीतिक दलका प्रतिनिधि तथा नागरिक समाजको सुझावअनुसार मतदान केन्द्रको हेरफेर गरिएको थियो ।

निर्वाचनलाई व्यवस्थित ढङ्गबाट सञ्चालन गर्न सकियोस् भन्ने हेतुले मतदाताको सङ्ख्याको आधारमा मतदान केन्द्र तोकिएको थियो । मुलुककै सबै भन्दा बढी मतदान केन्द्र भएको यस स्याङ्जा जिल्लाको क्षेत्र न. १ मा १३१ मतदान केन्द्र थिए भने क्षेत्र नं. २ मा १२२ र ३ मा ११४ मतदान केन्द्रको व्यवस्था गरिएको थियो । अस्थायी मतदान केन्द्रको रूपमा जिल्ला सदरमुकामको कर्मचारी मिलन केन्द्र, सेनाको गुल्म र कारागार समेतमा गरी ३ ठाउँमा मतदान केन्द्रको व्यवस्था गरिएको थियो । यसरी सुव्यवस्थित तरिकाले मतदान केन्द्रको व्यवस्था गरिएबाट मतदानको दिन मतदान केन्द्रको कारणले कुनै व्यवधान खडा भएन । मतदानको कार्यलाई सहज र प्रभावकारी बनाउन पर्याप्त जनशक्तिको रूपमा प्रत्येक केन्द्रमा मतदान अधिकृत, सहायक मतदान अधिकृत, सहायक कर्मचारी, पियन, स्वयंसेवक कर्मचारीहरूको व्यवस्था गरिएको थियो । त्यस्तै आवश्यक सङ्ख्यामा सुरक्षाकर्मीको रूपमा जनपद, सशस्त्र र म्यादी प्रहरीहरूको पनि व्यवस्था गरिएको थियो ।

## आचारसंहिताको पालना

आचारसंहिताको उल्लङ्घन गर्ने दलमा ने.क.पा.(माओवादी) नै अगाडि देखियो । सो दलबाट भएका भित्तेलेखन मतदानको दिनसम्म नमेटिएको भन्ने गाविस पर्यवेक्षकहरूबाट समेत जानकारी हुनआएको र पर्यवेक्षकको टोलीले स्थलगत रूपमा गरेको पर्यवेक्षण भ्रमणमा त्यस्ता भित्तेलेखनहरु देखिएका थिए ।

मत सङ्केत गरिएको बाहिरबाटै स्पष्ट देखिने गरी बनाइएको गोप्य मतसङ्केत गर्ने स्थान, नाम मात्रका नेपाली काङ्ग्रेस र ने.क.पा. एमालेका प्रतिनिधि रहेकाले मतदान केन्द्रमा ने.क.पा.(माओवादी) का कार्यकर्ताको हालीमुहाली रहेको थियो । ने.क.पा. एमालेका प्रतिनिधिलाई 'यस्तो हुँदा पनि किन चूप लागेर बसेको ?' भनी सोद्धा 'यही गाउँमा बस्नु छ किन विरोध गरेर खतरा मोल्नु' भनी भनेबाट कस्तो मतदान भएको रहेछ भन्नेबारेमा खुलस्त भयो । तिनै ने.क.पा. एमालेका एजेन्टबाट पर्यवेक्षककै उपस्थितिमा मतदान गर्दै गरेकी महिलालाई औंल्याउँदै 'तिनी अहिले मतदान गर्दै गरेकी महिलाले अहिले समेत गरी ४ पटक भोट हालिन्' भनी आफ्नो लाचारी प्रकट गरेबाट कसले आचारसंहिताको पालना गरी कस्तो प्रकृतिको मतदान भएको रहेछ भनी अनुमान गर्न गाऱ्हो परेन । त्यही गाविसको सपौंदे र कोखे मतदान केन्द्र जुन त्यस ठाउँबाट झण्डै १५/२० कि.मी. अझ उत्तर पश्चिम तर्फको विकट गाउँमा पर्छ, त्यहाँ पुग्दा पनि त्यस्तै स्थिति

देखियो । कोखे मतदान केन्द्रमा पुग्दा कुनै निर्वाचन आयोगले खटाएको मतदान केन्द्र जस्तो नभै ने.क.पा. (माओवादी) को 'सेल्टर' जस्तो लाग्दथ्यो । ज्यादै विकट स्थानमा अवस्थित उक्त मतदान केन्द्रमा पर्यवेक्षकको टोली पुग्नेबित्तिकै त्यहाँ उपस्थित मतदाता तथा मतदानमा खटिएका कर्मचारी र अन्य राजनीतिक दलहरूले ज्यादै असहज महसुस गरेको स्पष्टै रूपमा देख्नसकिन्थ्यो ।

यस प्रकार सबै राजनीतिक दलको समान प्रभाव, सुगम र चेतनशील मतदाता नभएका त्यस्ता स्थानमा आचारसंहिताको पालना नभएको भए पनि अन्य स्थानहरूमा भने सबै राजनीतिक दलहरूले आचारसंहिताको पालना गरेका थिए । त्यस्तै नागरिक समाजले पनि आचारसंहिताको पालनाको साथै निर्वाचनमा सबै पक्षलाई सकारात्मक सहयोग गरेको थियो । कुनै संस्थाहरूले योग्य पर्यवेक्षक छनौट नगरेकाले आचारसंहिताको उल्लङ्घन भएको पनि पाइयो ।

## शान्ति-सुरक्षाको स्थिति

संविधानसभाको निर्वाचनको मुख्य पक्षका रूपमा रहेको शान्ति-सुरक्षालाई यस जिल्लामा उदाहरणीय रूपमा व्यवस्था गरिएको पाइयो । जनपद, सशस्त्र, म्यादी प्रहरीहरू पर्याप्त मात्रामा खटाइएको थियो । मतदान हुनु भन्दा अघि सुरक्षाकर्मीबाट मतदान केन्द्रको संवेदनशीलतालाई मध्यनजर गर्दै सोही अनुसारको सुरक्षा व्यवस्थाको बन्दोबस्त गरिएको थियो । मतदानको दिनमा र मतदान समाप्त भई मतपेटिकालाई निर्वाचन अधिकृतको कार्यालयसम्म सुरक्षित ढङ्गले ल्याउने कार्यमा सुरक्षाकर्मीहरूको ठूलो योगदान रह्यो । सुरक्षाकर्मीको पर्याप्त तैनाथीले गर्दा जिल्लाका कुनै पनि मतदान केन्द्रमा सामान्य विवाद बाहेकको हिंसात्मक गतिविधि भएनन् । हिंसारहित, भयरहित र शान्तिपूर्वक निर्वाचन सम्पन्न गर्नमा सुरक्षाकर्मीको योगदान उल्लेखनीय थियो ।

## राजनीतिक हिंसाको अवस्था र प्रकृति

शान्ति-सुरक्षाको राम्रो बन्दोबस्त, राजनीतिक दलको दूरदर्शिता, मतदाताहरूको चेतनशीलता, नागरिक समाजको सजगता, मतदानमा खटिएका कर्मचारीहरूको संयमता लगायतका विशेषताले गर्दा स्याङ्जा जिल्लामा शान्तिपूर्ण तवरले निर्वाचन सम्पन्न भयो । कुनै किसिमको अप्रिय घटनाहरू निर्वाचनका क्रममा भएको थिएन ।

## मतगणनाको अवस्था र प्रकृति

२०६४ साल चैत्र २८ गते संविधानसभाको निर्वाचन कार्य सम्पन्न भएपश्चात् सबै मतदान केन्द्रहरूबाट मतपेटिकाहरू निर्वाचन अधिकृतको कार्यालयमा आउने क्रम २८ गते रातभरि जारी रह्यो । मतदानमा खटिएका कर्मचारी, सुरक्षाकर्मीहरूले मतपेटिका र अन्य कागजपत्र सुरक्षित ढङ्गले सदरमुकामसम्म ल्याउने क्रममा यातायातको सुविधा भएका ठाउँबाट पनि रातको समयमा सवारी साधनको अपर्याप्तताले गर्दा कतिपयले पैदलै ल्याउने कार्य गरे । मतदानको दिन दिनभरिको खटन र व्यस्तताले थकित गलित कर्मचारीहरू तँछाडमछाड गर्दै निर्वाचन अधिकृतको कार्यालयमा मतपेटिका लगायतका सरसामानहरू बुझाउने कार्यमा लागेका देखिन्थे । टाढा र दुर्गम गाविसहरूबाट ल्याइएका मतपेटिका लगायतका सामानहरू उक्त रातभर बुझाउने कार्य जारी रह्यो । कतिपय मतदान अधिकृतहरू सम्बन्धित निर्वाचन अधिकृत एवम् कर्मचारीलाई बुझाउनुपर्ने सामानहरू प्रहरी कर्मचारीलाई बुझाई हिंडेको देखियो । यसप्रकार २८ गते रातभरि र बिहान अबेलासम्म पनि निर्वाचन अधिकृतका ३ वटै निर्वाचन क्षेत्रका कार्यालयमा सामान बुझाउने क्रम जारी रह्यो ।

त्यसप्रकार सम्पूर्ण मतपेटिका सङ्कलनभएपछि २९ गते दिउसो १.५५ बजे प्रत्यक्षतर्फको मतगणना सुरू गरियो । सुरूमा एक ठाउँमा मात्र मतगणना कार्य सुरू गरिएकाले राजनीतिक दलका एजेन्ट, उम्मेद्वार र पर्यवेक्षकहरूको भिडले मतगणना स्थल केही बेर अस्तव्यस्त भएको पाइयो र पछि सुरक्षाकर्मीले भिड हटाए पछि मतगणना कार्य सुरूभयो । प्रत्यक्षतर्फको मतगणना सुरू गर्दा जिल्लाका सबै राजनीतिक दलका प्रतिनिधि, तथा पर्यवेक्षकहरूलाई मतपेटिकाको सुरक्षण सिल देखाई खोलिएको थियो । निर्वाचन क्षेत्र नं.१ को पु.ब.न.पा. ८ रजस्थल ग र मग्याम चिसापानीको जनकल्याण नि.मा.वि. प्यारसिं ख को मतपेटिका मतगणनाको पहिलो मतपेटिकाको रूपमा खोली मतपत्र एकै ठाउँमा मिसाई गणना गरिएको थियो ।

३ वटै निर्वाचन क्षेत्रको निर्वाचन अधिकृतको कार्यालय जिल्ला अदालत स्याङ्जा र अदालतकै परिसरमा रहेको बार एकाइको भवनमा स्थापना गरिएको भए पनि मतगणनाको लागि क्षेत्र नं.१ र ३ को मतगणना सोही अदालतकै भवनमा गरी क्षेत्र नं.२ को मतगणना जिल्ला अदालतको कम्पाउन्डदेखि उत्तरपट्टि सटेर रहेको बालमन्दिरको भवनमा गरिएको थियो । मतगणनाको बेला नतिजा बजारभरिका सर्वसाधारणले सुन्ने गरी बजारको मूल चोक भीमसेन चोक लगायतका ठाउँमा 'लाउड स्पिकर' को व्यवस्था गरी सुनाइएको थियो । प्रमुख निर्वाचन अधिकृतबाट पटक पटक एकजना मात्र पर्यवेक्षक वा प्रतिनिधि बसिदिन गरेको आग्रहलाई अटेर गरी बस्दा असहज स्थिति बनेको थियो । तर हाम्रा जियोकका तर्फबाट पर्यवेक्षकको हैसियतले एक जनाको मात्र उपस्थिति थियो भने अन्य पर्यवेक्षण संस्थाहरूका ३/४ जना सम्म पर्यवेक्षकहरूको उपस्थिति थियो । पछि प्रत्येक निर्वाचन क्षेत्रको मतपेटिकालाई ५/६ ठाउँमा छुट्टाछुट्टै कोठामा गणकहरु राखी मतगणना गर्न थालिएपछि भिडभाड कम भएको थियो । प्रत्यक्षतर्फको क्षे.नं.१ को मतगणना सकिन लाग्दा अत्यधिक भिड बढेकाले परिणाम घोषणा गर्ने बेलामा कुनै अप्रिय घटना नघटोस् भन्ने मनसायले सबै पर्यवेक्षकलाई सुरक्षाकर्मी लगाएर गेटबाहिर निकालिएको थियो ।

यसप्रकार जे जस्तो प्रकारले मतगणना कार्य सम्पन्न भएको भए पनि समष्टिमा कुनै अप्रिय वा हिंसात्मक घटना बेगर नै निर्बाध रूपमा मतगणना समेत सम्पन्न भयो । मतगणना हुनु भन्दा अगावै प्रमुख निर्वाचन अधिकृतद्वारा सर्वदलीय बैठक बोलाई के-कस्तो तरिकाले मतगणना गर्दा पछि विवाद आउँदैन भनी सर्वदलीय सहमतिको आधारमा पछि उत्पन्न हुन सक्ने कुनै विवादको सहज समाधानको उपाय अवलम्बन गर्ने जस्तो बुद्धिमत्तापूर्ण कार्य गरिएको थियो । प्रत्यक्षतर्फको नतिजा घोषणापछि विजयी उम्मेद्वारलाई सम्बन्धित निर्वाचन क्षेत्रका निर्वाचन अधिकृतबाट प्रमाणपत्र प्रदान गरी अबिर लगाई बधाई दिइएको थियो । निर्वाचन क्षेत्र नं.१ मा ने.क.पा.एमालेका हितकाजी गुरूङ, क्षेत्र नं. २ मा नेपाली काङ्ग्रेसका गोपालमान श्रेष्ठ र क्षेत्र नं. ३ मा नेपाली काङ्ग्रेसका मोहन पाण्डे विजयी भएका थिए । ■

## ४.२१ कास्की

कास्की जिल्लाको निर्वाचनपूर्व क्षेत्र २, ३ र ४ मा पर्यवेक्षण गरिएकोमा मतदाताहरूमा चुनाव नहुने र भए तापनि हत्या र हिंसा व्यापक हुने पूर्वानुमान थियो । तुलनात्मक रूपमा शैक्षिक र आर्थिक दृष्टिले अगाडि परेको जिल्ला हुनाले त्रासको मनस्थिति भए तापनि यथार्थमा कुनै असामान्य घटना भएन । जनमानसमा व्याप्त त्रास नै निर्वाचन सफलताको कडी बन्नपुग्यो । निर्वाचन पूर्व आचारसंहिता उल्लङ्घनका सामान्य छिटपुट घटनाहरु घटेका थिए । राप्रपा नेपालका अध्यक्ष कमल थापाले संवैधानिक राजतन्त्रका पक्षमा वकालत गरको हुनाले कास्कीको पोखरा निर्वाचनको पूर्वसन्ध्यामा केही समय अशान्त बनेको थियो । राजावादीहरूको सभालाई संसद्वादी दलहरूले निस्तेजपारी कार्यक्रम असफल पारिदिएका थिए ।

### संविधानसभाका बारेमा जनचेतना

मतदाताहरु एक जुगमा एकचोटि आउने संविधनसभा चुनावमा भाग लिन अत्यन्त उत्सुक रहेको बताएका थिए । निर्वाचनप्रति मतदाताको उच्च तहको चेतनाले गर्दा निर्वाचन अप्रत्याशित रूपमा शान्तिपूर्ण बनेको थियो । पश्चिमाञ्चलको क्षेत्रीय सदरमुकाम भएको, विदेशी पर्यटकसँगको वर्षौंदेखिको प्रत्यक्ष सम्पर्कमा रहेको र तुलनात्मक रूपले आर्थिक दृष्टिले सक्षम मतदाता भएकाले कास्की जिल्लामा जनचेतनाको तह गुणात्मक रूपमा नै उच्च थियो । जसको कारणले निर्वाचनमा मतदाताको सहभागिता सङ्ख्या बढी थियो । राजनीतिक दलका कार्यकर्ताहरूमा सुझबुझ बढी र हिंसा कम थियो ।

### उम्मेदवारी मनोनयन र दर्ता प्रक्रिया

उम्मेदवारहरूको मनोनयन प्रक्रिया निर्वाचन आयोगले तोकेको फागुन १३ गते नै शान्तिपूर्ण रूपमा सम्पन्न भएको थियो । कहिं कतै विशेष प्रकारको अवरोध सिर्जना हुनपाएन ।

### मतदाताहरूको स्तर र प्रतिबद्धता

मतदाताको सुझबुझ उच्च तहको थियो । मतदाताहरूमा सामान्य त्रासको वातावरण भए तापनि मतदान गर्नमा प्रतिबद्ध थिए । यो प्रतिबद्धतालाई राजनीतिक दलहरूले पनि निर्वाचनमा सहभागी भएर सहयोग गरेका थिए ।

### मतदान केन्द्रको वातावरण

मतदान केन्द्र खुल्ला, सुरक्षित र सबैलाई पायक पर्ने ठाउँमा राखिएको थियो, कर्मचारी, सुरक्षाकर्मी, पर्यवेक्षक, पत्रकार आदिको पहुँच प्रशंसनीय थियो । सामान्यतया एउटा मतदान केन्द्रमा १० जना सुरक्षाकर्मी तैनाथ थिए । तर सुरक्षाकर्मीको उपस्थिति साङ्केतिक मात्र थियो । कास्कीको रूपाकोट गाविस भरूचोकको बुथ नं. "क" का निर्वाचन अधिकृत खेमनारायण चापागाइले अहिलेसम्म १६ पटक निर्वाचनमा खटिसकेका र यो निर्वाचन सबै भन्दा सहज वातावरणमा भएको बताएका थिए ।

### आचारसंहिताको पालन

आचारसंहिता उल्लङ्घनमा नेकपा (माओवादी) सबै भन्दा अगाडि देखिएको थियो । भित्तेलेखन व्यापक थियो । "मतदान गरेको देख्नेयन्त्रबाट बाहिरबाट देख्नसकिन्छ" भनी मतदातालाई प्रभाव पार्ने काम गरिएको थियो । विदेश जाने मानिसको नाममा मतदान गर्ने काममा पनि नेकपा (माओवादी) अग्रपंक्तिमा देखिन्थ्यो । अधिकांश स्थानहरूमा प्रचार-प्रसार गर्दा मेरो पार्टीलाई नै मतदान गर्नुपर्दछ भनेर जबरजस्ती डर, त्रास र धम्काउने कार्य भएन । मतदान स्वतन्त्र रूपमा भयो । तर कास्कीको सार्दीखोला गाविसमा भने नेकपा

(माओवादी) धम्काउने तर्साउने र मतदाताको जोखिम भएको प्रचार गरेको मत पाएको थियो भने नेपाली काङ्ग्रेस र नेकपा एमालेले पैसा दिन्छु र विकास निर्माणका कामहरु बाटोघाटो बनाइदिन्छु भनी भोट मागेका थिए ।

## शान्ति-सुरक्षाको स्थिति

कास्की जिल्लामा प्रहरी कर्मचारीको सक्रियताले भन्दा पनि संसद्वादी दलहरुको सहभागिताले निर्वाचन शान्तिपूर्ण रुपमा सम्भव भएको हो । मतदाताहरुमा डर, त्रास र झै-झगडा हुन्छ भन्ने अनुमान विना नै मतदानसम्पन्न भएको थियो । बिहान ६ बजेदेखि नै मतदाताहरु पंक्तिबद्ध भएर संविधानसभा सदस्य निर्वाचनमा सहभागी भएका थिए ।

## राजनीतिक हिंसाको अवस्था र प्रकृति

कास्की जिल्लामा निर्वाचनको दिनमा राजनीतिक कारणले कुनै हिंसा भएन ।

## मतगणनाको अवस्था र प्रकृति

मतगणना कार्य विवादरहित तरिकाले सम्पन्न भयो । ■

## ४.२२ नवलपरासी

### संविधानसभाका बारेमा जनेतना

नवलपरासी जिल्लामा संविधानसभा बारेमा जनचेतना व्यापक थियो । यसमा सर्वसाधारणले व्यापक चासो लिएका थिए । विशेष गरेर मिडियाहरूले छलफल, विवेचना र संवादमूलक कार्यक्रम चलाएकाले जनचेतना बढेको थियो । मिडियाहरूले स्थानीय भाषामा कार्यक्रम सञ्चालन गरेकाले जनचेतनामा वृद्धि आएको हो । मतदाताको आत्मविश्वास सराहनीय थियो । जनचेतना व्यापक थियो ।

### उम्मेदवार मनोनयन र दर्ता प्रक्रिया

उम्मेदवारको मनोनयन प्रक्रिया फागुन १३ गते ५१ जना र २३ गते ५५ जना गरी कूल १०६ जना दर्ता भएकोमा २३ जनाले उम्मेदवारी फिर्ता लिएका थिए । निर्वाचन आयोगले निर्धारण गरेको प्रक्रिया नै राजनीतिक दलहरूले अवलम्बन गरेका थिए ।

### मतदाताको स्तर प्रतिबद्धता

पिछडिएका समुदायका जनता मतदान प्रक्रिया प्रति अनभिज्ञ थिए । कुडिया, रामपुरवा, सुस्ता, भुजहवा, गेर्मी, सोमनी, रामपुर, खडौना, कोटथरी, डाँडाझरी, मैनाघाट, हुप्सेकेटजस्ता गाविसमा मतदाता शिक्षा पुगेको थिएन । मतदाता शिक्षा कार्यक्रम अन्तर्गत १० वटा नमुना मतदान कार्यक्रम विभिन्न स्थानमा गरिए तापनि त्यसमा जनसहभागिता कम थियो । चुनावपछि फाटफुट रूपमा आफूहरु निर्वाचनमा डराएको कुरा मतदाताले पर्यवेक्षक तथा अन्य नागरिक समाजका व्यक्तिसँग व्यक्त गरेका थिए ।

### मतदान केन्द्रको वातावरण

सामान्यतया मतदान केन्द्रमा बार, पर्खाल जस्ताद्वारा सुरक्षित पारिएको थियो । कतिपय स्थानहरूमा अत्यधिक गर्मीबाट बच्न त्रिपाल र तारको व्यवस्था गरिएको थियो । मतदान केन्द्रमा सौहार्द्रताको वातावरण थियो । स्वयंसेवक, दलीय प्रतिनिधि, मतदाता, पर्यवेक्षक, कर्मचारी आ–आफ्ना कार्यमा व्यस्त थिए । मतदानकेन्द्रको वातावरण उत्साहित थियो । होहल्ला र धाँधलीरहित वातावरण मतदान केन्द्रमा थियो ।

### आचारसंहिताको पालना

आचारसंहिताको पालना केही अपवादबाहेक पूर्णतातर्फ उन्मुख थियो । मतदानको दिनमा मतदातालाई मतदान केन्द्रभित्र धम्क्याउने, तर्साउने जस्ता कुनै गतिविधि भएनन् । भित्तेलेखन, प्रवेशद्वार निर्माण र सवारी साधनको दुरूपयोग भने प्रशस्त पाइन्थ्यो ।

### शान्तिसुरक्षाको अवस्था

कुनै पनि दलहरूबाट निर्वाचन कार्यक्रम भाँड्ने योजना नबनाइएकोले उपलब्ध सुरक्षाकर्मी पर्याप्त थिए । सुरक्षाका विभिन्न घेरा निर्माण गरिएका थिए । मतदान केन्द्रमा १ बुथमा ३ प्रहरी ४ म्यादी प्रहरीको व्यवस्था थियो । केही मतदान केन्द्रमा निर्वाचन कर्मचारीले मतपेटिका ल्याउने क्रममा पर्यवेक्षकहरूलाई बस्न आवश्यक नभएको र भोलिपल्ट मतगणना स्थलमा आउनु भनेका थिए ।

जिल्ला र गाउँको सुरक्षा अवस्था समग्रमा फितलो थियो । सुरक्षाकर्मीहरूबाट मतदान केन्द्रको खबरदारी सांकेतिक थियो । कुनै दलले बुथ कब्जा गर्न वा अवरोध गर्न आटेमा त्यस्तो कदम रोक्ने क्षमता

सुरक्षाकर्मीमा थिएन । सुगम स्थानमा घुम्ती सुरक्षाकर्मीको उपस्थितिले केही प्रत्याभूति दिएको थियो । हवाई सुरक्षा गस्तीले दुर्गम क्षेत्रमा सुरक्षाको उपस्थिति जनाएको थियो ।

## राजनीतिक हिंसाको अवस्था र प्रकृति

दलहरूको प्रचारप्रसारको अन्त्यसँगै मतदान केन्द्रमा कर्मचारी र सुरक्षाकर्मी पुगेका थिए । मतदानपूर्व चैत्र २७ गते बिहान १०.४५ बजे वाइसिएलद्वारा एमालेका उम्मेदवार बैजनाथ चौधरीको गाडीमा आक्रमण गरी क्षति पुऱ्याएको थियो । साथै चालक वीरेन्द्र यादवमाथि रड प्रहार गर्दा हातमा गम्भीर चोट लागेको थियो । सुनवल गाविस वडा नं. ६ मतदान केन्द्रमा वाइसीएल कार्यकर्तालाई हतियारसहित नियन्त्रणमा लिइएको थियो । चैत्र २४ गते कुरमा गाविस-३ मा नेपाली काङ्ग्रेस र मधेसी जनअधिकार फोरम बीच झडप हुँदा फोरमका ४ जना र काङ्ग्रेसका ५ जना कार्यकर्ता घाइते भएका थिए । जसमा १ जना गम्भीर घाइते थिए । चैत्र १४ गते राष्ट्रिय जनमुक्ति पार्टीका उम्मेदवार जीप दुर्घटनामा परी ३ जनाको मृत्यु र ७ जना घाइते भएका थिए ।

निर्वाचनको दिनमा राजनीतिक हिंसाको कारणले मतदान स्थगित गर्नुपरेन । कर्मचारीको गल्तीको कारण लोकसेवा नि.मा.वि. वसन्तपुर तम्सारिट-५ मा मतदान स्थगित भई वैशाख १ मा सम्पन्न भयो ।

## मतगणनाको अवस्था र प्रकृति

मतगणना कार्य सामान्य रूपमा सम्पन्न भयो । नवलपरासी जिल्लाको निर्वाचन र मतगणना सहज वातावरणमा सम्पन्न भयो । ■

## ४.२३ रूपन्देही

### संविधानसभाका बारेमा जनचेतना

यस जिल्लामा संविधानसभा सदस्यको निर्वाचनको समयमा लामबद्ध रूपन्देहीबासीहरु संविधानसभा सदस्यको लागि मतदान गर्न सचेत एवम् जागरूक थिए ।

### उम्मेदवारको मनोनयन र दर्ता प्रक्रिया

निर्वाचनमा उम्मेदवारहरूको मनोनयन मुख्य रूपमा राजनीतिक दलहरूकै तर्फबाट भएको थियो । त्यसमा पनि खास गरी नेपाली काङ्ग्रेस, नेकपा एमाले, नेकपा माओवादी र निर्वाचनको केही समयअघि मात्रै खुलेका मधेसी जनअधिकार फोरम एवम् त.म.लो.पा. जस्ता नयाँ पार्टीको वर्चस्व थियो ।

प्रायः हरेक निर्वाचन क्षेत्रबाट उल्लेख्य सङ्ख्यामा स्वतन्त्र उम्मेदवार उठेको पाइए पनि ती वास्तवमा स्वतन्त्र नभै धेरैजसो राजनीतिक दलका उम्मेदवारलाई निर्वाचन आचारसंहितालाई छलेर आचारसहिताले तोके भन्दा बढी निर्वाचन सामग्री एवम् साधन स्रोत जुटाउनका लागि डमीका रूपमा उठाइएको कुरा व्यापक रूपमा जनमानस समक्ष पुगेको थियो ।

### मतदाताहरूको स्तर र प्रतिबद्धता

अधिकांश नेपाली जनता अशिक्षा र गरीबीजस्ता समस्याले ग्रसित हुँदा चेतनाको स्तर आवश्यकताअनुसार नहुन स्वाभाविकै छ । तर पनि संविधानसभाको गठन प्रक्रिया निर्वाचन र यसको काम, कर्तव्य र अधिकार बारे अधिकांश मतदाता अनभिज्ञ नै थिए ।

### मतदान केन्द्रको वातावरण

मतदान केन्द्रको व्यवस्थापन पक्षमा रूपन्देही जिल्लामा खास कुनै कमीकमजोरी देखिएन । प्रायः सबै गाविसमा सडक सेवा पुगेको र हरेक गाउँ विकास समितिमा विद्यालय एवम् गाविस भवन लगायत केही अन्य सार्वजनिक भवन रहेकाले खास कठिनाइ देखिएन । निर्वाचन आयोगबाट खटिएका अधिकृत, कर्मचारी स्वयंसेवकले आफ्नो योग्यता र क्षमताले भ्याएसम्म मतदान कार्यक्रम सफलताका साथ सम्पन्न गर्न लगनशील र सक्रिय रहेको पाइयो र राजनीतिक पार्टी, आमजनताले पनि सहयोग गरेको पाइयो ।

### आचारसंहिताको पालना

आचारसंहिताको उल्लङ्घन गर्ने कुरामा माओवादीलाई निर्वाचन आयोग, अन्य राजनीतिक दल नागरिक समाज र सरकारले आचारसंहिता पालना गराउन नसकी लाचार भई बसेका थियो । जिल्लाको दक्षिण भेग खास गरी भारतीय सिमानासँग जोडिएका गाविसहरूमा मधेसवादी सशस्त्र समूहहरूले यो निर्वाचनमा मतदान नगर्न भनी डर, त्रासमा पारी धम्क्याउने कार्य गरेको पाइए पनि मतदानका दिन कुनै खास हिंसात्मक घटना नभएकाले मुटु दह्रो हुने जतिले मतदान गरेका थिए । अनुपस्थित मतदाताको नाउँमा अर्का नक्कली मतदाताहरूले मतदान गर्ने कार्य, छिटफुट रूपमा प्रायः सबै ठाउँमा भएको र यसमा सबै पार्टीकाले आ–आफ्नो मतदान गर्ने कार्य, छिटफुट रूपमा प्रायः सबै ठाउँमा भएको र यसमा सबै पार्टीले आ–आफ्नो क्षमता अनुसार धेरथोर हिस्सा लिएको देखियो । एक भन्दा बढी पर्यवेक्षकका तर्फबाट एउटै व्यक्तिले विभिन्न मतदान केन्द्रमा अलग–अलग परिचयपत्र टोपी र जर्सी लगाई पर्यवेक्षण गरेका थिए ।

## शान्तिसुरक्षाको स्थिति

जिल्लाको उत्तरी भाग जहाँ पहाडी जातिका व्यक्तिको घनत्व छ, त्यहाँ नेकपा माओवादीको भ्रातृसङ्गठन वाइसिएलले र भारतीय सिमानासँग जोडिएका दक्षिणी क्षेत्रमा मधेसवादी सशस्त्र समूहले मतदानको मितिको अघिल्लो दिनसम्म बल प्रयोग गर्ने, डर धम्की दिई मतदातालाई आतङ्कित पारी मनोवैज्ञानिक रूपमा प्रतिकूल प्रभाव पारेको र त्यसको प्रभावबाट कतिपय मतदाता मतदान गर्न गएका थिएनन् । निर्वाचन प्रक्रिया सुरू भएपछि र प्रक्रिया चल्दैका दौरान लुटपिट, कुटपिट, अपहरण, भौतिक संरचना तोडफोड, सङ्गठित व्यक्तिलाई प्रहरी प्रशासनले पक्रे पनि राजनीतिक दबाबको कारण स्थानीय प्रशासन प्रहरीले कानुनी कार्बाही नगरी छाडने गरेकोले मतदाताहरूको मनोबल गिरेको थियो । मतदानका दिन प्रसस्त मात्रामा सुरक्षाकर्मी परिचालन गरे पनि आमजनताले सुरक्षित महसुस नगरेको र खास गरी नाटकीय ढङ्गबाट मतदानका दिन कुनै पनि पक्षले उल्लिखित रूपको हिंसात्मक वारदात नघटाएको कारणले मात्र धेरै सङ्ख्यामा मतदान भएको थियो । सुरक्षा व्यवस्था भए पनि भरपर्दो थिएन ।

## राजनीतिक हिंसाको अवस्था र प्रकृति

निर्वाचनको दिनमा राजनीतिक हिंसाको कारणले मतदान स्थगित गर्नु परेन ।

## मतगणनाको अवस्था र प्रकृति

मतगणना विधि सम्पन्न र पारदर्शी तरिकाबाट भएको थियो । राजनीतिक दलका प्रतिनिधि र निर्वाचन अधिकृत एवम् आयोगका कर्मचारीहरु बीच परस्पर सौहार्द्रपूर्ण व्यवहार थियो ।

अपवादका रूपमा भएको छिटफुट घटनालाई छाडी समग्र मूल्याङ्कन गर्दा यो रूपन्देही जिल्लाको हकमा यो चुनाव विधिसम्मत र शान्तिपूर्वक भएको पाइयो । ■

## ४.२४ पाल्पा

### संविधानसभाका बारेमा जनचेतना

संविधानसभाका बारेमा निर्वाचन आयोगले केही जनचेतना कार्यक्रम सञ्चालन गरे तापनि जनचेतना फैलाउनका निमित्त पाल्पास्थित सञ्चार माध्यम– एफ.एम.हरूले बढी भूमिका खेलेका थिए । निर्वाचन हुनुपूर्व पाल्पास्थित निर्वाचन अधिकृतको कार्यालयका पदाधिकारी, पर्यवेक्षण गर्ने संस्था विशेषतः जियोक संस्थाका जिल्ला पर्यवेक्षकको संयुक्त अन्तर्वार्ता, अन्तरर्क्रिया, निर्वाचनका सवालमा सोधपुछ, आचारसंहिताका बारेमा जानकारी र सुसूचित गराउने प्रकारका कार्यक्रम पटकपटक रेडियो, एफ.एम. मार्फत गरेका थिए ।

### उम्मेदवारको मनोनयन र दर्ता प्रक्रिया

पाल्पा जिल्लामा संविधानसभा सदस्यको उम्मेदवारको मनोनयन कुनै अप्रिय घटनाबिना निर्वाचन आयोगले तोकेको प्रक्रियाअनुसार नै सम्पन्न भयो ।

### मतदाताहरूको स्तर र प्रतिबद्धता

केही मतदाताले संविधानसभाको महत्व बुझी विदेशबाट समेत मतदान गर्न आएका थिए । अपेक्षाकृत पुरूषको भन्दा महिलाको सहभागिता बढी थियो । पाल्पा जिल्लामा चार/चार वटा एफ.एम. हरूले र निर्वाचनको आचारसंहिताका बारेमा विभिन्न कार्यक्रम गरेका हुनाले शान्तिपूर्ण रूपमा सम्पन्न भएको थियो ।

### मतदान केन्द्रको वातावरण

मतदान केन्द्र राम्रो र पायक स्थानमा थिए । कुनै कुनै स्थानमा निर्वाचन केन्द्रको परिधि ठूलो र एकै स्थानमा धेरै मतदान केन्द्र राखिएकोले सुरक्षाकर्मीको अभाव महसुस गरिएको थियो ।

### आचारसंहिताको पालना

आचारसंहिताको पालन आंशिक रूपमा भएको थियो । भित्तेलेखन यथावत् थियो तोकिए भन्दा बढी सवारी साधनको प्रयोग भएको थियो । उम्मेदवारमाथि डर, त्रास र मनोवैज्ञानिक दबाब व्याप्त थियो ।

### शान्ति–सुरक्षाको अवस्था

राजनीतिक दलहरूको निर्वाचनप्रतिको प्रतिबद्धता र सुरक्षाकर्मीको प्रबन्धले शान्तिपूर्ण रूपमा संविधानसभा सदस्यको मतदान सम्पन्न भयो ।

### राजनीतिक हिंसाको अवस्था र प्रकृति

२०६४ चैत्र ७ गते राती ११.३० बजे पाल्पा निर्वाचन क्षेत्र नं. ३ को विकट गाविस सिद्धेश्वरमा कुटपिटको घटना भई एक महिला एवम् एक पुरूष घाइते भएका र पत्रकार सम्मेलनमा नेपाली काङ्ग्रेसले माओवादी कार्यकर्तालाई दोष लगाएका थिए भने माओवादी पक्षले आफ्ना कार्यकर्ताबाट नभएको अज्ञात समूहबाट भएको भनी खण्डन गरेको थियो ।

## मतगणनाको अवस्था र प्रकृति

जिल्लाको निर्वाचन क्षेत्र नं. २ को मतदान केन्द्रका मतपेटिका समयमै प्राप्त भई मतगणना कार्य छरितो रूपमा सम्पन्न भयो । क्षेत्र नं. १ र २ को मतपत्र सङ्कलन हुन समय लागेकोले केही ढीलो मतपरिणाम प्राप्त भयो । मतगणना कार्य सामान्य विवादबाहेक विना अवरोध समाप्त भयो । ■

## ४.२५ अर्घाखाँची

### संविधानसभाका बारेमा जनचेतना

निर्वाचन कार्यालयले मतदाता शिक्षा कार्यक्रम, पोस्टर तथा हाते पम्लेट मार्फत संविधानसभाका बारेमा जनचेतना फैलाएको थियो । साथै अर्घाखाँची जिल्लाका केही गाविसहरूमा सर्वनाम नाटक समूहले सडक नाटक मार्फत यस कार्यमा थप सघाएको थियो । मध्यम वर्गीय शिक्षित वर्ग निर्वाचन प्रति सचेत थिए भने दलित र ग्रामीण भेगका कृषकमा सचेतता कम थियो ।

### उम्मेदवार मनोनयन र दर्ता प्रक्रिया

यस जिल्लामा निर्वाचन कार्यालयको समय सीमाभित्र सबै राजनीतिक दलहरूको सहज रूपमा मनोनयनपत्र दर्ता गरेका थिए । सक्रिय रूपमा राजनीतिक गतिविधिमा संलग्न कार्यर्ताहरु आ-आफ्ना राजनीतिक दललाई विजयी बनाउनु पर्दछ भन्ने भावना थियो । विगत ८ वर्षदेखि देशमा मतदान कार्य गर्न नपाएका १८-२६ वर्ष समूहका मतदाताहरूमा बढी उत्साह थियो ।

### मतदाताहरूको स्तर र प्रतिबद्धता

मतदाताहरु निर्वाचनप्रति प्रतिबद्ध थिए, पटक-पटक निर्वाचन सरेकाले उनीहरु चिन्तित थिए । चैत्र २८ गतेको दिन मतदान गर्न पाएकोमा सन्तुष्ट थिए ।

### मतदान केन्द्रको वातावरण

संविधानसभा निर्वाचनमा मतदान केन्द्रको वातावरण शान्तिपूर्ण भएको पाइयो । मतदान केन्द्रमा आवश्यक जनशक्ति पर्याप्त मात्रामा निर्वाचन कार्यालयले पुऱ्याएको थियो । सबै मतदान केन्द्रहरु सबैलाई पायकपर्ने ठाउँमा राखिएका थिए ।

### आचारसंहिताको पालना

छिटफुट रूपमा भित्तालेखनबाहेक आचारसंहिताको पालना सबै पक्षबाट आंशिक रूपमा भएको थियो । अपुष्ट रूपमा विभिन्न पार्टीबाट उम्मेदवार भएकाहरूले निर्वाचन आयोगको सीमालाई नाघेर आधिक खर्च गरेको तथा चामल र पैसा पनि बाँडेको भन्ने खालको अफवाह आएको भए तापनि कतैबाट पनि पुष्टि हुन सकेन ।

### शान्तिसुरक्षाको अवस्था

जिल्लाभरका लागि सशस्त्रका १६ वटा मोवाइल गस्ती परिचालित पनि सञ्चालन भएका थिए । तथापि मतदाताहरु तथा कर्मचारी पनि सुरूमा कम आशावादी थिए । निर्वाचन शान्तिपूर्ण रूपमा उदाहरणीय रूपमा सम्पन्न भएको थियो ।

### राजनीतिक हिंसाको अवस्था र प्रकृति

उम्मेदवार मनोनयन दर्ताको दुई दिन अगाडि चुनावी प्रचार-प्रसारका क्रममा नुवाकोट गाविस (क्षेत्र नं. २) का स्थानीय दलहरु -नेकपा एमाले र ने.क.पा. (माओवादी) बीच झडप हुँदा ने.क.पा. माओवादीका एक कार्यकर्ताको मृत्यु भए पनि दलहरु बीचको धैर्यता र सहनशीलताका कारण थप हिंसा हुनपाएन । संविधानसभाको गम्भीरता र अपरिहार्यतालाई महसुस गरी जिल्लामा रहेका सम्पूर्ण राजनीतिक दलहरु

बीच सहमति भई यस्तो खालका घटना नदोहोऱ्याउने राजनीतिक प्रतिबद्धता र सहमति भएकाले घटनाहरू दोहोरिएनन् ।

## मतगणनाको अवस्था र प्रकृति

निर्वाचनको समाप्तिसँगै मतपेटिकाको सङ्कलन समापन भएपछि निर्वाचन क्षेत्र नं. १ को मतगणनाको कार्य ३ गतेबाट सुरू भई ६ गते समापन भएको र क्षेत्र नं. २ को मतगणना कार्य ६ गते समापन भएको र क्षेत्र नं. २ को मतगणना कार्य ५ गते साँझबाट सुरू भई ८ गते समापन भयो । मतगणना अवधिभर कुनै पनि किसिमको रोकावट थिएन । निर्वाचन क्षेत्र नं. १ बाट ने.कपा. माओवादीका टोपबहादुर रायमाझी तथा क्षेत्र नं. २ बाट नेपाली काङ्ग्रेसकी पुष्पा भुषाल निर्वाचित हुनुभएको थियो । ■

## ४.२६ बाग्लुङ्ग

### संविधानसभाका बारेमा जनचेतना

मतदाताहरूमा यस निर्वाचनप्रति व्यापक उत्साह सिर्जना भएको थियो । निर्वाचन सफल पार्न एकमत पनि अति महत्वपूर्ण हुन्छ र त्यो मत खेर नजाओस् भनेर ग्रामीण बासिन्दा अत्यन्त सचेत थिए । मतपत्र बदर हुने र सदर हुने  लगायतका सम्पूर्ण विधिहरूप्रति अत्यन्त सचेतना अपनाइएको पाइन्थ्यो । बाग्लुङ जिल्लामा घरदैलो, आमसभा र मतदाता भेट्ने कार्यले मतदाता अत्यन्त सचेत थिए । केही निर्वाचन क्षेत्रका मतपेटिका वरिपरि नेकपा माओवादीका कार्यकर्ताहरु घुमिरहेकाले मतदातामा मानसिक त्रास पैदा भएको थियो । केही अपवाद बाहेक मतदातामा खुसी र जागरूकता बढी नै पाइन्थ्यो ।

### उम्मेदवार मनोनयन र दर्ता प्रक्रिया

बाग्लुङ पहाडी जिल्ला भएकाले मनोनयन प्रक्रिया फागुन १३ गते नै सम्पन्न भयो । मनोनयन प्रक्रिया सामान्य रूपमा पूरा भयो । कुनै झै-झगडा र अशान्ति भएन ।

### मतदाताहरूको स्तर र प्रतिबद्धता

मतदाताहरूको चेतनाको स्तर उच्च थियो । वृद्ध, महिला, अपाङ्ग नगरपालिका वडा नं. ९ तहरे पिपल केन्द्रमा ११० वर्षकी विष्णु कार्कीले मतदान गर्नुभएको थियो । प्रतिबद्ध मतदाताहरूले मतदान गर्ने बेलामा आएका थिए ।

### मतदानकेन्द्रको वातावरण

मतदानकेन्द्रको वातावरण सामान्यतया शान्त र कहीं-कहीं त्रसित थियो । क्षेत्र नं १ को मालिका, २ को सर्कवा राङखानी र ३ को खुँगामा आपसी विवादको कारण २८ गतेको मतदान स्थगित भयो । वैशाख ५ गते पुनः शान्तिपूर्ण रूपमा मतदाता सम्पन्न भयो । सुरक्षाकर्मीको उपस्थिति कम थियो । स्वयंसेवकहरु परिचालित थिए । कतिपय मतदान केन्द्रमा बालबालिकाले मतदान गरेका, विदेश जानेको नाममा मतदान गरेका र मतदाता निर्वाचन केन्द्र पुग्नु भन्दा पहिले नै कसैले मतदान गरिसकेको समेत देखियो ।

### आचारसंहिताको पालना

प्रचार-प्रसार र मतदान प्रक्रियामा अचारसंहिताको आंशिक पालना भएको थियो । १२ देखि १६ वर्षसम्मका नाबालक मतदाता उल्लेखनीय रूपमा थिए । अर्कोको नाममा मतदान गर्ने कार्य पनि उल्लेखनीय रूपमै थियो । सामान्य सवालमा पनि दलका प्रतिनिधिहरु विवाद सिर्जना गरेर मतदान स्थगित गर्न चाहन्थे । मतदातालाई डर, त्रास र धम्कीको प्रयोग पनि उल्लेखनीय पाइन्थ्यो । मतदान चलिरहँदा आपसी विवादले मतपेटिका उठाई अन्यत्रै लगेपछि मतदान स्थगित पनि भएको थियो ।

### शान्ति-सुरक्षाको अवस्था

दलहरूद्धारा सिर्जित वातावरणले गर्दा नै शान्तिसुरक्षा कायम भएको थियो । दलीय वातावरणमा तिक्तता आउँदा शान्तिसुरक्षा खल्लो हुनपुगेको थियो । उपस्थित सुरक्षाकर्मी विवाद सुल्झाउन पर्याप्त थिएनन् तर घुम्ती टोलीको उपस्थिति प्रभावकारी थियो ।

## राजनीतिक हिंसाको अवस्था र प्रकृति

राजनीतिक हिंसामा कुनै पनि मानव क्षति हुन पाएको थिएन तर हात हालाहाल र झडपका अवस्थाहरु सिर्जना भएका थिए । तैपनि हिंसाले उग्ररुप धारण गर्न पाएन । सामान्यतया समग्र निर्वाचनलाई असर नपार्ने खालमै सीमित रहे ।

## मतगणनाको अवस्था र प्रकृति

बाग्लुङ जिल्लाको मतगणना हेर्दा निर्वाचन क्षेत्र नं. १ मा कुल मतदाता ७९,६०५ रहेकोमा ४९,६३४ मत खसेको जसमा ४७,७६९ सदर र १,८६५ बदर रहेकोमा श्री रामजी प्रसाद शर्माले १५,७८६ मत ल्याई विजयी हुनु भएको थियो । क्षेत्र नं. २ मा कुल मतदाता ७४,९६९ मा ४३,२६२ खसेको मत रहेको छ जसमा सदरमत १४१,४४९ रहेको छ भने १,८१३ बदर भएकोमा श्री चित्रबहादुर केसीले १२,५९४ मत ल्याई विजय हुनु भएको थियो । क्षेत्र नं. ३ मा कुल मतदाता ७१,७९१ रहेकोमा ३९,०३२ मत खसेको थियो जसमा ३७,३१० मत सदर भएको थियो भने १,७२२ मत बदर भएकोमा श्री नरबहादुर पुनले ११,५८२ मत ल्याई विजय हुनु भएको थियो ।

## ४.२७ दाङ

### संविधानसभाका बारेमा जनचेतना

दाङ जिल्लामा नेकपा माओवादीको आह्वानमा २०५२ देखि सशस्त्र विद्रोह सुरू भएको द्वन्द्वको प्रत्यक्ष अनुभव गरेका दाङका जनता शान्ति चाहन्थे । संविधानसभामा सरकार सहमत नभए पछि हापुरे वार्ता असफल भएको प्रत्यक्ष देखेका र भोगेका यहाँका जनता संविधानसभाको लागि उत्साहित एवम् क्रियाशील थिए । यहाँ सङ्गठित नागरिक समाजका सञ्जाल संविधानसभामा सचेत थिए तर पनि विगतका निर्वाचनमा गोलीकाण्ड हुने गरेको पुरानो शैलीबाट संविधानसभाको निर्वाचन पनि हुन्छ कि हुँदैन भन्ने सानो हिस्सामा सन्त्रास कायमै थियो ।

### उम्मेदवारको मनोनयन र दर्ता प्रक्रिया

दाङ जिल्लामा ५ वटै निर्वाचन क्षेत्रको कार्यालय जिल्लाको सदरमुकाम घोराही दाङमा जिविस कम्पाउन्ड भित्र रहेको थियो, मनोनयनपत्र दर्ता गर्दा सबै उम्मेदवारलाई फर्म दिने, उजुरी गर्ने, दर्ता गर्ने प्रक्रिया सरल बनाइएको थियो । सबै राजनीतिक दलले ऱ्याली र झाँकीसहित मनोनयनपत्र दर्ता गर्न आए पनि दर्ता स्थल भन्दा टाढै प्रदर्शन गरेका थिए । निर्वाचन आयोगले निर्धारण गरेको २०६४।११।१३ गते १० वटा राजनीतिक दल र केही स्वतन्त्रले बहुमत प्रणालीमा मनोनयनपत्र दर्ता गरे पनि पछि २०६४।११।२३ गते पुनः मनोनयन दर्ता गर्न दिएको मितिमा अन्य ५ राजनीतिक दल र केही स्वतन्त्र व्यक्तिले उम्मेदवारी दिएका थिए ।

### मतदाताहरूको स्तर र प्रतिबद्धता

यस जिल्लामा पूर्व पश्चिम राजमार्ग, राप्ती राजमार्ग, सहिद मार्गजस्ता सडक सञ्जालले छोएको भए पनि आदिवासी थारु जातिको उपस्थिति रहेको हुँदा मतदाताहरूको स्तर बढी थियो । २०६४।१२।२६ गते लमही गोलीकाण्डमा ७ जना व्यक्तिको हत्या भए पनि मतदाताहरु धैर्यताका साथ मतदान प्रक्रियामा प्रतिबद्ध भई निर्वाचन सम्पन्न गरेका थिए ।

### मतदान केन्द्रको वातावरण

यस जिल्लामा मतदान केन्द्र ४१४ निर्धारण गरिएको भए पनि मोटर नजाने पुरन्धारा गाविस वडा नं. ९ को प्रा.वि. गँगटे मतदान केन्द्र राखे पनि अन्य क्षेत्रमा दुर्गमका जनतालाई गाडी जाने सुगम ठाउँमा मतदान गर्न आउने गरी केन्द्र निर्धारण गरेकोमा केही मतदातालाई असजिलो भएको थियो । मतदान केन्द्रको जनशक्ति राम्रो रहेको, मतदान केन्द्रमा मतपेटिका र अन्य सामग्रीको उपलब्धता सरल रहेको, निर्वाचन सम्पन्न गर्न मतदानको दिन निर्वाचन आयोगको तर्फबाट मोबाइल टीमद्वारा मतदानको साधनस्रोतको आपूर्तिको व्यवस्था गरी मतदान सम्पन्न गरिएको थियो मतपेटिका मतगणना स्थलसम्म सुरक्षित तवरबाट ल्याउन दुर्गमस्थान गँगटे केन्द्रबाट हेलिकोप्टर प्रयोग गरिएको थियो भने अन्य केन्द्रबाट मोटरबाट ल्याइएको थियो ।

### आचारसंहिताको पालना

राजनीतिक दलहरूले तुल टाँग्ने काम गरेनन् । भित्तेलेखन कार्य साना ठूला सबै राजनीतिक दलले गरे, रा.ज.मो जस्ता दलका प्रतिनिधिले आफूसँग मेटाउने खर्च छैन भनी भित्तेलेखन मेटाउन चासो देखाएनन् र मेटाएनन् भने अन्य दलहरूले प्रायः भित्तेलेखन मेटाएका थिए । नागरिक समाजका तर्फबाट पालना गर्नुपर्ने आचारसंहिता पालना भएको र नागरिक समाजको सञ्जालबाट आचारसंहिता पालनामा जोड दिई

निर्वाचनका सरोकार पक्षहरूलाई एकै ठाउँमा राखी संयोजन गरी आचारसंहिता उल्लङ्घनलाई न्युनीकरण गर्न प्रयास गरेको थियो ।

## शान्तिसुरक्षाको स्थिति

शान्ति-सुरक्षा प्रभावकारी थिएन । मतदातामा भय थियो ।

## राजनीतिक हिंसाको अवस्था र प्रकृति

तराई मधेसमा आन्दोलनरत दल समेतले २०६४।११।२३ गते मनोनयनपत्र दर्ता गरेपछि राजनीतिक हिंसामा कमी आएको थियो ।

राजनीतिक दलहरूले निर्वाचन प्रचार-प्रसारको दौरानमा एक अर्कालाई उत्तेजित पार्ने कार्य गरेबाट २०६४।१२।८ गते नेकपा माओवादी समर्थित र नेपाली काङ्ग्रेस समर्थित बीच झडप भई नेकपा माओवादीका क्षेत्र नं. ५ का उम्मेदवार सुषमा शर्मा घिमिरे लगायत अन्य घाइते भएका थिए ।

लमहीमा २०६४।१२।२५ गते ३३ जनाको अपरिचित समूहलाई नेकपा माओवादी समर्थित युवाहरूले नागरिक समाजको रोहवरमा प्रहरीलाई बुझाएको कुरालाई निहुँ बनाई दाङ क्षेत्र नं १ का नेपाली काङ्ग्रेस उम्मेदवार खुमबहादुर खड्का र निजको सुरक्षामा खटिएका अङ्गरक्षक र सुरक्षाकर्मीहरु चढेको गाडीबाट नेकपा माओवादी समर्थित युवाहरु चढेको गाडीमा मिति २०६४।१२।२६ गते साँझ ७.४५ बजे दाङ चैलाही गाविस वडा नं. २ लमही स्थित न.वि.स. को भवनको उत्तरतर्फ पूर्व-पश्चिम राजमार्गको कालोपत्रे सडकमा गोली प्रहार भयो । सो गोलीकाण्डबाट नेकपा माओवादी समर्थित ७ जना युवाहरूको ज्यान गएको र २० जना घाइते भएका थिए । सोमध्ये २ जना अङ्गभङ्गको स्थितिमा रहेका, १३ जना गम्भीर घाइते भएका र अन्य ५ जना सामान्य घाइते भएका थिए ।

## मतगणनाको अवस्था र प्रकृति

सडक नपुगेको दुर्गम स्थान दाङ पुरन्धारा गाविसको गँगटे मतदान केन्द्रबाट हेलिकप्टरबाट र अन्य मतदान केन्द्रको मतपेटिका मोटरबाट मतदानको दिनै २०६४।१२।२८ गते रातीसम्म निर्वाचन अधिकृतको कार्यालय जिल्ला सदरमुकाम घोराही ल्याइयो । जिल्ला सदरमुकाममा पाँचवटै निर्वाचन क्षेत्रको अलगअलग स्थानमा मतगणना भएको थियो । मतगणना कार्य २०६४।१२।२९ गतेबाट सुरू भै २०६५।१।३ गतेसमाप्त भएको थियो । मतपेटिका दुरूस्त रहेका थिए । सिलहरु टुटेका थिएनन् मतगणना गर्नु भन्दा पहिला निर्वाचन अधिकृतले राजनीतिक दल र उम्मेदवार र तिनका प्रतिनिधिहरूलाई राखी गणनामा आइपर्ने समस्याका बारेमा जानकारी गराई आचारसंहितामा सहमत गराइएको थियो । मतगणनाको कार्य सुरू हुन भन्दा पहिला निर्वाचन क्षेत्र नं. २ का नेपाली काङ्ग्रेस पार्टीका उम्मेदवार कृष्ण किशोर घिमिरेले दुईवटा मतदान केन्द्रमा पुनः मतदानको माग राखी उजुरी दर्ता गराउनु भएकोमा निर्वाचन अधिकृतले निर्वाचन आयोगमा लेखिपठाई निर्वाचन आयोगबाट पुनः मतदान गराउने आधार नभएकाले मतगणना सुरू गर्न दिएको आदेश बमोजिम मतगणना कार्य सुरू भएको थियो । मतगणनाको क्रममा क्षेत्र नं. १ र २ मा मतदान अधिकृतको सहीछाप नभएको मतपत्र पाइएको थियो । क्षेत्र नं. १ र क्षेत्र नं. ४ को मतगणना गर्दा मतदातालाई मतपत्र बुझाउँदा अर्धकट्टी भरपाई राखी मतपत्र मात्र दिनुपर्नेमा निर्वाचनमा खटिएका कर्मचारीले भरपाई सहित मतपत्र दिएको पाइयो । मतगणना स्थलमा अन्तर्राष्ट्रिय पर्यवेक्षक २/४ मात्र उपस्थित रहेका थिए । मतगणना कार्य शान्तिपूर्ण रूपमा सम्पन्न भएको थियो । ■

## ४.२८ बाँके

### संविधानसभाका बारेमा जनचेतना

बाँके जिल्लाका मतदाताहरु संविधानसभा सदस्यको निर्वाचनमा भोट दिनुपर्छ भन्ने बारेमा आंशिक रुपमा जानकार थिए । सञ्चारमाध्यम तथा गैससहरु जनचेतना जगाउने कार्यमा अगाडि देखिएका थिए । संविधानसभाको निर्वाचन सम्पन्न भएपछि द्वन्द्वको अन्त्य हुने, जनजीवन सुरक्षित रहने, आर्थिक उन्नति हुने, विकास हुने आशाले मतदाताहरु मतदानको तीव्र प्रतीक्षामा थिए ।

### उम्मेदवारको मनोनयन र दर्ता प्रक्रिया

उम्मेदवार मनोनयन दर्ता गर्न निर्वाचन आयोगले निर्धारण गरेको फागुन १३ देखि १६ सम्मको समयमा तराईमा चलेका विभिन्न राजनीतिक दलहरुको आन्दोलनले बाधा पुऱ्याएकोले सरकारले ती राजनीतिक दलहरुसँग सम्झौता गरी पुनः फागुन २४ गते उम्मेदवारको मनोनयन समय बढाएको थियो । उक्त दिन उत्साहजनक रुपमा शान्तिपूर्ण तरिकाले राजनीतिक दलहरुले उम्मेदवार मनोनयन दर्ता गराएका थिए ।

### मतदाताहरुको स्तर र प्रतिबद्धता

मतदाताहरु प्रथम पटक हुन लागेको संविधानसभा सदस्यको निर्वाचनमा भाग लिनुपर्छ भन्ने कुरामा सचेत र प्रतिबद्ध थिए । राजनीतिक दलसँग मतदाताहरुले आफ्ना हकअधिकार सम्बोधन हुने नहुने बारे प्रश्नोत्तर गरी छलफल चलाएका थिए । संविधानसभाको निर्वाचनपछि शान्ति हुन्छ भनी मतदाताहरु प्रतिबद्ध थिए ।

### मतदान केन्द्रको वातावरण

मतदान केन्द्रहरु भरसक जनतालाई पायक पर्ने ठाउँमा नै राखिएको थियो र प्रत्येक मतदान केन्द्रमा कर्मचारी, स्वयंसेवक र सुरक्षा जवानहरु आवश्यक मात्रामा उपलब्ध थिए । सुरक्षाकर्मी कम भएको भनि कतिपय मतदान अधिकृतको गुनासो रहेको थियो । मतदान गर्दा वृद्ध, अपाङ्ग अशक्तलाई प्राथमिकता दिइएको थियो ।

### आचारसंहिताको पालना

समग्रमा बाँके जिल्लामा निर्वाचन अघि र मतदानको समयमा राजनीतिक दलहरुले उल्लेखनीय रुपमा आचारसंहिता उल्लङ्घन गरेका थिएनन् ।

### शान्तिसुरक्षाको स्थिति

बाँके जिल्लाका प्रायः मतदान केन्द्रहरुमा शान्ति-सुरक्षाको प्रबन्ध मिलाइएको थियो । प्रत्येक बुथमा १० मिनेटभित्र सुरक्षा मोवाइल टोली परिचालन गर्ने व्यवस्था मिलाइएको थियो तैपनि आम मतदाताहरुले शान्ति-सुरक्षाको अनुभूति गर्न सकिरहेका थिएनन् ।

### राजनीतिक हिंसाको अवस्था र प्रकृति

विभिन्न राजनीतिक दलहरुले आफ्नो प्रचार-प्रसारको क्रममा चैत्र ५ गते रा.ज.मो.का उम्मेद्वार श्री कमलप्रसाद अधिकारीको अज्ञात व्यक्तिले गोली हानी हत्या गरिएपछि जिल्लामा तनावको वातावरण सृजना भएको थियो । केही समयपछि उक्त तनाव सेलाएर गएको थियो । मतदानको दिन कुनै राजनीतिक हिंसा भएको थिएन ।

## मतगणनाको अवस्था र प्रकृति

मतदान सम्पन्न भएपछि २९ गते बिहान ८ बजेसम्म मतपेटिका निर्वाचन कार्यालयमा पुऱ्याई सकिएको थियो । ■

## ४.२९ सुर्खेत

### संविधानसभाका बारेमा जनचेतना

संविधानसभासम्बन्धी जनचेतना मतदाताहरूमा आंशिक रूपमा थियो । जनचेतना जगाउने काममा निर्वाचन आयोगले विभिन्न तालिम सञ्चालन गरेको भए तापनि उत्साहजनक रूपमा चेतना आएको थिएन ।

### उम्मेदवारको मनोनयन र दर्ता प्रक्रिया

विभिन्न राजनीतिक दलतर्फबाट उम्मेदवारी दिएका र स्वतन्त्र उम्मेदवारहरूलाई आयोगले निर्धारण गरेको प्रक्रिया बमोजिम आ–आफ्ना दलका कार्यकर्ताहरूको जुलुससहित निर्वाचन कार्यालयमा गई नाम दर्ता गराएका थिए ।

### मतदाताहरूको स्तर र प्रतिबद्धता

विभिन्न सरकारी र गैर-सरकारी निकाय सङ्घसंस्था आदिले संविधानसभाका बारेमा चलाइएका छलफल, अन्तर्क्रियात्मक कार्यक्रमहरूले मतदाताहरूको स्तर र प्रतिबद्धतामा वृद्धि गरेको थियो । मतदाताहरु प्रतिबद्ध भएर मतदान गर्न आएका थिए । विभिन्न राजनीतिक दलका प्रतिनिधिहरूले मतदातालाई आ–आफ्ना पक्षमा प्रभावित पार्न साम, दाम, दण्ड, भेद आदि सबै प्रकारका रणनीतिहरु व्यापक रूपमा प्रयोग गरिएकाले पनि मतदान गर्न प्रतिबद्ध भएका थिए ।

### मतदान केन्द्रको वातावरण

सुर्खेत जिल्लामा निर्वाचन केन्द्रमा निर्वाचन कार्यलाई प्रत्यक्ष वा परोक्षा कुनै रूपमा पनि प्रभाव पार्ने अराजक, अराजनीतिक, अशान्त गतिविधिहरु र हिंसा–प्रतिहिंसाजस्ता अप्रिय घटना नघटी निर्वाचन ऐन, नियम, नीति, निर्देशिका र निर्देशनअनुरूप नै स्वतन्त्र, शान्त, निष्पक्ष, भयरहित तवरले निर्वाचन कार्य सम्पन्न भएको थियो ।

### आचारसंहिताको पालना

ने.क.पा. (माओवादी) का अधिकांश कार्यकर्ताहरूले आफ्नो पार्टीको चुनाव चिन्ह प्रिन्ट गरेको सेतो टिसर्ट लगाई मतदान केन्द्रमा घुमफिर गरेका थिए । उनीहरूले सवारी अनुमति पत्र नै नलिई एउटा निर्वाचन क्षेत्रमा ३, ४ वटा जिपमा खचाखच बसी आवत–जावत गरेको र केही कार्यकर्ताहरूले त्यस्ता सवारी साधन आफ्ना मतदातालाई ल्याउन र आफूले पनि मतदान गर्न जाँदा प्रयोग गरेका थिए । ने.क.पा. (माओवादी) का कार्यकर्ता ध्रुव कोइरालाले पार्टीको चुनाव चिन्ह प्रिन्ट गरेको सेतो टिसर्ट लगाई मतदान केन्द्रमा बसेका थिए ।

### शान्ति-सुरक्षाको स्थिति

सुर्खेत जिल्लामा मतदानको दिन केही छिटफुट घटना भए पनि समग्रमा निर्वाचन शान्तिपूर्ण तवरमा सम्पन्न भएको थियो । निर्वाचन क्षेत्र नं. १ का एमाले उम्मेदवार ऋषिप्रसाद शर्माको चैत्र २६ गते भएको हत्या प्रकरणले जिल्लाको शान्तिसुरक्षामा खलल पुर्‍याउन खोजे पनि निर्वाचन आयोग लगायत सरोकारवाला सबै पक्षहरूको भूमिकाले सो क्षैत्रको निर्वाचन वैशाख ७ गते गर्ने निर्णयले केही साम्य पारेको थियो ।

## राजनीतिक हिंसाको अवस्था र प्रकृति

निर्वाचनपूर्व क्षेत्र नं. १ का ने.क.पा. (एमाले) का तर्फबाट उम्मेदवार हुनुभएका ऋषिप्रसाद शर्माको मिति २०६४/१२/२६ गते राती ८:३० बजे गोली लागि सोही रातको ९:४५ बजे मृत्यु भएको थियो । यस घटनाको जिम्मेवारी कुनै पनि राजनीतिक पार्टीहरूले लिएनन् । यस जिल्लाको निर्वाचन क्षेत्र नं. ३ का केही विकट गाविसहरूमा ने.क.पा. (माओवादी) का कार्यकर्ताहरूले अन्य राजनीतिक दललाई आ–आफ्नो राजनीतिक कार्यक्रम लिई जान बाधा अवरोध गरेका थिए । ने.क.पा. (माओवादी) का कार्यकर्ताहरूले निर्वाचन क्षेत्र नं. ३ का केही विकट गाविसमा आफूलाई भोट नदिएमा भोट नदिनेलाई काटी टाउको झोलामा र शरीरको गिंड खोलामा फाली दिने बताएका थिए । उनीहरूले आफू हारेमा पहिलाको जस्तै चन्दा आतङ्क मच्चाउने, घरजग्गा, बाली कब्जा गर्ने, सधैं खाना खुवाएर पाल्न लगाउने, भौतिक यातना समेत दिने धम्की दिएका थिए ।

## मतगणनाको अवस्था र प्रकृति

सामान्य रूपमा नै मतगणनाको कार्य सम्पन्न भई विजयी उम्मेदवारको घोषणा गरिएको थियो । ■

## ४.३० जुम्ला

### संविधानसभाका बारेमा जनचेतना

कर्णाली अञ्चलको सदरमुकाम जुम्ला पिछडिएको र भौगोलिक रूपमा विकट जिल्लाको रूपमा परिचित छ । अधिकांश जनताहरू गरीबीको रेखामुनि जीवन जिउन बाध्य छन् । निरक्षर व्यक्तिहरूको सङ्ख्या उल्लेखनीय रहेको यस जिल्लामा संविधानसभाका बारेमा जनचेतनामूलक कार्यक्रमहरू व्यापक रूपमा आयोजना गरिएका थिए । उक्त कार्यक्रमहरूमा गैह्रसरकारी सङ्घसंस्था, नागरिक समाज एवम् निर्वाचन आयोग समेतको प्रत्यक्ष संलग्नता थियो । संविधानसभाको चुनावमा भाग लिनुपर्छ भन्ने कुरामा जुम्लाबासीहरू प्रतिबद्ध थिए ।

### उम्मेदवारको मनोनयन र दर्ता प्रक्रिया

यस जिल्लामा विभिन्न राजनीतिक दलहरूले संविधानसभा सदस्य निर्वाचनका लागि आफ्ना समर्थकसहित मनोनयन दर्ता गराएका थिए । लोकतान्त्रिक मूल्य मान्यता कायम गर्न दलहरू प्रतिबद्ध भएको बताएका थिए ।

### मतदाताहरूको स्तर र प्रतिबद्धता

जुम्ला जिल्लाका मतदाताहरूले चेतनाको स्तर अपेक्षाकृत न्यून थियो । केही मतदाताहरू स्वतः स्फूर्त रूपमा मतदानमा सहभागी थिए भने केही मतदाताहरू दबाबबाट समेत प्रभावित थिए ।

### मतदान केन्द्रको वातावरण

विभिन्न सरोकारवाला कार्यालय र सङ्घसंस्थाहरूसँग समन्वय गरी स्वतन्त्र र निष्पक्ष रूपमा निर्वाचन सम्पन्न गराउन क्रियाशील थिए । कतिपय केन्द्रहरूमा आवश्यक जनशक्तिको मतदाताहरूले मतदान कठिनाइ भोग्नु परेको थियो ।

### आचारसंहिताको पालना

आचारसंहिताको पालनामा राजनीतिक दलहरू कुरा र भाषणमा ठीक देखिए पनि व्यवहारमा विपरीत थिए । आचारसंहिताको पालनाको सन्दर्भमा नेकपा माओवादीका कार्यकर्ताले अन्य दलका प्रतिनिधिहरूलाई मतदान केन्द्रमा प्रतिनिधि बस्न अवरोध गरेका थिए । माओवादीबाहेकका अन्य दलका प्रतिनिधिहरू मतदान केन्द्रमा नभएका हुनाले मतदान केन्द्र कब्जा गरी आफ्ना समर्थकलाई वारिस बनाई मतदान केही पर्यवेक्षक स्वयंले विभिन्न मतदान केन्द्रमा नै नेकपा माओवादीको प्रचार गरी आचारसंहिताको उल्लङ्घन गरेका थिए ।

### शान्तिसुरक्षाको स्थिति

शान्ति-सुरक्षाको स्थिति भरपर्दो थिएन । सुरक्षाकर्मी समेत भरसक झन्झट नहुने गरी माओवादीले गरेको ज्यादतीमा मूकदर्शक भएका कारण सुरक्षा स्थिति कमजोर भएको प्रस्ट देखिन्थ्यो । म्यादी प्रहरी समेत प्रचार-प्रसारमा लागेको देखिन्थे । सुरक्षाकर्मी सक्रिय नभएको कारण चुनावमा असर परेको थियो ।

### राजनीतिक हिंसाको अवस्था प्रकृति

केही कुटपिटजस्ता झडप भए पनि खासै गम्भीर प्रकृतिका घट्ना भएका थिएनन् । मतदाता तथा अन्य दलका कार्यकर्ता, सुरक्षाकर्मी समेतलाई माओवादी कार्यकर्ताले मानसिक रूपमा नियन्त्रणमा लिएको जस्तो देखिन्थ्यो । जसका कारण मतदाताले शान्तिपूर्वक मतदान गर्न नपाएको आभाष देखिन्थ्यो ।

## मतगणनाको अवस्था र प्रकृति

मतगणना कार्य कानुन सम्मत रूपमा व्यवस्थित रूपमा भएको थियो । गणना कार्य पारदर्शी रूपमा निष्पक्ष तरिकाले सम्पन्न भएको थियो । निर्वाचन परिणाम घोषणापश्चात् पनि शान्तिपूर्ण वातावरण कायम रहेको थियो । ■

## ४.३१ मुगु

### संविधानसभाका बारेमा जनचेतना

मुगु जिल्लाका मतदातहरूमा राजनीतिक चेतनामा व्यापक वृद्धि भएको छ । विगतमा भएका राजनीतिक उथल पुथलले मतदाताहरूलाई राजनीतिक रूपमा सशक्त बनाएका छन् । राजनीतिक सचेतता भए तापनि यस जिल्लामा अनौठो राजनीतिक परम्परा पाइन्छ । निर्वाचनको एकदिन अगाडि राजनीतिक दलहरूले विभिन्न गाउँमा धामी राखी जोखाना हेराउने परम्परा छ । धामीलाई एउटा गाउँमा एक दलले र अर्को गाउँमा अर्को दलले धामी बकाउने तथा कुन दलले जित्छ भन्ने भविष्यवाणी सुनाउन गाउँले जम्मा गर्ने र प्रसादको रूपमा भोज खुवाउने चलन संविधानसभामा चुनावमा पनि देखियो ।

### उम्मेदवारको मनोनयन र दर्ता प्रक्रिया

निर्वाचन आयोगले तोकेअनुसार फागुन १३ गते नै मनोनयन प्रक्रिया सहज रूपमा सम्पन्न भएको थियो ।

### मतदाताहरूको स्तर र प्रतिबद्धता

दुर्गम जिल्ला भए तापनि मतदाताहरू निर्वाचनप्रति प्रतिबद्ध थिए । मतदाताहरू निर्वाचनले देशमा शान्तिसुरक्षा कायम हुने, विकास निर्माणले गतीलिने र राजनीतिक स्थायित्व कायम हुनेमा आशावादी थिए । एकदशक पुरानो हिंसात्मक द्वन्द्वको अन्त्य हुने आशाले मतदाताहरूमा उत्साह छाएको थियो । यही आशाले गर्दा मतदाताहरू कुनै पनि राजनीतिक दलप्रति पूर्वाग्रही थिएनन् । आशावादी थिए र सामान्य असुविधालाई पनि स्वीकार गरिरहेका थिए ।

### मतदान केन्द्रको वातावरण

मतदान केन्द्रको वातावरण स्थानीय रूपमा हेर्दा सामान्य र निर्वाचन आयोगले तोकेको मापदण्डअनुरूप थियो । आवश्यक कर्मचारी, सुरक्षाकर्मी, पर्यवेक्षक, पत्रकार र मतदाताको सहज उपस्थिति थियो । मतदान केन्द्र सबैको पहुँचमा खुल्ला र तारवार वा डोरीले बारिएको अवस्थामा थियो । केही मतदान केन्द्रमा मत खसाल्ने पङ्क्ति लामो रहेकाले केही व्यक्ति मत नखसाली फर्किएका थिए । केही मतदान केन्द्रहरूमा स्वयंसेवकहरूले पानी खुवाउने निहुँमा मतदातालाई मतदान केन्द्रमै प्रभाव पार्ने गरेका थिए । पर्यवेक्षकको रूपमा रहेका केही संस्थाका व्यक्तिहरूले खुलेरै मतदान केन्द्रमा प्रचार गरेको, छाप लगाउने स्थानमै गएर प्रभाव पारेको, जबरजस्ती भोट खसाल्न बाध्य पारेको गुनासो जियोकका राष्ट्रिय पर्यवेक्षकले सुनेका र देखेका थिए । त्यसको विरोधमा कसैले बोल्ने प्रयास नगरेपछि जियोकका राष्ट्रिय पर्यवेक्षकले त्यस व्यक्तिको विरोध गरेपछि केन्द्रबाट बाहिर गएको थियो । मुगु जिविस भवनको अस्थायी मतदान केन्द्रमा महिला कर्मचारीहरूले मात्र मतदान कार्य सञ्चालन गरेका थिए ।

### आचारसंहिताको पालना

मुगु जिल्लामा आचारसंहिताको पालना सामान्य प्रकारको थियो । आचारसंहिता उल्लङ्घनमा राजनीतिक दल, मतदाता, पर्यवेक्षक, सुरक्षाकर्मी कर्मचारी सबै सहभागी थिए । ९ वर्षदेखि १४ वर्षसम्मका बालबालिका मत खसाल्न पङ्क्तिबद्ध भएर बसेका थिए । यो अवस्था सम्पूर्ण जिल्लाभरि नै रहेको राजनीतिक दलका प्रतिनिधिहरू बताइएका थिए । एक घरबाट एक व्यक्ति जोसुकैको नाममा जोसुकै आए पनि पठाउने सर्वदलीय सहमति स्थानीय तहमा बनेको थियो । बालबालिकाले सबै मतदान केन्द्रमा मतदान गरेका थिए । राजनीतिक दलबाट सहमति भई आएमा बालबालिकालाई मतदान गर्नबाट रोक्न नसकिने कुरा

मतदान अधिकृतहरु बताउँथे । मतदान अधिकृतकाअनुसार बालबालिकाहरु मतदानका प्रक्रिया पूरा गरेर आएकाले तिनीहरूलाई रोक्न नमिल्ने बताउँथे । सबै मतदान केन्द्रका वरिपरि र बाटोमा मतदातालाई प्रभाव पार्न प्रचार-प्रसार गर्ने गरेको थियो ।

## शान्तिसुरक्षँको स्थिति

मतदाताहरु माओवादीबाट अत्यन्त त्रसित भएका, शान्ति-सुरक्षाको पूर्ण अभाव भएको र माओवादीका बारेमा कुनै टीकाटिप्पणी गर्न नचाहने थिए । यहाँसम्म कि जियोकका राष्ट्रिय पर्यवेक्षकको भेटमा सदरमुकाम गमगढीका मतदाताहरूले खुलेर कुरा गर्न चाहेनन्, जसको प्रमुख कारण शान्ति-सुरक्षाको अभाव नै हो । शान्ति-सुरक्षाको अभावमा नेकपा (माओवादी) बाहेकका कुनै पनि राजनीतिक दलका उम्मेदवार गाउँमा मत माग्न जान सकेका थिएनन् । मुगु जिल्लाको शान्ति-सुरक्षाको अवस्था एकपक्षीय थियो ।

## राजनीतिक हिंसाको अवस्था र प्रकृति

मतदानको दिनमा असामान्य प्रकारको कुनै पनि राजनीतिक हिंसा भएन । १० वर्षे सशस्त्र द्वन्द्वको अन्त्य निर्वाचनले गर्ने भएकाले मतदाता र राजनीतिक कार्यकर्ताहरूले सामान्य असजिलोलाई टीकाटिप्पणीको विषय बनाएका थिएनन् ।

## मतगणनाको अवस्था र प्रकृति

मतगणना कार्य सामान्य रूपमा सम्पन्न भयो । कुनै विशेष असहज परिस्थिति पैदा भएन । ■

## ४.३२ कैलाली

### संविधानसभाका बारेमा जनचेतना

कैलाली जिल्लामा संविधानसभाका बारेमा जनचेतना उच्च थियो । राजनीतिक कार्यकर्ता, सङ्घसंस्था, नागरिक समाज, निर्वाचन आयोगबाट चेतना जगाउन जुटेका थिए तापनि ग्रामीण क्षेत्रमा जनचेतनाको कमी पाइएको थियो ।

### उम्मेदवारको मनोनयन र दर्ता प्रक्रिया

निर्वाचन आयोगले तोकेकै दिन चैत्र १३ र २३ गरी दुइ चरणमा विभिन्न राजनीतिक दलहरूले आफ्ना कार्यकर्ताको दलवलसहित आएर उम्मेदवारको मनोनयन दर्ता गराएका थिए ।

### मतदाताहरूको स्तर र प्रतिबद्धता

अधिकांश मतदातामा निर्वाचनप्रति उत्साह पैदा भएको थियो । केही मतदाताले स्वस्तिक छापको सट्टामा औंठाको छाप लगाएका थिए । मतदाता शिक्षाको अभाव नै यसको कारण थियो ।

### मतदान केन्द्रको वातावरण

मतदाताहरूलाई मत खसाल्नका लागि राम्रो व्यवस्था गरिएको थियो । पङ्क्तिबद्ध गरी जाने बाटो थियो । एक मतदान केन्द्रमा ११५० भन्दा बढी मतदाताहरु नहुने गरी व्यवस्था गरिएको थियो । वृद्ध अपाङ्ग र अशक्तहरूलाई प्राथमकिता दिइएको थियो तापनि कतिपय मतदान केन्द्रमा पर्याप्त ठाउँको अभाव र स्वयंसेवकको उपयुक्त परिचालन गरिएको थिएन ।

### आचारसंहिताको पालना

राजनीतिक दल, नागरिक समाज निर्वाचन आयोग र पर्यवेक्षक सबैतर्फबाट आचारसंहिताको आंशिक पालना भएको थियो । मतदान हुनुपूर्व नै सम्पूर्ण मतदान केन्द्रहरूका राजनीतिक कार्यकर्ताहरु र मतदानमा खटिएका कर्मचारीहरु बीच आपसी छलफल र साझेदारी गरी निर्वाचन सम्पन्न भएको थियो ।

### शान्तिसुरक्षाको स्थिति

प्रत्येक निर्वाचन केन्द्रमा १०-१२ जना सुरक्षाकर्मी थिए । कहिंकहिं मतदाताहरूको भिड देख्दा शान्ति-सुरक्षामा कमी भएको थियो । शान्ति-सुरक्षाको व्यवस्था हेर्दा पूर्ण नभई सन्तोषजनक मात्र मान्न सकिने खालको थियो । शान्ति-सुरक्षा प्रहरीको कारणले स्थापित नभई राजनीतिक दलहरूको सर्वदलीय निर्णयले भएको थियो ।

### राजनीतिक हिंसाको अवस्था र प्रकृति

यस कैलाली जिल्लामा खासगरी कुनै किसिमको राजनीतिक हिंसा भएको छैन । १-२ ठाउँमा चुनावको समयमा पार्टी प्रतिनिधिको कुरालाई लिएर सामान्य विवाद मात्र उत्पन्न भएको थियो र आपसी छलफलबाट समाधान भएको थियो ।

### मतगणनाको अवस्था र प्रकृति

यस जिल्लामा ३ ठाउँमा मतगणना कार्य भएको थियो । क्षेत्र नं. २ र ४ को मतगणना जिल्ला विकास समितिको कार्यालयमा भएको थियो । क्षेत्र नं. १, ५ र ६ को मतगणना क्षेत्रीय स्वास्थ्य तालिमकेन्द्रमा

भएको थियो भने क्षेत्र नं. ३ को मतगणना धनगढी नगरपालिकाको भवनमा भएको थियो प्रत्येक क्षेत्रमा मतगणना गर्न १० कर्मचारी खटिएका थिए भने प्रत्येक मतगणना केन्द्रमा ५० जना सुरक्षा व्यवस्था गरेको थियो । मतगणना गर्दा सिल नं. र बाकस देखाउने गरिएको थियो । २ बाकस एकै चोटी खोली मतपत्र मिलाई गर्ने गरिएको थियो । यस जिल्लामा कुल मतदाता सङ्ख्या ४,७५,४३६ रहेकोमा जम्मा २८५,३५४ मत खसेको छ भने खसेको मतबाट बदर मत ११,५५७ रहेको छ । समग्रमा शान्तिपूर्ण वातावरणमा निर्वाचन सम्पन्न भयो । ■

## ४.३३ बभाङ

### संविधानसभाका बारेमा जनचेतना

यस जिल्लामा राजनीतिक उतारचढाव र सञ्चार माध्यम (एफ.एम.) ले मतदाताहरूलाई सचेतता प्रदान गरेको थियो । उम्मेदवारहरु निर्वाचनपूर्व घरदैलो पुग्ने कार्यक्रमले पनि सचेतता प्रदान गरेको थियो । सदरमुकाम र वरिपरिका मतदाता अपेक्षाकृत सचेत थिए भने पृष्ठक्षेत्रका मतदाता तुलनात्मक रूपमा कम चेतनशील थिए ।

### उम्मेदवार मनोनयन र दर्ता प्रक्रिया

उम्मेदवारको मनोनयन दर्ता प्रक्रिया फागुन १३ देखि १७ सम्म शान्तिपूर्वक निर्वाचन आयोगले निर्धारण गरेको प्रक्रिया बमोजिम सम्पन्न भएको थियो ।

### मतदाताहरूको स्तर र प्रतिबद्धता

मतदाताहरु निर्वाचनद्वारा गणतान्त्रिक नेपालको स्थापना हुन्छ भन्ने तर्फ प्रति प्रतिबद्ध थिए । द्वन्द्वकालमा बभाङमा माओवादीसँग ठूला भिडन्त भएनन् र मतदाताले अन्यत्र भैं माओवादी ज्यादती पनि धेरै भोग्नुपरेन । मतदाताहरु निर्वाचनको प्रतीक्षामा थिए र यसलाई सामान्य रूपमा ग्रहण गरी आफ्नो मताधिकार को प्रयोग गरेका थिए । मतदातामा शान्तिप्रतिको तीव्र आकाङ्क्षा थियो । विकट पहाडी जिल्ला बभाङ मङ्गोल जनसङ्ख्या शून्य भएको खस बाहुल्य जिल्ला हो । बभाङमा निर्वाचनपूर्व ठूला राजनीतिक भिडन्त भएनन् भने मतदाताहरूले पनि कुनै अप्रिय स्थितिको सामना गर्नु परेन । निर्वाचनपूर्व स्थिति अपेक्षाकृत शान्तिपूर्ण रह्यो ।

### मतदान केन्द्रको वातावरण

बभाङ जिल्ला कुनै दलको आधार इलाका थिएन र सबै राजनीतिक दलहरूले आ–आफ्ना सम्भावित जित हुने जिल्लाका रूपमा लिएकाले मतदान केन्द्रको वातावरण अपेक्षा गरिए भन्दा पनि शान्त थियो । कुनै पनि दलहरूले निर्वाचनलाई बिथोल्ने प्रयास गरेनन् । कर्मचारी, सुरक्षाकर्मी, पर्यवेक्षक, स्वयंसेवक मतदाता, पत्रकार सबै आ–आफ्नो भूमिका र दायित्वमा रहेकाले चैत्र २८ गते सहज निर्वाचन हुन पुग्यो । कंही कतै पनि मानवस्रोतको अभाव देखिएन ।

### आचारसंहिताको पालना

सबै पक्षहरूको चाहना र प्रयासले शान्तिसुरक्षा कायम हुन पुग्यो । यसमा सुरक्षाकर्मीको भूमिका सहयोगी मात्र हुनपुग्यो । प्रत्येक मतदान केन्द्रमा ८ देखि १५ सम्म प्रहरी परिचालित थिए र उनीहरूको उपस्थिति साङ्केतिक मात्र थियो ।

### शान्तिसुरक्षाको अवस्था

बभाङ जिल्लामा निर्वाचनको दिनमा राजनीतिक हिंसा भएनन् । तुलनात्मक रूपमा निर्वाचन शान्तिपूर्ण भयो । दलहरु र मतदातामा यस निर्वाचनले गणतन्त्रको स्थापना हुने, जनताको अधिकारको सुनिश्चितता हुने, दिगो शान्ति हुने, आर्थिक उन्नति हुने र सबैको सहभागितामा संविधान बन्ने आशाले शान्तिपूर्वक मतदानमा भाग लिएका थिए । राजनीतिक दलका गतिविधि जनताले अपेक्षा गरे भन्दा शान्तिपूर्ण र सौहार्द्रपूर्ण भएकाले मतदाता हर्षित थिए ।

## राजनीतिक हिंसाको अवस्था र प्रकृति

दुई निर्वाचन क्षेत्र भएको बभाङको मतगणनामा सामान्य विवाद बाहेक शान्तिपूर्ण रूपमा सम्पन्न भयो ।

## मतगणनाको अवस्था र प्रकृति

आंशिक रूपमा आचारसंहिताको पालन भएको थियो । नाबालकको मतदान, भित्तेलेखन, अनुपस्थित हुनेको नाममा मतदान जस्ता घटना सामान्य थिए । जोसुकै आए तापनि एक घरबाट एकजनाले भोट हाल्ने सहमति बनेको थियो भने एक भन्दा बढी पटक मतदान गर्ने युवा जमात ठूलै थियो । ■

## ४.३४ कञ्चनपुर

### संविधानसभाका बारेमा जनचेतना

कञ्चनपुर जिल्लामा निर्वाचनका लागि जनचेतना वृद्धि गर्न विभिन्न सङ्घसंस्थाहरु र राजनीतिक दलहरुद्वारा संविधानसभा निर्वाचनका सम्बन्धमा थुप्रै कार्यक्रमहरुको आयोजना गरिएको थियो । यी कार्यक्रमहरुका माध्यमले जनतालाई संविधानसभा भनेको के हो ? निर्वाचनमा कसरी सहभागी हुने, कसरी मतदान गर्ने र संविधानसभाको निर्वाचन सम्पन्न भएमा राष्ट्रमा कस्तो किसिमको परिवर्तन आउन सक्छ जस्ता कुराहरुका बारेमा जनचेतना अभिवृद्धि गर्ने प्रयास गरिएका थिए । केही सङ्घसंस्थाहरुले सडक नाटकका माध्यमले पनि जनचेतना अभिवृद्धि गर्ने प्रयास गरे ।

### उम्मेदवारको मनोनयन र दर्ता प्रक्रिया

उम्मेदवारको मनोनयन तथा दर्ता प्रक्रिया कानुनले तोके बमोजिम नै सम्पन्न भयो । मनोनयन तथा दर्ता प्रक्रियामा कुनै किसिमको विवाद सृजना भएको देखिएन ।

### मतदाताहरुको स्तर र प्रतिबद्धता

मतदाताहरु आंशिक रुपमा शिक्षित र सजग थिए । उनीहरुले संविधानसभा निर्वाचनलाई यो भन्दा पहिलो हुने गरेको प्रतिनिधिसभा निर्वाचनका रुपमा नै लिएका थिए । मतदाता शिक्षा स्वयंसेवकहरुले गाउँका टोलटोलमा गएर मतदाताहरुलाई संविधानसभा निर्वाचनका बारेमा राम्रोसँग जानकारी गराएका थिएनन् ।

केही राजनीतिक दलहरुले त आफ्नो प्रचार सामग्रीमा विकास निर्माण गर्ने प्रतिबद्धता पनि लेखेका थिए । उदय मा.वि. वसन्तपुरमा केही मतदाताहरुले छाप नै नलगाई मतपत्रहरु बाकसमा खसालेका थिए । सदरमुकाममा मतदाता बढी सचेत थिए ।

### मतदान केन्द्रको वातावरण

प्रायः जसो सबै मतदान केन्द्रहरु मतदाताहरुको पायक पर्ने स्थानमा राखिएका थिए । मतदाताहरुको सुविधालाई ध्यान दिएर एउटै मतदान स्थलमा एक भन्दा बढी मतदान केन्द्रहरु राखिएका थिए । मतदान केन्द्रहरुमा मतदाता सङ्ख्याका आधारमा ८ जनादेखि १६ जनासम्म कर्मचारीहरु नियुक्त गरिएका थिए । मतदान केन्द्रहरुमा मतदाताहरुका लागि लाइनमा उभिने व्यवस्था गरिएको थियो । पुरुष र महिला मतदाताहरुका लागि अलग–अलग लाइनको व्यवस्था गरिएको थियो । अपाङ्ग, अशक्त र वृद्धहरुलाई लाइनमा नलगाई मतदान गर्ने अवसर प्रदान गरिएको थियो । मतदानस्थलमा सुरक्षाको राम्रो प्रबन्ध थियो । सशस्त्र प्रहरीका घुम्ती टोलीहरु पनि प्रत्येक निर्वाचन क्षेत्रमा थिए । मतदान केन्द्रहरुमा मतदानका लागि चाहिने आवश्यक सामग्रीहरु जस्तै मतपत्र, बाकस, मसी आदि पर्याप्त मात्रामा रहेको थियो । स्वयंसेवकहरुले मतदानकार्यलाई सुचारू रुपमा सञ्चालन गर्नमा सहयोग पुऱ्याएका थिए । केही मतदान केन्द्रहरुमा वाइसीएल कार्यकर्ताहरु टाउकोमा रातोफेटा बाँधी मतदान केन्द्रभित्र र बाहिर घुमी रहेका देखिए र क्षेत्र नं. ३ अन्तर्गत रहेको घटाल नि.मा.वि. पोलखरी मतदान स्थलमा स्वयंसेवकहरुले मतदाताहरुसित गोप्य कोठामा गई मतपत्रहरुमा छाप लगाइएका थिए ।

### आचारसंहिताको पालना

निर्वाचन अवधिमा आंशिक रुपमा आचारसंहिताको पालना गरिएको थियो । राजनीतिक दलहरुले आचारसंहिता निर्वाचन पूर्वको मौन अवधिमा पनि राजनीतिक दलका कार्यकर्ताहरु मतदाताहरुसँग

भेटघाटमा व्यस्त थिए । निर्वाचनका दिन क्षेत्र नं. १ मा रहेको जनसेवा मा.वि. हल्दुखाल केन्द्रमा मतदानस्थल नजिक केही राजनीतिक दलका झण्डाहरु फैलिएका थिए । क्षेत्र नं. १, २, ३ र ४ मा नेकपा (माओवादी) का कार्यकर्ताहरु केही मतदान स्थलहरूमा आफ्नो चिनारी सहित घुमिरहेका थिए, केही पर्यवेक्षकहरु पनि निर्वाचनपूर्व पर्यवेक्षक आचारसंहिताको उल्लङ्घन गर्दै विभिन्न राजनीतिक दलहरूका प्रचार अभियानमा संलग्न भएका थिए । निर्वाचनका दिन विभिन्न पार्टीहरूका कार्यकर्ताहरूद्धारा कञ्चनपुरको क्षेत्र नं. १ र २ का केही गाविसहरूमा अनुमतिपत्र विना सवारी साधनहरूको प्रयोग गरेर मतदाताहरूलाई मतदान स्थलसम्म पुऱ्याएका थिए ।

## शान्तिसुरक्षाको स्थिति

कञ्चनपुर जिल्लामा मतदानपूर्व र मतदानको अवधिमा शान्तिसुरक्षाको प्रबन्ध आंशिक रूपमा व्यवस्था गरिएको थियो । पश्चिमी नाका गड्डाचौकीमा निर्वाचन भन्दा एक महिना पहिलेदेखि नै नेपाली सेनाका सैनिकहरूलाई खटाइएको थियो । निर्वाचनको दिन भन्दा एकदिन पहिलादेखि नै भारत नेपाल सिमालाई पूर्ण रूपमा बन्द गरिएको थियो । निर्वाचनका लागि म्यादी प्रहरी पनि प्रसस्त मात्रामा भर्ना गरिएका थिए । प्रत्येक मतदान केन्द्रमा नेपाल प्रहरी र म्यादी प्रहरीहरूलाई पर्याप्त मात्रामा खटाइएको थियो । जिल्लामा कुनै पनि किसिमको अप्रिय घटना नहुनदिनका लागि सुरक्षा व्यवस्थालाई कडा पारिएको थियो । तर मतदाताहरु भने आश्वस्त हुन सकेका थिएनन् ।

## राजनीतिक हिंसाको अवस्था र प्रकृति

कञ्चनपुर जिल्लामा निर्वाचनको अवधिमा कुनै पनि किसिमको राजनीतिक हिंसाका घटना घटेनन् । निर्वाचन शान्तिपूर्ण तरिकाले सम्पन्न भयो ।

## मतगणनाको अवस्था र प्रकृति

कञ्चनपुर जिल्लामा मतगणना कार्य २०६४ चैत्र २९ गते सुरू भयो । क्षेत्र नं. १ को मतगणना कार्य जिल्ला विकास समितिको हलमा गरिएको थियो भने क्षेत्र नं २ को मतगणना न.पा. को हलमा गरिएको थियो । क्षेत्र नं. ३ र ४ को मतगणना कार्य स्थानीय बालमन्दिरमा गरिएको थियो । पहिलो दिन पत्रकारहरूलाई मतगणना स्थलभित्र प्रवेशमा रोक लगाइएको थियो र दोस्रो दिनदेखि केही पत्रकारहरूलाई मतगणनास्थल भित्र प्रवेश गर्न दिइएको थियो । पर्यवेक्षकहरूका लागि पनि मतगणना स्थलभित्र प्रवेश गर्नु धेरै कठिन थियो । मतगणना स्थलको अवलोकन गर्दा पार्टी प्रतिनिधि र कर्मचारीहरूको उपस्थिति थियो । पार्टी प्रतिनिधिहरूको सहमति अनुसार मतगणनाका लागि नियुक्त कर्मचारीहरूद्धारा मतगणना गरिएको थियो । मतगणना कार्य एकदम ढिला सञ्चालन भएको थियो । कञ्चनपुर जिल्लामा मतगणनाका अवधिमा कुनै किसिमको विवाद भएन, मतगणना कार्य शान्तिपूर्ण तरिकाले सम्पन्न भयो । ■

## ४.३५ डडेलधुरा

### संविधानसभाका बारेमा जनचेतना

संविधानसभा सदस्य निर्वाचन २०६४ चैत्र २८ गतेका दिन यस डडेलधुरा जिल्लामा एक ऐतिहासिक उत्सवको रूपमा निष्पक्ष, स्वतन्त्र र धाँधली रहित चुनाव सम्पन्न भयो । केही साता अगाडि जिल्ला सदरमुकाम र ग्रामीण क्षेत्रमा भएको तनावको स्थितिले चुनाव हुनसक्दैन भन्ने शङ्का भए तापनि चुनाव एकदमै सहज स्थितिमा सम्पन्न भएकोमा सबैले खुसी भएको महसुस गरेका छन् । सबै नगर, क्षेत्र र गाविसस्तरीय पर्यवेक्षकको प्रतिवेदन अनुसार सबै मतदान केन्द्रमा मतदान शान्तिपूर्ण भयरहित वातावरणमा सम्पन्न भएको थियो ।

### उम्मेदवारको मनोनयन र दर्ता प्रक्रिया

उम्मेदवारको मनोनयन तथा दर्ता प्रक्रिया कानुनले तोके बमोजिम नै सम्पन्न भयो । मनोनयन तथा दर्ता प्रक्रियामा कुनै किसिमको विवाद सृजना भएको देखिएन । राजनीतिक दलहरु आफ्ना कार्यकर्ताको दलबलसहित आएको जुलुसपछि आ–आफ्ना उम्मेदवारको मनोनयन दर्ता गरेका थिए ।

### मतदाताहरूको स्तर र प्रतिबद्धता

मतदाताहरु आंशिक रूपमा शिक्षित र सजग थिए । उनीहरूले संविधानसभा निर्वाचनलाई यो भन्दा पहिलो हुने गरेको प्रतिनिधिसभा निर्वाचनका रूपमा नै लिएका थिए । मतदाता शिक्षा स्वयंसेवकहरूले गाउँका टोलटोलमा गएर मतदाताहरूलाई संविधानसभा निर्वाचनका बारेमा राम्रोसँग जानकारी गराएका थिएनन् ।

केही राजनीतिक दलहरूले त आफ्नो प्रचार सामग्रीमा विकास निर्माण गर्ने प्रतिबद्धता पनि लेखेका थिए । उदय मा.वि. वसन्तपुरमा केही मतदाताहरूले छाप नै नलगाई मतपत्रहरु बाकसमा खसालेका थिए । सदरमुकाममा मतदाता बढी सचेत थिए ।

### मतदान केन्द्रको वातावरण

सबै मतदान केन्द्रहरु मतदाताहरूको पायक पर्ने स्थानमा राखिएका थिए । मतदाताहरूको सुविधालाई ध्यान दिएर एउटै मतदान स्थलमा एक भन्दा बढी मतदान केन्द्रहरु राखिएका थिए । मतदान केन्द्रहरूमा मतदाता सङ्ख्याका आधारमा ८ जनादेखि १६ जनासम्म कर्मचारीहरु नियुक्त गरिएका थिए । मतदान केन्द्रहरूमा मतदाताहरूका लागि लाइनमा उभिने व्यवस्था गरिएको थियो । पुरूष र महिला मतदाताहरूका लागि अलग–अलग लाइनको व्यवस्था गरिएको थियो । अपाङ्ग, अशक्त र वृद्धहरूलाई लाइनमा नलगाई मतदान गर्ने अवसर प्रदान गरिएको थियो । मतदानस्थलमा सुरक्षाको राम्रो प्रबन्ध थियो । सशस्त्र प्रहरीका घुम्ती टोलीहरु पनि प्रत्येक निर्वाचन क्षेत्रमा थिए । मतदान केन्द्रहरूमा मतदानका लागि चाहिने आवश्यक सामग्रीहरु पर्याप्त मात्रामा रहेको थियो । स्वयंसेवकहरूले मतदानकार्यलाई सुचारू रूपमा सञ्चालन गर्नमा सहयोग पुऱ्याएका थिए ।

### आचारसंहिताको पालना

राजनीतिक दल, नागरिक समाज निर्वाचन आयोग र पर्यवेक्षक सबैतर्फबाट आचारसंहिताको आंशिक पालना भएको थियो । मतदान हुनुपूर्व नै सम्पूर्ण मतदान केन्द्रहरूका राजनीतिक कार्यकर्ताहरु र मतदानमा खटिएका कर्मचारीहरु बीच आपसी छलफल र साझेदारी गरी निर्वाचन सम्पन्न भएको थियो ।

## शान्तिसुरक्षाको स्थिति

सुरक्षाको सन्दर्भमा जिल्लाभरीको सुरक्षाको स्थिति सन्तोषजनक थियो र जिल्लाका संवेदनशील मानिने क्षेत्रमा हेलिकप्टरबाट पनि गस्ती गरिएका थिए । प्रत्येक मतदान केन्द्रमा मोवाइल टोली पनि खटाइएको थियो । सबै मतदानकेन्द्रमा मतदानकार्य ७ बजेबाट नै सुरू भयो । करिब २ बजेतिर सबै मतदान केन्द्रमा मतदान केन्द्रमा मतदाताको सङ्ख्या घटिसकेको र ४ बजेतिर सम्पूर्ण मतदाताले मतदान गरिसकेका थिए । कुनैकुनै ठाउँमा अर्काको नाममा मतदान गर्ने प्रयास गरिएको र उनीहरूलाई फर्काइएको र कुनैले पनि अर्काको नाममा मत हाल्न पाएन । डडेलधुरा जिल्लामा करिब ५६% मात्र मतखसेको छ । जसमा धेरै मत बदर हुने सङ्केत छ किनभने ८५०० खसेको मतमा २५५ मत बदर भएका थिए । धेरैजसो बदर मतपत्रहरु दुईवटा चिन्हमा छाप लगाएको, कुनैमा छाप नलगाएको भेटिएको छ भने धेरै मतपत्रमा पछाडिपट्टि मसी लागेको पाइएको थियो ।

## राजनीतिक हिंसाको अवस्था र प्रकृति

डडेलधुरा जिल्लामा निर्वाचनको अवधिमा कुनै पनि किसिमको राजनीतिक हिंसाका घटना घटेनन् । निर्वाचन शान्तिपूर्ण तरिकाले सम्पन्न भयो ।

## मतगणनाको अवस्था र प्रकृति

मतदान सकिएपछि सबै मतपेटिका सुरक्षित साथ २९ गते बिहान ९ बजे सदरमुकाम ल्याइसकेको भए तापनि मतगणना कार्य २९ गते दिउँसो ४.१५ बजेबाट सुरू गरियो । मतगणना स्थलमा एकदमै शान्त र सुरक्षित थियो । भोलिपल्ट बिहान ८.१५ बाट मतगणना कार्य स्थगित भयो किनभने मतपेटिकाको माथिको मेन लकर सिल टुटेको पाइएकाले (दुर्गास्थान प्रा. वि. भद्रपुर ४ गुनपाल ११४) मतपेटिकाको मतगणना रोकिएपछि सहमति जुटाउन सर्वदलीय बैठक बस्यो र मतपत्र मुचुल्काअनुसार सहमति भएपछि करिब ११.५ बजेबाट सो मतपेटिकामा खसेको मत र मतपत्र अर्धकट्टी सङ्ख्या बराबर भएकाले सो मतपेटिका गणना सुरू भयो ।

राष्ट्रिय, अन्तर्राष्ट्रिय कुनै पनि पर्यवेक्षकका लागि कुनै किसिमको असुरक्षाको महसुस थिएन । मतगणना स्थलमा सबै पर्यवेक्षक, पत्रकार र मानव अधिकारवादीहरूलाई अनुमतीपत्र लिई प्रवेश गराएको थियो ।

संक्षेपमा भन्नुपर्दा डडेलधुरा जिल्लामा चुनाव सोचे भन्दा राम्रो स्थितिमा सम्पन्न भयो । धेरै दलका प्रतिनिधिहरूलाई सोद्धा ग्रामीण क्षेत्रमा माओवादी पक्षबाट जनतालाई आफ्नो पक्षमा मत हाल्न दबाब दिएको थियो । माओवादी पक्षबाट केही दिन अगाडि त्रास देखाए पनि मतदानको दिन भने त्यस्तो कुनै किसिमको धम्की त्रास फैलाएको देखिएन । मतदानको दिन मतदान कार्य निष्पक्ष नै भएको थियो । ■

पर्यवेक्षण गरिएका ३५ जिल्लाका विवरणलाई निम्न अनुसारको सारांश तालिकामा प्रस्तुत गरिएको छः

## पर्यवेक्षण गरिएका जिल्लाहरूमा निर्वाचन वातावरण सारांश तालिका

| क्र. सं. | जिल्ला | संविधान-सभाका बारेमा जनचेतना (१) | मतदाताको प्रतिबद्धता (२) | मतदान केन्द्रको वातावरण (३) | आचारसंहिताको पालना (४) | शान्तिसुरक्षाको स्थितिको सिर्जना (५) | राजनीतिक हिंसा (६) | निर्वाचनको स्वरूप (७) |
|---|---|---|---|---|---|---|---|---|
| १ | झापा | मध्यम | उच्च | राम्रो | उल्लङ्घन भएको | राजनीतिक दलहरूको समझदारीले कायम भएको | निर्वाचनपूर्व राजनीतिक दलहरु बीच भौतिक मुठभेड (एमाले र माओवादी) | माओवादी प्रभावहावी निर्वाचन |
| २ | मोरङ | न्यून | सामान्य | सामान्य | उल्लङ्घन भएको | मतदातामा आन्तरिक भयको सिर्जना | राजनीतिक दलहरूबाट मानसिक हिंसाको प्रभाव | माओवादी प्रभावहावी निर्वाचन |
| ३ | सुनसरी | मध्यम | उच्च | उच्चस्तरीय व्यवस्थापन | उल्लङ्घन भएको | राजनीतिक दलहरु बीच भएको झडपले खलबल्याएको | निर्वाचनपूर्व राजनीतिक दलका कार्यकर्ताहरु बीच झडप भई मृत्यु समेत भएको | मधेसी जनाधिकार फोरमको प्रभावहावी निर्वाचन |
| ४ | धनकुटा | मध्यम | उच्च | उच्चस्तरीय व्यवस्थापन | उल्लङ्घन भएको | सुरक्षा बेसक्याम्प र चौकीको पुनःस्थापना गरी सामान्य बनाउन खोजिएको | निर्वाचनपूर्व राजनीतिक दलका कार्यकर्ताहरु बीच झडप भएको | माओवादी प्रभावहावी निर्वाचन |
| ५ | सङ्खुवासभा | न्यून | उच्च | कमजोर व्यवस्थापन र टाढा भएको गुनासो | उल्लङ्घन भएको | सुरक्षाकर्मी परिचालन गरी सामान्य बनाउने प्रयास भएको | माओवादीले एमाले कार्यकर्ता मार्ने धम्की | माओवादी प्रभावहावी निर्वाचन |
| ६ | सप्तरी | उच्च | उच्च | उचित व्यवस्थापन | आचारसंहिताको आंशिक पालना | माओवादीले बुथ क्याप्चर गर्न खोजेकोले क्षेत्र नं. १ को केहि मतदानकेन्द्रमा निर्वाचन स्थगित | राजनीतिक हिंसालाई सुरक्षाकर्मीले प्रभावहिन बनाएको | माओवादी प्रभावहावी निर्वाचन |
| ७ | सिराहा | मध्यम | उच्च | उच्चस्तरीय व्यवस्थापन | भित्तेलेखन, दोहोरो मतदान, नाबालक मतदान | मतदान केन्द्रमा सुरक्षाकर्मीको उपस्थितिले मनोवैज्ञानिक रूपमा प्रभाव सामान्य परेको | राजनीतिक दल बीचको झडपले केही मतदानकेन्द्रमा पुनः अर्को मितिमा निर्वाचन सम्पन्न | मधेसवादी दलको प्रभावहावी निर्वाचन |
| ८ | धनुषा | उच्च | मध्यम | उच्चस्तरीय व्यवस्थापन | सवारी साधनको दुरुपयोग, प्रवेशद्वार निर्माण, नाबालक मतदान, भित्तेलेखन | सुरक्षाकर्मीको व्यापक परिचालनले सामान्य | सुरक्षाकर्मी फर्केपछि राजनीतिक हिंसामा वृद्धि भएको | मधेसवादी दलको प्रभावहावी निर्वाचन |

| क्र. सं. | जिल्ला | संविधान-सभाका बारेमा जनचेतना (१) | मतदाताको प्रतिबद्धता (२) | मतदान केन्द्रको वातावरण (३) | आचारसंहिताको पालना (४) | शान्तिसुरक्षाको स्थितिको सिर्जना (५) | राजनीतिक हिंसा (६) | निर्वाचनको स्वरुप (७) |
|---|---|---|---|---|---|---|---|---|
| ९ | दोलखा | उच्च | उच्च | सामान्य | उल्लङ्घन भएको | राजनीतिक दल बीचको झडपले शान्तिसुरक्षामा खलल पुऱ्याएको | जिल्लाका विभिन्न मतदानकेन्द्रमा एमाले र माओवादी बीच झडप तथा वाइसिएलले खुकुरी प्रहार गर्न प्रयास गरेको | माओवादी प्रभावहावी निर्वाचन |
| १० | चितवन | उच्च | उच्च | सामान्य | उल्लङ्घन भएको | शान्तिसुरक्षा खलबलिई मानसिक तनाव सिर्जना भएको | विभिन्न दलहरु बीच एकआपसमा द्वन्द्व र झडप भई कतिपय मतदान केन्द्रमा पुनः अर्को मतदान भएको | माओवादी प्रभावहावी निर्वाचन |
| ११ | मकवानपुर | मध्यम | उच्च | उच्चस्तरीय व्यवस्थापन | आंशिक पालन | शान्तिसुरक्षा आवश्यक मात्रामा कायम भएका | राजनीतिक हिंसाका छिटपुट घटना मात्र घटेको | माओवादी प्रभावहावी निर्वाचन |
| १२ | ललितपुर | उच्च | उच्च | उच्चस्तरीय व्यवस्थापन | पूर्ण पालन नभएको | विकासका कारण शान्तिसुरक्षा कायम भएको | राजनीतिक हिंसाका छिटपुट घटना मात्र घटेको | माओवादी प्रभावहावी निर्वाचन |
| १३ | काभ्रे | उच्च | उच्च | उच्चस्तरीय व्यवस्थापन | उल्लङ्घन भएको | दलहरुको प्रतिबद्धताले शान्तिसुरक्षा कायम भएको | राजनीतिक दलहरु बीच मुठभेड (माओवादीबाट एकतर्फी मतदान) | माओवादी प्रभावहावी निर्वाचन |
| १४ | धादिङ | उच्च | उच्च | मतदानको वातावरण त्रासपूर्ण रहेको | उल्लङ्घन भएको | राजनीतिक दलहरु बीच भिडन्त | हिंसायुक्त निर्वाचन | माओवादी प्रभावहावी निर्वाचन |
| १५ | सिन्धुपाल्चोक | उच्च | उच्च (तुलनात्मक रुपमा महिला सहभागिता बढी) | त्रासपूर्ण वातावरण | उल्लङ्घन भएको | माओवादी त्रासले शान्तिसुरक्षा कायम भएको | हिंसायुक्त निर्वाचन | माओवादी प्रभावहावी निर्वाचन |
| १६ | नुवाकोट | उच्च | उच्च | सामान्य असुरक्षाको स्थिति कायम | उल्लङ्घन भएको | त्रासपूर्ण वातावरण | राजनीतिक दल बीच भिडन्तको घटना, मतपेटिका फालेको | माओवादी प्रभावहावी निर्वाचन |
| १७ | तनहुँ | उच्च | उच्च | सामान्य शान्तिपूर्ण | आंशिक पालन भएको | जिम्मेवार दलहरुबाट मतदान गर्न मानसिक दबाब दिइएको | निर्वाचनमा आंशिक अवरोध पुऱ्याउँदा सामान्य घाइते | नेपाली काङ्ग्रेस, एमाले र माओवादी त्रीपक्षीय प्रभावहावी निर्वाचन |

| क्र. सं. | जिल्ला | संविधान-सभाका बारेमा जनचेतना (१) | मतदाताको प्रतिबद्धता (२) | मतदान केन्द्रको वातावरण (३) | आचारसंहिताको पालना (४) | शान्तिसुरक्षाको स्थितिको सिर्जना (५) | राजनीतिक हिंसा (६) | निर्वाचनको स्वरुप (७) |
|---|---|---|---|---|---|---|---|---|
| १८ | गोरखा | उच्च | उच्च | सामान्य शान्तिपूर्ण | उल्लङ्घन भएको | माओवादीको पक्षमा एकपक्षीय शान्तिसुरक्षा कायम भएको | मतदातालाई मानसिक त्रास | माओवादी प्रभावहावी निर्वाचन |
| १९ | स्याङ्जा | उच्च | उच्च | सामान्य शान्तिपूर्ण | उल्लङ्घन भएको | राजनीतिक दलहरु बीचको समझदारीले शान्तिसुरक्षा कायम भएको | मतदानमा मानसिक त्रास देखापरेको | नेपाली काङ्ग्रेस, एमाले र माओवादी त्रिपक्षीय प्रभावहावी निर्वाचन |
| २० | कास्की | उच्च | उच्च | सामान्य शान्तिपूर्ण | आंशिक पालन | मानसिक त्रासका कारण शान्तिसुर क्षा कायम | राजनीतिक हिंसा उल्लेख्य नभएको | नेपाली काङ्ग्रेस, एमाले र माओवादी त्रिपक्षीय प्रभावहावी निर्वाचन |
| २१ | नवलपरासी | उच्च | उच्च | उच्चस्तरीय व्यवस्थापन | उल्लङ्घन भएको | सुरक्षाकर्मीको साङ्केतिक उपस्थिति मात्र | निर्वाचनका दिन उल्लेख्य हिंसाका घटना नभएको | मधेसवादी दलको प्रभावहावी निर्वाचन |
| २२ | रुपन्देही | मध्यम | मध्यम | सामान्य शान्तिपूर्ण | उल्लङ्घन भएको | नराम्रो | राजनीतिक दलहरु बीच मुठभुड | सशस्त्र समूहको प्रभावहावी अवरोध |
| २३ | पाल्पा | उच्च | उच्च | उच्चस्तरीय व्यवस्थापन | आंशिक पालन | उम्मेदवारमाथि मनोवैज्ञानिक दबाब | राजनीतिक दलहरु बीच मुठभुड | नेपाली काङ्ग्रेस, एमाले र माओवादी त्रीपक्षीय प्रभावहावी निर्वाचन |
| २४ | अर्घाखाँची | मध्यम | मध्यम | सामान्य | उल्लङ्घन भएको | दलीय सझदारीका कारण शान्तिसुरक्षा सामान्य | राजनीतिक दलहरु बीच तीव्र मुठभुड | माओवादी र काङ्ग्रेसको प्रभावहावी निर्वाचन |
| २५ | बाग्लुङ | उच्च | उच्च | माओवादी कार्यकर्ताको उपस्थिति त्रासपूर्ण | उल्लङ्घन भएको | नराम्रो | राजनीतिक कार्यकर्ता बीच हात हालाहाल र झडप भएको | राष्ट्रिय जनमोर्चा र माओवादी प्रभावहावी निर्वाचन |
| २६ | दाङ | उच्च | उच्च | त्रासपूर्ण | उल्लङ्घन भएको | शान्तिसुरक्षा नभएको | दलीय झडप भई मृत्यु समेत भएको | माओवादी र काङ्ग्रेसको प्रभावहावी निर्वाचन |
| २७ | बाँके | मध्यम | मध्यम | सामान्य | आंशिक पालन | मतदातामा सुरक्षाको अनुभूति नभएको | दलीय झडप भई मृत्यु समेत भएको | माओवादी र काङ्ग्रेसको प्रभावहावी निर्वाचन |
| २८ | सुर्खेत | उच्च | उच्च | सामान्य | उल्लङ्घन भएको | मतदातामा सुरक्षाको अनुभूति नभएको | दलीय झडप भई मृत्यु समेत भएको | माओवादी र काङ्ग्रेसको प्रभावहावी निर्वाचन |

| क्र. सं. | जिल्ला | संविधान-सभाका बारेमा जनचेतना (१) | मतदाताको प्रतिबद्धता (२) | मतदान केन्द्रको वातावरण (३) | आचारसंहिताको पालना (४) | शान्तिसुरक्षाको स्थितिको सिर्जना (५) | राजनीतिक हिंसा (६) | निर्वाचनको स्वरूप (७) |
|---|---|---|---|---|---|---|---|---|
| २९ | जुम्ला | न्यून | न्यून | सामान्य | उल्लङ्घन भएको | शान्तिसुरक्षाको स्थिति भरपर्दो नभएको/ सुरक्षाकर्मी माओवादीका अगाडि मुकदर्शक बसेको | दलीय झडप भई मृत्यु समेत भएको | माओवादी र काङ्ग्रेसको प्रभावहावी निर्वाचन |
| ३० | मुगु | न्यून (कसले चुनाव जित्छ भनी धामी बकाउने चलन) | एकघर एक भोट नाबालक आए पनि भोट दिनपाउने दलीय सहमति | सामान्य | उल्लङ्घन भएको | माओवादी बाहेक कुनै दल गाउँ जान नसकेको/ एकपक्षीय शान्ति सुरक्षाको स्थिति | मतदानको दिन नभएको | माओवादी र काङ्ग्रेसको प्रभावहावी निर्वाचन |
| ३१ | कैलाली | मध्यम | मध्यम | त्रासपूर्ण | उल्लङ्घन भएको | सन्तोषजनक (राजनीतिक दलको सर्वदलीय निर्णयबाट) | मतदानको दिन नभएको | माओवादी र काङ्ग्रेसको प्रभावहावी निर्वाचन |
| ३२ | बझाङ | न्यून | न्यून | सामान्य | उल्लङ्घन भएको | मतदान गर्दा गणतन्त्र स्थापना, दिगो शान्ति र जनाधिकारको सुरक्षा हुने हुनाले शान्तिपूर्ण वातावरण कायम भएको | मतदानको दिन नभएको | माओवादी र काङ्ग्रेसको प्रभावहावी निर्वाचन |
| ३३ | कञ्चनपुर | उच्च | उच्च | उचित सामान्य | उल्लङ्घन भएको | सीमामा सेनासहितको उपस्थितिले शान्तिसुरक्षा कायम गर्न सहयोग पुगेको | मतदानको दिन नभएको | माओवादी र काङ्ग्रेसको प्रभावहावी निर्वाचन |
| ३४ | डडेलधुरा | न्यून | न्यून | सामान्य व्यवस्थित | आंशिक पालन | मतदातामा शान्तिसुरक्षाको आंशिक अनुभूती भएको | मतदानको दिन नभएको | माओवादी र काङ्ग्रेसको प्रभावहावी निर्वाचन |
| ३५ | उदयपुर | उच्च | उच्च | सामान्य | उल्लङ्घन भएको | सन्तोषजनक | सामान्य झडप (अशोक राईको अपहरण समेत भएको) | माओवादी र काङ्ग्रेसको प्रभावहावी निर्वाचन |

तराईमा मधेसवादी दलहरूको प्रभावहावी निर्वाचन भएको थियो । माओवादी प्रभाव भएका जिल्लाहरूमा माओवादी प्रभावहावी निर्वाचन भएको थियो । अन्य दलका प्रतिनिधि, पर्यवेक्षकहरू, सुरक्षाकर्मीहरू, उम्मेदवारहरू प्रभाविलो दलको सम्मुख नतमस्तक र प्रभावहीन देखिन्थे । नेकपा (माओवादी) यस मामलामा अग्रस्थानमा थियो । संविधानसभा निर्वाचनको एजेन्डा माओवादीले १२ वर्षसम्म संघर्ष गरेर स्थापित गराएको, देशभरी मतदाताहरूलाई परिचालन गरी आफ्नो अनुकूलको निर्वाचनको विधि राजनीतिक, संवैधानिक र कानुनी रूपमा स्थापित गर्न सफल भएको एवम् मतदाताहरूलाई दीगो शान्तिसुरक्षा चाहिएको, माओवादीबाट परिवर्तनप्रतिको आशा पलाएको हुनाले अधिकांश (७३%) जिल्लाहरूको निर्वाचन माओवादी प्रभाव हावी निर्वाचन भएको थियो । ■

# पर्यवेक्षणको सङ्ख्यात्मक विश्लेषण

आमनिर्वाचन पर्यवेक्षण समितिले पर्यवेक्षण गरेका जिल्लाहरूको सङ्ख्यात्मक तथ्याङ्क सङ्कलन गर्ने उद्देश्यले चेकलिष्ट तयार गरेको थियो । उक्त प्रश्नावली मार्फत संविधानसभा सदस्य निर्वाचनको विवरण सङ्कलन गर्न अन्तर्वार्ता लिइएको थियो । अन्तर्वार्तालाई चार प्रश्नावलीका माध्यमबाट संकलन गरिएको थियो । प्रथम प्रश्नावलीमा मतदातासम्बन्धी विवरण (अनुसूची ४), दोस्रो प्रश्नावलीमा मतदान अधिकृत विवरण (अनुसूची ५), तेस्रो प्रश्नावलीमा राजनीतिक कार्यकर्ता विवरण (अनुसूची ६) र चौथो प्रश्नावलीमा पर्यवेक्षकसम्बन्धी विवरण (अनुसूची ८) समावेश गरिएको थियो ।

प्रश्नावलीहरूमा बहुउत्तर विकल्पहरू समावेश गरिएका थिए र उत्तरहरू स्वैच्छिक प्रकारका थिए । तसर्थ मतदाताहरू सबै प्रश्नहरूको जवाफ दिन बाध्य थिएनन् । एकजना उत्तरदाताले सबै प्रश्नहरूको जवाफ पनि दिनसक्ने वा कुनै पनि प्रश्नको जवाफ नदिनसक्ने वा बीचको जवाफ दिनसक्ने अवस्था थियो । तसर्थ, विभिन्न तालिकाहरूको योगफल फरक-फरक भई तालिकाको असमान जोड प्राप्त हुनसक्ने अवस्था यहाँ सिर्जित भएको छ ।

## ५.१ मतदातासम्बन्धी विवरण

अन्तर्वार्ताको क्रममा उत्तरदाताहरूलाई स्वैच्छिक बहुउत्तर प्रश्नावली प्रयोग गरी अन्तर्वार्ता लिइएको हुनाले सबै तालिकाको योग फरक-फरक भई योगफल असमान हुनसक्दछ । मतदाता विवरण सङ्कलन गर्न ३५ जिल्लाका ४५१४ मतदाताहरू यस अन्तर्वार्तामा समावेश भएका थिए । यससम्बन्धी जिल्लागत विवरण निम्नानुसार छ :

तालिका नं. १: जिल्लागत मतदाता विवरण

| क्र.सं. | जिल्ला | प्रश्नावली संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | झापा | १४१ | ३.१ |
| २ | मोरङ | १२५ | २.८ |
| ३ | सुनसरी | १२६ | २.८ |
| ४ | धनकुटा | १२५ | २.८ |
| ५ | संखुवासभा | १२५ | २.८ |
| ६ | सप्तरी | ११६ | २.६ |
| ७ | सिराहा | ६१ | १.४ |
| ८ | धनुषा | १२५ | २.८ |
| ९ | दोलखा | १२४ | २.७ |
| १० | चितवन | १४० | ३.१ |
| ११ | मकवानपुर | ११० | २.४ |
| १२ | ललितपुर | १४९ | ३.३ |
| १३ | काभ्रे | १२७ | २.८ |

| क्र.सं. | जिल्ला | प्रश्नावली संख्या | प्रतिशत |
|---|---|---|---|
| १४ | धादिङ | ६८ | १.५ |
| १५ | सिन्धुपाल्चोक | १२२ | २.७ |
| १६ | नुवाकोट | १२४ | २.७ |
| १७ | तनहुँ | ११६ | २.६ |
| १८ | गोरखा | १४७ | ३.३ |
| १९ | स्याङ्जा | ११७ | २.६ |
| २० | कास्की | १२३ | २.७ |
| २१ | नवलपरासी | १२५ | २.८ |
| २२ | रुपन्देही | १४७ | ३.३ |
| २३ | पाल्पा | १०७ | २.४ |
| २४ | अर्घाखाँची | ९८ | २.२ |
| २५ | बाग्लुङ | १८१ | ४ |
| २६ | दाङ | ११४ | २.५ |
| २७ | बाँके | १८३ | ४.१ |
| २८ | सुर्खेत | २५२ | ५.६ |
| २९ | जुम्ला | ११९ | २.६ |
| ३० | मुगु | ७ | ०.२ |
| ३१ | कैलाली | २४७ | ५.५ |
| ३२ | बझाङ | ११३ | २.५ |
| ३३ | कञ्चनपुर | १९५ | ४.३ |
| ३४ | डडेलधुरा | ९७ | २.१ |
| ३५ | उदयपुर | ११८ | २.६ |
| | जम्मा | ४५१४ | १०० |

मतदाता विवरण सङ्कलन गर्न ३५ जिल्लालाई छनौट गरिएको थियो । सबैभन्दा बढी उत्तरदाता कैलाली जिल्लामा २४७ जना (५.५%) थिए भने सबैभन्दा कम ६१ जना (१.४%) सिराहा जिल्लामा थिए ।

तालिका नं. २ः क्षेत्रगत विवरण

| क्र.सं. | गाउँ/नगर पालिका | प्रश्नावली संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | उल्लेख नभएको | १२० | २.७ |
| २ | नगरपालिका | ५४६ | १२.१ |
| ३ | गाविस | ३८४८ | ८५.२ |
| | जम्मा | ४५१४ | १०० |

उत्तरदाताहरूलाई सहर र गाउँमा वर्गीकरण गर्दा (५.२%) उत्तरदाता ग्रामीण बस्तीका र १२.१% सहरी बस्तीका मतदाता थिए । हाम्रा पर्यवेक्षकहरूले केही (२.६%) मतदाताको क्षेत्रको विवरण नखुलाई पठाएका थिए ।

तालिका नं. ३ संविधानसभा सदस्य निर्वाचनको मतदानको जानकारी

| क्र.सं. | निर्वाचनको मतदानको जानकारी | संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | छ | ४३७५ | ९६.९ |
| २ | छैन | १०१ | २.२ |
| ३ | उल्लेख नभएको | ३८ | ०.८ |
| | जम्मा | ४५१४ | १०० |

अधिकांश मतदाताहरू (९६.९%) ले मतदानको प्रक्रियाबारे जानकारी छ भनेका थिए भने केही (२.२%) ले आफूलाई मतदान प्रक्रियाबारे कुनै जानकारी नभएको बताएका थिए ।

तालिका नं. ४ः जानकारीका स्रोत

| क्र.सं. | जानकारीका स्रोत | संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | संचारमाध्यम | २५७८ | ४९.२३ |
| २ | गैरसरकारी संस्था | ३०४ | ५.८२ |
| ३ | दलहरूबाट | १८७७ | ३५.८४ |
| ४ | अरूबाट | ४७७ | ९.११ |
| | जम्मा | ५२३६ | १०० |

धेरै मतदाता (४९.२३%) ले संविधानसभा सदस्यको निर्वाचनको जानकारी सञ्चारमाध्यमबाट प्राप्त गरेको बताएका थिए । दलहरूबाट जानकारी प्राप्त गर्नेको संख्या पनि उल्लेख्य (३५.८४%) थियो ।

तालिका नं. ५ः प्रतिनिधिसभा सदस्य निर्वाचन र संविधानसभा सदस्य निर्वाचनमा फरक

| क्र.सं. | फरक निर्वाचन | संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | राजनीतिक दलहरूको प्रचार-प्रसार | ७५१ | १३.१५ |
| २ | मतदान प्रक्रिया | २२९३ | ४०.१६ |
| ३ | मतपत्र | २०३६ | ३५.६६ |
| ४ | फरक छैन | २१५ | ३.७६ |
| ५ | उम्मेदवार | ४१४ | १०० |
| | जम्मा | ५७०९ | १०० |

मतदाताहरूलाई विगतका प्रतिनिधिसभा सदस्यका निर्वाचनहरू, स्थानीय निर्वाचन र संविधानसभा सदस्यको निर्वाचनको  बीचमा के-के फरक थिए भनी अन्तर्वार्ता लिइएको थियो । अधिकांश मतदाताहरू (४०.१६%) ले यसपटको मतदान प्रक्रिया फरक भएको बताएका थिए । त्यसपछि मतपत्र पहिलेभन्दा फरक भएको भन्नेहरू ३५.५५% थिए । राजनीतिक दलहरूको प्रचार प्रसारको शैली फरक-फरक भएको भन्नेहरू पनि उल्लेख्य (१३.१५%) थिए ।

तालिका नं. ६: संविधानसभा सदस्य निर्वाचनको प्रतिफल

| क्र.सं. | निर्वाचनको प्रतिफल | संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | राजनीतिक द्वन्द्वको अन्त्य | १४७३ | २८.५५ |
| २ | जनताको अधिकार सुरक्षित | २९६१ | ५७.४८ |
| ३ | आर्थिक उन्नति | ५४० | १०.४६ |
| ४ | अन्य | १८४ | ३.५१ |
| | जम्मा | ५१५८ | १०० |

मतदाताहरूलाई संविधानसभा सदस्य निर्वाचनले के-के प्रभाव पार्दछ भनी प्रश्न गर्दा बहुमत उत्तरदाता (५७.४८%) ले जनताको अधिकार सुरक्षित गर्ने बताएका थिए । त्यसपछि २८.५५ प्रतिशतले राजनीतिक द्वन्द्वको अन्त्य हुने बताएका थिए । केही मतदाताहरु (१०.४६%) ले यस निर्वाचनले देशमा आर्थिक उन्नति हुने बताएका थिए ।

तालिका नं. ७: संविधानसभा सदस्य निर्वाचनको निष्पक्षता

| क्र.सं. | निर्वाचनको निष्पक्षता | संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | हुन्छ | ३३८३ | ७४.९४ |
| २ | हुँदैन | २८६ | ६.३३ |
| ३ | थाहा छैन | ७८२ | १७.३२ |
| ४ | उल्लेख नभएको | ६३ | १.४१ |
| | जम्मा | ४५१४ | १०० |

अधिकांश (७५%) मतदाताले निर्वाचन निस्पक्ष हुन्छ भनेका थिए । थोरै मतदाता (६.३३%) ले हुँदैन भने का थिए भने केही (१७.३२%) ले थाहा छैन भन्ने जवाफ दिएका थिए ।

तालिका नं. ८: संविधानसभा सदस्य निर्वाचनमा भएको डर, त्रास, लोभ, लालच

| क्र.सं. | डर, त्रास, लोभ, लालच दिइएको | संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | छ | २६६ | ५.८९ |
| २ | छैन | ४१७३ | ९२.४९ |
| ३ | उल्लेख नभएको | ७५ | १.६२ |
| | जम्मा | ४५१४ | १०० |

अधिकांश मतदाताहरु (९२.४९%) ले संविधानसभा सदस्य निर्वाचनमा मतदाताहरूलाई कहीं कसैले पनि डर, त्रास, लोभ, लालच देखाइएको छैन भनेका थिए । केही (५.८९%) मतदाताहरूले आफूलाई राजनीतिक दलहरूका तर्फबाट डर, त्रास, लोभ, लालचा आएको बताएका थिए । थोरै मतदाताहरु (१.६२%) ले यसको जवाफ दिएका थिएनन् ।

तालिका नं. ९: संविधानसभा सदस्य निर्वाचनमा प्रेरणाको स्रोत

| क्र.सं. | प्रेरिणको स्रोत | संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | सञ्चार माध्यमबाट | १९४४ | ३४.५४ |
| २ | प्रचार-प्रसार सामग्रीबाट | ८४० | १९.९२ |
| ३ | परिवारबाट | ७४१ | १३.१६ |
| ४ | राजनीतिक कार्यकर्ताबाट | १६०८ | २८.५७ |
| ५ | गैरसरकारी संस्थाबाट | २३८ | ४.२२ |
| ६ | अन्य | २५७ | ०.४१ |
| | जम्मा | ५६२८ | १०० |

मतदाताहरूलाई संविधानसभा सदस्य निर्वाचनमा कुनै क्षेत्रबाट प्रेरणा पाउनुभयो भने प्रश्नको जवाफमा सञ्चार माध्यम (३४.५४%) भन्नेहरु प्रथम स्थानमा थिए । त्यसपछि क्रमशः राजनीतिक कार्यकर्ता (२८.५७%), प्रचार-प्रसार सामग्री (१९.९२%), परिवारबाट (१३.१६%) र गैर-सरकारी संस्थाबाट (४.२२%) निर्वाचनमा प्रेरणाको स्रोत बताएका थिए । थोरै मतदाताहरु (०.४१%) ले यी बाहेकका अन्य स्रोतहरूबाट निर्वाचनमा मतदान गर्ने प्रेरणा पाएको बताएका थिए ।

मतदान हुँदै गर्दा मतदाताहरूलाई मन नपरेका पक्षहरु निम्नानुसार थिए:-

तालिका नं. १० मतदान हुंदै गर्दा मतदाताहरूलाई मन नपरेका कुराहरु

| क्र.सं. | मन नपरेका कुराहरु | मतदाता संख्या |
|---|---|---|
| १ | धेरै साँघुरो भयो/घाममा धेरै बेरसम्म बस्नुपर्‍यो/लाइनमा धेरै बेर बस्नुपर्ने । | १०२२ |
| २ | फोरम (विश्वास समूह) ले अवरोध गरेको मन परेन | ५ |
| ३ | पार्टीगत कपडा लगाएर मतदान गरेको/त्रासपूर्ण वातावरण/एजेन्टहरूमा खराब प्रवृत्ति | ३८० |
| ४ | बालबालिकालाई स्वयंसेवकको रूपमा प्रयोग गरेको/... बोक्न लगाएको | ४५ |
| ५ | रक्सी खाएर लाइनमा बस्न आएको/ धूम्रपान सेवन गरेको | २७ |
| ६ | पानी/शौचालयको व्यवस्था नभएको/व्यवस्थापन फितलो | ५६९ |
| ७ | दुई वटा मतपत्रमा अलमल | २७० |
| ८ | मतदान अधिकृतको ढिलासुस्ती/कर्मचारीको रूखो बोली | ३५ |
| ९ | सुरक्षा व्यवस्था कमजोर/मतदान कर्मचारी र सुरक्षाकर्मी बीच तालमेल नभएको | ४७१ |
| १० | ३/४ पटक मतदान गरेको/Proxy मत खसालेको/प्रलोभन देखाएको | २३४ |
| ११ | बाहिर औँठा छाप लगाउँदा भित्र पनि औँठा छाप लगाएको | २१ |
| १२ | दल बीच असमझदारी व्यवहार | १८८ |
| १३ | मतपत्रको कोठा अलि सानो | २९ |
| १४ | स्वयंसेवकको कमजोरी | २७१ |
| १५ | मतदान कर्मचारीको ढिलासुस्ती/सहयोगको कमी नभएको | ८६ |
| १६ | मतदान समयमा सुरू नभएको | १९ |
| १७ | नामावली छुट | १३३ |
| | जम्मा | ३८०५ |

## ५.२ मतदान अधिकृतबाट प्राप्त विवरण

अन्तर्वार्ताको क्रममा उत्तरदाताहरूलाई स्वैच्छिक बहुउत्तर प्रश्नावली प्रयोग गरी अन्तर्वार्ता लिइएको हुनाले सबै तालिकाको योग फरक-फरक भई योगफल असमान हुनसक्दछ । मतदाता विवरण सङ्कलन गर्न ३५ जिल्लाका २६०७ मतदान अधिकृतलाई अन्तर्वार्तामा समावेश गरिएको थियो । यस सम्बन्धी जिल्लागत विवरण निम्नानुसार छः

तालिका नं. ११ः जिल्ला अनुसारको मतदान अधिकृतबाट प्राप्त विवरण

| क्र.सं. | जिल्ला | प्रश्नावली संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | झापा | १२६ | ४.८ |
| २ | मोरङ | ८२ | ३.१ |
| ३ | सुनसरी | ७५ | २.९ |
| ४ | धनकुटा | ६६ | २.५ |
| ५ | संखुवासभा | ७६ | २.९ |
| ६ | सप्तरी | ७१ | २.७ |
| ७ | सिराहा | ५३ | २ |
| ८ | धनुषा | ७५ | २.९ |
| ९ | दोलखा | ६६ | २.५ |
| १० | चितवन | ८२ | ३.१ |
| ११ | मकवानपुर | ५९ | २.३ |
| १२ | ललितपुर | ९० | ३.५ |
| १३ | काभ्रे | ७४ | २.८ |
| १४ | धादिङ | ६९ | २.६ |
| १५ | सिन्धुपाल्चोक | ५१ | २ |
| १६ | नुवाकोट | ७७ | ३ |
| १७ | तनहुँ | ६८ | २.६ |
| १८ | गोरखा | ३० | १.२ |
| १९ | स्याङ्जा | ६४ | २.५ |
| २० | कास्की | ७१ | २.७ |
| २१ | नवलपरासी | ७५ | २.९ |
| २२ | रूपन्देही | ९६ | ३.७ |
| २३ | पाल्पा | ७० | २.७ |
| २४ | अर्घाखाँची | ५८ | २.२ |
| २५ | बाग्लुङ | ८३ | ३.२ |
| २६ | दाङ | ८१ | ३.१ |
| २७ | बाँके | ८२ | ३.१ |
| २८ | सुर्खेत | १६५ | ६.३ |
| २९ | जुम्ला | ६५ | २.५ |
| ३० | मुगु | १३ | ०.५ |
| ३१ | कैलाली | १६५ | ६.३ |
| ३२ | बझाङ | ४८ | १.८ |

| क्र.सं. | जिल्ला | प्रश्नावली संख्या | प्रतिशत |
|---|---|---|---|
| ३३ | कञ्चनपुर | ९६ | ३.७ |
| ३४ | डडेलधुरा | ५७ | २.२ |
| ३५ | उदयपुर | २८ | १.१ |
| | जम्मा | २६०७ | १०० |

संविधानसभा सदस्य निर्वाचनमा खटिएका ३५ जिल्लाका मतदान अधिकृतहरूलाई निर्वाचनसम्बन्धी अन्तर्वार्ता लिइएको थियो । जसमा कूल २६०७ अधिकृतहरू समावेश थिए । सबैभन्दा धेरै अन्तर्वार्ता (६.३%) कैलाली जिल्लाका मतदान अधिकृतबाट लिइएको थियो भने कम अन्तर्वार्ता (०.५%) मुगु जिल्लाका मतदान अधिकृतबाट लिइएको थियो ।

### तालिका नं. १२: गाउँ/नगर विवरण

| क्र.सं. | गाउँ/नगरपालिका | प्रश्नावली संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | उल्लेख नभएको | २९ | १.१ |
| २ | नगर | ३८७ | १४.८ |
| ३ | गाउँ | २१९१ | ८४ |
| | जम्मा | २६०७ | १०० |

अन्तर्वार्तामध्ये ८४% गाउँबाट र १४.८% सहरी क्षेत्रबाट सङ्कलन गरिएको थियो ।

### तालिका नं. १३: मतदान सञ्चालनको अनुभव

| क्र.सं. | मतदान सञ्चालनका अनुभव | संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | सजिलो | २२२८ | ८६.४५ |
| २ | गाह्रो | २९८ | ११.५६ |
| ३ | उल्लेख नभएको | ५१ | १.९९ |
| | जम्मा | २५७७ | १०० |

मतदाता अधिकृतसँग मतदान सञ्चालनका अनुभवबारे प्रश्न गर्दा अधिकांश (८६.४५%) ले सजिलो भएको बताएका थिए । न्यून अधिकृतहरू (१.९९%) ले यसबारेमा जवाफ दिएका थिएनन् ।

### तालिका नं. १४: मतदान कार्य सजिलो नहुनाका कारण

| क्र.सं. | मतदान कार्य सजिलो नहुनाका कारण | संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | सुरक्षा व्यवस्थामा कमी | ५७ | १९.१२ |
| २ | कर्मचारीको अभाव | १३ | ४.३६ |
| ३ | प्रशिक्षित कर्मचारीको कमी | २१ | ७.०४ |
| ४ | स्वयंसेवकबाट असहयोग | २० | ६.७१ |
| ५ | मसलन्दको कमी | १४ | ४.६९ |
| ६ | मतपेटिका पर्याप्त नभएर | २ | ०.६७ |
| ७ | मतपत्र समयमै उपलब्ध नभएर | ४ | १.३४ |

| क्र.सं. | मतदान कार्य सजिलो नहुनाका कारण | संख्या | प्रतिशत |
|---|---|---|---|
| ८ | उम्मेदवारको विवादका कारण | ८ | २.६८ |
| ९ | मतदाताहरूलाई मत दिने प्रक्रियाप्रति ज्ञानको अभाव | ३९ | १३.०८ |
| १० | नाम, उमेर र अन्य कुरा नमिलेका कारण | ६३ | २१.१४ |
| ११ | मतदाताहरु बीच आपसी विवाद | ३५ | ११.७४ |
| १२ | अन्य | २२ | ७.३८ |
| | जम्मा | २९८ | १०० |

मतदान कार्य सजिलो नहुनाको कारणबारे प्रश्न गर्दा धेरै अधिकृतहरु (२१.१४%) ले मतदाता सूचीमा नाम, उमेर र अन्य कुरा नमिलेका कारण मतदान कार्य सजिलो नभएको बताएका थिए । केही (१९.१२%) ले सुरक्षा व्यवस्थामा कमी भएकाले मतदान कार्य सजिलो नभएको बताएका थिए । त्यसपछि क्रमशः मतदाताहरूलाई मत दिने प्रक्रियाप्रति ज्ञानको अभाव (१३.०८%), मतदाता बीच आपसी विवाद (११.७४%), प्रशिक्षित कर्मचारीको कमी (७.०४%), स्वयं सेवकबाट असहयोग (६.७१%) र मसलन्दको कमी (४.६९%) मुख्य थिए ।

तालिका नं. १५: मतदान अधिकृतको निर्वाचनसम्बन्धी अनुभव

| क्र.सं. | अधिकृतको अनुभव | संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | राम्रो | १९४६ | ७४.६४ |
| २ | सन्तोषप्रद | ५७८ | २२.१७ |
| ३ | सामान्य | ४८ | १.८४ |
| ४ | उल्लेख नभएको | ३५ | १.३४ |
| | जम्मा | २६०७ | १०० |

अधिकांश (७४.६४%) मतदान अधिकृतले निर्वाचन राम्रो भएको अनुभव बताएका थिए भने थोरै (२२.१७%) ले निर्वाचन कार्य सन्तोषप्रद भएको बताएका थिए । थोरै (१.८४%) ले निर्वाचन कार्य पहिले झैं सामान्य रहेको बताएका थिए ।

तालिका नं. १६: राजनीतिक दलहरूबाट प्राप्त सहयोग

| क्र.सं. | सहयोगको प्रकार | संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | सबै दलबाट राम्रो सहयोग पाइयो | १९७२ | ६४.२७ |
| २ | सामान्य सहयोग मात्र पाइयो | ७६ | २.४७ |
| ३ | अपेक्षा गरे जति पाइएन | ४५ | १.४६ |
| ४ | शान्तिसुरक्षाको व्यवस्थामा सहयोग | २४८ | ८.०८ |
| ५ | भौतिक सुविधाको राम्रो व्यवस्था | १६१ | ५.२४ |
| ६ | सर्वपक्षीय सहयोग | ५३९ | १७.५६ |
| ७ | केन्द्र निर्माण गर्दा माग राखेको | ११ | ०.३५ |
| ८ | स्वयंसेवक राख्न दबाब दिएको | १६ | ०.५२ |
| | जम्मा | ३०६८ | १०० |

मतदान अधिकृतहरूलाई राजनीतिक दलहरूबाट कस्तो सहयोग प्राप्त भएको थियो भनी प्रश्न गर्दा अधिकांश (६४.२७%) ले सबै दलबाट राम्रो सहयोग पाएको बताएका थिए भने केही (१७.५६%) ले सर्वपक्षीय सहयोग प्रभावकारी भएको बताएका थिए । थोरै (८.०८%) ले शान्तिसुरक्षाको व्यवस्थाबाट सहयोग प्राप्त भएको बताएका थिए ।

तालिका नं. १७: संविधानसभा सदस्य निर्वाचनमा आचारसंहिताको पालना

| क्र.सं. | आचारसंहिता पालन | संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | भयो | २४४३ | ९३.७० |
| २ | भएन | ७९ | ३.०३ |
| ३ | थाहा छैन | २३ | ०.८८ |
| ४ | उल्लेख नभएको | ६२ | २.३७ |
| | जम्मा | २६०७ | १०० |

अधिकांश मतदान अधिकृत (९३.७०%) ले आचारसंहिताको पालन भयो भनी बताएका थिए भने थोरै (३.०३%) आचारसंहिताको पालन भएन भनी बताएका थिए ।

तालिका नं. १८: आचारसंहिता पालन नभएका पक्षहरू

| क्र.सं. | आचारसंहिता उल्लङ्घनकर्ता | संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | उम्मेदवारबाट | १७ | १५.८८ |
| २ | दलबाट | ५६ | ५२.३३ |
| ३ | सरकारबाट | ५ | ४.६७ |
| ४ | कर्मचारीबाट | ६ | ५.६० |
| ५ | पर्यवेक्षकबाट | ५ | ४.६७ |
| ६ | अन्यबाट | १८ | १६.८२ |
| | जम्मा | १०७ | १०० |

अधिकांश मतदान अधिकृत (५२.३३%) ले दलहरूबाट आचारसंहिता उल्लङ्घन भएको बताएका थिए । केही (१५.८८%) ले उम्मेदवारबाट आचारसंहिता उल्लङ्घन भएको बताएका थिए भने थोरै (४.६७%) ले पर्यवेक्षकहरूबाट आचारसंहिता उल्लङ्घन भएको अन्तर्वार्ताको क्रममा बताएका थिए ।

## ५.३ राजनीतिक दलका कार्यकर्ताहरूबाट प्राप्त विवरण

अन्तर्वार्ताको क्रममा उत्तरदाताहरूलाई स्वैच्छिक बहुउत्तर प्रश्नावली प्रयोग गरी अन्तर्वार्ता लिइएको हुनाले सबै तालिकाको योग फरक-फरक भई योगफल असमान हुनसक्दछ । विवरण सङ्कलन गर्न ३५ जिल्लाका ३१२० राजनीतिक दलका कार्यकर्ता एवम् स्थानीय मतदातालाई अन्तर्वार्तामा समावेश गरिएको थियो । यस सम्बन्धी जिल्लागत विवरण निम्नानुसार छ :

यो विवरण निर्वाचन सम्पन्न भएको एक घण्टाभित्र मतदानकेन्द्रहरूमा लिइएको हो ।

तालिका नं. १९: मतदानपछि राजनीतिक कार्यकर्ताहरूबाट प्राप्त विवरण

| क्र.सं. | जिल्ला | प्रश्नावली संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | झापा | १३२ | ४.२ |
| २ | मोरङ | ७५ | २.४ |
| ३ | सुनसरी | ७५ | २.४ |
| ४ | धनकुटा | ७४ | २.४ |
| ५ | संखुवासभा | ७५ | २.४ |
| ६ | सप्तरी | ७२ | २.३ |
| ७ | सिराहा | ५७ | १.८ |
| ८ | धनुषा | ७५ | २.४ |
| ९ | दोलखा | ७४ | २.४ |
| १० | चितवन | ८५ | २.७ |
| ११ | मकवानपुर | ७७ | २.५ |
| १२ | ललितपुर | ९१ | २.९ |
| १३ | काभ्रे | ७३ | २.३ |
| १४ | धादिङ | ७२ | २.३ |
| १५ | सिन्धुपाल्चोक | ८५ | २.७ |
| १६ | नुवाकोट | ७८ | २.५ |
| १७ | तनहुँ | ११९ | ३.८ |
| १८ | गोरखा | ४८ | १.५ |
| १९ | स्याङ्जा | ७२ | २.३ |
| २० | कास्की | ७५ | २.४ |
| २१ | नवलपरासी | ७५ | २.४ |
| २२ | रूपन्देही | ९६ | ३.१ |
| २३ | पाल्पा | ७० | २.२ |
| २४ | अर्घाखाँची | ६२ | २ |
| २५ | बाग्लुङ | १०५ | ३.४ |
| २६ | दाङ | ९१ | २.९ |
| २७ | बाँके | १५१ | ४.८ |
| २८ | सुर्खेत | २३१ | ७.४ |
| २९ | जुम्ला | ७२ | २.३ |
| ३० | मुगु | १३ | ०.४ |
| ३१ | कैलाली | २३१ | ७.४ |

| क्र.सं. | जिल्ला | प्रश्नावली संख्या | प्रतिशत |
|---|---|---|---|
| ३२ | बझाङ | ६९ | २.२ |
| ३३ | कञ्चनपुर | १२० | ३.८ |
| ३४ | डडेलधुरा | ७७ | २.५ |
| ३५ | उदयपुर | ७३ | २.३ |
| | जम्मा | ३१२० | १०० |

३५ जिल्लाका कुल ३१२० राजनीतिक कार्यकर्ताहरूसँग अन्तर्वार्ता लिएको थियो । जसमा सबैभन्दा बढी सुर्खेत जिल्लामा ७.४% थियो भने सबैभन्दा कम मुगु जिल्ला ०.४% राजनीतिक कार्यकर्ताको अन्तर्वार्ता संलग्न थियो ।

तालिका नं. २०ः संविधानसभा सदस्य निर्वाचन प्रक्रियाबारे राजनीतिक कार्यकर्तालाई भएको जानकारी

| क्र.सं. | कार्यकर्तालाई जानकारी | संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | छ | ३०२६ | ९६.९८ |
| २ | छैन | ३७ | १.१८ |
| ३ | थाहा छैन | २० | ०.६४ |
| ४ | उल्लेख नभएको | ३७ | १.१८ |
| | जम्मा | ३१२० | १०० |

अधिकांश राजनीतिक कार्यकर्ता (९६.९८%) ले निर्वाचन प्रक्रियाबारे आफूलाई जानकारी भएको बताएका थिए भने अत्यन्त थोरै (१.१८%) ले आफूलाई समग्र निर्वाचन प्रक्रियाबारे जानकारी नभएको बताएका थिए ।

तालिका नं. २१ः संविधानसभा सदस्य निर्वाचनको निष्पक्षता, स्वतन्त्रता र निर्भयता

| क्र.सं. | निर्वाचनमा स्वच्छता | संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | छ | २७३४ | ८७.६२ |
| २ | छैन | २६५ | ८.४९ |
| ३ | थाहा छैन | ५८ | १.८५ |
| ४ | उल्लेख नभएको | ६३ | २.०१ |
| | जम्मा | ३१२० | १०० |

अधिकांश राजनीतिक कार्यकर्ता (८७.६२%) ले निर्वाचन निष्पक्ष, स्वतन्त्र र भयरहित भएको बताएका थिए भने केही (८.४९%) ले निर्वाचन निष्पक्ष, स्वतन्त्र र भयरहित नभएको बताएका थिए ।

तालिका नं. २२ः निष्पक्षता नहुनाका कारणहरु

| क्र.सं. | निष्पक्षता नहुनाका कारणहरु | संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | प्रचार-प्रसारमा आचारसंहिताविपरीत कार्य भएकाले | १४७ | ३९.७२ |
| २ | सीमाभन्दा बढी रकम खर्च गरेकाले | ६१ | १६.४८ |
| ३ | मतदाताको सूची तयार गर्ने काम अपूरो भएकाले | ८५ | २२.९७ |
| ४ | अन्य | ७७ | २०.८१ |
| | जम्मा | ३७० | १०० |

धेरै राजनीतिक कार्यकर्ताहरु (३९.७२%) का विचारमा प्रचार-प्रसारको काम आचारसंहिता विपरीत भएको भन्ने थियो भने केही (२२.९७%) ले मतदाताको सूची तयार गर्ने काम अपूरो भएकाले निर्वाचन निष्पक्ष भएन भनेका थिए । थोरै (१६.४८%) ले सीमाभन्दा बढी रकम खर्च भएकोले निर्वाचन निष्पक्ष भएन भनेका थिए ।

तालिका नं. २३ः धाँधलीको जिम्मेवार पक्ष

| क्र.सं. | धाँधलीको जिम्मेवार पक्ष | संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | वैदेशिक प्रभाव | १८ | ३.५५ |
| २ | सरकार/सुरक्षा निकाय | ८० | १५.८१ |
| ३ | निर्वाचनमा संलग्न कर्मचारीहरु | ४३ | ८.४९ |
| ४ | राजनीतिक दलहरु | १७२ | ३३.९९ |
| ५ | उम्मेदवार र निजका समर्थकहरु | ११७ | २३.१२ |
| ६ | मतदाताहरु | २१ | ०.०४ |
| ७ | स्वयंसेवकहरु | २४ | ४.७४ |
| ८ | अन्य | ३१ | ६.१२ |
| | जम्मा | ५०६ | १०० |

धेरै (३३.९९%) उत्तरदाताले राजनीतिक दलहरु धाँधलीको जिम्मेवार छन् भनेका थिए भने केही (२३.१२%) ले उम्मेदवार र निजका समर्थकहरु धाँधलीका जिम्मेवार पक्ष हुन् भनेका थिए । केही (१५.८१%) ले सरकार र सुरक्षा निकायको कारणले धाँधली भएको बताएका थिए ।

तालिका नं. २४: संविधानसभा सदस्य निर्वाचनमा राजनीतिक कार्यकर्तालाई मन परेका कुराहरु

| क्र.सं. | मन परेका कुराहरु | राजनीतिक कार्यकर्ता संख्या |
|---|---|---|
| १ | धेरै सिट भएको मन परेको छ | ७४ |
| २ | छुट्टै लाइन व्यवस्था राम्रो छ / पानीको वितरण/अपाङ्ग गर्भवती, वृद्धको छुट्ट व्यवस्था | २६९ |
| ३ | सर्वदलीय बैठक/आपसी विवाद साम्य भएको/ अप्रिय घटना नभएको/आपसी एकआपस बीच समझदारी कायम | ५६८ |
| ४ | धाँधलीरहित निष्पक्ष भएको/आचारसंहिताको पालना/ शान्तिपूर्ण/ बाहिरी../ अनुशासित | १३७७ |
| ५ | मतदान केन्द्र व्यवस्थित/समयमै सुरू | ३५४ |
| ६ | कर्मचारीको राम्रो व्यवहार | ३७१ |
| ७ | उत्साहजनक सहभागिता/सोचेभन्दा राम्रो/समान | ७२६ |
| ८ | एजेन्ट बीच मित्रवत व्यवहार | २६ |
| ९ | स्वयंसेवक/पर्यवेक्षक उल्लेखनीय योगदान | ३०९ |
| १० | सुरक्षाको राम्रो व्यवस्था | ४१६ |
| ११ | महिलाको सहभागिता र जागरूकपन बढी | ४४ |
| १२ | क्रियापुत्रीको सहभागिता | ६६ |
| | जम्मा | ४४९० |

संविधानसभा सदस्यको निर्वाचनमा भाग लिएपछि विभिन्न राजनीतिक कार्यकर्ताहरूलाई मन परेका खास-खास कुराहरु उल्लेख गर्नुहोस् भनी जानकारी लिइएको थियो । मनपरेका कुराहरूलाई तालिका नं. २६ मा उल्लेख गरिएको छ ।

## ५.४ संविधानसभा निर्वाचनबारे पर्यवेक्षकबाट प्राप्त विवरण

अन्तर्वार्ताको क्रममा उत्तरदाताहरूलाई स्वैच्छिक बहुउत्तर प्रश्नावली प्रयोग गरी अन्तर्वार्ता लिइएको हुनाले सबै तालिकाको योग फरक–फरक भई योगफल असमान हुनसक्दछ । विवरण सङ्कलन गर्न ३५ जिल्लाका १०३४ पर्यवेक्षकबाट प्राप्त विवरण समावेश गरिएको छ । यससम्बन्धी जिल्लागत विवरण निम्नानुसार छ :

तालिका नं. २५ः पर्यवेक्षकबाट प्राप्त जिल्लागत विवरण

| क्र.सं. | जिल्ला | प्रश्नावली संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | झापा | ५९ | ५.७ |
| २ | मोरङ | ५२ | ५ |
| ३ | सुनसरी | २५ | २.४ |
| ४ | धनकुटा | २६ | २.५ |
| ५ | संखुवासभा | २५ | २.४ |
| ६ | सप्तरी | २४ | २.३ |
| ७ | सिराहा | ३८ | ३.७ |
| ८ | धनुषा | २५ | २.४ |
| ९ | दोलखा | २५ | २.४ |
| १० | चितवन | २५ | २.४ |
| ११ | मकवानपुर | २५ | २.४ |
| १२ | ललितपुर | ३० | २.९ |
| १३ | काभ्रे | २५ | २.४ |
| १४ | धादिङ | २५ | २.४ |
| १५ | सिन्धुपाल्चोक | २३ | २.२ |
| १६ | नुवाकोट | २५ | २.४ |
| १७ | तनहुँ | २४ | २.३ |
| १८ | गोरखा | २२ | २.१ |
| १९ | स्याङ्जा | २४ | २.३ |
| २० | कास्की | २४ | २.३ |
| २१ | नवलपरासी | २६ | २.५ |
| २२ | रुपन्देही | २८ | २.७ |
| २३ | पाल्पा | २२ | २.१ |
| २४ | अर्घाखाँची | २१ | २ |
| २५ | बाग्लुङ | २५ | २.४ |
| २६ | दाङ | ५१ | ४.९ |
| २७ | बाँके | ४७ | ४.५ |
| २८ | सुर्खेत | ८८ | ८.५ |
| २९ | जुम्ला | २४ | २.३ |
| ३० | मुगु | ९ | ०.९ |

| क्र.सं. | जिल्ला | प्रश्नावली संख्या | प्रतिशत |
|---|---|---|---|
| ३१ | कैलाली | २६ | २.५ |
| ३२ | बझाङ | २३ | २.२ |
| ३३ | कञ्चनपुर | २८ | २.७ |
| ३४ | डडेलधुरा | २१ | २ |
| ३५ | उदयपुर | २४ | २.३ |
| | जम्मा | १०३४ | १०० |

आमनिर्वचन समिति (जियोक) ले परिचालन गरेका पर्यवेक्षकले १०३४ प्रश्नावली भरी विवरण पठाएका थिए । जसको जिल्लागत विवरण तालिका नं. २७ मा उल्लेख गरिएको छ ।

तालिका नं. २६ः पर्यवेक्षकबाट प्राप्त स्थानीय विवरण

| क्र.सं. | गाउँ/नगर विवरण | संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | नगर | १३७ | १३.२ |
| २ | गाउँ | ८९७ | ८६.८ |
| | जम्मा | १०३४ | १०० |

जिल्लागत विवरण अनुसार अधिकांश गाउँबाट (८६.८%) र नगरबाट (१३.२%) प्रश्नावलीको विवरण प्राप्त भएको थियो ।

तालिका नं. २७ः मतदान केन्द्रको पायकताको स्थिति

| क्र.सं. | विवरण | संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | छ | ९५२ | ९२.०६ |
| २ | छैन | ७४ | ७.१५ |
| ३ | उल्लेख नभएको | ८ | ०.७७ |
| | जम्मा | १०३४ | १०० |

मतदान केन्द्र पायक पर्ने नपर्ने ठाउँमा राखेको बारे पनि पर्यवेक्षकहरूलाई जानकारी लिन भनिएको थियो । जसमध्ये लगभग ९२ प्रतिशतले पायक पर्ने ठाउँमा भएको बताए भने ७ प्रतिशत पर्यवेक्षकलाई मतदान केन्द्र आफूलाई पायक नपर्ने ठाउँमा रहेको मतदाताले बताए ।

तालिका नं. २८ः निर्वाचनस्थलको वरिपरि लगाइएको पर्खाल तथा तारबार

| क्र.सं. | विवरण | संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | छ | ८५४ | ८२.५९ |
| २ | छैन | १६१ | १५.५७ |
| ३ | उल्लेख नभएको | १९ | १.८३ |
| | जम्मा | १०३४ | १०० |

मतदान केन्द्रको व्यवस्थापनको लागि सुरक्षा व्यवस्था, तारबार वा पर्खाल लगाएको सम्बन्धमा पनि पर्यवे क्षकबाट जानकारी हासिल गर्न खोजिएको थियो । जसमध्ये लगभग ८३ प्रतिशतले मतदानकेन्द्रको सुर

क्षाप्रबन्ध मिलाएको बताए भने १५ प्रतिशतले मतदानकेन्द्रको सुरक्षाको लागि तारबार, पर्खाल वा अन्य कुनै व्यवस्था नभएको बताए ।

तालिका नं. २९: निर्वाचनस्थल भित्र मतदाताका लागि पङ्क्तिबद्धता

| क्र.सं. | विवरण | संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | छ | ९७७ | ९४.४८ |
| २ | छैन | ४६ | ४.४४ |
| ३ | उल्लेख नभएको | ११ | १.०६ |
| | जम्मा | १०३४ | १०० |

अधिकांश पर्यवेक्षक (९४ प्रतिशत) ले पंक्तिबद्ध भएर मतदान गरेको बताए भने १.०६ प्रतिशतले उपरोक्त कुराको कुनै उल्लेख नगरेको पाइयो ।

तालिका नं. ३०: निर्वाचन स्थलभित्रको बन्दोबस्तीको व्यवस्था

| क्र.सं. | विवरण | संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | छ | ९८७ | ९४.४८ |
| २ | छैन | ३५ | ४.४४ |
| ३ | उल्लेख नभएको | १२ | १.०६ |
| | जम्मा | १०३४ | १०० |

अधिकांश (९४.५ प्रतिशत) पर्यवेक्षकले निर्वाचन स्थलभित्र निर्वाचन सम्पन्न गरिने कोठामा निर्वाचन अधिकृत, सहायक र स्वयंसेवी रहने टेवल, मेच, मत दिने गोप्य कोठा तथा मतपेटिका राख्ने व्यवस्था (समग्रमा बन्दोबस्तीको व्यवस्था) रहेको बताए ।

तालिका नं. ३१: निर्वाचन स्थलको २०० मिटर वरपरको अवस्था

| क्र.सं. | विवरण | संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | छ | १४७ | १४.२२ |
| २ | छैन | ८६३ | ८३.४६ |
| ३ | उल्लेख नभएको | २४ | २.३२ |
| | जम्मा | १०३४ | १०० |

मतदान केन्द्रको २०० मिटर वरपर आचारसंहिताको पालनासम्बन्धी जानकारी लिन गरिएको प्रश्नमा अधिकांश पर्यवेक्षक (८३.४६ प्रतिशत) ले उक्त क्षेत्रभित्र आचारसंहिताको पालना नभएको बताए ।

तालिका नं. ३२ः निर्वाचनस्थलमा सुरक्षाकर्मीको अवस्था

| क्र.सं. | विवरण | संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | सन्तोषजनक | ७६७ | ७४.१८ |
| २ | सामान्य | २४५ | २३.६९ |
| ३ | छैन | ११ | १.०६ |
| ४ | उल्लेख नभएको | ११ | १.०६ |
| | जम्म | १०३४ | १०० |

लगभग ७५ प्रतिशत पर्यवेक्षकले निर्वाचन स्थलमा सुरक्षाकर्मीको अवस्था सन्तोषजजक रहेको बताए भने लगभग २४ प्रतिशत पर्यवेक्षकले सामान्य रहेको बताए र १ प्रतिशत जति पर्यवेक्षकले सुरक्षाकर्मीको व्यवस्था राम्रो नभएको बताए ।

तालिका नं. ३३ः निर्वाचनका दिनको सुरक्षा स्थिति

| क्र.सं. | विवरण | संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | छ | ९४० | ९०.९० |
| २ | छैन | ६३ | ६.०९ |
| ३ | उल्लेख नभएको | ३१ | ३.०१ |
| | जम्मा | १०३४ | १०० |

लगभग ९० प्रतिशत पर्यवेक्षकले निर्वाचनको दिनको सुरक्षाको स्थिति राम्रो भएको बताए भने ६ प्रतिशत पर्यवेक्षकले सुरक्षाको स्थिति नभएको बताए ।

तालिका नं. ३४ः मतदाता आवतजावत गर्ने सुरक्षा व्यवस्था

| क्र.सं. | विवरण | संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | ठीक छ | ८८८ | ८५.८८ |
| २ | त्यति राम्रो छैन | १२९ | १२.४८ |
| ३ | नराम्रो छ | १ | ०.०९७ |
| ४ | उल्लेख नभएको | १६ | १.५५ |
| | जम्मा | १०३४ | १०० |

मतदानको दिन मतदाता आवतजावत गर्नका लागि गरिएको सुरक्षा व्यवस्था ठीक छ भनी लगभग ८६ प्रतिशत पर्यवेक्षकले बताए । लगभग १३ प्रतिशतले त्यति राम्रो नभएको बताए ।

तालिका नं. ३५ः उम्मेदवार तथा कार्यकर्ताहरूको सुरक्षाको व्यवस्था

| क्र.सं. | विवरण | संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | छ | ८९९ | ८६.९४ |
| २ | छैन | १०८ | १०.४४ |
| ३ | उल्लेख नभएको | २७ | २.६२ |
| | जम्मा | १०३४ | १०० |

मतदानको दिन लगभग ८७ प्रतिशत पर्यवेक्षकले उम्मेदवार तथा कार्यकर्ताको सुरक्षा व्यवस्था भएको बताए भने १० प्रतिशतले सुरक्षा व्यवस्था नभएको बताए ।

तालिका नं. ३६ः निर्वाचन स्थानभित्र प्रवेश गर्दा हुने कठिनाइका स्थिति

| क्र.सं. | विवरण | संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | प्रवेशमा रोक लगाइयो | २० | १.९३ |
| २ | प्रवेशमा कठिनाइ भएन | ९५८ | ९२.६५ |
| ३ | पछि मात्र प्रवेशाज्ञा दिइयो | ३४ | ३.२९ |
| ४ | उल्लेख नभएको | २२ | २.१२ |
| | जम्मा | १०३४ | १०० |

अधिकांश मतदाता (९२.६२ प्रतिशत) ले निर्वाचनस्थलभित्र पुग्ने गर्न कुनै कठिनाइ नभएको बताए भने लगभग २ प्रतिशत पर्यवेक्षकले प्रवेशमा रोक लगाएको बताए । त्यसैगरी ३.२९ प्रतिशत पर्यवेक्षकले आफूलाई पछि मात्र प्रवेशाज्ञा दिएको बताए ।

तालिका नं. ३६(क)ः जियोक पर्यवेक्षकलाई मतदान स्थलमा प्रवेशमा रोक लगाइएका केन्द्रहरू

| क्र.सं | जिल्ला | गाविस/नगरपालिका | मतदान केन्द्र |
|---|---|---|---|
| १ | मोरङ | अमरदह | वीरेन्द्र सा.मा.वि. क र ख |
| २ | संखुवासभा | धुपु | जनज्योति उ.मा.वि. |
| ३ | संखुवासभा | सिद्धपोखरी | बालज्योति प्रा.वि. |
| ४ | सप्तरी | मलेठ | मलेठ गाविस भवन |
| ५ | दोलखा | गौरीशङ्कर | रिसीनाम |
| ६ | दोलखा | पवटी-६ | पवटी क, ख, ग, घ, ङ |
| ७ | दोलखा | कालिङ्चोक | गाविस भवन |
| ८ | धादिङ | कल्लेरी | पञ्चकन्या प्रावि |
| ९ | गोरखा | च्याङ्ली | पुर्थोक प्रा.वि., च्याङ्ली |
| १० | पाल्पा | कुसुमखोला | भवानी उच्च मा.वि. |
| ११ | बाग्लुङ | दंगा तुङडाँडा | खड्गदेवी मा.वि. |
| १२ | बाँके | वेलहरि | ने.रा.प्रा.वि., गुरूत्व गाउँ |
| १३ | वाँके | वरसपुर | वरसपुर केन्द्र ५१(क) |
| १४ | बाँके | कारकाँदो | ५८(क) |
| १५ | बाँके | कारकाँदो | सिक्टा सिँचाई उपभोक्ता ५७(क) |
| १६ | बाँके | उदयपुर | श्री अरूण ने.रा.प्रा.वि. |
| १७ | बाँके | फत्तेपुर | ने.रा.प्रा.वि., गुलेरी-ख |
| १८ | डडेलधुरा | जोगबुढा | उप-स्वास्थ्य चौकी सादनी |
| १९ | उदयपुर | त्रिवेणी | मा.वि. गरास |

आमनिर्वाचन पर्यवेक्षण समिति (जियोक) का विभिन्न स्तरका पर्यवेक्षकहरूलाई मतदानस्थलमा प्रवेशमा रोक लगाइएको पाइयो । जियोक पर्यवेक्षकलाई रोक लगाइएका केन्द्रहरूलाई माथिको तालिकामा देखाइएको छ । १ वटा जिल्लाको विभिन्न गाविसका मतदान केन्द्रमा जियोकका पर्यवेक्षकलाई प्रवेशमा रोक लगाइएको पाइयो ।

तालिका नं. ३७: निर्वाचन केन्द्र खुलेको स्थिति

| क्र.सं. | विवरण | संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | ७ बजे | १००४ | ९७.१० |
| २ | ८ बजे | १३ | १.२६ |
| ३ | उल्लेख नभएको | १७ | १.६४ |
| | जम्मा | १०३४ | १०० |

अधिकांश (९७.१० प्रतिशत) केन्द्रहरू ७ बजे नै खुलेको पाइयो भने १३ (१.२६ प्रतिशत) मतदान केन्द्र ८ बजेमात्र खुलेको पाइयो ।

तालिका नं ३७(क): ७ बजे पछि खुलेका मतदान केन्द्रहरू

| क्र.सं | जिल्ला | गाविस/नगरपालिका | मतदान केन्द्र | मतदान केन्द्र खुलेको समय |
|---|---|---|---|---|
| १ | धनकुटा | मारेकहरे | मारेक धर्मोदय मतदान केन्द्र | ७.४८ |
| २ | सप्तरी | गोइठी | भवानी राधा, सा.प्रा.वि. गोइठी "क" र "ख" | ८ |
| ३ | धनुषा | सीरसीया | सिरसिया | ८ |
| ४ | धनुषा | गोपालपुर | ज.मा.वि.व.गो. | ८ |
| ५ | धनुषा | देवडीहा | गाविस भवन | ८ |
| ६ | धनुषा | वहुअर्वा | वासुदेव मा.वि. (क, ख) | ७.४५ |
| ७ | धादिङ | मधुवन | पञ्चकन्या प्रा.वि. | ८ |
| ८ | धादिङ | ढोला | कालिका नि.मा.वि. ढोला | ७.३० |
| ९ | नुवाकोट | दाङसिङ | दाङसिङ मा.वि. क, ख, ग | ८.२० |
| १० | वागलुङ | जैदी | जैदीबारे | ७.४५ |
| ११ | वागलुङ | खुंखानी | खुंखानी | ७.३० |
| १२ | सुर्खेत | वीरेन्द्रनगर न.पा. | भैरव मा.वि. | ८ |
| १३ | जुम्ला | गोठीचौरी | गोठीचौर १, २ | ७.२० |

८ वटा जिल्लाका ७ बजेपछि खुलेका विभिन्न मतदानकेन्द्रको तालिका नं. ३७ "क" मा देखाइएको छ ।

तालिका नं. ३८: निर्वाचन स्थानमा निर्वाचन सामग्री पर्याप्तता

| क्र.सं. | विवरण | संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | बाकस | १००१ | १८.२४ |
| २ | मतपत्र | ९९९ | १८.२० |
| ३ | मसलन्द | ९२० | १६.७६ |
| ४ | मसी | ९८६ | १७.९६ |
| ५ | गोप्य कोठा | ९१९ | १६.७४ |
| ६ | गोप्य कोठामा पर्दा | ६६३ | १२.०८ |
| | जम्मा | ५४८८ | १०० |

तालिका नं ४१ मा उत्तरदाताको संख्या अन्य तालिकाभन्दा फरक हुनुको कारण बहुउत्तर आउनाले हो । बाकस, मसी, गोप्य कोठा, गोप्य कोठामा पर्दा लगाएका, १२ देखि १८ प्रतिशत मतदाताले पर्याप्त भएको बताए ।

तालिका नं. ३९: निर्वाचन प्रक्रियाको आरम्भबारे जानकारी तथा मतदान बाकसको अवलोकन

| क्र.सं. | विवरण | संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | गरियो | ८७९ | ८५ |
| २ | गरिएन | ९५ | ९.२० |
| ३ | उल्लेख नभएको | ६० | ५.८ |
| | जम्मा | १०३४ | १०० |

८५ प्रतिशत पर्यवेक्षकले निर्वाचन प्रक्रियाको आरम्भ र मतदान बाकसको अवलोकन गरिएको बताए भने ९ प्रतिशतजति पर्यवेक्षकले अवलोकन नगरेको बताए । लगभग ६ प्रतिशत पर्यवेक्षकले भने कुनै उत्तर नदिएको देखियो ।

तालिका नं. ४०: मतपेटिकामा लगाइएको सुरक्षा सिलको अवलोकन तथा सिल नम्बर प्रदानबारे

| क्र.सं. | विवरण | संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | गरियो | ९०० | ८७.०४ |
| २ | गरिएन | ८६ | ८.३२ |
| ३ | उल्लेख नभएको | ४८ | ४.६४ |
| | जम्मा | १०३४ | १०० |

मतपेटिकामा लगाइएको सुरक्षा सिलको अवलोकन तथा सिल नम्बर प्रदान गर्ने बारे पनि पर्यवेक्षकहरूले जानकारी प्राप्त गरेका थिए । जसमध्ये अधिकांश पर्यवेक्षक (८७.०४ प्रतिशत) ले अवलोकन गरेको बताए भने अवलोकन नगर्ने ८.३२ प्रतिशत पर्यवेक्षक थिए भने लगभग ४.६४ प्रतिशत पर्यवेक्षकले केही उल्लेख नगरेको बताए ।

तालिका नं. ४१: मतदाता सूचीमा नाम नभएर फर्किएका मतदाता संख्या

| क्र.सं. | विवरण | संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | फर्किएनन् | ५१५ | ४९.८१ |
| २ | फर्किए | ४५१ | ४३.६२ |
| ३ | उल्लेख नभएको | ६८ | ६.५७ |
